# परिच्छेद - एक

# शोध परिचय

## १.१ विषय परिचय

साहित्यकार झमक घिमिरेको आत्मजीवनी परक निबन्ध सङ्ग्रह **जीवन काँडा कि फूल** चर्चित कृतिका रूपमा नेपाली साहित्य जगत्मा भित्रिएको छ । अस्वाभाविक जीवन भोगाइका पीडाहरूलाई निरन्तर रूपमा सङ्घर्षशील रहँदै प्रेरणामा बदल्न सफल रहेकी छिन्-झमक घिमिरे । पारिवारिक निम्छरो आर्थिक अवस्था, अपाङ्गलाई हेर्ने हेय दृष्टि र चरम पुरुषवादी सोचबाट ग्रसित हुँदाहुँदै पनि असीम आत्मबलले गर्दा आफ्नो अशक्त अपाङ्ग जीवनका बाबजुद अगाडि बढेकी निबन्धकार झमक घिमिरे यस कृतिमा सशक्त रूपमा व्यक्तिएकी छन् विभिन्न घात, प्रतिघात र प्रेरणाका बीच । यसको जल्दो बल्दो उदाहरण स्वयम् आफ्नै पिताको उपेक्षा समेतलाई उनले मानसिक रूपले डटेर सामना गरेकी छन् । सङ्घर्ष नै सफलताको कडी हो भन्ने आदर्शलाई यथार्थमा परिणत गरेको उनकै जीवनी सबैका निम्ति विलक्षण प्रेरणाको रूपमा उपयोगी हुन्छ नै, त्यसैले यस कृतिको विभिन्न पक्षबाट व्याख्या, विश्लेषण, अध्ययन र अनुसन्धान गरिनु वाञ्छनीय देखिन्छ ।

## १.२ समस्या कथन

सामान्य परिवारमा जन्मेर नेपाली साहित्यका विविध विधामा कलम चलाउँदै आएकी झमक घिमिरे नेपाली साहित्यका क्षेत्रमा चम्किलो नक्षत्रका रूपमा रहेकी छिन् । साहित्यसाधनाको करिब १५ वर्ष लामो यात्रा पार गरिसकेकी घिमिरे समसामयिक, नारीवादी, प्रगतिवादी विचारधाराका लेखनशैली अँगाली समाजमा व्याप्त कुरीति कु-संस्कारका विरुद्ध आफ्नो साहित्ययात्रालाई अगाडि बढाउने घिमिरेको कृतिहरूका बारेमा सामान्य चर्चामात्र गरिएको पाइन्छ । हालसम्म उनका कुनै पनि कृतिहरूको गहन रूपमा अध्ययन विश्लेषण भएको पाइएको छैन । अतः उनका प्रकाशित कृतिहरूमध्ये हाल निकै चर्चाको शिखरमा समेत रहेको तथा वि.सं. २०६७ सालको उत्कृष्ट कृतिको रूपमा **मदन पुरस्कार** समेत पाउन सफल

आत्मजीवनी परक विषयवस्तु समेटिएको एक संस्मरणात्मक निबन्ध **जीवन काँडा कि फूल** कृतिको अध्ययनका निम्ति निम्न समस्यामाथि केन्द्रित रही उक्त कृतिको अध्ययन गरिएकोछ ।

(क) नेपाली साहित्यमा निबन्ध सिद्धान्त र निबन्धको ऐतिहासिक स्थिति के कस्तो छ ?

(ख) झमक घिमिरेको व्यक्तित्व के कस्तो छ ?

(ग) निबन्धकार झमक घिमिरेको निबन्ध सङ्ग्रह 'जीवन काँडा कि फूल' कृतिको अध्ययन के कसरी गर्न सकिन्छ ?

## १.३ शोध कार्यको उद्देश्य

शोध कार्यमा सङ्केत गरिएका शोध समस्याहरूको उत्तर वा समाधान खोज्नु नै शोधकार्यको उद्देश्य रहने हुनाले प्रस्तावित शोधकार्यको समस्याको सुव्यवस्थित एवम् वैज्ञानिक ढङ्गले व्याख्या-विश्लेषण र त्यसको समाधान के कसरी गर्ने ? भन्ने कुराको परिधिमा रहेर अध्ययन गर्न र निष्कर्षमा पुग्न आवश्यक भएकोले उल्लिखित समस्याहरूमा केन्द्रित रही **जीवन काँडा कि फूल** आत्मजीवनी परक निबन्धको अध्ययन विश्लेषण गर्दै निष्कर्षमा पुऱ्याउने ध्येय यस शोध कार्यमा प्रस्तुत गरिएकोछ ।

## १.४ पूर्व कार्यको समीक्षा

वि. सं. २०६७ सालको उत्कृष्ट कृतिका रूपमा मदन पुरस्कार प्राप्त गर्न सफल झमक घिमिरेको आत्मजीवनी परक निबन्धात्मक कृति **जीवन काँडा कि फूल**का बारेमा विभिन्न समयमा विभिन्न पत्र पत्रिका तथा व्यक्तिहरूले सामान्य चर्चा र परिचर्चा गरेका छन् । **जीवन काँडा कि फूलका** विषयमा गरिएका पूर्व समीक्षा एवम् व्यक्त विचारहरूलाई प्रत्यक्ष परोक्ष स्रोतका रूपमा कालक्रमिक रूपले तल दिइएको छ ।

गोपाल गुरागाईं, ***नेपाली साहित्यमा नयाँ युगको उदय,*** (२०६६) धनकुटा, नेपाल **:-**

झमक घिमिरे साहित्यकला प्रतिष्ठानका अध्यक्ष गोपाल गुरागाईं जीवन काँडा कि फूल कृतिका विषयमा यसो लेख्छन् "अनेकौं सामाजिक एवम् राजनीतिक चुनौतीहरूको सामना गर्दै

तीव्र गतिले उनको कृतित्व र व्यक्तित्व निर्माण हुदै गयो । काँडै काँडाका बीचमा पनि उनी फूल बनेर हाँसिरहिन् । जनताकी छोरी झुपडी र जनताकै न्यानो काखमा रमाइन् । महल र विलासिताको सपना बाँड्नेहरू उनीबाट निराश बने । हजारौँ चोखा मनहरूले प्रेरणा दिइरहे । **जीवन काँडा कि फूल** यस्तै मूल्य मान्यताहरूको रोमाञ्चकारी आत्मकथा हो । यो कृति हजारौँ बालबालिका, किशोर र युवाहरूको जीवनको लागि प्रकाशपुञ्ज बनेर उदाएको छ ।"

गोविन्दराज भट्टराई, ***यो भविष्यवाणी गर्दछु - एक दिन झमक भेट्न विश्वसाहित्य नेपाल आउनेछ,*** (२०६७), कीर्तिपुर, काठमाडौं **:-**

समालोचक गोविन्दराज भट्टराईले **जीवन काँडा कि फूल** पुस्तकको भूमिका लेखनको क्रममा लेखेका छन्  "झमकको यो कृति सबैभन्दा भिन्न प्रकृतिको आत्मजीवनी मूलक संस्मरण हो । यसभित्र साहित्य छ, तर यो साहित्यले भिन्न प्रकृतिको शरीर विज्ञानको कुरा गर्दछ । थाहा पाउँदा आफ्नो धेरै अङ्गहरू नचल्ने छन् , चेतना तीक्ष्ण छ, हात चल्दैनन् सम्झना दुरुस्त छ, ओठ चल्दैन, श्रवण यथावत छ, अन्य हलचल छैन । सबै अङ्ग छन् तर ती काम गर्दैनन् । यो चाल पाउदाको स्थिति कति भयावह थियो होला । चाल पाउनुभन्दा अघि परिवारले - समाजले यो देखेर ती बालिकाप्रति अभिव्यक्त गरेका धारणा र विचार, गरेका व्यवहारले झमकलाई कुड्यायो, हृदयमा विद्रोह उत्पन्न गऱ्यो, घृणा, निराशा, जलन र अव्यक्त छटपटीले छोयो । ती कुरा यहाँ अत्यन्तै सुक्ष्म, मिहिन र जीवन्त पाराले प्रस्तुत छन् ।"

विश्वास दीप तिगेला, ***भगवान् नभएको निक्र्यौल, यदि छन् भने पनि हामीले सोचेको जस्तो निष्पक्ष र दयाकारी छैनन्,*** (२०१०-२०६७) सेरिया, ब्रुनाई,  :-

अनलाइन नेपाली साहित्य मञ्च, सेरिया, ब्रुनाईका संस्थापक तथा साहित्यकार विश्वास दीप तिगेला झमकको कृतिका बारेमा लेख्छन् **"**यो **जीवन काँडा कि फूल** अध्ययन गर्नेले देश, समाज र जनताको लागि केही गर्ने अठोट गर्नेछ । उन्नति र प्रगतिको सट्टा डाह, ईर्ष्या, हत्याहिंसा, तोडफोडको संस्कार हुर्काएर रमाउने हामी सबल मानिसको जमात भएर हिड्नु वा मानव हुनुमा लज्जित पनि हुनेछौं । समाजमा शारीरिक दुर्बलता भएकालाई हेर्ने दृष्टिमा

परिवर्तन आउने छ । यस्ता मर्मस्पर्शी सन्देशमूलक पुस्तककी लेखिका जिल्ला, देशको मात्र होइन विश्वकै महत्वपूर्ण सम्पत्ति हुन् ।"

कान्तिपुर दैनिक, ***काँडा, फूल, झमक,*** (२०६७), सुविधानगर, तीनकुने काठमाडौं **:-**

झमक घिमिरेको जीवन काँडा कि फूल पुस्तकको बारेमा कान्तिपुर (२०६७ असार २२ गते मङ्गलबार, पृ. २४) दैनिकले यसरी चर्चा गरेको पाइन्छ "आत्मपरक निबन्धात्मक शैलीमा लेखिएको पुस्तकले स्रष्टाको जीवन जगत्का भोगाइलाई नजिकबाट नियाल्दै समसामयिक राजनीतिक परिवेशका बारेमा बोलेको छ । घिमिरेको बाल्य कालदेखि युवा अवस्थासम्म समेटेको पुस्तकमा अपाङ्गता, लैङ्गिक र जातीय विभेदलाई मुख्य मुद्दा बनाइएको छ ।"

जगदीश घिमिरे, ***प्रेरणाको एक अनुपम शिखर : झमक घिमिरे,*** (२०६७), काठमाडौं **:-**

साहित्यकार जगदीश घिमिरेले उक्त कृतिका विषयमा यसरी चर्चा गरेका छन् "झमक घिमिरेको हालै प्रकाशमा आएको पुस्तक **जीवन काँडा कि फूल** प्रेरक साहित्यको एक अनुपम शिखर हो । जन्मदेखि नै हात गोडा नचल्ने, उभिन, हिंड्न, बोल्न नसक्ने तर सुन्न र बुझ्न चाहिँ सक्ने झमकले यसमा आफ्नो जीवनको अत्यन्त मर्मस्पर्शी अनुभव लेखेकी छन् । झमकको निष्कर्ष छ जीवन काँडा होइन फूल हो । यो पुस्तक प्रत्येक सबलाङ्गको लागि हाँक हो भने प्रत्येक अशक्त शक्तसमेतका लागि प्रेरणास्रोत हो । झमकको यो कृति नेपाली प्रेरक साहित्यको मात्रै शिखर होइन, मैले हालसम्म पढेका अमेरिकी प्रेरक साहित्यका करिब एक दशक यताका बहुचर्चित पुस्तकहरू भन्दा पनि उच्चस्तरीय छ ।

नागरिक दैनिक, ***जीवन काँडा कि फूल ?,*** (२०६७), काठमाडौं **:-**

झमक घिमिरेको **जीवन काँडा कि फूल** पुस्तकका बारेमा नागरिक (२०६७ असार २२ गते मङ्गलबार) दैनिकमा प्रकाशित लेखमा उक्त पुस्तकको बारेमा यसरी चर्चा गरिएको छ "शारीरिक अपाङ्गता भएकी झमकले यस पुस्तकमा जीवनका तीता क्षणहरूलाई समावेश

गरेकी छन् । अपाङ्गहरू मानसिक रूपमा अपाङ्ग हुन्नन् भन्ने उदाहरण उनले दिएकी छन् । मान्छेले मान्छेसँग मान्छेलाई जस्तो व्यवहार र भावना राख्नुपर्छ भन्ने कुरा झमक स्वयम्ले पनि व्यक्त गरेबाट उनको यो पुस्तक त्यसैको प्रतिबिम्ब स्वरूप आएको छ ।"

कान्तिपुर दैनिक , ***झमकलाई मदन र दुर्गालाललाई जगदम्बाश्री,*** (२०६८), काठमाडौं **:-**

**जीवन काँडा कि फूल** पुस्तकको चर्चा गर्ने क्रममा कान्तिपुर (२०६८ आश्विन १३ गते शुक्रबार, पृ. १०) दैनिकले **जीवन काँडा कि फूल**का बारेमा यसरी चर्चा गरेको पाइन्छ "आत्मसंस्मरणात्मक कृति **जीवन काँडा कि फूल**का लागि झमकले मदन पुरस्कार पाएकी हुन्। यससगैं उनी ४४ वर्षपछि मदन पुरस्कार प्राप्त गर्ने दोस्रो महिला स्रष्टा बनेकी छन् । यसअघि २०२२ मा पारिजातले **शिरीषको फूल** उपन्यासका लागि उक्त पुरस्कार पाएकी थिइन् ।"

नागरिक दैनिक, ***झमकलाई मदन र दुर्गालाललाई जगदम्बाश्री ,*** (२०६८), काठमाडौं **:-**

झमक घिमिरेको **जीवन काँडा कि फूल** पुस्तकका बारेमा नागरिक (२०६८ असोज १३ गते शुक्रबार) दैनिकमा प्रकाशित समाचारमा उल्लेख गरिएको छ "झमकको जीवन र लेखनीले धेरैमा जीवनप्रति आशा र उमङ्ग जगाइदिएकाले उनी यस पुरस्कारको लायक भएकी हुन् । पारिजातले आफ्नो कृति **शिरीषको फूल**का लागि मदन पुरस्कार पाएको ४४ वर्षपछि कुनै लेखिकाले मदन पुरस्कार पाएको यो पहिलो अवसर हो । **जीवन काँडा कि फूल** कृतिका लागि झमकलाई यो पुरस्कार दिइएको हो ।"

पूर्वेली टाइम्स, ***जीवन मगमग फूल रहेछ,*** (२०६८), धनकुटा, नेपाल **:-**

जीवन काँडा कि फूल रहेछ त झमक ? जिज्ञासु बनेर प्रश्न राख्न नपाउँदै झमकले आफ्नो देब्रे खुट्टो अघि सारिन्, खुट्टाका तीन औंलाले कलम च्यापिन् र लेखिन् जीवन फूलै रहेछ । क्याबात् यति लेखिसकेर झमक खुसीले हाँसेको बान्की भने यही फूलजस्तो जीवनको लोभलाग्दो क्षण थियो । आज स्टिफन हकिन वा हेलेन केलरकै प्रतिभा र क्षमतामा झमकको नाम जोडिँदै थियो । बलेको आगो ताप्न उपप्रधानमन्त्री भरतमोहन अधिकारीदेखि राजनीतिक

छायाछवी भएका पात्रहरू पनि बालकोट यात्रामा दौडादौड गरिरहेका थिए । यो जीवन काँडा होइन फूलै रहेछ । किनभने जसरी काँडाबीचमा फूल फूल्छ, जीवन पनि सुखदुःख बीचमा फूल्दो रहेछ ।"

दीपक खनाल, (२०६८) **झमक घिमिरेको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, अप्रकाशित शोधपत्र :-**

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय, रत्नराज्यलक्ष्मी क्याम्पस नेपाली शिक्षण विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका निम्ति शोधार्थी दीपक खनालले झमक घिमिरेको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन शीर्षकमा शोधकार्य गरेका छन् । उनको शोधकार्यको उद्देश्य झमक घिमिरेको भौतिक र साहित्यिक जीवनीको निरूपण गर्नु रहेको हुनाले शोधार्थी खनालले **जीवन काँडा कि फूल**का विषयमा विस्तृत व्याख्या विश्लेषण गरेको पाइँदैन । त्यसैले झमक घिमिरेको आत्मजीवनी परक निबन्ध कृतिको विस्तृत व्याख्या विश्लेषण गर्न आवश्यक भएकोले उक्त अभीष्ट पूरा गर्न यो शोधकार्य गरिएको हो ।

## १.५ शोध कार्यको औचित्य

झमक घिमिरे आधुनिक नेपाली साहित्यका विविध विधामा कलम चलाउने भिन्न प्रकृतिकी स्रष्टा हुन् । आजसम्म उनका कृतिहरूको समष्टिगत अध्ययन गरी नेपाली साहित्यमा उनलाई चिनाउने सामान्य प्रयास गरिएको भए तापनि उपर्युक्त कार्य पूर्ण र व्यवस्थित नभएकोले उनको आत्मजीवनी परक निबन्धात्मक कृति जीवन काँडा कि फूल कृतिको अध्ययन गरिनु औचित्यपूर्ण रहेको देखिन्छ । जसले झमक घिमिरेले रचेको **जीवन काँडा कि फूल** कृतिको वैशिष्ट्य माथि प्रकाश पार्नेछ ।

## १.६ शोध कार्यको सीमाङ्कन

प्रस्तुत शोधकार्यमा झमक घिमिरेको आत्मजीवनी परक निबन्ध **जीवन काँडा कि फूल** कृतिको अध्ययनमा केन्द्रित रही त्यसमा अभिव्यक्त विचारहरूलाई केन्द्रविन्दुमा राखी त्यसको मात्र विशेष अध्ययन गरिएको छ ।

## १.७ शोध विधि

प्रस्तुत शोधकार्यलाई निष्कर्षमा पुऱ्याउनका निम्ति पुस्तकालयीय अध्ययन विधिमा केन्द्रित रही सम्बन्धित पुस्तक, शोधनायिका, शोध निर्देशक, समालोचक, लेखहरूबाट आवश्यकता अनुसार लिखित तथा मौखिक रूपमा प्राप्त हुन आएका सामग्रीहरूलाई वर्णनात्मक र विश्लेषणात्मक विधि अपनाई झमक घिमिरेको **जीवन काँडा कि फूल** निबन्ध कृतिको अध्ययन विश्लेषण गरिएको छ । आवश्यकता अनुसार शोधनायिकाका आफन्त तथा पारिवारिक स्रोतबाट समेत सामग्री सङ्कलन गरिएको छ ।

## १.८ शोध पत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई निम्न ढाँचामा प्रस्तुत गरिनेछ ।

| | |
|---|---|
| परिच्छेद - एक | शोध परिचय |
| परिच्छेद - दुई | निबन्ध सिद्धान्त र नेपाली निबन्धको ऐतिहासिक स्थिति |
| परिच्छेद - तीन | साहित्यकार झमक घिमिरेको जीवनी र व्यक्तित्वका विविध आयाम |
| परिच्छेद - चार | जीवन काँडा कि फूल निबन्ध सङ्ग्रहमा सङ्कलित निबन्धहरूको अध्ययन र विश्लेषण |
| परिच्छेद - पाँच | उपसंहार |

उपर्युक्त परिच्छेद विधान अनुसार उक्त पाँच परिच्छेदलाई आवश्यकतानुसार थपघट गरी विभिन्न शीर्षक उपशीर्षक अन्तर्गत अध्ययन गरिएको छ ।

# परिच्छेद -दुई

## निबन्ध सिद्धान्त र नेपाली निबन्धको ऐतिहासिक स्थिति

### २. परिचय

साहित्यका प्रमुख विधामध्ये निबन्ध छोटो र छरितो एक गद्य विधा हो । निबन्ध एउटा त्यस्तो विधा हो, जसबाट मनमा भएका कुरा, चिन्तक वा लेखकका सोचाइ, विचार, आग्रह, प्रतिभा र खुबी अभिव्यक्त भएको हुन्छ । निबन्धले लेखक र विषयवस्तुका बीच सम्बन्ध जोड्ने काम गरेको हुन्छ । निबन्धले अनुभूतिलाई शब्दमा रूपान्तरण गर्छ र त्यस्तो अभिव्यक्ति अरु समक्ष शब्दकै माध्यमबाट सम्प्रेषित हुन्छ । निबन्ध सीमित घेराभित्र रहेर असीमित विचार पहिल्याउने छोटो- छोटो बसाइमा पढिसकिने गद्यमय अभिव्यक्तिका रूपमा यसलाई चिन्न सकिन्छ । निबन्ध लेखन एक कला हो । कला साधनामा रत्तिन्छ । साधना अभ्यासले कलामा चमक आउँछ । अध्ययन र अभ्यासले अभिव्यक्तिमा परिपक्वता आउँछ । (शर्मा, २०६३:३) गद्यको अभिव्यक्ति क्षमता सबल र प्रौढ हुँदै गए पनि सृजित वस्तुको प्रकाशन, प्रसारण, वितरण र संरक्षण एवम् सुपठनको वातावरण तयार हुँदै जाँदा साहित्यमा निबन्ध पनि एउटा छुट्टै विधाको रूपमा सृजना हुन थाल्यो । यसकारण विश्व साहित्यमा निबन्ध कनिष्ठतम विधा हो । परिणाम स्वरूप नेपाली निबन्ध पनि नेपाली साहित्यका सृजन विधाको कान्छो भाइका रूपमा देखा परेको छ । (सुवेदी, २०६३:१)

समग्रमा निबन्ध सरल र जटिल अभिव्यक्तिको दोसाँधमा हिँड्ने आत्मा र वस्तु दुवै वा कुनै एक पक्षमा केन्द्रित भएर सुरुमा आभ्यासिक र पछि गएर स्वतः स्फूर्त पनि हुन सक्ने रमाइलो र छोटो गद्य विधा हो । मनका कुरा पोख्ने माध्यम सूक्ष्म कुरादेखि विशाल ब्रéfण्डसम्म यसका विषय हुन सक्छन् । आदि, मध्य र अन्त्यको सङ्गठन यसमा हुन्छ । (शर्मा, २०६३:४-५)

यसरी निबन्ध भनेको एक अभिव्यक्ति हो । यो भाषाका माध्यमबाट प्रकट गरिने अभिव्यक्ति हो । निबन्धमा गद्य भाषाको प्रयोग गरिन्छ । निबन्ध भनेको लेख्य भाषिक अभिव्यक्तिका अनुच्छेद समूहमा आधारित गद्य रचना हो । निबन्ध कुनै खास शीर्षकमा लेखिन्छ । निबन्धको शीर्षक भनेको कुनै खास विषय हो । शीर्षकको पुष्टि गर्ने खालका तथ्य प्रमाण, तर्क, दृष्टान्त आदि प्रस्तुत गरी वस्तुपरक शैलीको प्रयोग गर्नु पर्छ र यस्ता निबन्धमा आफ्नो मनका काल्पनिक किसिमका भावनाहरू मिसाउनु हुँदैन ।

## २.१. निबन्धको व्युत्पत्ति र अर्थ

आधुनिक सन्दर्भमा साहित्यको गद्य विधा विशेषलाई जनाउने 'निबन्ध' शब्दको अर्थ पूर्वीय तथा पाश्चात्य जगत्मा विभिन्न विद्वान्हरूले आ-आफ्नै किसिमले दिँदै आएका छन्। यहाँ निबन्ध शब्दको व्युत्पत्तिमूलक अर्थ र निबन्ध सम्बन्धी पूर्वीय तथा पाश्चात्य दृष्टिकोणको छुट्टा-छुट्टै चर्चा गर्ने प्रयास गरिएको छ ।

### २.१.१. निबन्ध सम्बन्धी पूर्वीय दृष्टिकोण

'बन्ध्' धातुमा 'नि' उपसर्ग लागेर निबन्ध शब्द निर्माण भएको हो । जस्तै : नि+बन्ध् = निबन्ध, अर्थात् नि+बन्ध्+अच् = निबन्ध हुन्छ । पहिलो प्रक्रियाबाट बनेको निबन्ध शब्दको अर्थ हुन्छ-बाँध्नु, सङ्ग्रह गर्नु, जुटाउनु र दोस्रो प्रक्रियाबाट बनेका निबन्ध शब्दको अर्थ चाहिँ हुन्छ - बिम्बको बोक्रो सेवन गर्नाले कुष्ठरोगको रोकथाम हुन्छ । (सुवेदी, २०४३:६) वर्तमान साहित्य-जगत्मा नि+बन्ध्+अच्बाट व्युत्पादन हुने निबन्ध शब्दको विशेष अर्थ स्थापित भएको छ । एघारौँ शताब्दीतिर रचित कादम्बरी काव्यका प्रसङ्गमा निबन्ध शब्दको अर्थ टीका, व्याख्या, भाष्य आदिका प्रयोजनमा लिएको छ । (न्याय मत्रबुरी, २०४३:६) यज्ञवल्क्य स्मृतिमा द्रव्यको अर्थमा निबन्धलाई लिइएको छ । (उपाध्याय, २०५९:१६०) संस्कृतमा निबन्ध शब्दको प्रयोग निकै पुरानो देखिन्छ । कृष्णले अर्जुनलाई उपदेश दिने क्रममा **दैवी सम्पद् विमोक्षाय निबन्धायासुरी मता** भनेर आत्मालाई संसारिक मायाजालमा बाँधेर राख्ने आसुरी सम्पदाका रूपमा निबन्ध शब्दको प्रयोग गरेका छन् । (सुवेदी, २०५८:६)

बालचन्द्र शर्माका अनुसार -'कुनै विषयलाई लिएर कलात्मक वा वस्तुगत पाराले गद्यमा लेखिएको छोटो साहित्यिक रचनालाई निबन्ध भनिएको छ ।' (शब्दकोश, २०५५) साहित्यका विविध विधा हुन्छन्ý ती विधामध्ये निबन्ध एक छोटो छरितो गद्यमय अभिव्यक्ति हो । (शर्मा, २०४४:३) साथै शर्माले निबन्ध निजी चिन्तनधारा बोकेको सङ्क्षिप्त गद्य विधालाई मानेका छन् । प्रथमतः यो शब्द हस्तलिखित आदिलाई समेटेर बाध्ने तात्पर्यमा प्रयोग भएको थियो । अहिले आएर यो शब्दले साहित्यको विशिष्ट किसिमको गद्य विधालाई बुझाउन थाल्यो । (उपाध्याय, २०५९:१६०)

संस्कृत वाङ्मयमा विभिन्न अर्थमा प्रयुक्त निबन्ध शब्दले आजको साहित्यिक गद्य विधा विशेषलाई समेट्न सकेको छैन । 'निबन्ध' तत्सम शब्दका रूपमा नेपालीमा आएको शब्द हो । आजको निबन्धको प्रयोग संस्कृत साहित्य कालमा भएको पाइँदैन । (सुवदी, २०५८:७) यसर्थ निबन्ध साहित्यको खास विधा विशेषलाई बुझाउने सामर्थ्य पाश्चात्य साहित्यकै उपादान स्वरूप प्राप्त गरेको हो भन्ने कुरा पनि प्रस्ट हुन्छ । यसर्थ निबन्धका बारेमा पाश्चात्य दृष्टिकोणको अध्ययन गर्नु आवश्यक देखिन्छ ।

## २.१.२. निबन्ध सम्बन्धी पाश्चात्य दृष्टिकोण

साहित्यका मुख्य चार वटा विधा हुन्छन् र ती मध्ये निबन्ध सबैभन्दा कान्छो विधा हो । निबन्धलाई बुझाउने अङ्ग्रेजी शब्द **एस्से** हो । **एस्से** शब्द फ्रान्सेली शब्दबाट आएको हो । यही यसाइबाट नै अङ्ग्रेजीमा एस्से शब्द बन्न पुग्यो जसको अर्थ प्रयास वा प्रयत्न भन्ने हुन्छ । (थापा, २०१०:१०)

सोह्रौँ शताब्दीका फ्रान्सेली साहित्यकार मिसल द मोन्तेनले आफ्ना रचनालाई 'एसाई' नाम दिएर निबन्धको विद्यागत आरम्भ गरे । (बराल, २०३०:१०) सत्रौँ र अठारौँ शताब्दीमा आएर गद्यमा लेखिएका छोटा रचनाकै तात्पर्यमा 'एस्से' शब्दको प्रयोग भएको छ । (द्विवेदी, ई. १९७१:१३) बिस्तारै एस्सेको परिभाषा गर्ने सन्दर्भमा विभिन्न विद्वान् र कोशकारहरूले यसको अर्थ दिन थालेपछि यसले साहित्यिक विद्या विशेषलाई बुझाउन थाल्यो । (ब्रिटानिका, ४, १९९०:५६२)

नेपाली गद्य विद्या विशेषलाई जनाउने निबन्ध शब्द पाश्चात्य 'एस्से' (Essay) को तात्पर्यसँग नजिक रहेको पाइन्छ । पूर्वीय साहित्यमा निबन्ध शब्दको प्रयोग विधा विशेषको रूपमा भएको पाइँदैन । यसको प्रयोग भाष्य टीका आदिमा मात्र भएको पाइन्छ । तर पाश्चात्य 'एस्से' शब्दले आरम्भदेखि नै साहित्यिक रचनाकै अर्थ बहन गर्ने गद्य विधा विशेषलाई व्यापक अर्थमा लिन थालेको पाइन्छ । त्यसैले नेपाली निबन्ध शब्दको अर्थ पूर्वीय व्युत्पत्तिमूलक अर्थ भन्दा पाश्चात्य एस्सेसँग बढी निकट रहेको देखिन्छ ।

## २.२. निबन्धको परिभाषा

निबन्ध विश्व साहित्यको इतिहासका सन्दर्भमा अत्यन्त नयाँ अर्थात् कान्छो विधा हो । एउटा विशेष विधाको रूपमा रहेको निबन्धको परिभाषा खोज्नु त्यति सजिलो छैन र पनि विश्वका केही चिन्तकहरूले विषयवस्तु, आकार प्रकार, भाषाशैलीजस्ता विभिन्न आधारमा निबन्धलाई परिभाषित गरेका छन् । यसैकारण यो एउटै परिभाषामा स्थिर छैन र साहित्यका अन्य विधाको जस्तो यसको पनि सहज र स्पष्ट परिभाषा भएको पाइँदैन ।

### २.२.१. पाश्चात्य विद्वान्हरूका विचारमा निबन्ध

पाश्चात्य साहित्यको इतिहासमा निबन्धको प्रारम्भिक उत्पत्ति र प्रथम प्रयोग फ्रान्सेली निबन्धकार मोन्तेनका प्रयासबाटै भएको हो । यससम्बन्धी प्रथम परिभाषा पनि उनले नै दिएका छन् । 'म नै मेरा निबन्धको विषयवस्तु हुँ : किनभने मलाई सबभन्दा बढ्ता चिन्ने व्यक्ति म स्वयम् मात्र हुँ । (सुवेदी, २०५८:१८) मोन्तेनले आफ्ना निबन्धको विषयवस्तु आफैलाई ठानी निबन्धलाई आत्म प्रकाशन मानेका छन् । उनका विचारमा निबन्ध निजात्मक व्यक्तित्वको अभिव्यक्ति हो । उनी आत्मपरक निबन्धकारका रूपमा देखा परेका छन् ।

अङ्ग्रेजी साहित्यका पहिला निबन्धकार फ्रान्सिस वेकनका अनुसार, 'निबन्ध' विकीर्ण चिन्तन हो । (उपाध्याय, २०५९:१६३) वेकनका परिभाषाबाट निबन्ध चिन्तन प्रधान हुन्छ, त्यसमा कल्पना र अनुभूतिको कोमल अभिव्यक्ति नभएर गम्भीर ज्ञान र बौद्धिक अभिव्यक्ति रहेको हुन्छ ।

जोन्सनका अनुसार, 'निबन्ध भनेको मानसिक जगत्‌को त्यो थाकेको बुद्धि विलास हो, जसमा न कुनै क्रम छ न कुनै नियम । यो विचारहरूको अपरिपक्क र अव्यवस्थिति रचना हो ।' (अधिकारी, ई.१९७५:६) यस कथनबाट निबन्ध भनेको क्रम नियमहीन अपरिपक्क र अव्यवस्थित रचनाको रूपमा देखिन आउँछ ।

जोडन मरेले जोन्सनको परिभाषालाई परिमार्जित गरेका छन् । 'कुनै एक विषयमा सुगठित र सुव्यवस्थित दृष्टिकोण राखेर लेखिएको रचना निबन्ध हो ।' (सुवेदी, २०५८:२०) जोन्सनले अपरिपक्क र अव्यवस्थित भनिएको निबन्ध विधालाई मरेले सुगठित र सुव्यवस्थित रचन हो भनेर जोन्सनको परिभाषालाई परिमार्जन गरेका छन् ।

सेन्टव्युभका अनुसार, 'निबन्ध श्रमसाध्य विधा हो, यसमा स्रष्टाको आत्मप्रतिपादन भएको हुन्छ ।' (सुवदी, २०४३:१९) उपयुक्त कथनबाट के स्पष्ट हुन्छ भने निबन्ध आत्मपरक विधा भइकन पनि श्रमपूर्ण साधनबाट रचिन्छ, कठिनतम भएर पनि उच्चकोटिको विशिष्ट हुन्छ ।

विलियम हेनरी हडसनका विचारमा 'मोटामोटी रूपमा कुनै पनि विषयमा लेखिएको रचनालाई सच्चा निबन्ध मान्न सकिन्छ । यसको मुख्य विशेषता हो अपेक्षाकृत सङ्क्षिप्तता र पट्यारिलोपनको अभाव । (शर्मा, २०४६:१२) यिनले निबन्धलाई जुनसुकै विषयमा पनि लेख्न सकिने निबन्धकारको वैयक्तिक अनुभव र दृष्टिकोण व्यक्त भएको आत्माभिव्यक्तिको साधन मानेका छन् ।

ह्युवाकरका अनुसार, 'हलुका पारा तथा सरल ढङ्ग र लेखक तथा पाठक माझको विश्वस्त सम्बन्ध रहेको निबन्ध आदर्श निबन्ध हो भने तारादेखि लिएर धुलोसम्म र अमिबादेखि लिएर मानिससम्म निबन्धको विषयवस्तु हुन सक्छ ।' (शर्मा, २०४६:११) भनेर निबन्धको क्षेत्रलाई प्रस्ट पारेका छन् ।

द न्यु इन्साइकलोपेडिया ब्रिटानिका अनुसार, 'कुनै एक विषयमा केन्द्रित भई गद्यमा लेखिएको छोटो लेख नै निबन्ध हो ।' (पिग्विन, १९९०:५६२)

द कन्साइन्स अक्सफोर्ड इङ्लिस लिटेचरमा निबन्धलाई परिभाषित गर्दै यसो भनिएको छ- 'निबन्ध साधरणतया एउटा छोटो गद्य रचना हो जसमा लेखकको विषयको विशेष ज्ञान प्रतिबिम्बित भएको हुन्छ ।' (सुवेदी, २०५६:८)

निबन्धको पाश्चात्य परिभाषामा जर्ज क्रमाबलको परिभाषालेः प्रतिभाविहीन स्रष्टाको सस्तो सिर्जना कार्य निबन्ध हो जसमा न विद्वता न चिन्तन र न अनुसन्धानात्मक क्षमता रहन्छ । (सुवेदी, २०५६:१०)

जर्ज क्रमाबलको परिभाषाले निबन्धका बारेमा बेग्लै धारणा प्रस्तुत गरेको छ भने अन्य परिभाषाहरू कुनै कुनै रूपमा मिल्दाजुल्दा देखिन्छन् । यी बाहेक अरू परिभाषाहरूमा त्यति मतान्तर नभए तापनि वस्तुपरक र आत्मपरक भेदका सन्दर्भमा भने निबन्धकै परिभाषाहरूमा केही भिन्नता पाउन सकिन्छ ।

### २.२.२. पूर्वीय विद्वान्हरूका विचारमा निबन्ध

पाश्चात्य साहित्यमा मात्र होइन, पूर्वीय साहित्यमा पनि निबन्ध साहित्यको लेखन, अध्ययन, मनन भएको पाइन्छ । यसै क्रममा निबन्धको परिभाषा दिने काम पनि भएको छ ।

'यदि गद्य कविहरूको कसी हो भने निबन्ध गद्यको कसी हो ।' (शुक्ल, २०१८:५०५) हिन्दी साहित्यका विशिष्ट चिन्तक तथा इतिहासकार आचार्य रामचन्द्र शुक्लले निबन्धलाई गद्यको विशिष्ट विधा मानेका छन् ।

गुलाब रायको परिभाषा अनुसार 'निबन्ध त्यस प्रकारको रचना विशेष हो, जसमा सीमित आयतनभित्र कुनै विषयको वर्णन वा प्रतिपादन, एउटा विशिष्ट प्रकारको वैयक्तिक, प्रतिपादन, स्वच्छन्दता, सुष्ठु र सजीवता, सङ्गति र सम्बद्धतापूर्वक भएको हुन्छ । (अधिकारी, ई.१९७५:१०)

निबन्ध एक किसिमको कुरा गराइ हो । यो लेखकका मनका भावहरूलाई स्वागत कथनका रूपमा उद्धृत गराउने विधा विशेष हो । आफ्नो गुनासो अरूलाई सुनाउनु, मनको बह पोख्नु, हृदयलाई सकेसम्म छर्लङ्ग्याइदिनु आन्तरिक सन्देहलाई फिजाइदिनु मानिसका आद्य तिर्सना हुन् । त्यसो हुनाले निबन्धकार जहिले पनि पाठकसित गफ गर्न चाहन्छ, साउती गरेर

तिनलाई आफ्नाप्रति सहानुभूतिशील बनाउन खोज्छ । (बराल, २०३०:७) बरालले निबन्धलाई सामान्य कुरा गराई मान्दै यसले सामान्य मानव प्रवृत्तिलाई बहन गर्नुपर्ने कुरा बताएका छन् ।

लक्ष्मीप्रसाद देवकोटाले -'यो रौंचिरा दर्शन होइन न हो पाण्डित्य दर्शनको ठ्यास्फु ! यसमा गृहीत विषयलाई सर्वदृष्टिकोण समीक्षणको जरुरत छैन । यो एक किसिमको धूर्त बदमास ठिटो हो, जो सडकमा हिंड्दा कहिले ढुङ्गो हान्छ कतै, कतै आनन्दले फुलेर हेर्छ तर घोरिँदैन पाठ घोकुवा हलन्तेको मिजासले यो टेबिल गफ मात्र हो, शास्त्र होइन । (देवकोटा, २०४९:ख) यो एउटा फुर्सदको मनोञ्जन हो । यहाँ एउटा रसिलो हँसिलो, गफाडी, चुइकिलो कुराकानी छ जसको नाम प्रबन्ध हो । (देवकोटा, २०४९:५)

नेपाली साहित्यका मूर्धन्य निबन्धकार लक्ष्मीप्रसाद देवकोटाले प्रबन्धलाई निबन्धकै सामानार्थमा प्रयोग गरेका छन् । उनका विचारमा निबन्ध अनौपचारिक वार्तालाप हो । यसमा बौद्धिकताको भारी होइन आत्मपरकता हुन्छ । यसमा नियम र शैली कसैको बन्धन हुँदैन ।

रामलाल अधिकारीले 'निबन्ध त्यो काव्यविधा हो, जसमा लेखकको व्यक्तित्व पाठकसमक्ष पूर्णतया प्रकाशमान हुन्छ । यसमा लेखकले उपदेब्ता नभई आत्मप्रकाशनको लक्ष्यमै केन्द्रित हुनुपर्छ ।' (अधिकारी, ई.१९७५:१२) अधिकारीले निबन्धलाई निजात्मक गद्यको विधा विशेषको रूपमा स्विकारेका छन् जसमा वैयक्तिक भावना वा विषयलाई संयमतापूर्ण तरिकाले प्रस्तुत गरिएको हुन्छ भनेका छन् ।

गोपीकृष्ण शर्माका अनुसार, 'कुनै विषयबारे आफू रङ्गिएर वा तटस्थ रहेर गरिएको सङ्क्षिप्त गद्यमय अभिव्यक्ति निबन्ध हो ।' (शर्मा, २०४६:६) शर्माले निबन्ध निजी चिन्तनधारा बोकेको सङ्क्षिप्त गद्य विधालाई मानेका छन् ।

दयाराम श्रेष्ठ र मोहनराज शर्माको परिभाषा यस्तो छ-'अन्तरङ्ग विचार वा भावना अभिव्यक्ति भएको अथवा बहिरङ्ग वर्णन र विवरण प्रस्तुत भएको समय र स्थानगत सीमाभित्र बाँधिन बाध्य नभए पनि निश्चित प्रकारको सिलसिला तथा अनुक्रमयुक्त विषय विशेषमा केन्द्रित गद्यात्मक रचनालाई निबन्ध भनिन्छ ।' (श्रेष्ठ र शर्मा, २०५९ :११५)

विभिन्न विद्वान्हरूका निबन्धसम्बन्धी यी परिभाषालाई केलाएर हेर्दा निबन्धकारका विचारहरू निजात्मक वा वस्तुपरक ढङ्गबाट पाठकसामु, प्रस्तुत गर्ने र जुन प्रस्तुतिमा लेखकका

विचार पाठकका सामु प्रस्तुत गरिएको हुन्छ त्यस्तो आत्मप्रतिपादन, आन्तरिक क्रमबद्धता, कवितात्मकता, विचार, चिन्तन, संवेदना आदिको समग्र रूप नै वास्तवमा निबन्ध हो । निबन्धमा तार्किकता, मौलिकता, काल्पनिक उडान, निजात्मक शिल्प आदिका साथै वैज्ञानिक सत्यता र प्रमाणको खोजी आदि कुराले समेत स्थान पाएको हुन्छ ।

### २.२.३. निबन्धको स्वरूप

कुनै पनि विषयको परिभाषाले त्यसको स्वरूपलाई निर्धारण गरेको हुन्छ । स्वरूप भन्नाले कुनै पनि विषयलाई चिनाउने tŒjहरू हुन्, जसले निबन्ध वा अन्य कुनै साहित्यिक विधा हो भनेर छुट्याउन सजिलो हुन्छ । निबन्धको स्वरूप भनेको निबन्ध यही नै हो भनेर चिनाउन सक्ने tŒjहरूको समूह हो । निबन्धको स्वरूपको चर्चा गर्दा सर्वप्राचीन परिभाषासम्म पुग्नुपर्ने हुन्छ ।

'निबन्ध विधाका आद्य प्रयोक्ता मोन्तेनले यसको निजात्मक स्वरूप निश्चित गरे ।' यसर्थ निबन्ध भनेर त्यो रचनालाई मान्नुपर्छ जसमा रचनकारका निजी धारणा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा मुखरित भएका हुन्छन् । त्यसैगरी अङ्ग्रेजी निबन्धकार लर्ड वेकनले आफ्नो चिन्तनको अभिव्यक्तिको प्रयासलाई निबन्ध मानेका छन् । यसबाट हेर्दा उनले निबन्धलाई परात्मक कोणबाट हेरेका छन् । यसरी हेर्दा निबन्धका निजात्मक र परात्मक गरी प्रमुख दुई वटा स्वरूप देखा परेपछि अभिव्यक्ति वा शैलीपक्षबाट निबन्धको स्वरूपलाई नियाल्न थालियो ।(शर्मा, २०६३:१९) निबन्धको स्वरूपका बारेमा हर्वट रिड यसो भन्छन्-'निबन्धको लमाई पैँतीस सय शब्ददेखि पाँचहजारभन्दा बढी भए एउटा सामाजिक लेख तयार हुन्छ । यिनका अनुसार निबन्धले कुनै जीवनवृत्त र समीक्षात्मक विश्लेषणको काम गर्दैन इतिहास वा शोधलेखका रूपमा निबन्धलाई लिन सकिन्छ । यो आफैमा व्यक्तिगत भएर विवेचनात्मक भन्दा विषयगत बढी हुन्छ ।

माथि उल्लिखित निबन्धकारका परिभाषा अनुसार निबन्ध त्यो रचना हो जसमा लेखकको विचार र वस्तुपरक छायाँ स्पष्ट रूपमा प्रतिबिम्बित भएको हुन्छ । विद्यालय

महाविद्यालयका विद्यार्थीले लेख्ने असाहित्यिक रचना वा अन्य प्रबन्धात्मक लेखहरूलाई समेत निबन्ध मानिने भए पनि वस्तुत निबन्ध साहित्यिक गुणयुक्त विशिष्ट वैयक्तिक रचना हो । यसैले निबन्ध साहित्यिक र असाहित्यिक गरी दुई वर्गमा विभाजित भएको देखिन्छ । साहित्यिक निबन्धमा व्यक्तित्वको छाप कुनैमा बढी कुनैमा कम हुने भए पनि वैयक्तिकता नै नभएको रचना निबन्धका कसीमा सामेल हुन सक्दैन । निबन्धकार कहिले आफ्नै निजी भाव, विचार, अनुभूति र जीवन घटनाका परिमण्डलमा स्वाधीन अभिव्यक्ति गर्दछ भने कहिले निजी भावना र कल्पनाकासाथ आफूभन्दा परको कुनै विषयवस्तु वा घटनाको वर्णन र विवरण प्रस्तुत गर्दछ । आत्मनिवेदन गर्नु र अर्काका बारेमा बोल्नु निबन्धकारको स्वभाव हो । यसरी निबन्धको स्वरूप वा मुख्य प्रवृत्ति भनेको कि त आत्मकेन्द्रित हुनु कि त परकेन्द्रित हुनु नै हुन्छ । (बराल, २०३०:३३) यसरी हेर्दा प्रवृत्ति नै व्यक्तित्वको प्रमुख परिचायक भएकाले निबन्ध पनि स्वकेन्द्रित र परकेन्द्रित गरी स्पष्टता या दुई भागमा विभाजित हुन पुग्दछ । यसैलाई क्रमशः निजात्मक र परात्मक संज्ञा दिन सकिन्छ । यी दुईमा पनि निजात्मक अन्तर्गत व्यक्ति रचयिताका वैयक्तिक सुख दुःख आदि जीवन घटनाका भावना र विचारात्मक भेद हुन्छन् भने परात्मक अन्तर्गत वस्तुको वर्णन र विवरण प्रस्तुत गरिने हुँदा वर्णनात्मक र विवणात्मक गरी दुई उपवर्गमा छुट्टिन्छन् ।

## २.३. निबन्धका तŒवहरू

सोह्रौँ शताब्दीमा पाश्चात्य साहित्य जगत्मा विकसित भएको साहित्यको गद्य विधा निबन्ध विधा हो । निबन्धको परिभाषा गर्न यसका अनेक रूप र रङ्गले गर्दा जति समस्या हुन्छ त्यति नै विषयको व्यापकता र आकारप्रकारको विविधताले गर्दा निबन्धका tŒj यति नै हुन्छन् र यिनै हुन् भन्न कठिन हुन्छ । निबन्ध विधा समयानुकूल परिवर्तनशील विधा भएको हुनाले समयानुसार यसको tŒjमा पनि परिवर्तन हुँदै आइरहेको पाइन्छ । त्यसो त साहित्य सिर्जना गर्न पनि केही आधार चाहिन्छ । साहित्यका प्रत्येक विधाका विधा tŒjहरू निर्धारण गरिएका हुन्छन् र सम्बद्ध विधा tŒjको कुशल संयोजन र सङ्गठनबाट मात्रै कुनै पनि रचनाले आकार ग्रहण गर्दछ । त्यसैले स्रष्टाले आफ्ना विचारहरूलाई जतिबेला लेख्य रूपमा प्रस्तुत गर्न थाल्दछ

त्यतिबेला उसले पोख्ने वस्तुको पोखाइको कला, पोख्नुको उद्देश्य, सीप, ढाँचा वा तौरतरिका आदि कुराको आवश्यकता पर्दछ । अन्य विधाझैं निबन्धका पनि आफ्ना विधा tŒjहरू छन् र तिनकै आधारमा निबन्धको विश्लेषण -मूल्याङ्कन गर्नु उचित हुन्छ । निबन्ध tŒjका बारेमा विद्वान्हरूले अलग अलग धारणा अघि सारेका छन् ।

निबन्धात्मक tŒj भन्नाले निबन्ध संरचनाका लागि नभई नहुने आवश्यक कुरा हो । विद्वान्हरूका बीचमा मतैक्य नभए तापनि आवश्यक तŒवहरू तीन किसिमका देखिन्छन्- वस्तु, शैली र उद्देश्य अत्यावश्यक तŒव हुन् । (शर्मा, २०६३:१७)

## २.३.१. विषयवस्तु

विषयवस्तु निबन्धको प्रमुख tŒj हो । वस्तु tŒj नै निबन्धको प्राण भएकाले वस्तु विना निबन्धको रचना हुन सक्दैन । जीवन जगत्का जुनसुकै विषयमा पनि निबन्ध लेख्न सकिने हुँदा यसको विषय क्षेत्र ज्यादै व्यापक र विस्तृत हुन्छ । ह्युवाकरले भनेझैं निबन्धको क्षेत्र व्यापक
छ । एक कोषीय जीवदेखि लिएर मानिससम्म वा लघु राशिदेखि लिएर आकाशका तारामण्डलसम्म कुनै पनि विषयलाई निबन्धकारले छनोट गर्न सक्छ । विषय जे जस्तो भए पनि स्रष्टाको व्यक्तित्वको प्रभावमा आइसकेपछि निबन्धले पूर्णता प्राप्त गर्दछ ।

निबन्धको वस्तु tŒjभित्र खासगरी चिन्तन, विचार, कार्य, कारण, तर्क, गहिराइ र औचित्य रक्षा पर्दछन् । (उपाध्याय, २०५९:१७१) भने भाव tŒj अन्तर्गत सुकुमार संवेदन, रागात्मक, ध्वन्यात्मकता र चित्तको तरलता पर्दछन् । (शर्मा, २०६३:१७) राम्रा निबन्धमा बुद्धि tŒj र भाव tŒj दुवैको समन्वय गरिएको हुन्छ । निजात्मक निबन्धमा भाव tŒjको प्रबलता रहन्छ । कल्पनाको आवरणले भाव tŒjलाई सजाइएको हुन्छ । भावलाई बृद्धिले उछिन्न हुँदैन र भावमा बुद्धिको रमरम स्पर्श रहेकै हुनुपर्छ । तसर्थ बुद्धि र भाव दुवै निबन्धका अनिवार्य तŒव हुन् । बुद्धि मानव मस्तिष्कको खारिएको प्रतिभा हो । बुद्धि जति तीव्र हुन्छ त्यति नै चिन्तन

विचार आदि निबन्धमा सशक्त भएर आउँछन् । यसका लागि अध्ययन र अभ्यासको त्यत्तिकै आवश्यकता पर्दछ ।

### २.३.२. शैली

अन्य साहित्यिक विधाका तुलनामा निबन्धमा शैलीको महŒव विशेष हुन्छ । शैलीले निबन्धलाई प्राणवान् र जीवन्त बनाउन सक्छ । निबन्धकारको निजीपन र व्यक्तित्वको परिचायक शैली नै हो । यो भाव र भाषाको सङ्गमबाट निर्मित हुन्छ । विचार वा भाव निबन्धको आत्मा, भाषा, शरीर र शैली निबन्धको जीवन वा प्राण हो । अर्को पक्षमा शैलीका लागि निरन्तर प्रवाह पनि त्यत्तिकै अपेक्षित हुन्छ । क्रम सङ्गति, सङ्गठन र अन्विति शैलीका आन्तरिक गुण हुन् । (शर्मा, २०६३:१८) प्रत्येक निबन्धकारका शैली आ-आफ्नै प्रकारको हुन्छ । निबन्धकारको भाषा सरल, सहज, कोमल, हार्दिक, हृदयस्पर्शी हुनुपर्छ । निबन्धकार जुन भाषामा निबन्ध लेख्छ त्यस भाषालाई उसले राम्रोसँग खेलाउन सक्ने हुनुपर्छ । कहीँ कतै उखान -टुक्का, कतै गहन तथ्य तथा भाव प्रधान भाषाको प्रयोग गर्न सकिन्छ । निबन्धमा प्रयोग गरिने शब्द विषयानुकूल, रोचक र अर्थबोधक हुनुपर्छ ।

भाषाका दृष्टिले निबन्धका मूलतः तीनवटा शैली हुन्छन् : संयुक्त शैली, भावुक शैली र व्यङ्ग्य शैली । (शर्मा, २०६३:१८)

#### (क) संयुक्त शैली

संयम र नियन्तरणको मात्रा बढी रहने शैली संयुक्त शैली हो । यसमा भावको अधीनमा निबन्धकार नभएर निबन्धकारको अधीनमा भाव रहन्छ । संयुक्त शैलीले पाठकलाई बिस्तार बिस्तार प्रभाव पार्दछ । यस शैलीले पाठकलाई एकै साथ झ्याप्प छोपेर अन्यौलमा पार्दैन । यसमा ठट्टा मजा र हार्दिकता रहन्छन् । कुनै विचार वा अनुभूतिलाई उत्कर्षमा पुऱ्याउन यसमा क्रमिक प्रभावको व्यवस्था हुन्छ र प्रायः बुद्धिले काम गरेको हुन्छ । (शर्मा, २०६३:१९)

## (ख) भावुक शैली

भावुकताको अधिकाधिक प्रस्तुति भावुक शैलीको गुण हो । यस्तो शैलीमा विगतका अनुभवहरूलाई कल्पनाले सिङ्गारेर अतिरञ्जित किसिमले व्यक्त गरिएको हुन्छ । (शर्मा, २०६३:१९) यसमा अनुभव, अनुभूति र कल्पना घुलमिल भएर आउँछन् । भावुक शैलीको भाषा कवितात्मक संवेदनशीलताले भरिएको हुन्छ । यस शैलीमा निबन्धकार कुनै बाधा अवरोधविना र प्रायः अव्यवस्थित ढङ्गले आफ्ना कुरा प्रकट गर्दछन् ।

## (ग) व्यङ्ग्य शैली

भावलाई भाषामा चमत्कारपूर्ण ढङ्गले प्रस्तुत गर्ने शैलीलाई व्यङ्ग्य शैली भनिन्छ । व्यङ्ग्य शैलीमा एउटा कुरा भनेझैं अर्को कुरा भनिन्छ । यसमा ठट्टा मजाक एवम् छेडछाड पनि रहन्छन् । व्यङ्ग्यले विसङ्गत र रुढी सम्पूर्ण tŒjको उछितो पार्ने क्षमता प्राप्त गरेको हुन्छ । (सुवेदी, २०५८:३९) व्यङ्ग्य शैलीमा निबन्धकारको भाषा र भावमाथि एकाधिकार हुन्छ । भाषाका आधारमा शैली मूलतः दुई प्रकारका छन्- समस्त शैली र सरल शैली । (तिमिल्सिना, २०४१:९)

## (१) समस्त शैली

समस्त शैलीलाई समास शैली पनि भन्दछन् । साधारण नभएर विशिष्ट भाषाको प्रयोग गर्नु समास शैलीको लक्षण हो । यसमा भाषाको विस्तार र भावको शून्यता बढी रहन्छ । कठिन शब्द, लामा वाक्य, पुरुह संरचना समास शैलीका विशेषता हुन् । (शर्मा, २०६३:२०) यसमा मिश्र र संयुक्त वाक्यको आधिकाधिक प्रयोग गरिन्छ । भाषिक शब्दजाल बिछ्याएर पाठकलाई अलमल पार्नु समास शैलीको आफ्नो विशेष तापनि हो ।

## (२) सरल शैली

सरल शैलीलाई प्रसाद शैली पनि भनिन्छ । यसको भाषा सहज र सरल हुन्छ । साधारण र बहुप्रचलित शब्द छोटा वाक्य र सुबोध अभिव्यक्ति यो शैलीका विशेषता हुन् । (शर्मा,

२०६३:२०) आधुनिक निबन्धमा प्रसाद शैली बहुप्रचलित छ । जस्तो सुकै गहन विषयवस्तु पनि सामान्य किमिसले सुमधुर र सहज भाषामा प्रस्तुत गर्ने शैली सरल शैली हो ।

### २.३.३. उद्देश्य

निबन्ध रचनाको कुनै न कुनै उद्देश्य हुन्छ । निबन्धकारले आफ्ना निबन्धका माध्यमबाट आफ्ना भावना, विचार, अनुभव र अनुभूतिलाई पाठकसमक्ष प्रस्तुत गर्नु नै निबन्धकारको मुख्य उद्देश्य रहेको हुन्छ, तर निबन्ध लेखनको मूल उद्देश्य पाठकलाई उपदेश दिनु नभई सूचना दिनु र आत्मप्रकाशन गर्नु हो । (उपाध्याय, २०५९:१७२) निबन्ध रचनाका दुई प्रकारका उद्देश्य हुन्छन्- आत्मप्रकाशन र सूचनात्मकता । (शर्मा, २०६३:२१)

(क) निबन्ध रचनाका लागि वस्तु र शैली मात्र पर्याप्त हुँदैनन् । निबन्धकारमा 'स्व' को प्रकाशन गर्ने खुलदुली पनि हुनु जरुरी छ । विषयका माझबाट निजी दृष्टिकोण र अनुभूतिका झिल्का झिल्कीहरू निबन्धमा देखिएकै हुन्छन् । त्यसैले निबन्ध व्यक्तित्वको परिचायक हुन्छ र निबन्धकारले यसका माध्यमबाट 'स्व'को चिनारी गराउँछ । अर्कातर्फ निबन्धकारको सोचाइ र अभिव्यक्ति शिल्पको पारख गर्ने कसी पनि निबन्ध हो । निजात्मक निबन्धमा यस खालको प्रक्रिया बढी सक्रिय रहन्छ, त्यसो हुनाले 'आत्मप्रकाशन' निबन्धको एक उद्देश्य हो । परात्मक निबन्धमा पनि थोरै धेरै आत्म प्रकाशन भएकै हुन्छ । (शर्मा, २०६३:२५)

(ख) सूचनात्मकता- निबन्ध रचनाको अर्को उद्देश्य सूचनात्मकता हो । यसमा रचनाकारको अनुभवसम्बन्धी सूचनाहरू रहन्छन् । एउटा असल मित्रले झैं निबन्धकार आफ्ना पाठकलाई निबन्धको माध्यमबाट केही भनिरहेको हुन्छ, सूचना प्रदान गरिरहेको हुन्छ । जीवन र जगत्का यथार्थ वा काल्पनिक जुनसुकै पक्षका बारेमा पनि छोटो गद्य विधाका माध्यमबाट निबन्धले सूचना दिने काम गर्दछ । निबन्धकार आफ्ना पाठकलाई पूर्णरूपमा विश्वासमा लिने प्रयास स्वरूप केही कुरा भनिरहेको हुन्छ । यही नै निबन्धको सूचनात्मकता हो ।

यसरी वस्तु, शैली र उद्देश्य निबन्धका आवश्यक tŒj हुन् । गहिरिएर, खोजिपस्दा निबन्धका अन्य tŒj पाइएलान् तर हरेक निबन्धमा यी tŒj रहेकै हुन्छन् ।

## २.४. निबन्धको वर्गीकरण

निबन्ध विधाको आद्य रूप फ्रेन्च लेखक मोन्तेनले ठम्याएका हुन् र यसपछि बेलायतका फ्रान्सिस बेकनले निबन्धको अर्को खालको व्याख्या गरेका हुन् । यसरी मोन्तेनको धारणा अनुकूल निजात्मक वा व्यक्तिनिष्ठा निबन्ध र बेकनको धारणाअनुकूल परात्मक वा विषयनिष्ठ निबन्ध भनी दुई खालको वर्गीकरणको धारा सुरुदेखि नै चल्दै आएको हो । (शर्मा, २०६३:२६) पछि जति-जति निबन्ध साहित्यको विकास हुँदै गयो उति-उति निबन्धको प्रकृति, स्वरूप र सङ्गठनभित्र पसेर यसको विभाजन तथा वर्गीकरण गर्ने प्रयास भइरहेको हुन्छ ।


साहित्यका विभिन्न विधामध्ये निबन्ध कान्छो गद्य विधा हो । विषयवस्तु र भाषा शैलीको विविधता तथा रचनात्मक अनेकताका कारण निबन्ध स्वयम् जटिल बन्न पुगेको देखिन्छ । त्यसैले यसको अध्ययनमा सरलता ल्याउन निबन्धको वैज्ञानिक तथा व्यावहारिक वर्गीकरण हुन आवश्यक भएको छ । (शुक्ल, २०१८:४८२)

विभिन्न विद्वान्हरूले विषयवस्तु, भाषाशैली, प्रवृत्ति, व्यक्तित्वको प्रधानता र गौणतका आधारमा निबन्धको वर्गीकरण गरेको पाइन्छ । पाश्चात्य जगत्मा निबन्धसम्बन्धी आत्मपरक र वस्तुपरक गरी दुई भिन्न धारणा देखा परेको पाइन्छ । मोन्तेन आत्मपरक निबन्धको पक्षमा छन् भने बेकन निबन्धको वस्तुपरक पक्षमा छन् । हिन्दी साहित्यका विशिष्ट समीक्षक तथा इतिहासकार रामचन्द्र शुक्लले निबन्धको वर्गीकरण गर्ने क्रममा शैलीलाई मुख्य आधार बनाएर **विचारात्मक**, **भावनात्मक** र **वर्णनात्मक** गरी तीन किसिमले वर्गीकरण गरेका छन् । विषय र प्रवृत्तिका आधारमा विश्वनाथले आत्मनिष्ठ र वस्तुनिष्ठ गरी दुई किसिमले वर्गीकरण गरेका छन् । (विश्वनाथ, १९७३:१६५)

नेपाली साहित्यमा ईश्वर बरालले निबन्धलाई निजात्मक र परात्मक गरी दुई भागमा वर्गीकरण गरेको पाइन्छ । (बराल, २०३०:१८) बालकृष्ण पोखेलले निबन्धलाई विषयवस्तुका आधारमा जमर्का र प्रबन्ध गरी वर्गीकरण गरेका छन् । (पोखेल, २०२७: ९)

निबन्धमा शैली र प्रवृत्तिभन्दा अधिकतर व्यक्तित्वको प्रभाव पर्ने भएकाले निबन्धलाई व्यक्तित्वको प्रधानता र गौणताका आधारमा मूल रूपमा आत्मपरक र वस्तुपरक गरी दुई भागमा बाँड्न सकिन्छ । आत्मपरक निबन्धलाई विचारात्मक, भावनात्मक र वैयक्तिक गरी तीन

भागमा र वस्तुपरकतालाई निबन्ध र प्रबन्ध गरी दुई भागमा वर्गीकरण गरी निबन्धलाई वर्णनात्मक र विवरणात्मक गरी दुई भागमा विभाजन गर्नु उपयुक्त देखिन्छ ।(शर्मा, २०६३:२४) निबन्धको यस वर्गीकरणलाई निम्नानुसार प्रस्तुत गरिन्छ :




## २.४.१. आत्मपरक निबन्ध

आत्मपरक निबन्धलाई निजात्मक निबन्ध पनि भनिन्छ । यस्ता खालका निबन्धमा व्यक्तिको मुख्य स्थान हुन्छ भने विषयको गौण स्थान हुन्छ । व्यक्तिका निजी अनुभव, विचार र विद्वताहरू यस्ता निबन्धमा बढी मात्रामा प्रकट हुन्छन् । यस्ता निबन्धमा विषय भन्दा लेखकको व्यक्तित्वको आत्माभिव्यक्तिको प्रस्तुति हुने हुनाले बाहिरी वस्तुहरू व्यक्तिको व्यक्तित्व प्रस्तुत गर्ने साधन मात्र मानिन्छन् । आत्मपरक निबन्ध लेखकको सेरोफेरोसँग सरोकार राख्दछ र यो मन्मय हुन्छ । (बराल, २०३०:१८) आत्म प्रकाशनका निम्ति स्रष्टाले आफ्ना अनुभूति यात्रामा पाठकलाई डोऱ्याउँछ । यसरी मन, आत्मा, विवेकजस्ता विषय र राष्ट्र राष्ट्रियता, अनुशासन प्रकृति, सौन्दर्य जस्ता वस्तु पनि आत्मपरक निबन्धका विषय हुन सक्छन् । सामान्यतया स्रष्टाको व्यक्तित्व सशक्त भएका जुनसुकै वस्तु पनि आत्मपरक निबन्धमा राख्न सकिन्छ । यसरी निबन्धकारका भावना, विचार तथा दृष्टिकोण निजात्मक निबन्धलाई भावात्मक, विचारात्मक र वैयक्तिक गरी तीन प्रकारमा वर्गीकरण गर्न सकिन्छ ।

### (क) भावात्मक निबन्ध

विचार र वैयक्तिक अभिव्यक्तिभन्दा भावपक्ष प्रबल भएको निबन्ध भावात्मक निबन्ध हो । यस्तो निबन्धमा स्रष्टा संवेदनशील रहन्छन् र आफ्ना अनुभूतिजन्य भावलाई व्यक्त गर्न अग्रसर देखिन्छ । भावात्मक निबन्धमा अमूर्त भावात्मक विषयहरू जस्तै आशा, निराशा, प्रेम, करुणा, परोपकार, देशभक्ति आदिलाई संवेदनात्मक तुल्याई सरल आलङ्कारिक पदावलीमा प्रस्तुत गरिन्छ । (उपाध्याय, २०५९:१६९-१७०) भावात्मक निबन्धमा निबन्धकार सधैं भावमा बग्छ, त्यहाँ डुबेर वस्तुलाई गौण बनाइ आफू बहकिने हुनाले त्यस्ता निबन्धमा कल्पनाको प्रधान्य रहन्छ । यस्ता निबन्धमा तर्क बितर्कको कुनै स्थान हुँदैन हृदयका उदात्त अनुभूतिहरू तीव्र भावना र चरम भावुकता पाइन्छ । भावात्मक निबन्धमा लक्षणा र व्यञ्जना शक्तिको प्रयोग बढी हुन्छ । यस्ता निबन्धको भाषाशैली पनि सरल, सरस र आलङ्कारिक हुन्छ । भावात्मक निबन्धमा लेखकले वस्तुको वर्णन भावना र कल्पनाका सहारामा अत्यन्त रागात्मक र कलात्मक रूपले गरेको हुन्छ ।

### (ख) विचारात्मक निबन्ध

विचारात्मक निबन्धमा बुद्धि वा विचारको प्रबलता हुन्छ । बुद्धि र हृदय दुवै आन्तरिक पक्ष भएकाले लेखकलाई यस्ता निबन्धमा खास गरी तर्क र बौद्धिक व्यायामको आवश्यकता पर्दछ । विचारात्मक निबन्धमा लेखकले विषयको वर्णन गर्दै आफ्ना मत सिद्धान्त स्थापित गर्ने प्रयास गरिरहेको हुन्छ । यस्ता विषयमा कला, काव्य, राजनीति, धर्म, दर्शन, विज्ञान, शिक्षा, समाजशास्त्र मनोविज्ञान जस्ता विचार प्रधान विषयहरूको प्रस्तुति हुन्छ । (उपाध्याय, २०५९:१६९) जुन विषयमा निबन्ध लेखे पनि त्यस्ता विषयमा लेखकका वैयक्तिक चिन्तन समेत प्रस्तुत भएका हुन्छन् । यसमा निबन्धकारको कल्पना, भावनाले पूर्ण रूपमा खेल्ने मौका पाएको हुन्छ तापनि मात्रात्मक दृष्टिले हेर्दा बुद्धिपक्षकै प्राबल्य रहन्छ । विचारहरूको तारतम्य, रोचकता विषयगत गहनता विचारात्मक निबन्धका विशेषता हुन् । (शर्मा, २०६३:२५) खँदिला वाक्य र अनुच्छेदमा अभिव्यक्त हुने विचारात्मक निबन्धको भाषाशैली कसिलो सुगठित र आलाङ्कारिक हुन्छ ।

### (ग) वैयक्तिक निबन्ध

मूलतः व्यक्तित्वको प्रकटीकरण भएका निबन्धलाई वैयक्तिक निबन्ध भनिन्छ । यसमा निबन्धकारका भावुकताको आत्मप्रकाशन हुन्छ । वैयक्तिक निबन्धको विषयवस्तु स्वयम् स्रष्टा नै हुन्छ । यस्ता निबन्धमा निबन्धकारका नितान्त वैयक्तिक अनुभूति वा हर्ष-विस्माद, सुख-दुःख जस्ता भावहरू प्रस्तुत भएका हुन्छन् । वैयक्तिक निबन्धमा निबन्धकारले आफ्नो निजी मनको भावलाई रागात्मक रूपमा प्रस्तुत गर्दछन् । (बराल, २०३०:१९) अन्तर्मुखी प्रवृत्ति, अनौपचारिकता र आत्माभिव्यञ्जना वैयक्तिक निबन्धका खास विशेषता हुन् । वैयक्तिक निबन्धलाई निश्छल, निस्कपट र मित्रवत् गफ गराइका शैलीमा प्रस्तुत गरिन्छ । नढाँटी आफ्ना मनका भाव पोखिने हुनाले यस्ता निबन्धमा निबन्धकारको आत्मप्रकाशन भएको हुन्छ । (शर्मा, २०६३:१८)

## २.४.२. वस्तुपरक निबन्ध

वस्तुपरक निबन्धलाई विषय प्रधान र निवैयक्तिक निबन्ध पनि भनिन्छ । यो निबन्ध विषयकै वरपर घुम्छ र यस्ता निबन्धमा स्रष्ट तटस्थ रही वस्तुको चिनारी गराउँछ र आफ्ना अनुभूतिमा नभै वस्तुतथ्यको विशेष प्रकाशन गर्दछ । यस्त निबन्धको प्रमुख लक्ष्य आत्मप्रकाशन नभई सूचनात्मकता हुन्छ ।

वस्तुपरक निबन्धको विषय इतिहास दर्शन, विज्ञान, भ्रमण, प्रकृति आदि रहन सक्छन् । परात्मक निबन्धमा बाह्य वस्तुको चिनारी गराउने गरिन्छ । (बराल, २०३०:१८) विषयवस्तुको वर्णन र विवरणको प्रस्तुति नै परात्मक निबन्धको मुख्य विशेषता हो । परात्मक निबन्धमा निजानुभूतिको वास्ता नगरी 'पर' वा वस्तुसत्यको यथार्थ चित्र प्रस्तुत गर्नु निबन्धकारको मूल लक्ष्य हुन्छ । विषयवस्तुगत वर्णन र विवरणको प्रधानताका आधारमा परात्मक निबन्धलाई वर्णनात्मक र विवरणात्मक गरी दुई प्रकारमा वर्गीकरण गर्न सकिन्छ :।

**(क) वर्णनात्मक**

कुनै पनि वस्तुः घटना, प्रकृति आदिको वर्णन गरिएका निबन्धलाई वर्णनात्मक निबन्ध भनिन्छ । कुनै वस्तुबारे नालीबेली छुट्टाउँदै वर्णन गर्नु त्यसको वास्तविक स्वरूप प्रस्तुत गर्नु आफ्नो वस्तुमूलक दृष्टि पाठक समक्ष राख्नु वर्णनात्मक निबन्धको उद्देश्य हुन्छ । वर्णनात्मक निबन्धमा विचार, अनुभूति, कल्पना, सबैले वर्णनलाई प्राणवान्, मोहक, आकर्षक र रसिलो बनाउनको लागि महŒवपूर्ण भूमिका खेल्दछन् । यसमा निबन्धकारको गहन चिन्तन र मौलिक जीवन दर्शनको अपेक्षा राखिदैन, केवल निजी भावनाले निबन्धलाई सिगार्ने काम मात्र हुन्छ । वर्णन शैलीमा रोचकता ल्याउन अलङ्कारमय प्राञ्जल भाषाको प्रयोग यसमा गरिन्छ । यसमा सरल, सुबोध, प्राञ्जल र आलङ्कारिक भाषाशैलीको प्रयोग गरिएको हुन्छ । सरल र सुबोध वर्णनको अपेक्षा गरिने हुँदा वर्णनात्मक निबन्धमा प्रसाद शैलीको प्रयोग गरिन्छ ।

**(ख) विवरणात्मक**

कुनै पनि घटना, वृत्तान्त र परिवेशको वेलीविस्तार प्रस्तुत गरिएका निबन्धलाई विवरणात्मक निबन्ध भनिन्छ । घटनाको क्रमबद्ध प्रस्तुति यो निबन्धको मुख्य लक्ष्य हुन्छ र यसमा मूलतः इतिहास सम्बद्ध वस्तु हुन्छन् । घटनामा लेखकको आत्मीयता र व्यक्तित्वको छाप प्रधान विशेषताका रूपमा रहेको हुन्छ । (उपाध्याय, २०५९:१६९) विवरणात्मक निबन्धमा थोर बहुत आत्मप्रकाशन रहे तापनि विशेष गरी ऐतिहासिक तथ्यका खोजमा केन्द्रित रही ती तथ्यको सिलसिलाबद्ध संयोजन गर्दै पाठकमा उब्जने आकर्षणलाई तर्क र प्रमाणद्वारा सूचित गरी विषयवस्तुको इतिवृत्त दिइएको हुन्छ । वृत्तान्तमा आधारित रहेर पनि इतिहासभन्दा भिन्न तरिकाले विवरणात्मक निबन्धमा घटना वर्णनलाई प्रभावकारी रूपमा लिन सकिन्छ । (शर्मा, २०६३:१५) विवरणात्मक निबन्धमा कथातŒj पनि आउन सक्छ । यस्ता निबन्धमा घटनाको कार्य कारण शृङ्खला मिलेको हुन्छ । विवरणात्मक निबन्धमा भावना, कल्पना र विचार tŒj आउने भए पनि निबन्धकार विषयप्रति नै बढी सजग रहन्छ । सरल, सुबोध र व्यास शैलीका माध्यमबाट विवरणात्मक निबन्धमा घटना र वृत्तान्तको सुसम्बद्ध प्रस्तुति गरिन्छ ।

## २.५. नेपाली निबन्धको विकासक्रम

नेपाली गद्यको प्रारम्भमा नेपाली निबन्धको पनि गर्भाधान भयो र आजसम्म यसको विकास चलिरहेको छ । यस समयसम्ममा विभिन्न प्रतिभाहरूका नयाँ नयाँ प्रयोग र लेखनबाट नेपाली निबन्धले आफ्नो समुन्नत रूप प्राप्त गरिसकेको पाइन्छ । यसक्रममा यहाँ सङ्क्षिप्त रूपमा नेपाली निबन्धको विकासक्रमको चर्चा प्रस्तुत गर्दै नेपाली निबन्ध परम्परामा आनन्ददेव भट्टको आगमन र उनको निबन्धयात्रालाई प्रस्ट पारिन्छ ।

### २.५.१. नेपाली निबन्धको इतिहास

नेपाली साहित्य परम्परामा निबन्ध अपेक्षाकृत कान्छो विधा मानिए तापनि यसको ऐतिहासिकता चाहिँ गद्य साहित्यको इतिहासकै सापेक्षतामा खोज्नु पर्ने हुन्छ । यो आख्यानेत्तर गद्य विधा भएकाले नेपाली गद्यको इतिहाससँग यसको पनि इतिहास जोडिएको छ । नेपाली भाषाको उद्‌भवसँगै, अभिलेख, तमसुक, ताम्रपत्र, स्वर्णपत्र, औषधीमूलोका पाठ्य पुस्तकहरू, राजकाजको यात्रासम्बन्धी अध्यादेश, अभिलेखीय गद्यांशहरू देखा पर्दछन् र यिनै प्राचीन गद्यका नमूनालाई निबन्धको पृष्ठभूमि कालीन अनुहार मान्न सकिन्छ । नेपाली वाङ्मयका प्राचीन अभिलेखमा पाइने पुराना गद्यहरूसँगै यस विधाले आफ्नो आधारशीला सिर्जेको छ र यिनै अभिलेखीय परम्पराबाट प्रारम्भमैं पृथ्वीनारायण शाहको 'दिव्योपदेश' (१८३१) सिर्जना पूर्वको अवधि यसको पृष्ठभूमिका रूपमा देखा पर्दछन् ।

दिव्योपदेशको गद्य लेखनदेखि लिएर आजसम्मको विकासक्रम हेर्दा नेपाली निबन्धलाई तीन चरणमा विभाजन गरी प्रस्तुत गर्न उपयुक्त हुन्छ ।

### २.५.२. प्राथमिक काल (१८३१-१९५७)

नेपाली गद्यको प्रारम्भक सुन्दर नमुना पृथ्वीनारायण शाहको 'दिव्योपदेश' (वि.सं. १८३१) मा देख्न सकिन्छ । जहाँ गद्यको स्वतन्त्र गति पाइनुका साथै विचार र चिन्तनको पनि विशेष

प्रयोग भेटिन्छ । त्यसैले यसलाई नेपाली निबन्धको पहिलो रचना र नेपाली निबन्ध विधाको आद्यप्रारूप मान्न सकिन्छ । (उपाध्याय, २०५९:१२७) निजात्मक रूपमा प्रस्तुत भएको यो कृतिमा आख्यानेत्तर गद्य र विचारको प्रस्तुतिमा स्वत्वको प्रभाव रहेको छ ।

दिव्योपदेशपछि देखा परेका, उल्लेखनीय कृति मध्ये रामचन्द्र पाध्याय रेग्मीको 'लच्मी धर्म संवाद' (१८५१), वाणी विलास पाँडेको 'वाग्मती पुल स्तम्भ अभिलेख' (१८६८), देवकेशरी अर्यालको 'गोरक्षयोगशास्त्र' (१८७७), यदुनाथ उपाध्यायको 'रतिकोषसार' (१८८५), सुन्दरानन्द बाँडाको 'त्रिरत्न सौन्दर्यगाथा' (१८८९-९०) अज्ञात लेखकको 'जङ्गबहादुरको बेलायत यात्रा' (१९१०), बेनामी बत्तीस सालको 'रोजनाम्चा' (१९३२), मोतीराम भट्टको 'कवि भानुभक्त आचार्यको जीवन चरित्र' (१९४८) र चिरञ्जीवी शर्माको 'आफ्नु कथा' (१९५५) आदिलाई नेपाली गद्यको ऐतिहासिक विकासका महŒवपूर्ण उपलब्धि मान्न सकिन्छ ।(श्रेष्ठ र शर्मा, २०६३:१२२-१२३) नेपाली गद्य लेखनलाई विकसित तुल्याउने क्रममा यिनको भूमिका उल्लेखनीय रहेको छ ।

विकसित भाषामा लेखिएको नेपाली निबन्धको प्रारम्भिक कालीन स्वरूपलाई हेर्दा मौलिकताको उचाइमा पुगेको विषयगत विविधतामा छरिएको स्तरीय गद्यसँगै हुर्किएको देखिन्छ । यिनै महŒवपूर्ण घटना सामयिक मोडमा सामूहिक प्रस्तुति बन्न गएका विविध रचनाहरू प्राथमिक कालीन स्वरूप र प्रयोग मानिन्छन् ।

### २.५.३. माध्यमिक काल (१९५८-१९९१)

गोरखापत्र (वि.सं. १९५८) को प्रकाशन हुन थालेपछि नेपाली निबन्धको माध्यमिक काल आरम्भ हुन्छ । यसमा निबन्ध नै भनी किटान गर्न नसकिए पनि निबन्धात्मक र प्रबन्धात्मक प्रवृत्ति भएका थुप्रै आख्यानेत्तर गद्य रचनाहरू प्रकाशित भएका छन् । नेपाली निबन्धको प्रारूप निर्माणको लागि यस पत्रिकाको महŒवपूर्ण योगदान रहेको छ । यसमा बेनामी लेखकको 'अघि मूर्ख पछि बुद्धिमान्' (१९५९), 'वसन्त वर्णनम्' (१९६१), 'मातृभाषाको उन्नति' (१९६६), 'निक्ष' (१९६६), 'वफादारी' (१९७०), 'शिशु शिक्षा' (१९७०), 'हावा' (१९७३) आदि । त्यस्तै नामाङ्कित

गद्य कृतिहरूमा शम्भुप्रसाद ढुङ्गेलको 'समय' (१९७६), 'प्रभात' (१९७६), 'हदम याद राख्नु पर्ने कुरा' (१९७६) र 'कविताको फल' (१९७७) तथा बैजनाथ सेढाइको 'तातोपानी र अमिलो पानी' (१९८२) आदि यस पत्रिकामा निबन्धको प्रारम्भिक रूपरेखा निर्माणको लागि यी रचनाहरू प्रकाशित भएका छन् । (श्रेष्ठ र शर्मा, २०६३:१२२-१२३)

गोरखापत्रको प्रकाशनपछि पनि अनेकौं पत्रपत्रिकाका माध्यमबाट नेपाली निबन्धले विकसित हुने मौका पायो । यस समयावधिमा **सुन्दरी** (१९६३), **माधवी** (१९६५), **चन्द्र** (१९७१), **गोर्खाली** (१९७२), **चन्द्रिका** (१९७४), **जन्मभूमि** (१९७९), **गोरखासंसार** (१९८३) र **नेपाली साहित्य सम्मेलन** (१९६३) आदि पत्रिकाहरूको उल्लेख्य योगदान रहेको छ । **सुन्दरी** (१९६३) पद्य प्रधान पत्रिका भए पनि यसमा **बेसरी** शीर्षकको निबन्धात्मक लेख र देवीदत्त शर्माको **उचित चर्चा** (१९६५) शीर्षकको लेख रचना प्रकाशित भएको पाइन्छ । (श्रेष्ठ र शर्मा, २०६३:१२२-१२३) **माधवी**मा प्रकाशित राममणि आ.दी. को **कवितारीति** (१९६५) महŒवपूर्ण निबन्धात्मक कृति हो साथै यस पत्रिकामा प्रकाशित धर्मदत्त शर्मा, रामप्रसाद सत्याल, जय पृथ्वीबहादुर सिंह, मानसिंह अधिकारी, हरिहर आ.दी., दुर्गादेवी आ.दी., कुलचन्द्र गौतम आदिका गद्य लेख रचनाहरू उल्लेखनीय छन् । (श्रेष्ठ र शर्मा, २०६३:१२४)

गद्य प्रधान चन्द्र पत्रिकामा पद्मनाथ सापकोटाको **परिश्रमको विभाग** (१९७१), सूर्य विक्रम ज्ञवालीको **सोक्रेरिजको बहस** (१९७१) बैजनाथ सेढाइँको **हेमन्त ऋतु वर्णन** (१९७१), पारसमणि प्रधानको **अध्यवसाय** (१९७२) र **विधा** (१९७२) आदि विविध विषयका लेख रचनाहरू प्रकाशित छन् (श्रेष्ठ र शर्मा, २०६३:१२४) । गोर्खाली (१९७२) मा शम्भुप्रसाद ढुङ्गेल, पारसमणि प्रधान, पद्मनाथ सापकोटा आदिका वस्तुपरक निबन्धात्मक रचनाहरू प्रकाशित भएका छन् । (सुवेदी, २०५८:५७)

दार्जिलिङको खरसाङबाट प्रकाशित शम्भुप्रसाद ढुङ्गेलको **महेन्द्र मल्ली** (१९७५) पहिलो आत्मपरक निबन्ध हो । (उपाध्याय, २०५९:१७२) यस पत्रिकामा शम्भुप्रसादकै **चन्द्रिका** (१९७५), **प्रेम** (१९७५) साथै सूर्यविक्रम ज्ञवाली, दुर्गादेवी आ.दी., रामप्रसाद उपाध्याय, प्रभाकर आदिका निबन्धहरू पनि प्रकाशित छन् । (श्रेष्ठ र शर्मा, २०६३:१२५) वि.सं. १९७९ मा 'उदाएको जन्मभूमि' पत्रिकामा कृष्णप्रसाद कोइराला, धरणीधर कोइराला, रामचन्द्र अधिकारी आदिका

विचारात्मक तथा भावात्मक निबन्धहरू प्रकाशित भएका छन् । (श्रेष्ठ र शर्मा, २०६३:१२५) यस्तै **गोर्खासंसार** (१९८३) म विधवती नहान, मानवीर रसाइली, हर्षबहादुर राई आदिका समाज सुधारक र राजनैतिक चेतना भएका निबन्ध प्रकाशित भएका छन् । (शर्मा, २०६३:३१) वि.सं.१९८९ को **नेपाली साहित्य सम्मेलन** पत्रिकामा सूर्यविक्रम ज्ञवाली, पारसमणि प्रधान, रूपनारायण सिंहका साहित्य सेवा, चरित्र सुधार, नैतिकता आदि विषयका निबन्धहरू प्रकाशित देखिन्छन् । (शर्मा, २०६३:३१) यस कालका निबन्धमा भाषा, साहित्य, चरित्र सुधार, नैतिकता र राष्ट्रिय उत्थानको आकाङ्क्षाका साथै औपदेशिकता, सामाजिक र जातीय सुधारवादी चेतना पनि प्रस्तुत गरिएको पाइन्छ । यस कालका निबन्धमा संरचनागत शिथिलता र भाषिक स्थिरताको अभाव देखिन्छ भने ती प्रायः वर्णनात्मक र विवरणात्मक किसिमका छन् । माध्यमिक कालीन निबन्धमा व्यक्तिको वैयक्तिक अभिव्यञ्जना र दार्शनिक उच्चता न्यून रहे पनि नेपाली पनको उत्थानका लागि आह्वान गरिएको छ । यस कालमा स्वदेश तथा विदेशबाट स्वतन्त्र चिन्तन सहित स्रष्टाहरूले दर्जनौं रचनाहरूको सिर्जना गर्दै प्रजातान्त्रिक, सामाजिक वातावरणको सन्देश छर्दै नेपाली निबन्धको आधुनिक युगलाई बलियो पृष्ठभूमि निर्माण गरेका छन् ।

### २.५.४. आधुनिक काल (१९९२-हालसम्म)

वि.सं. १९९२ मा **शारदा** पत्रिकाको प्रकाशन भएपछि नेपाली साहित्यको इतिहासमा नयाँ अध्यायको सुरुवात् भयो । **शारदा**को प्रकाशन नेपाली साहित्य इतिहासमा एक महŒवपूर्ण आयाम हो । **शारदा** (१९९२) बाट नेपाली निबन्ध पनि आधुनिक कालमा प्रवेश गऱ्यो । (श्रेष्ठ र शर्मा, २०६३:१२६) यस आधुनिक काललाई विविध चरणमा उपकालको रूपमा राखेर चर्चा गरिएको पाइन्छ । विषयगत विविधता शैली तथा प्रयोग र प्रवृत्तिगत विशेषताले गर्दा यस कालमा मूलतः तीन उपकाल मानेर चर्चा गरिनु सान्दर्भिक मानिएको छ ।

(क) पहिलो चरण (वि.सं. १९९२- वि.सं. २००३)

(ख) दोस्रो चरण ( वि.सं. २००४- वि.सं. २०१९)

(ग) तेस्रो चरण ( वि.सं. २०२०-हालसम्म)

यी सबै चरणमा निबन्धात्मक विशेषताको प्रयोग छ र प्रयोगजन्य नवीनताले विविध जगत्मा कालखण्डीय असितTj कायम गरेको छ ।

### २.५.४.१. पहिलो चरण ( वि.सं.१९९२- वि.सं. २००३)

वि.सं. १९९२देखि २००३ सालसम्मको समयावधि आधुनिक नेपाली निबन्धको प्रथम चरण हो । आधुनिक नेपाली निबन्धको प्रथम चरण **शारदा** (१९९२) पत्रिकामा प्रकाशित लक्ष्मीप्रसाद देवकोटाको निजात्मक निबन्ध 'आषाढको पन्ध्र'बाट प्रारम्भ भएको हो । देवकोटा प्रथम आधुनिक नेपाली निबन्धकार हुन् भन्ने विषयमा विवाद गरेको पाइन्छ । कतिपय समालोचकहरूले **शारदा**को पहिलो अङ्कमा प्रकाशित बालकृष्ण समको 'बर्दाहामा शिकार' लाई पहिलो आधुनिक निबन्ध भनेको पाइन्छ । तर यो निबन्ध नभएर शिकार विषयक कथा हो भनिएको छ । त्यसैले पनि देवकोटालाई आधुनिक नेपाली निबन्धकार मान्न सकिन्छ । यस चरणमा देवकोटाको अनुदित प्रसिद्ध प्रबन्ध सङ्ग्रह (१९९८) र मौलिक लक्ष्मी निबन्ध सङ्ग्रह (२००२) जस्ता निबन्ध सङ्ग्रहहरू प्रकाशित छन् । देवकोटा मूलतः आत्मपरक निबन्धकार हुन् । उनले आफ्ना निजी जीवनका अनुभवहरूलाई विषय बनाएर रागात्मक, काव्यात्मक र कलात्मक रूपमा प्रस्तुत गरी नेपाली निबन्धको आधुनिक कालको पहिलो चरणमै पूर्ण रूपमा आधुनिकताको सुत्रपात, विस्तार र विकास गरे । यसै समयमा समका 'त्यो' (१९९२), 'पानी' (१९९२), 'प्राकृतिक जीवन' (१९९२), 'आत्मविश्वास' (१९९२), 'भाषा' (१९९८), 'देखेको' (२०१०) आदि निबन्धहरू देखा परे । सम वस्तुपरक धाराका निबन्धकार हुन् । उनका निबन्धमा वैचारिकता, वर्णनात्मकता, विवरणात्मकता, तार्किकता, बौद्धिकता जस्ता प्रवृत्तिहरू पाइन्छन् । देवकोटाले आत्मपरक निबन्धलाई अघि बढाए भने समले वस्तुपरक निबन्धलाई अघि बढाए ।

देवकोटा र समपछि आधुनिक कालको यस चरणमा प्रेमराज शर्माको हास्यव्यङ्ग्य निबन्ध 'पण्डितजीको चिठी' (१९९२), बोधविक्रम अधिकारीको 'फलामे औँठी' (१९९२), सागरमणिको परिचयात्मक निबन्ध 'कलंग दुर्गा' (१९९७), भवानी भिक्षुको यात्रा निबन्ध 'शिमलासम्म' (१९९९) आदि निबन्धहरू प्रकाशित छन् । (शर्मा, २०६३:३५)

प्रवासबाट पनि नयाँ नयाँ शैलीमा दर्जनौं निबन्ध देखा परे । 'नेपाली साहित्य सम्मेलन' पत्रिकामा धरणीधरको 'साहित्य कुसुमाञ्जली' (१९९२), पारसमणिको 'मदौरु आमाको जोखना' (१९९२) जस्ता निबन्धहरू देखिए भने राष्ट्रिय अस्tTj बोध गराउने रूपनारायण सिंहको 'जातीय जीवनमा साहित्यको स्थान' (१९९२) र सूर्यविक्रम ज्ञवालीको 'रसमय जीवन' (१९९३) आदिको प्रकाशनपछि पनि यस युगले आधुनिकताको नयाँ रूप लिएको छ । (शर्मा, २०६३:३५) निबन्धका नयाँ फाँट र तिनका प्रयोगमा यो प्रयास उपलब्धिमूलक मानिन्छ ।

आधुनिक नेपाली निबन्धको प्रथम चरणको नेतृत्व लक्ष्मीप्रसाद देवकोटाले गरेका हुन् र यस चरणमा स्वच्छन्दतावादी धाराको प्रभुत्व रहेको छ । (सुवेदी, २०५६:१६)

यस्तै तार्किक र बौद्धिक निबन्धहरू लेखेर बालकृष्ण सम यस चरणका दोस्रो विशिष्ट प्रतिभाका रूपमा चिनिन पुग्छन् । यस कालका निबन्धमा आत्मपरक र वस्तुपरक दुवै खाले निबन्धका साथसाथै हास्य व्यङ्ग्यात्मक निबन्धको विकास पनि भएको छ । मौलिक तथा अनूदित निबन्धहरूमा हार्दिकता, बौद्धिकता, शैली शिल्पगत नवीनताका साथै विषयवस्तुगत, संरचना र स्वरूपमा विविधता जस्ता प्रवृत्तिहरू देखिएका छन् ।

### २.५.४.२. दोस्रो चरण ( वि.सं. २००४- वि.सं. २०१९)

नेपाली निबन्धको विकासमा स्वदेश तथा विदेशबाट प्रकाशित विभिन्न पत्रिकाहरूको भूमिका महŒवपूर्ण रहेको छ । यस चरणमा पनि **साहित्य स्रोत** (२००४: काठमाडौं), **युगवाणी** (२००४: बनारस), **भारती** (२००६), **प्रगति** (२०१०), **गोर्खा** (२०११), **नौलो पाइलो** (२०१३) आदि साहित्यिक पत्रिकाहरूको उल्लेख्य भूमिका रहेको छ । **साहित्य स्रोत** पत्रिकामा प्रकाशित हृदयचन्द्र सिंह प्रधानको **तीस रुपियाँको नोट** (२००४), निबन्ध सङ्ग्रहबाट आधुनिक नेपाली निबन्धको पहिलो चरणको समाप्ति र दोस्रो चरणको थालनी भएको हो । उनले **जुँगा** (२००९), **कुरा साँचो हो** (२०११) र **अफसोच** (२०११) जस्ता निबन्ध सङ्ग्रहको प्रकाशन यस चरणमा गरेका छन् । यिनमा देवकोटाको जस्तो कवित्व, कल्पना र भावुकता नपाइए पनि समाज सुधारका भावनाले प्रेरित भएर सरल र प्रभावकारी आत्मपरक शैलीले पाठकहरूलाई

आकर्षित गर्न सक्ने क्षमता रहेको पाइन्छ । (अधिकारी, २०४७:६५) आत्मपरकता, वैचारिकता, यथार्थवादी दृष्टिकोण, व्यङ्ग्यात्मकता, भाषिक सरलता आदि यिनका प्रमुख प्रवृत्ति हुन् । यिनी प्रगतिशील निबन्धकार हुन् । देवकोटामा भए जस्तो अध्ययनशीलता, विश्लेषणात्मकता, काव्यात्मकता र अनुभूतिको तीक्ष्णता प्रधानका निबन्धमा पाइँदैनन् तर प्रगतिशीलता र वैचारिकतामा उनी देवकोटा भन्दा माथि उठेका छन् । (शर्मा, २०५१:१४०)

प्रधानले समाजमा रहेका नराम्रा प्रवृत्तिहरूप्रति आलोचना, आफ्ना जीवनमा भोगेका सत्य, आफू बाँचेको परिवेश र आफ्नै सुख दुःखलाई निश्चलतापूर्वक भित्रका गफ गराइएका शैलीमा आफ्ना निबन्धमा प्रस्तुत गरेका छन् ।

यस चरणमा देखा पर्ने अन्य निबन्धकारहरूमा बदरीनाथ भट्टराई 'पच्चीस प्रबन्ध' (२००८) का साथ देखा पर्दछन् । भीमनिधि तिवारीको 'पन्ध्र प्रबन्ध' (२००८) श्यामप्रसाद शर्माको आत्मपरक निबन्ध सङ्ग्रह 'तँ, तिमी, तपाईं, हजुर' (२०१४), केशवराज पिँडालीको हास्य व्यङ्ग्य निबन्ध सङ्ग्रह 'खै खै' (२०१६), चुडानाथ भट्टाराईको दर्शन विषयक निबन्ध सङ्ग्रह 'निबन्ध चूडामणि' (२०१६) यस चरणमा प्रकाशित निबन्ध सङ्ग्रहहरू हुन् । (शर्मा, २०६३:३९) बदरीनाथ भट्टराई, भीमनिधि तिवारीहरूबाट परात्मक निबन्धमा गति आएको छ भने प्रेमराज शर्माले सुरु गरेको हास्य व्यङ्ग्य शैलीको विकास केशवराज पिँडालीमा देखा परेको छ । त्यस्तै खोजयुक्त निबन्ध कमल दीक्षितबाट सुरु भएको छ भने आत्मपरक लेखनलाई हृदयचन्द्र र श्यामप्रसाद शर्माले सुधार सन्देशसँगै अगाडि बढाएका छन् ।

यसरी यस चरणमा निजात्मक भन्दा परात्मक निबन्धको आधिक्य हास्य व्यङ्ग्यात्मक परम्परालाई निरन्तरता दिनु विषयको विविधता र क्षेत्रगत अनेकतालाई मुलभूत रूपमा सामाजिक विदुयतामाथि प्रहार गर्दै कलात्मक व्यङ्ग्य प्रस्तुत गर्ने र स्वतन्त्रता तथा सुधारका स्वरूपहरू दिने यावत् क्षेत्रमा यस युगका निबन्धहरू सफल भएका छन् ।

### २.५.४.३. **तेस्रो चरण ( वि.सं. २०२०देखि हालसम्म)**

आधुनिक नेपाली निबन्धको तेस्रो चरणको प्रारम्भ २०२० सालको **रूपरेखा** पत्रिकामा प्रकाशित शङ्कर लामिछानेको 'सम्झनाको लयमा विलीन हुँदै' भन्ने निबन्धबाट भएको हो । यिनका **एब्स्ट्याक चिन्तन प्याज** (२०२४) र **गोधूली संसार** (२०२८) गरी दुई निबन्ध सङ्ग्रह

प्रकाशित छन् । पाश्चात्य साहित्यको नवीन चिन्तन र वादहरूसँग परिचित लामिछाने मूलतः आत्मपरक निबन्धकार हुन् । उनका निबन्धमा चिन्तन र भावको समन्विति पाइन्छ । भावकै केन्द्रीयतामा विचार, तर्क र चिन्तनलाई प्रस्तुत गर्ने निबन्धकार लामिछानेका निबन्धमा लयात्मक, चित्रात्मक, काव्यात्मक भाषाको प्रयोग पाइन्छ । उनी रचनागत शिल्पमा प्रयोगवादी मान्यता स्थापना गर्ने काममा प्रयत्नरत देखिन्छन् । (सुवेदी, २०४३:११८) प्रयोगवादी शैलीको उत्कर्ष तर्कहरूको विशेषता र भावुकताको छिपछिपेपन निबन्धकार लामिछानेको विशिष्टता हो । अमूर्त लेखन र चेतन प्रवाह पद्धति उनका शैली शिल्पगत विशेषता हुन् । यस चरणका अन्य निबन्धकारहरूमा कृष्णचन्द्र सिंह प्रधान, बालकृष्ण पोखेल, तारानाथ शर्मा, भैरव अर्याल आदि चर्चित देखिन्छन् । (शर्मा, २०६३:४२)

कृष्णचन्द्र सिंह प्रधानको **शालिक** (२०२६), **अनाम सत्य** (२०४३), **पाइला आगतमा टेकेर** (२०४७) आदि निबन्ध सङ्ग्रहका अतिरिक्त थुप्रै फुटकर निबन्धहरू पनि प्रकाशित छन् । यिनका निबन्धमा समको वस्तुवादीता, देवकोटाको भावमूलक कवितात्मकता र शङ्कर लामिछानेको प्रयोगशीलता समेतको त्रिकोणात्मक समन्वय रहेको छ । (सुवेदी, २०४९:११५)

यस्तै बालकृष्ण पोखेलको **उकुसमुकुस** (२०२९), **कलेज स्तरका निबन्धै निबन्ध** (२०२७), **तेस्रो एकमुखे रुद्राक्षको खोजी** (२०४०) जस्ता निबन्ध सङ्ग्रहहरू प्रकाशित छन् । यिनी जुनसुकै विषयवस्तुलाई विचार र भावले रङ्गाएर सरल र सुमधुर भाषाशैलीमा प्रस्तुत गर्दछन् । संस्मरणात्मक र निजात्मक शिल्पले कतै आख्यानात्मकता र कतै अमूर्तता कतै वस्तुपरकता जस्ता सुन्दर, नमूनाहरू यिनका निबन्धमा पाउन सकिन्छ । (सुवेदी, २०४३:११५) दोस्रो चरणमै **नमस्ते** निबन्ध सङ्ग्रह लिएर देखा परेका तारानाथ शर्माका यस चरणमा **जमर्काहरू** (२०२५) र **जीवनका छाल** (२०३०) निबन्ध सङ्ग्रह देखिएका छन् भने **बेलायततिर बरालिँदा** (२०२६) र **पाताल प्रवास** (२०४०) उनका नियात्रा सङ्ग्रह हुन् । शर्माका निबन्धमा जीवनका गहन भाव पक्षलाई केलाउनाको साथै सामाजिक बेमेलमाथि तीतो प्रहार गरिएको पाइन्छ । ध्वन्यात्मक अर्थबाट व्यङ्ग्यात्मक अभिव्यक्ति प्रकट गर्ने आधिकारिक व्यक्तित्व शर्माका निबन्धमा भाषामा स्पष्ट अभिव्यक्ति, शुद्ध नेपाली शब्दावली र वाक्यहरूको मर्यादित प्रयोग अनि सरस कथन शैलीको प्रयोग पाइन्छ ।(सुवेदी, २०५६:६१) यस चरणमा हास्य व्यङ्ग्यात्मक निबन्ध

लेखनलाई उच्चतामा पुऱ्याउने काम भैरव अर्यालले गरेका छन् । उनका **काउकुती** (२०१९), **जयभुँडी** (२०२२), **गलबन्दी** (२०२६), **इतिश्री** (२०२८), **दशऔतार** (२०२३) जस्ता निबन्ध सङ्ग्रहहरू प्रकाशित भएका छन् । नेपाली जीवन शैलीका सेरोफेरोमा जे जस्ता विषय परिस्थिति र विसङ्गत अवस्थितिको स्थिति छ, त्यसले आफ्नु जीवनमा पारेका पर्याप्त प्रभावलाई सङ्गति र विसङ्गतिका चापबाट कोट्याउने, ताछ्ने र दुराचार, परिस्थितिलाई प्रतिस्थापन गर्ने प्रयास उनका निबन्धात्मक रचनामा पाइन्छ । (सुवेदी, २०४३:१५७) हास्य व्यङ्ग्यात्मक प्रवृत्तिलाई यस चरणमा श्याम गोतामे, रामकुमार पाँडे, घटोत्कच शर्मा, मोहनराज शर्मा आदिले अगाडि बढाएको पाइन्छ । (श्रेष्ठ-शर्मा, २०६३:१२९) श्याम गोतामेको **मपाइँ** (२०२६), **जदौ** (२०२७), **कायनवाच** (२०३५) आदि, रामकुमार पाँडेको **ख्यालख्याल** (२०२३), **सन्चै छ ?** (२०२९), **खप्पर** (२०३०), **बाबुको बिहे** (२०३०), **ब्राह्मण** (२०३०), **सिंह न पुच्छर** (२०३६), **रसरङ** (२०३६) आदि निबन्ध सङ्ग्रह प्रकाशित छन् । त्यस्तै घटोत्कच शर्माको **दमाह** (२०२४), मोहनराज शर्माको **इन्टरभ्यु स्पेसलिस्ट मिस्टर झप्पु सिंह डबल एम्. ए.** (२०२८), **पुछारको पातो** (२०४०), निबन्ध सङ्ग्रहका साथै श्रीधर खनालको **नमरी स्वर्ग देखिन्न** (२०२०) आदिको भूमिका उल्लेख्य रहेको छ ।

यसै चरणमा **उखान मिलेन** (२०३७) निबन्ध सङ्ग्रहका साथ कमल दीक्षित देखा पर्छन् । नेपाली साहित्यका पुराना ऐतिहासिक तथ्यहरूलाई खोजमेल गरी सरल ढङ्गले प्रस्तुत गरिएका उनका कृतिहरूमा निबन्धात्मक र प्रबन्धात्मक विशेषता पाइन्छन् । रामकृष्ण शर्माका समालोचनात्मक निबन्धहरूबाट निबन्ध शोध र समीक्षा क्षेत्रमा सक्रिय देखिन्छन् । शर्माको **सप्त शारदीप** (२०२४), **दश गोर्खा** (२०२६), **टेबुल गफः नौ बैठक** (२०२८), **अष्टावक्र** (२०३५), **एक बिसउनी** (२०२८) निबन्धात्मक तथा प्रबन्धात्मक कृति प्रकाशित छन् । रामकृष्ण शर्मा मूलतः समालोचक हुन् । त्यसैले यिनका निबन्धमा समालोचनाको छाप परेको छ । (शर्मा, २०६३:४२)

आधुनिक नेपाली निबन्धलाई अघि बढाउने अन्य निबन्धकारहरूमा नगेन्द्र शर्मा, गणेशबहादुर प्रसाइँ, रामलाल अधिकारी, वासुदेव त्रिपाठी, राममणि रिसाल, कुमारबहादुर जोशी, मोहन सिटौला, अभि सुवेदी, वासु रिमाल यात्री, हँसपुरे सुवेदी, वसन्तकुमार शर्मा, कुलप्रसाद

खनाल, विमल निभा राजव, राजेन्द्र सुवेदी, बानिरा गिरी, जनार्दन आचार्य आदिलाई लिन सकिन्छ ।(श्रेष्ठ र शर्मा, २०६३:१२९-१३०)

यस चरणमा स्रष्टाहरूको अभिव्यक्तिमा वृद्धि-नवप्रयोग, विशिष्टीकरणको प्रदर्शन भएको छ भने साझा निबन्ध सङ्ग्रहमा यस युगका विशिष्ट स्रष्टाहरूलाई उपस्थित गरिएको छ । आनन्द देव भट्ट, रमेश विकल, राजेश्वर देवकोटा, उत्तम कुँवर, हर्क गुरुङ, स्वयम्भूलाल आदिले यस युगमा विविध विषय र प्रयोगशीलतामा अग्रगति दिएका छन् साथै वैयक्तिक रूपमा पनि उत्कृष्ट प्रबर्द्धन यस चरणको उपलब्धि मानिन्छ । त्यसैले यो काल विविधतायुक्त चरण हो । आधुनिक नेपाली निबन्धको तृतीय चरण अभ्यास, प्रयोग र सुदृढीकरणको समय हो । (शर्मा, २०६३:४२) यस चरणमा निबन्ध लेखनमा विषय र प्रस्तुतिगत विविधता पाइन्छ । तार्किकता, बौद्धिकता, अनुसन्धानमूलकताका साथै प्रयोगधर्मिता, अमूर्तता र शैली शिल्पगत नवीनता यस चरणका निबन्धको विशेषताका रूपमा देखा पर्दछन् । यस समयका निबन्धकारहरूमा चिन्तनशीलता र वैचारिकताको अभिव्यक्ति पाइन्छ । यिनै ऐतिहासिक तथ्य र विषयगत विविधता प्रवृत्तिगत भिन्नता, शैलीगत नव नव प्रयोग अनि वैचारिक विशिष्टता विचलनका साथै परिमार्जन हुँदै नेपाली निबन्ध अद्यावधिक एउटा विशेष बोटवृक्षको रूपमा झ्याङ्गिएको आजको युगको विशिष्ट बौद्धिक तथा भावात्मक विधाका रूपमा देखा पर्दछ ।

आधुनिक नेपाली निबन्धको यस अवधिमा यात्राका शिल्पमा निबन्ध, पत्रिका शिल्पमा निबन्ध र निजात्मक अभिव्यक्तिका शिल्पमा निबन्धको रचना गर्ने निबन्धकारहरू यस समयका निधि हुन् । प्रयोग र प्रवृत्तिका दृष्टिले पनि नयाँपन आएको छ । लेखकीय अनुभूतिले फैलिने अवसर प्राप्त हुने यस विधामा लेखक स्वतन्त्ररूपमा बोल्न सक्ने हुनाले पनि लेखकका विचार र दृष्टिकोणका आधारमा विषयवस्तुगत भिन्नता यस अवधिका निबन्धमा प्रशस्त मात्रामा देखिन्छ ।

राष्ट्र, राष्ट्रियताप्रति समसामयिक निबन्धकारहरू सचेत देखिन्छन् । राष्ट्रियता, मानव अधिकार, नारी अस्मिता, मानवीय मूल्य, राजनीतिक खिचातानी, आर्थिक असमानता, सामाजिक शोषण, विश्वमा विभिन्न नाममा भएका लडाइँहरू, अपराध, नरसंहार, विकृति, भ्रष्टाचारजस्ता विविध विषयलाई पनि निबन्धमा समेटिएको हुन्छ ।

शैली, शिल्प, संरचना र भाषागत विविधता समसामयिक निबन्धमा पाइन्छ । बिम्ब, प्रतीक र अलङ्कारको प्रयोग यस चरणका निबन्धमा पनि देख्न सकिन्छ भने परम्परित बिम्बका सट्टा नवीन सामाजिक प्राकृतिक बिम्बहरूको प्रयोग गर्दै लघु र विस्तृत दुवै आकारका निबन्ध यस समयमा लेखिएका छन् । भाषामा कवितात्मकता, रागात्मकता पाइए पनि देवकोटाका गद्यात्मकताका नजिक पुग्ने निबन्धकार भने थोरै मात्र छन् ।

भावगत सहजता र अनुभूतिको तीव्रतामा भाषागत गहिराई समात्न सक्ने, समाजका हरेक विकृति र विसङ्गतिलाई खोतल्न सक्ने क्षमता समसामयिक निबन्धकारहरूद्वारा नेपाली निबन्धको फाँट नवीनतम् साहित्यिक प्रयोगका साथ अगाडि बढिरहेको छ ।

## २.६. निष्कर्ष

नेपाली साहित्य परम्परामा अपेक्षाकृत रूपमा अरू विधाभन्दा निबन्ध कान्छो विधा मानिएको छ । यो आख्यानेत्तर गद्य विधा भएकाले नेपाली गद्यको इतिहाससँग यसको पनि इतिहास जोडिएको छ । दिव्योपदेशको गद्य लेखनदेखि लिएर आजसम्मको विकासक्रमलाई अध्ययन गरेर हेर्दा नेपाली निबन्धलाई तीन चरणमा विभाजन गरेर प्रस्तुत गरिएको छ । प्राथमिक कालको प्रारम्भिक अवस्थाको सुन्दर नमुना पृथ्वीनारायण शाहको 'दिव्योपदेश' (वि.सं. १८३१) देख्न सकिन्छ । त्यसैले यसलाई नेपाली निबन्ध विधाको पहिलो रचना र आद्यप्रारूप मान्न सकिन्छ । त्यसै गरी **जङ्गबहादुरको बेलायत यात्रा** (१९१०), मोतीराम भट्टको **कवि भानुभक्तको जीवन चरित्र** (१९४८) आदिलाई नेपाली निबन्धको ऐतिहासिक विकासका महŒवपूर्ण उपलब्धि मान्न सकिन्छ । प्रारम्भिक कालका गद्य लेखन भए पनि विकसित भाषामा लेखिनुका साथै विषयगत विविधतामा छरिएको मौलिकताको उचाइमा हुर्किएको देखिन्छ ।

वि.सं. १९५८ **गोरखापत्र**को प्रकाशनसँगै नेपाली निबन्धको माध्यमिक काल प्रारम्भ भएको बुझिन्छ । यस पत्रिकाको नेपाली निबन्धको प्रारूप उठानका लागि महŒवपूर्ण योगदान रहेको देखिन्छ । यस कालखण्डमा गोरखापत्र लगायत अन्य थुप्रै पत्रपत्रिका **सुन्दरी** (१९६३),

**माधवी** (१९६५), **चन्द्र** (१९७१), **गोरखाली** (१९७२), **चन्द्रिका** (१९७४), **जन्मभूमि** (१९७९), **गोरखासंसार** (१९८३) आदि पत्रिकाहरूको उल्लेख्य योगदान रहेको छ । थुप्रै निबन्ध र गद्य लेखहरू माध्यमिक कालमा उदाएको देखिन्छ ।

पत्रिकाहरूको उल्लेख्य प्रकाशनले गर्दा लेखकहरूलाई आफ्ना निबन्धहरू प्रकाशनमा ल्याउनलाई सहज भएको देखिन्छ । यस कालका निबन्धमा संरचना शिथिलता र भाषिक स्थिरताको अभाव भने देखिन्छ । प्रायः वर्णनात्मक र विवरणात्मक किसिमका छन् ।

माध्यमिक कालीन निबन्धमा व्यक्तिको वैयक्तिक अभिव्यञ्जना, गद्यात्मक एवम् व्याकरणिक भाषा, नेपाली जनजीवनको स्वतन्त्रताप्रतिको छटपटी र आधुनिकतातर्फको अभ्यासलाई यस चरणका उपलब्धि मान्नु पर्दछ ।

माध्यमिक कालको अन्त्यसँगै नेपाली निबन्ध साहित्यको इतिहासमा आधुनिक काल १९९२ **शारदा** पत्रिकाबाट सुरु भएको पाइन्छ । यस आधुनिक काललाई पनि उपचरण गरेर विभाजन गरिएको छ । वि.सं. १९९२देखि २००३ अन्तर्गतको पहिलो चरणलाई स्वर्णकालका रूपमा लिइन्छ । शास्त्रीयतावादलाई, स्वच्छन्दतावादलाई वरण गर्ने, क्रान्तिकारी स्वच्छन्दतावादलाई अपनाएर निबन्ध लेख्ने निबन्धकारहरूमा बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा, हृदयचन्द्र सिंह प्रधान, यदुनाथ खनाल आदि निबन्धकारहरू पर्दछन् । त्यसपछि दोस्रो चरण भनेको २००४-२०१९ हो । लक्ष्मीप्रसाद देवकोटाको सम्पादकत्वमा वनारसबाट प्रकाशित **युगवाणी** साहित्यिक पत्रिकासँगै भएको मानिन्छ । तत्कालीन राजनीतिक अवस्थाले जन्माएका विकृतिहरूको अन्त्य र स्वस्थ तथा सुन्दर समाजको स्थापना गर्ने लक्ष्य नै निबन्धकारहरूको चाहना रहेको देखिन्छ । मूलतः विशुद्ध प्रकृतिवादी सौन्दर्य चेतनाबाट क्रान्तिकारी स्वच्छन्दतावादमा देवकोटाले आफ्नो लेखनलाई प्रवृत्त गराउनु यस चरणको प्रवृत्तिगत विशेषता रहेको छ । वस्तुपरक, आत्मपरक, हाँस्यव्यङ्ग्यात्मक, निजात्मक, आलोचनात्मक यथार्थवादी फाँटलाई पनि उर्वर पारेको देखिन्छ ।

आधुनिक नेपाली निबन्धको तेस्रो चरण वि.सं. २०२०देखि हालसम्म चलिरहेको देखिन्छ । २०२० सालमा 'रूपरेखा' पत्रिकाबाट यस चरण अगाडि बढेको देखिन्छ । साहित्यिक विधामा पाइने अनेक विधाका प्रवृत्तिहरू यस चरणका निबन्धमा समेटिन पुग्छन् । थुप्रै

निबन्धकार र तिनका निबन्ध सिर्जनाहरू यस चरणमा फुल्ने र फल्ने मौका पाएका छन् । शिल्प तथा शैलीगत विविध आयामहरू यस चरणमा पाइन्छ । बुद्धि, हृदय, चिन्तन, प्रगति, पलायन, अनुसन्धान, हाँस्यव्यङ्ग्य आदि अनेकौं प्रवृत्तिबाट यो चरण परिपूरित छ । यस चरणमा मूलतः तीन वटा प्रवृत्ति देखा पर्दछन् । बौद्धिक चिन्तनधारा, आलोचनात्मक यथार्थवादी धारा, समसामयिक धारा गरेर तीन वटा प्रवृत्तिभित्र समेटिएका छन् । यी प्रवृत्तिहरूमा शङ्कर लामिछाने, भैरव अर्याल, मोहनराज शर्मा, गोपीकृष्ण शर्मा आदि निबन्धकारहरू देखा पर्दछन् । यस चरणमा यात्रा साहित्य, नियात्रा भण्डारको परिपूर्णता देखिन्छ । यात्राका शिल्पमा निबन्ध, पत्रका शिल्पमा निबन्ध र निजात्मक अभिव्यक्तिका शिल्पमा निबन्धको रचना गर्ने निबन्धकारहरू यस समयका निधि हुन् । यस अवधिमा नेपाली निबन्धको परम्पराको निर्वाह मात्रै नभएर यसमा प्रयोग र प्रवृत्तिका दृष्टिले पनि नयाँपन आएको छ । राष्ट्र, राष्ट्रियताप्रति समसामयिक निबन्धकारहरू सचेत रहेको देखिन्छ ।

यसरी राष्ट्रियता, मानवअधिकार, नारी अस्मिता, मानवीय मूल्य, राजनीतिक खिचातानी, सामाजिक शोषण, आर्थिक असमानता, विकृति, भ्रष्टाचार, अपराध, नरसंहार जस्ता विविध विषयलाई आधुनिक कालका निबन्धमा समेटिएको पाइन्छ । शैली शिल्प, संरचना, भाषागत विविधता, बिम्ब प्रतीक र अलङ्कारको प्रयोग गर्दै लघु र विस्तृत दुवै आकारका निबन्ध लेखिएको पाइन्छ ।

# परिच्छेद - तीन

# साहित्यकार झमक घिमिरेको जीवनी र व्यक्तित्वका विविध आयाम

## ३.१ परिचय

झमक घिमिरे नेपाली साहित्यको क्षेत्रमा सिर्जनात्मक योगदान गर्ने बहुमुखी व्यक्तित्व हुन् । उनले नेपाली साहित्यमा कविता, कथा, निबन्ध तथा समसामयिक लेखहरू समेटिएको क्वाँटी सङ्ग्रहका साथै अन्य क्षेत्रमा समेत उल्लेखनीय योगदान गरी आफ्नो सिर्जनशीलता देखाएकी छन् । यिनै झमक घिमिरेको जीवनी र व्यक्तित्वका विविध आयामका बारेमा यस परिच्छेदमा सामान्य चर्चा गरिएको छ ।

नेपाली साहित्यिक इतिहासमा अनौठो र अद्भूत प्रतिभाकी धनी झमक घिमिरेको जन्म माता आशादेवी र पिता कृष्णबहादुर घिमिरेको प्रथम सन्तानका रूपमा वि. सं. २०३७ असार २१ गते शुक्रबार धनकुटा जिल्लाको धनकुटा न. पा. ३, कचिडेमा भएको हो । (खनाल, २०६९:९)

झमक घिमरेका पिता कृष्णबहादुर घिमिरे सामान्य लेखपढ गर्न जान्ने र सरकारी जागिर खाएका व्यक्ति हुन् । उनकी आमा सामान्य घर गृहस्थीमा नै केन्द्रित महिला भएकीले झमक घिमिरेको पारिवारिक स्थिति सामान्य नै रहेको पाइन्छ । उनकी हजुरआमा जो लेखपढ गर्न नजान्ने भए तापनि उनकै नेतृत्वमा घिमिरे परिवारको गृहस्थी चलेको थियो । पिता माताको माया मोह त्यति धेरै नपाए तापनि हजुरआमाको लालनपालनमा नै झमक घिमिरेका बाल्यकालका दिन बितेका थिए । कहिले भूतप्रेतका कथा कहिले विभिन्न राजकुमारीहरूको कथा, कहिले विभिन्न बालखेलहरू खेलाएर यिनकी हजुरआमाले झमकलाई ज्ञान-विज्ञान, चिन्तन र साहित्यका क्षेत्रमा उत्प्रेरणा जगाइन् जसको फलस्वरूप झमकको कलिलो मस्तिष्कमा सिर्जनाको बीज भरिन पुग्यो त्यसकारण उनी बोल्न नसके तापनि मस्तिष्क र खुट्टाका माध्यमबाट सिर्जना क्षेत्रमा प्रकट भइन् ।

झमक घिमिरे जसको आर्थिक अवस्था निकै कमजोर थियो । आफ्ना पिताको साधारण जागिर र पुर्ख्यौली सम्पत्ति पनि कमै भएकाले यिनको बाल्यकाल पनि आर्थिक कठिनाइमा नै

व्यतीत भएको पाइन्छ । झमक लेख्छिन् ‘त्यतिबेला हाम्रो घरको आर्थिक स्थिति त्यति राम्रो रहेनछ । यहाँसम्म कि विहान बेलुकाको दुई छाक टार्न पनि निकै गाह्रो । बाबुआमा त कति छाकसम्म भोकभोकै बस्थे रे .........’.(घिमिरे, २०६७:३५) आफ्नो परिवार, समाजसेवा र साहित्य साधनालाई सन्तुलित गर्दै सबै क्षेत्रमा आफ्नो कर्तव्यमा दृढ रहँदै अघि बढिरहेकी घिमिरेको हालको आर्थिक अवस्था भने सामान्य रहेको पाइन्छ ।

झमक घिमिरको बाल्यकाल धनकुटा न. पा. ३, कचिडेमै बित्यो । रमणीय प्राकृतिक वातावरणमा जन्मिए तापनि उनको लुला हात गोडा र विकलाङ्ग शारीरिक अवस्थाले उनको बाल्यकाल कहालीलाग्दो दुःखदायी अवस्थामा नै गुज्रिन पुग्यो । जसको कारण उनले जन्मेको दिनदेखि नै भवसागरको दुःखमा रुमलिनु पर्‍यो । यसरी निस्सासिँदो वातावरणमा हुर्केकी घिमिरे लेख्छिन् : ‘कहिलेकाहीँ स्मृतिका ती पानाहरू पल्टाएर हेर्दा म स्वयम्ले धेरैपटक आँसु चुहाएकी छु । हुन पनि म कति अभागी भाग्यरेखाहरू कोरिएर आमाको गर्भबाट भुँइमा खसेकी रहेछु !’ (घिमिरे, २०६७:३३)

### ३.१.१ शिक्षादीक्षा

झमक घिमिरे जसको प्रारम्भिक शिक्षा आफ्नै मिहिनेत र परिश्रमबाट सुरु भएको देखिन्छ । बाल्यकालका दिनसँगै आकाशमुनिको धर्तीलाई अभ्यास पुस्तिका र सिन्कोलाई सिसाकलमको माध्यमले आफ्नो कलिला खुट्टाका सहायताबाट निकै कष्टकर रूपमा शिक्षाको श्रीगणेश गरेकी हुन् । यस विषयमा उनी लेख्छिन्: ‘........ तर मैले जिन्दगीमा पहिलो अक्षर भुइमै भए पनि लेख्न जानेकी थिएँ, मनमनै भए पनि उच्चारण गर्न जानेकी थिएँ । म यति खुसी भएकी थिएँ, मैले पटकपटक धुलो उडाएर लेखेकी थिएँ क, किनभने मैले यही अक्षर चिन्नको लागि पटकपटक सिन्का भाँचेँ, धुलोमा औँला धसारेर कलिला छाला उप्काएँ त्यतिमात्र होइन, बिहानको शीत बटुकामा थापेर त्यसमा औँला चोबलेर, ढुङ्गामा रगटेर अक्षर लेख्दा रगत छरछरी बगाएकी थिएँ ।’ (घिमिरे, २०६७:६३) यसरी निकै कष्टकर अवस्थामा उनले आफ्नै चौघेरामा रहेर स्वाध्ययनको सुरुवात् गरिन् ।

### ३.१.२ साहित्य लेखनमा प्रेरणा र प्रभाव

धनकुटाको प्राकृतिक वातावरणमा जन्मेकी घिमिरे जसलाई साहित्यिक लेखनमा आफूले अध्ययन गरेका विभिन्न पुस्तकहरू, आफूले देखेका विभिन्न वस्तुहरू र आफूले भोगेका विभिन्न दिनचर्या, सघर्षशील व्यक्तित्वहरूका जीवन, लेख, रचनाहरूको साथै समाजमा देखिएका प्रत्यक्ष अप्रत्यक्ष क्रियाकलापहरूले उनको मानसपटललाई झक्झकायो जसको फलस्वरूप उनलाई साहित्य लेखनमा प्रेरणा मिल्यो र समाजमा व्याप्त अन्धविश्वास, कुरीति, अन्याय अत्याचार विकृति विसङ्गति नै उनको साहित्य सिर्जनाको मूल कारण बन्यो । (शोधनायिकाबाट प्राप्त जानकारी)

शारीरिक रूपमा अशक्त भए तापनि मानसिक रूपमा तीक्ष्ण स्वभावकी झमक घिमिरेको रुचि साहित्य सिर्जना गर्ने, नयाँ ठाउँको भ्रमण गर्ने सामाजिक सेवामा जीवन बिताउने आदि छन् । मान्छेको रुचिले उसको व्यक्तित्व निर्धारण गर्दछ । घिमिरेमा पनि आफ्नै पाराको स्वभाव रहेको छ । उनी बाल्यकालदेखि नै जिज्ञासु स्वभावकी थिइन् र चकचके पनि त्यतिकै थिइन् । जुनसुकै विषयको बारेमा पनि जान्न खोज्ने हठी स्वभावकी थिइन् । जुन प्रवृत्ति उनका कृतिहरूको अध्ययनमा प्रस्टै झल्किन्छ । मानवीय व्यवहार अँगाल्ने घिमिरे समाजमा समानताको भावना राख्छिन् । व्यक्तिगत स्वार्थभन्दा माथि उठेर समाजका लागि केही गर्नु पर्छ भन्ने जस्ता प्रवृत्ति उनमा पाइन्छन् ।

### ३.१.३ पुरस्कार, सम्मान तथा पदक

असल कार्य गर्ने मानिसलाई त्यस्ता कार्यतर्फ अझ सक्रिय बनाउनको लागि पुरस्कार, सम्मान तथा पदक दिने गरिन्छ । यस किसिमका पुरस्कारले व्यक्तिमा हौसला प्रदान गरी उसलाई अझ बढी लगनशील बनाउँछ । आफ्नो जीवनको गोरेटोमा घिमिरे विभिन्न संघ-संस्थामा आबद्ध त भइन् तर यसका अतिरिक्त उनको महŒवपूर्ण पाटो भनेको लेखन धर्मिता नै हो । लेखन कार्यमा निरन्तर साधनारत घिमिरेले विभिन्न संघ-संस्था तथा विभिन्न क्षेत्रबाट पाएका महŒवपूर्ण पुरस्कार, सम्मान तथा पदक निम्न अनुसार रहेका छन् -

) कविताराम बालसाहित्य प्रतिभा पुरस्कार - २०५५

- अस्वीकृत विचार साहित्य पुरस्कार - २०५६
- क्या. गोपालप्रसाद जनकल्याण पुरस्कार - २०५७
- प्रबल गोरखा दक्षिणबाहु, चौथो - २०५७
- अपाङ्ग प्रतिभा पुरस्कार - २०५७
- डा. विमलावाणी पुरस्कार - २०६२
- नेपाल सरकारबाट सम्मान - २०६३
- क्षेत्रीय प्रतिभा पुरस्कार - २०६५
- धनकुटा प्रतिभा पुरस्कार - २०६६

साथै नेपाली साहित्यको इतिहासमा सर्वाधिक पुरस्कार तथा सम्मान दिलाउने कृति **जीवन काँडा कि फूल** जसको निमित्त २०६७ सालको मदन पुरस्कार, उत्तम शान्ति पुरस्कार, शङ्कर लामिछाने निबन्धकारिता पुरस्कार, भद्राकुमारी व्यक्तित्व पुरस्कार, अनेसास उत्कृष्ट कृति पुरस्कार, गुञ्जन प्रतिभा पुरस्कार, डिल्लीराज उप्रेती स्मृति पुरस्कार, पद्मश्री पुरस्कार, विजयी तथा रमाकृष्ण सिर्जना सम्मान आदि । यसरी विभिन्न क्षेत्रबाट समयसमयमा उनलाई नागरिक अभिनन्दन, विभिन्न पुरस्कार, सम्मान तथा पदक प्रदान गरिएको पाइन्छ । (शोधनायिकाको पारिवारिक स्रोतबाट प्राप्त जानकारी)

## ३.१.४ जीवन दर्शन

प्रत्येक मानिसमा जीवन सम्बन्धी भिन्दाभिन्दै मान्यता रहेको पाइन्छ । मान्छे विवेकशील प्राणी भइकन मरणशील पनि छ, त्यसैले छोटो जीवनलाई पनि बुद्धिमान् मानिसले सार्थक बनाउन सक्छ । घिमिरेले सङ्घर्षशील जीवनमा थुप्रै उकाली - ओराली, उतार - चढाव, आँसु - हाँसो भोगेकी छन् । जीवन के हो भन्ने सन्दर्भमा झमक जीवनलाई सुन्दर फूलका रूपमा परिभाषित गर्छिन यो नै उनको जीवन दर्शन हो ।

## ३.२. झमक घिमिरेको साहित्यिक व्यक्तित्व

झमक घिमिरे नेपाली साहित्यका क्षेत्रमा विविध विधामा कलम चलाउने साहित्य शिल्पी हुन् । उनका रचनाहरूको अध्ययन गर्दा उनी एक क्षेत्रमा मात्र सीमित नरही साहित्यका कविता, कथा, निबन्ध आदि विधामा सशक्त रूपमा कलम चलाउँदै आएकी छन् । साथै विभिन्न लेख रचना तथा स्तम्भ लेखनमा पनि उत्तिकै लागि रहेको पाइन्छ । एक पछि अर्को साहित्यिक कृतिको निरन्तर प्रकाशन तथा चोटिला र ओझिला लेख रचना आदिको सिर्जना गर्नुले पनि झमक घिमिरेलाई साहित्यिक व्यक्तित्वका रूपमा चिन्न गाह्रो पर्दैन । उनका साहित्य रचनाहरूका आधारमा उनलाई विभिन्न कोणबाट चिनाउने प्रयास गरिएको छ । जसलाई तल प्रस्तुत गरिन्छ ।

### ३.२.१ कवि व्यक्तित्व

नेपाली साहित्यको कविता विधामा झमक घिमिरेको रुचि अत्यन्तै भएको र उनका सुरुवाती साहित्य लेखनका चरणहरू पनि यसै विधामा केन्द्रित रहेको पाइन्छ घिमिरेको साहित्यिक यात्राको सुरुवाती चरणमा कविता विधालाई नै केन्द्रविन्दुमा राखेर सिर्जना कर्ममा लागिपरेको कुरा उनका २०५५ सालदेखि २०५७ साल सम्म प्रकाशित **सङ्कल्प** (कविता सङ्ग्रह) २०५५, **आफ्नै चिता अग्नि सिखातिर** (कविता सङ्ग्रह) २०५७ र **मान्छे भित्रका योद्धाहरू** ( कविता सङ्ग्रह) २०५७ जस्ता कृतिहरूले नै उनलाई कविका रूपमा चिनाउन सफल भएको पाइन्छ । यस पछि पनि उनले आफ्नो कविता यात्रालाई विट मार्ने काम गरेकी छैनन् । समय समयमा हुने कविता समारोह, विभिन्न कार्यक्रम तथा विभिन्न पत्रपत्रिकाहरूमा उनका कविताहरू वाचन र प्रकाशन भइनै रहेबाट पनि उनलाई कवि व्यक्तित्वका रूपमा चिन्न गाह्रो नपर्ला । यसका साथै २०६० सालमा नौलो प्रतिबिम्ब कविता सङ्ग्रह र झमक घिमिरेका कविताहरू २०६५ ले पनि झमकको कवि व्यक्तित्वलाई अझ उजील्याउने काम गरेको छ । समसामयिक विषयवस्तु देश प्रेम, नारी विद्रोह आदि उनका कवितामा पाइने विषयवस्तु हुन् । सङ्ख्यात्मक हिसाबले झमक घिमिरेका कविता कृतिहरू थोरै देखिए तापनि गुणात्मक हिसाबले अत्यन्त प्रभावशाली, प्रेरणादायी कविता सिर्जना गर्न सक्ने स्रष्टाका रूपमा झमकलाई चिन्न

सकिन्छ । यो नै झमकको कवि व्यक्तित्वको असली रूप हो । उनको कवि व्यक्तित्वलाई प्रस्ट पार्न उनका यी दुई हरफ कविता नै काफी लाग्छन् ;

मर्नेहरू मरिरहन्छन् बाँच्ने यहाँ जिउनुपर्छ
अन्त्येष्टिको रात पनि जिउनेहरू हाँस्नुपर्छ ।

*(सङ्कल्प कविता सङ्ग्रहबाट साभार)*

### ३.२.२ लेखक व्यक्तित्व

झमक घिमिरे नेपाली साहित्यका विविध विधाहरूमा कलम चलाउने मात्र व्यक्तिका रूपमा हैन उनको जीवन भोगाइको कारणले उनमा उत्पन्न हुने आवेग, कुण्ठा, नैराश्यता, विद्रोह, जागरणका र समाज भित्रका विकृति, विसङ्गति, विभेद, कुरीति र कुसंस्कारका विषयमा पनि उत्तिकै खरो रूपमा कलम चलाउने स्रष्टाका रूपमा उनलाई चिन्न सकिन्छ । त्यसैको फलस्वरूप उनले विभिन्न समयमा विभिन्न पत्र पत्रिकाहरूमा प्रकाशित भएका लेख रचनाहरूको सङ्ग्रह 'संझनाका बाछिटाहरू' (लेख सङ्ग्रह) २०५७ प्रकाशित गरी पाठकको नजरमा लेखक व्यक्तित्वको रूपमा आफूलाई उभ्याउन सफल भएकी छन् ।

### ३.२.३ कथाकार व्यक्तित्व

झमक घिमिरे नेपाली साहित्यको कथा विधामा पनि चर्चामा आउने नाम हो । सङ्ख्यात्मक हिसाबले उनको हालसम्म एउटा मात्र कथा सङ्ग्रह प्रकाशित भएको पाइन्छ भने त्यस सङ्ग्रहभित्र समाहित कथाहरूले समाजमा रहेको जल्दो बल्दो समस्यालाई सशक्त रूपमा उजागर गरेको पाइन्छ । विशेष गरी समाजमा हुने भेदभाव, हुने र नहुने बीचको खाडल, धनीले गरिबमाथि गर्ने शोषण आदि विषय वस्तु नै उनका कथाका विषयवस्तु हुन् । समाजका विषयवस्तुलाई जस्ताको तस्तै तर सटिक रूपमा व्यक्त गर्न सक्ने क्षमता कथाकार घिमिरेको आफ्नै विषेशता हो र त्यसैको फलस्वरूप जन्मिएको कथा सङ्ग्रह हो **पर्दा, समय र मान्छेहरू** (२०६२) ।

### ३.२.४ स्तम्भकार व्यक्तित्व

नेपाली भाषा, साहित्य, महिला बालबालिका, समाजको विकृति र विसङ्गतिका विषयहरू उठाउँदै नेपाली राष्ट्रिय दैनिक **कान्तिपुर**मा आफ्नै परिवेश स्तम्भ  मार्फत नियमित र अन्य पत्र पत्रिकाहरूमा छिट फुट लेख रचनाहरू प्रकाशित गरी आफूलाई भाषा र साहित्यमा एउटा उर्जावान् स्रष्टाका रूपमा आम पाठकका मनमा राख्दै आफूलाई एक सफल स्तम्भकारको रूपमा उभ्याएकी छन् त्यो उनको मौलिक विशेषता हो र यसले उनको परिचयलाई अझ फराकिलो पार्दै लगेको छ भने यसबाट समाजका विकृति र विसङ्गतिमा कमी ल्याउनमा समेत उनी सफल भएकी छन् ।

### ३.२.५ निबन्धकार व्यक्तित्व

नेपाली साहित्यको निबन्ध विधामा झमक घिमिरेको योगदान अत्यन्त फरक र महŒवपूर्ण छ । उनका अघिल्ला चरणका साहित्य सिर्जनाभन्दा निबन्ध लेखनका चरणमा आइपुग्दा केही खारिएका र केही माझिएका रचनाहरू आएबाट पनि झमकको परिचय फरक भएको पाइन्छ । उनको वि.सं.२०६३ सालमा प्रकाशित निबन्ध सङ्ग्रह **वेमौसमका आस्थाहरू** र वि.सं. २०६७ सालमा प्रकाशित आत्मजीवनी परक निबन्ध **जीवन काँडा कि फूल** गरी दुई वटा निबन्ध सङ्ग्रहहरू प्रकाशनमा आएको पाइन्छ । यसमा उनको **जीवन काँडा कि फूल** आत्म जीवनी परक निबन्धले नेपाली निबन्ध क्षेत्रमा नौलो आयाम सहित तहल्का नै मच्चाएको छ । नेपाली साहित्यको इतिहासमा सर्वाधिक पुरस्कार तथा सम्मान दिलाउने कृति **जीवन काँडा कि फूल** जसको निमित्त वि.सं. २०६७ सालको मदन पुरस्कार, भद्राकुमारी व्यक्तित्व पुरस्कार, डिल्लीराज उप्रेती स्मृति पुरस्कार, पद्मश्री पुरस्कार तथा रमाकृष्ण सृजना सम्मान समेत प्राप्त गरेको छ । संस्मरणात्मक निबन्धमा प्रतीक र बिम्बहरूको आवश्यकता अनुसार समायोजन गर्दै जीवन भोगाइका, युग चेतनाले भरिएका निबन्धहरूको सिर्जना गर्ने प्रखर निबन्धकारका रूपमा हामी झमक घिमिरेलाई लिन सक्छौँ ।

## ३.३ निष्कर्ष

धनकुटामा जन्मिएकी साहित्यकार झमक घिमिरेले नेपाली साहित्यका विविध अर्थात् समग्र विधा कविता, गीत, गजल, हाइकु, मुक्तक, कथा, उपन्यास र निबन्ध विधामा कलम दह्रो र प्रखर रूपमा चलेकोमा दुईमत देखिँदैन । त्यसका अलावा समय सान्दर्भिकता अनुरूपका भिन्न पत्रपत्रिकामा साहित्यिक तथा समसामयिक लेख रचनाहरू पनि निरन्तर आइनै रहेको पाइन्छ । यसरी झमक घिमिरेलाई उनको जीवनी र व्यक्तित्वको विभिन्न आयामबाट मुल्याङ्कन गरिएको हो ।

# परिच्छेद - चार

# जीवन काँडा कि फूल निबन्ध सङ्ग्रहमा सङ्कलित निबन्धहरूको अध्ययन र विश्लेषण

## ४.१ परिचय

झमक घिमिरेको आत्मजीवनी परक निबन्ध सङ्ग्रह **जीवन काँडा कि फूल** २०६७ साल वैशाखमा पुस्तकाकार रूपमा प्रकाशित भएको हो । साहित्यका विभिन्न विधामा कलम चलाइ सकेकी जस्तै : **सङ्कल्प** (कविता सङ्ग्रह २०५५), **आफ्नै चिता अग्निशिखातिर** (कविता सङ्ग्रह - २०५७), **मान्छेभित्रका योद्धाहरू** (कविता सङ्ग्रह २०५७), **अवसान पछिको आगमन** (क्वाँटी सङ्ग्रह-२०५७), **सम्झनाका बाछिटाहरू** (लेख सङ्ग्रह-२०५७), **नौलो प्रतिबिम्ब** (कविता सङ्ग्रह-२०६०), **पर्दा, समय र मान्छेहरू** (कथा सङ्ग्रह-२०६२), **बेमौसमका आस्थाहरू** (निबन्ध सङ्ग्रह-२०६३), **झमक घिमिरेका कविताहरू** (कविता सङ्ग्रह-२०६५), यी विधाहरूका सङ्ग्रह प्रकाशित भइसकेका छन् । विशेष गरेर **जीवन काँडा कि फूल** आत्मजीवनी परक निबन्धमा मानवजीवनको भोगाइ र विश्लेषण प्रस्तुत भएको छ । उक्त निबन्धले देशकै प्रतिष्ठित पुरस्कार **मदन पुरस्कार** (२०६७) प्राप्त गर्न सफल भएको देखिन्छ । अस्वाभाविक जीवन भोगाइको पीडाहरूमा निरन्तर रूपमा सङ्घर्षशील रहँदै प्रेरणाका बीच सशक्त रूपमा व्यक्तिएकी छन् । मानव जीवन नै सङ्घर्षको कडी हो त्यहाँ सफल तापनि लुकेको हुन्छ भन्ने आदर्शलाई यथार्थमा परिणत गरेको देखिन्छ । उनको जीवनी सबैका निम्ति विलक्षण प्रेरणाको रूपमा उपयोगी रहेको छ । प्रस्तुत आत्मजीवनी परक निबन्ध सङ्ग्रहमा सामान्य एवम् छोटो छरितो रूपमा विश्लेषण र समीक्षा भूमिका, पत्रपत्रिकामा लेखरचना  मार्फत पनि भएको पाइन्छ । तर ती अधुरा छन् ।

प्रस्तुत आत्मजीवनी परक निबन्ध सङ्ग्रहमा जम्मा ४७ वटा निबन्ध रचना सङ्गृहीत छन् । वि. सं. २०५२ सालदेखि विभिन्न पत्रपत्रिका जस्तै कान्तिपुर दैनिक, नागरिक दैनिक लगायतमा प्रकाशित एवम् अन्य थप निबन्धहरू सङ्कलन गरेर **जीवन काँडा कि फूल** आत्मजीवनी परक निबन्ध प्रकाशित गरेको देखिन्छ । आत्मपरक निबन्धात्मक शैलीमा लेखिएको निबन्ध सङ्ग्रहले स्रष्टाको जीवन जगत्का यथार्थ भोगाइलाई नजिकबाट नियाल्दै समसामयिक

राजनीतिक परिवेशका बारेमा बोलेको छ । निबन्ध सङ्ग्रहमा घिमिरेको बाल्यकालदेखि युवा अवस्थासम्म समेटिएको विषयवस्तुमा अपाङ्गता, लैङ्गिक र जातीय विभेदलाई मुख्य मुद्दा बनाएको देखिन्छ । जस्तो सुकै अप्ठ्यारो, असहज प्रतिकूल परिस्थिति भए पनि मानव जीवनप्रति आशा र उमङ्ग जगाइदिने काम यो कृतिले गरेको देखिन्छ । यो जीवन काँडा होइन फूलै रहेछ । किनभने जसरी काँडाबीचमा फूल फुल्छ, जीवन पनि दुःख बीचमा फूल्दो रहेछ भन्ने तथ्य निबन्ध सङ्ग्रह भित्रका विषयवस्तुले पनि पुष्टि गरेका छन् । यथार्थमा मानिसमा देखापर्ने अहङ्कार, बढप्पन, आडम्बर, लैङ्गिक असमानता, जातीय विभेदलाई आलोचना गर्न निबन्ध सङ्ग्रह सफल देखिन्छ । यस सङ्ग्रहका सम्पूर्ण निबन्धको प्रतिनिधित्व प्रस्तुत शीर्षकले गरेको छ र सङ्ग्रह शीर्षक विधानका दृष्टिले पनि यो सार्थक नै छ । निबन्धका तत्त्वका आधारमा प्रस्तुत निबन्ध सङ्ग्रह भित्रका निबन्ध रचनाहरूलाई छुट्टाछुट्टै अध्ययन विश्लेषण गरिएको छ ।

## ४.२ 'जीवनको आरम्भमा म' निबन्धको अध्ययन र विश्लेषण

### ४.२.१ परिचय

झमक घिमिरेको **जीवनको आरम्भमा म** आत्मजीवनी परक निबन्ध २०६७ सालमा प्रकाशित **जीवन काँडा कि फूल** निबन्ध सङ्ग्रहभित्रको पहिलो निबन्ध रचना हो । यस निबन्धको विषयवस्तु आफ्नो जन्म र जन्मसँगसँगै आफूमा आएको अपाङ्गताले गर्दा सृजित अवस्थालाई आधार बनाएर लेखिएको निबन्ध हो । निबन्धकारले आफूमा आएको अपाङ्गताले समाजको सामु अपहेलित हुनुपरेको तीतो सत्यलाई सटिक र मार्मिक रूपमा अभिव्यक्त गरेकी छन् । उनले आफूलाई नियतिले ठगिएकी एउटी केटीको रूपमा चित्रण गर्दै नेपाली समाजका अन्धविश्वास र संस्कृतिका कारण आफूले मात्र होइन आफूजस्तै अन्य त्यस्ता पात्रले मान्छे भएर पनि पशुको जस्तो अर्थहीन जीवन बाँच्नु परेको विवशतालाई उल्लेख गरेकी छन् । यो निबन्ध घिमिरेले वर्णनात्मक तरिकाबाट आत्म प्रस्तुतिको शीर्षक दिएर निर्माण गरेकी छन् ।

### ४.२.२ विषय-भाव

प्रस्तुत निबन्धमा घिमिरेका जीवनप्रतिका निराशाभित्रका आशाका किरणहरूको उल्लेख भएको पाइन्छ । शारीरिक असमर्थता मेरो आफ्नो दोष होइन त्यो नियतिले सिर्जना गरेको

अवस्था हो भन्ने कुरामा विश्वस्त देखिन्छिन् । आफू एउटा सामान्य पात्रले त्यो नियति भोग्नु परे पनि विश्वका चर्चित विद्वान्, लेखक, दार्शनिक, होमर, निकोलाइ अस्त्रोवस्की, हेलेन केलर जस्ता शारीरिक असमर्थता लिएर जन्मेका ती व्यक्तिहरूले संसारमा आफ्नो पृथक पहिचान र दृष्टिकोण स्थापित गरेका छन् । तिनीहरूले मान्छे हुनुको अर्थलाई सार्थक तुल्याएर गएको उदाहरण प्रस्तुत गरकी छन् । उनले आफू शारीरिक असमर्थताको बाबजुद पनि म केही हुँ र जीवनमा केही पहिचान देखाउन सक्ने कुरामा दृढ रहेकी छन् । आफूले भोगेका मान्छेका तुच्छ व्यवहारहरू, घृणा र अवहेलनामाथि विजय हासिल गर्दै उच्च मनोभावका साथ छुट्टै इतिहास लेख्ने अभियानमा यो निबन्ध  मार्फत प्रयासरत देखिन्छन् । आफ्नो जीवनको कष्टकर अतीतको यथार्थ स्मरणमा उनी निकै भावुक र निराशावादी दृष्टिकोण देखा परेको कुरा पनि उल्लेख गरेकी छन् । जीवनका क्षणहरूमा निराशा होइन आशामुखी दृष्टिकोण राख्नु पर्छ भन्ने मान्यता उक्त निबन्धको स्वर पनि हो । आफ्नो छुट्टै अस्तित्व छ भन्ने चेतना जुर्मुराउन थालेपछि उनले जीवन सुख र दुःखको मिश्रण हो भन्ने बुझिन् र पाठकलाई बुझाउने प्रयत्न गरेकी छन् । घिमिरेले आफूले बाल्यकालमा भोगेका आर्थिक अभाव, समाजले गरेको अपहेलनालाई उल्लेख गर्दै जीवनमा निराशा होइन आशावादी भएर अघि बढ्ने सबल अठोट देखाएकी छन् । बाल्यकालमा आफूलाई साह्रै माया गर्ने आफ्नी हजुरआमा प्रति उनले असीम श्रद्धा एवम् माया प्रकट गरेकी छन् । हजुरआमा आफ्नी प्रेरणाकी स्रोत भएको कुरा उल्लेख गर्दै जीवनमा सभ्यता सिकाएको धारणा प्रस्तुत निबन्धमा प्रकट गरेकी छन् ।

### ४.२.३ संरचना-शैली

प्रस्तुत निबन्धमा जम्मा नौ वटा अनुच्छेद संरचित रहेका छन् । निबन्धकारले चलन चल्तीका उखान टुक्काको प्रयोग गर्दै निबन्धलाई रोचक र घोचक बनाएकी छन् । उचित रूपमा तत्सम र आगन्तुक शब्दको प्रयोग गर्दै तद्भव शब्दको उचित सन्तुलनमा सरल भाषाशैलीको प्रयोग भएको छ र निबन्धलाई सुललित र कलात्मक बनाएको छ । निबन्धमा हुनुपर्ने गद्यात्मक भाषाको प्रयोग निबन्धकारले मिलाएकी छन् । सरल, सहज सर्वसाधारण ठेट शब्द जस्तैः नियतिले ठगिएकी यौटी केटी, ओछ्यानबाट, सेतै फुलेकी डाँडामाथिको जूनजस्ती,

मुसारिदियोस, नातिनातिनाहरू, बुइचढेर, गुन्युका थाङ्ना खाँदेर, आदि ठेट स्थानीय शब्द प्रयोगले उनको यो निबन्धले काव्यात्मक राग प्रकट गरेको छ ।

### ४.२.४ उद्देश्य

प्रस्तुत निबन्ध  मार्फत निबन्धकार झमक घिमिरेले आफ्नो जीवनको प्रथम प्रहरबाटै पीडा, वेदना र नमीठो व्यवहार भोग्नुपरेको यथार्थलाई अत्यन्त सहज र सशक्त ढङ्गले प्रस्तुत गरेकी छन् । यसबाट निबन्धकार झमक घिमिरेको उद्देश्य जीवन लामो दुःख, पीडा र क्षणिक सुखको सङ्गम मात्र हो र यसबाट जे जस्ता पीडा र वेदना आइपरे पनि सङ्घर्षमा तल्लीन हुनु पर्छ भन्ने भाव व्यक्त गर्दै सामाजिक विसङ्गतिलाई निर्मूल गर्न आफैं लाग्नुपर्ने तर्क पेश गरेकी छन् र यही भाव र उद्देश्य यस निबन्ध  मार्फत प्रकट भएको छ ।

## ४.३ 'हजुरआमा र लिङ्गभेद' निबन्धको अध्ययन र विश्लेषण

### ४.३.१ परिचय

निबन्धकार झमक घिमिरेको **हजुरआमा** र **लिङ्गभेद** निबन्ध आत्मजीवनी परक निबन्ध **जीवन काँडा कि फूल** (२०६७) निबन्ध सङ्ग्रहभित्रको दोस्रो निबन्ध रचना हो । यस निबन्धमा नारीपात्र र लिङ्ग विभेदलाई विषयवस्तु बनाएर लेखिएको छ । नेपाली समाजका कुरूप पक्षहरू मध्ये लैङ्गिक भेदभाव पनि एक हो भन्दै त्यही लैङ्गिक भेदभावको सिकार भएकी निबन्धकार झमक घिमिरेले आफ्नो बाल्य जीवनको स्मरण गर्दै आफ्नो परिवार र समाजमा यसले पारेको नकारात्मक प्रभावका बारेमा प्रस्तुत निबन्धमा चर्चा गरेकी छन् । नेपाली समाजमा रहेको रुढिवादी संस्कृति र संस्कारले बाँधिएका नेपाली महिलाहरूको दयनीय चरित्रलाई प्रस्तुत निबन्धले केन्द्रबिन्दु बनाएको छ । निबन्धकारले आफू जन्मेपछि उनकी आमाको गर्भबाट आफ्नो परिवारमा एउटा छोरो जन्मनेछ भन्ने आशा एवम् अपेक्षाका विपरीत दोस्रो सन्तानका रूपमा पनि छोरी नै जन्मेपछि हजुरआमाले झमककी बहिनीलाई छोरी भएकाले हेँला गरेको घटना उल्लेख गरेकी छन् । प्रस्तुत निबन्धमा नेपाली समाजमा नेपाली महिला मात्र नभएर संसारका अन्य महिलाहरू पनि दोस्रो दर्जामा पर्ने गरेको कुरालाई उल्लेख गरिएको छ । यी महिलाहरू पुरुष जस्तै आफ्नो छुट्टै पहिचान बनाएर बाँच्न सकेका छैनन् भन्ने चिन्ता निबन्धकारले यस

निबन्ध  मार्फत अभिव्यक्त गरेकी छन् । यसर्थ पितृसत्तात्मक समाजले निर्माण गरेको विभिन्न सम्बन्धहरूमा बाँधिएर पुरुषकै माध्यमबाट हरेक नारी जातिले आफूलाई चिनाउन बाध्य भएका छन् भन्दै समाजमा रहेको लिङ्ग भेदको दर्दनाक अवस्था सिर्जना भएको कुरा उल्लेख गरिएको छ ।

### ४.३.२ विषय-भाव

प्रस्तुत निबन्धले लैङ्गिक भेदलाई विषयवस्तु बनाएको छ । सामाजिक विभेदमा नेपाली महिला गुर्जिएको अवस्थालाई लिएर निबन्धले आफ्नो विषय वस्तु पकडेको देखिन्छ । जीवन दर्शन अर्थात् दार्शनिक चिन्तनलाई निबन्धले प्रस्तुत गरेको छ । व्यक्ति एक्लै जन्मन्छ र आफ्नो जीवनमा घट्ने जस्तोसुकै किसिमको घटनालाई सहन बाध्य हुन्छ । जसरी समाजका हरेक व्यक्ति बाँचेका छन्, त्यसैगरी निबन्धकार घिमिरे स्वयम् बाबु, आमा, भाइ, बहिनीसँग बाँचिरहेकी छन् । तर भोलि उनीहरू कोही नरहे पनि आफू एक्लै बाँच्नुपर्छ वा उनी आफू नरहे पनि उनका परिवारका सदस्य बाँच्नुपर्छ । त्यो सत्यताभित्रको जीवन दर्शन हो भन्ने कुरा आत्मसात् गर्नुपर्छ भन्ने धारणा प्रस्तुत गरिएको छ ।

### ४.३.३ संरचना-शैली

प्रस्तुत निबन्धमा लामा छोटा अनुच्छेद गरेर बाह्र वटा अनुच्छेद सङ्गृहीत छन् । सरल गद्यात्मक भाषा प्रयोग गरिएको प्रस्तुत निबन्धमा केही उखान टुक्का र ग्रामीण बोलीका शब्द प्रयोगले निबन्ध सुललित र कलात्मक बनेको छ । ठेट नेपाली शब्दहरू जस्तै साख्य, तिम्रै सन्तानको रगतन थिई, उम्किन के सक्थ्यौ र ?, नेपाली आइमाई, काखभरिको छोरो, नारी धरती हो, संस्कारको साङ्गलाले, डाहाले मुर्मरिन्थे, नातिनातिना आदि शब्दको प्रभावकारी प्रयोगले निबन्धको भाषा शैलीमा झनै सरलता थपेको देखिन्छ । उपयुक्त ठाउँमा चिन्ह प्रयोग, उक्तिहरू र परिवारका सदस्यहरूको बोली स्वयम् निबन्धकारको बोलीको अभिव्यक्ति जस्ताको त्यस्तै निबन्धको भाषा बनेको छ ।

स्रष्टा घिमिरेले आफ्ना अनुभूतिहरूलाई यस निबन्ध  मार्फत पाठक समक्ष सोझै आफ्ना विचार प्रस्तुत गरेको हुनाले यो निबन्धमा प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ ।

आत्मपरकता, हार्दिकताभित्रको बौद्धिकता त्यसमा पनि शैलीलाई हेर्दा वर्णनात्मक, विवरणात्मक शैलीको अवलम्बन गरी यो निबन्धको रचना गरेको पाइन्छ । पुरुषले मात्र होइन महिलाबाटै लिङ्ग विभेद सिर्जना भएको तथ्यलाई प्रकाश पार्दै निबन्धको शीर्षक विधान सार्थक र उपयुक्त देखिन्छ ।

### ४.३.४ उद्देश्य

लैङ्गिक विभेदमा परेका महिलाको विषयलाई उठान गरेर निबन्धकार झमक घिमिरेले के सन्देश छर्न चाहन्छिन् भने सन्तान जन्माउनेमा आमा वा बाबुको दोष केही नहुने तर आमाको दोष देखाएर दुई वा बढी छोरी जन्माएर दोषी देखाउने विद्यमान नेपाली समाजको प्रवृत्तिलाई निबन्धले व्यङ्ग्य मार्फत सचेत पार्ने प्रयास गरेको देखिन्छ । नेपाली रुढीवादी संस्कारले समाजमा सिर्जना गरेको लैङ्गिक विभेदलाई प्रस्तुत गर्नु निबन्धको उद्देश्य रहेको देखिन्छ । नारीमा हुनुपर्ने अस्तित्व, सम्मान र आफ्नोपनलाई स्वयम् नारी आफैले ग्रहण गर्न र अप्ठ्यारा र चुनौतीलाई सामना गर्न सक्नुपर्छ भन्ने सन्देश प्रवाह गर्नु नै यस निबन्धको उद्देश्य हो ।

## ४.४ 'अवसानपछिको अभ्यास' निबन्धको अध्ययन र विश्लेषण

### ४.४.१ परिचय

झमक घिमिरेको **अवसानपछिको अभ्यास, जीवन काँडा कि फूल** आत्मजीवनी परक निबन्ध सङ्ग्रहभित्रको तेस्रो निबन्ध रचना हो । प्रस्तुत निबन्धको विषयवस्तु झमक घिमिरे ५ वर्षकी हुँदा उनकी हजुरआमाको निधन भएको दुखद घटनालाई चर्चा गरी समेटिएको छ । आफूलाई असाध्यै माया र प्रेरणा दिने हजुरआमाको निधन भएको रात उनको जीवनको सबैभन्दा कालो रात भएको कुरा उल्लेख गरेकी छन् । हजुरआमाको निधनपछि उनले आफूलाई अत्यन्त एक्ली र बेसहारा महसुस गरेकी थिइन् । उनको बाल्यकालको त्यो कष्टपूर्ण अवस्थालाई शब्दमा होइन वास्तविक यथार्थमा उतार्न यो निबन्ध रचना भएको छ । सायद मानव भएर पनि त्यति साह्रो कष्टपूर्ण अवस्था जो कसैले विरलै भोग्छन् होला तर झमकको त्यो वास्तविकता हो । हजुरआमाको सहारापछि उनलाई खाना खुवाइदिने मान्छे कोही पनि भएन । उनले आफ्नै

खुट्टाले भातका सिता समाउने र मुखसम्म पुऱ्याउने त्यसैगरी क्रमिक रूपमा आत्म निर्भर हुने अभ्यास प्रारम्भ गर्न थालेको देखिन्छ ।

### ४.४.२ विषय-भाव

विषयवस्तुका दृष्टिले निबन्ध स्वयम् घिमिरेको र उनकी हजुर आमाको सेरोफेरोमा केन्द्रित रही भावुकता र संवेदनशीलताको प्रस्तुति व्यक्त गरेको छ । जीवन निराशा, पतन र परनिर्भरता होइन औँशीको कालो रातमा पनि उज्यालो छर्न सक्ने हिम्मत, आँट र साहस हुनुपर्छ भन्ने उद्देश्य बोकेको उनको **अवसान पछिको अभ्यास** निबन्ध हो । आफू अरुका लागि बोझ हुन नपरोस्, सङ्घर्षमा जीवनलाई अगाडि लैजानु पर्छ, तब मात्र मानव हुनुको सही अर्थ हुन्छ भन्ने दृष्टिकोण राखिएको निबन्ध हो । वैचारिक सेरोफेरोका दृष्टिले घिमिरेको यो निबन्ध अत्यन्त सशक्त देखिन्छ । मानव जीवन सङ्घर्षमा हार्न होइन, जित्ने लक्ष्य बोकेको हुनुपर्छ, दुःखभित्रको सुखको कल्पनामा अगाडि बढ्नुपर्छ, भन्ने उत्साह थप्ने प्रगति प्रथम पाइला चाल्नुपर्छ भन्ने निबन्ध हो ।

### ४.४.३ संरचना-शैली

आत्मपरक शैलीको वर्णनात्मक यो निबन्धमा अत्यन्त कलात्मक ढङ्गले घिमिरेले आफ्ना वास्तविक यथार्थता प्रस्तुत गरेकी छन् । अत्यन्तै सरल भाषाशैली चयन गर्नमा सिपालु घिमिरे यो निबन्धमा पनि सशक्त देखिएकी छन् । प्रथम पुरुषशैलीमा अभिव्यक्त उनको यो निबन्धमा आफ्ना कुण्ठा निराशा भोगाइ, आदि इत्यादिको प्रस्तुति अभिव्यक्त गरेकी छन् । प्रस्तुत निबन्धमा घिमिरेले लामा छोटा गरे बाह्रवटा अनुच्छेदमा सङ्गृहीत गर्न पुगेकी छन् । शीर्षक विधानको सार्थकता उनले यसरी अभिव्यक्त गरेकी छन् -'बाबा आमाका कोखबाट बाहिर निस्कदा उनीहरू मलाई खाना ख्वाइदिने झञ्झटबाट सधैँको लागि मुक्त बनेका थिए । यो एउटा अवसान पछि गरिएको अभ्यास थियो । त्यो अवसान भनेको हजुरआमाको मृत्यु हो, त्यो मृत्युसँगै यो अभ्यास मेरो जीवनमा पनि लागू भएको थियो ।' (घिमिरे, २०६७:४६)

### ४.४.४ उद्देश्य

यसरी एउटा मृत्यु जो कसैका लागि बाचिदिएको खण्डमा महŒव थियो तर एउटा मृत्यु जो कसैका लागि अर्थ ठानिएन । त्यसरी शीर्षक विधानलाई प्रत्यक्ष आफू र हजुरआमामा एकाकार गराएर सार्थक पारिएको छ । जसले गर्दा पनि निबन्धको शीर्षक उद्देश्य, विचार भावले अर्थ वहन गरेका छन् ।

## ४.५ 'शून्यताभित्र जीवन' निबन्धको अध्ययन र विश्लेषण

### ४.५.१ परिचय

निबन्धकार झमक घिमिरेको **शून्यताभित्रको जीवन** निबन्ध **जीवन काँडा कि फूल** आत्मजीवन परक निबन्ध सङ्ग्रहभित्रको चौथो निबन्ध रचना हो । प्रस्तुत निबन्धको विषयवस्तुमा निबन्धकारको आफ्नै जीवन अवस्थाको बारेमा वर्णन गर्न खोजेको कुरा उल्लेख भएको छ । घिमिरे आफ्नो उमेर र चेतनाको बृद्धि विकाससँगै उनले जब आफूलाई आफ्नो वरपरको जीवसँग दाँज्न थालिन त्यसपछि आफूलाई उपायविहीन निरीह अनुभव गरिन् । उनका शरीरका प्रत्येक अङ्गहरू बेकम्मा भएको बोध गर्न थालिन् । उनका ओठ जमजमाय तर वाक्य फुट्दैन, खुट्टाहरूमा त्यो शरीर बोकाएर हिड्ने सामर्थ्य भएन । यस अवस्थाबाट उनी शारीरिक अस्वस्थताका कारण दुःखी हुनुपरेको कारुणिक बालस्मृति प्रस्तुत निबन्धको विषयवस्तुमा मुखरित भएर आएको छ ।

### ४.५.२ विषय-भाव

निबन्धकार आफू अस्वस्थ, अपाङ्गको अवस्थामा रहेर सबै चिज टुलुटुलु हेरेर बस्ने अवस्था भए पनि उनी प्राणी जगत् त सग्ला छन् संवेदना हुन्छ उनमा, प्राण छ उनमा त्यसैले ती जगत् स्वच्छन्द हुनुपर्छ भन्ने चाहना राख्थिन र घरमा कोही नभएका बेला गाई बाखाका दाम्ला घस्रिएर गएर काटिदिन्थिन् जसले गर्दा उनी साह्रै रमाउथिन् । आफ्नो बाल्यकालको छुकछुके चञ्चले स्वभाव उनले टपक्क टिपेर यथार्थ रूपमा निबन्धमा प्रस्तुत गरेकी छन् ।

प्रस्तुत निबन्धमा घिमिरेले आफू जस्तो शारीरिक अशक्तताका कारणले जीवजगत्सँग खेल्न, डुल्न, घुम्न, रमाउन, बोल्न, संवाद गर्न नसक्दा यहाँ निकै चिन्ता अभिव्यक्त गरेकी छन् । निबन्धको भाव भनेको अशक्तताभित्र पनि जिन्दगी जसरी तसरी भोग्न बाध्य हुनुपर्दो रहेछ । सङ्घर्षमय जीवनलाई रुचिकर होस् या अरुचिकर तर यसलाई भोग्नै पर्छ त्यो सत्यता हो भन्ने भाव निबन्धको रहेको छ । निबन्धकारलाई त्यो बाल्यकाल नितान्त शून्यता निरस लागेको कुरा अभिव्यक्त भएको छ । अलिकति निराशा उन्मुख निबन्ध भए पनि वास्तवमै सङ्घर्षका कथा व्यथाहरू यो निबन्धले बोकेको ठहरिन्छ । मानव जीवनको विवशता, विभिन्न भिडमा पनि आफूलाई एक्लो असहाय महसुस गरेको त्यो बाल्य अवस्थालाई शून्यताभित्रको जीवन ठानेकी छन् । शून्यताभित्रको जीवनलाई बुझ्न निबन्धले आग्रह गरेको छ ।

## ४.५.३ संरचना-शैली

प्रस्तुत निबन्ध घिमिरेको छोटो एवम् पत्रात्मक शैलीमा लेखेको देखिन्छ । जम्मा पाँच अनुच्छेदमा संरचित यो निबन्धमा प्रथम पुरुष दृष्टिबिन्दुको अवलम्बन भएको पाइन्छ । सरल भाषाशैली ठेट नेपाली शब्द प्रयोगले निबन्ध थप सशक्त बनेको देखिन्छ । ग्रामीण जनजीवनका शब्द घर, गोठ, गाई, बाखा, झारपात, गोडाले हिँडेर, फुक्का भएर हिँडेको यी शब्द र उखान टुक्का र उक्तिले निबन्धमा मिठास आएको छ ।

## ४.५.४ उद्देश्य

शून्यता अर्थात् निरस केही नभएको भन्ने अर्थ भएको यस शब्दले निबन्धमा त्यस अवस्थामा पनि जीवनको मूल्य खोज्ने प्रयत्न गरिरहेको छ । अझ भन्ने हो भने आखिर शून्यताभित्रको जीवनको पनि एउटा स्वाद भने हुन्छ भन्ने तर्क निबन्धले राखेको छ । यसरी निबन्धकार घिमिरेले आफूलाई नितान्त एक्लो असहाय महसुस गरेको बाल्यकालको त्यो क्षणलाई शून्यताको संज्ञा दिँदै जीवन जति नमीठो भए पनि आफू जसोतसो घस्रिएर अघि बढेको बालस्मृतिलाई प्रस्तुत निबन्धमा प्रकट गरेकी छन् । यसकारण पनि निबन्धको शीर्षक र उदेश्यसँग तालमेल मिलेको हुनाले निबन्धको शीर्षक सार्थक देखिन्छ ।

## ४.६ 'आशाको त्यो त्यान्द्रोसम्म' निबन्धको अध्ययन र विश्लेषण

### ४.६.१ परिचय

प्रस्तुत **आशाको त्यो त्यान्द्रोसम्म** निबन्ध झमक घिमिरेको **जीवन काँडा कि फूल** आत्मजीवनी परक निबन्धमा सम्बद्ध पाँचौं रचना हो । निबन्धकार घिमिरेको यो निबन्ध पनि उनको नितान्त व्यक्तिगत जीवनमा भोगेका कुण्ठा, निराशा, तिरस्कार जस्ता भावनाहरूलाई विषयवस्तु बनाएर लेखिएको यथार्थपरक निबन्ध हो । वास्तविक यथार्थतालाई निबन्धकारले जस्ताको त्यस्तै गद्यात्मक भाषाका माध्यमबाट निबन्धको बान्की दिएकी छन् । यसो पढ्दा निबन्ध व्यक्तिगत कहानीलाई वर्णन गरेजस्तो लागे पनि निबन्ध अत्यन्तै उर्जा थप्ने खालको रहेको छ । निराशाभित्र आशाको त्यान्द्रो अवश्य हुन्छ भन्ने मान्यतालाई निबन्धले पछ्याउन खोजेको देखिन्छ । निराशै निराशामा जीवन बिताउने हो भने जीवन जिउनुको कुनै तुक छैन, साहस, आँट र सङ्घर्षमा जीवनलाई व्यतीत गर्नुपर्छ तब मात्र जीवनको वास्तविक अर्थ हुन्छ भन्ने अग्रगामी विचार बोकेको सबल र सक्षम निबन्ध हो ।

### ४.६.२ विषय-भाव

प्रस्तुत निबन्धमा निबन्धकार घिमिरेले आफू पनि पढ्न, लेख्न र अक्षर चिन्नका लागि गरेको कठोर सङ्घर्षको अभिलेख भएको निबन्धमा बताएकी छन् । घर परिवारमा बहिनीलाई अक्षर पढ्न र लेख्न सिकाएको देख्दा उनमा पनि अक्षर चिन्ने र लेख्ने रहर जाग्यो तर विडम्बना उनका बाबुले सहयोग र प्रोत्साहन दिनुको सट्टा निकै निर्दयी भएर बहिनीको नजिक बस्न समेत नदिएको घटना उल्लेख गरेकी छन् । घरपरिवार र समाजबाट आफूलाई एक्लो अनुभूत गरेकी निबन्धकार घिमिरेले आफ्नो अथक प्रयासले अक्षर चिन्ने र लेख्ने अभ्यास प्रारम्भ गरिन् । बहिनीले पढेको देख्दा उनलाई पनि पढौं पढौं लाग्ने गर्थ्यो । उनी बहिनीले पढेको लेखेको कुरा ध्यानपूर्वक सुन्थिन र हेर्थिन पनि । यसले गर्दा उनलाई आफ्नो पढ्ने र लेख्ने चाहनामा मद्दत मिलेको देखिन्छ । अक्षर चिन्ने, जान्ने र पढ्ने हुन थालेपछि उनमा यति तीव्र आकाङ्क्षा बढेर गयो सायद निबन्धमा उल्लेख गरेर साध्ये छैन । उनले निकै कठिन सङ्घर्ष गरिन् । खुट्टाका औंलाहरू ढुङ्गामा, भुइँमा रगडेर अक्षर लेख्ने अभ्यास गरेकी छन् । त्यसो गर्दा उनले ती

कलिला छाला उप्काएकी छन् र धेरै पटक ती लेख्ने अङ्ग मार्फत रगत बगाएकी छन् । यति गर्दा पनि निबन्धकार घिमिरे आफ्नो उत्कट चाहनालाई पूरा गर्नमा तल्लीन रहेकी छन् । यसरी शारीरिक रूपमा कमजोर मान्छेहरू घरपरिवार र समाजका निम्ति बोझ ठान्ने प्रवृत्ति रुढिवादी संस्कार र मान्यतालाई भत्काउनु पर्छ, त्यसमा डटेर सामना गर्नुपर्छ भन्ने सङ्घर्षशील उद्देश्य यो निबन्धले बोकेको देखिन्छ । सङ्घर्ष गर्ने मानिस कहिले पनि हार्दैन लक्ष्यमा पुग्न सफल हुन्छ भन्ने सन्देश निबन्धले प्रवाह गर्न खोजेको छ । यसर्थ निबन्धको शीर्षकले पनि वैचारिक पक्षलाई समेट्न खोजेको देखिन्छ । सास रहेसम्म आश रहन्छ, अर्थात् जीवीत आशा बोकेर अगाडि बढ्नुपर्छ त्यहाँ सफलता अवश्य थपिन्छ भन्ने मान्यता यो निबन्धले बोकेको छ ।

### ४.६.३ संरचना-शैली

प्रस्तुत निबन्ध लामा छोटा गरेर २१ वटा अनुच्छेदमा संरचित रहेको छ । कुनै शब्द एकदमै बिम्बात्मक अर्थ लाग्ने खालका भए पनि छोटा छोटा वाक्य गठनले निबन्धलाई सुललित बनाएको छ । निबन्धकारले सरल भाषामा आफू शारीरिक रूपले दुर्बल भएको कारणले समाजमा आफू जस्ता कएन व्यक्तिलाई हेर्ने दृष्टिकोणको बारेमा बताउन खोजेकी छन् । उनले भन्छिन् म पनि त्यही संस्कार बोकेकी समाजमा जन्मिएकी थिएँ, त्यहीँ भित्रका मान्छेहरूको व्यवहार के फरक हुन्थ्यो र ? एक त रुढिवादी मान्यताले बसौँदेखि जरा गाडेको समाज, त्यसमाथि, अशिक्षा, अज्ञानता र गरिबीबाट थलिएको समाजमा स्वयम् मैले के फरक व्यवहार पाउँथे भन्ने कुरालाई अभिव्यक्ति दिएकी छन् । निबन्धकार घिमिरेमा पढ्ने जान्ने उत्कण्ठाले गर्दा उनले सिक्नको लागि निकै कठिन अनुभवहरू बटुलेको तथ्यलाई केलाएकी छन् । निबन्धकारले दुर्बलहरूभित्र पनि मन हुन्छ तर बाठाहरूको जमातले यो कुरा पटक्कै बुझ्दैनन् भन्ने कुरालाई व्यङ्ग्य  मार्फत प्रहार गरेकी छन् ।

### ४.६.४ उद्देश्य

निबन्धकारको भाषामा व्यङ्ग्यात्मक छ, रोष छ, खेद छ, तीतो पोखाइ छ, कुण्ठा छ, आदि इत्यादि उनको दृष्टिकोण निबन्धात्मक अभिव्यक्ति यस निबन्धमा आएका छन् । निबन्धकारले कालो बादलभित्र पनि चाँदीको घेरा देख्न सकिन्छ भने झैं आफू त्यो कालो

बादलभित्रको चाँदीको घेरा हो यसले आशाको सन्देश पक्कै प्रवाह गर्नेछ भन्ने धारणा राखिन्छन् । यसरी निराशाका अनेक छालहरू निबन्धकारमा उब्जिए पनि जीवनलाई पलाएनको बाटोतर्फ धकेल्नु हुँदैन आशाको त्यान्द्रो रहेसम्म अगाडि बढाउनु पर्छ भन्ने सकारात्मक धारणा बोकेकोले निबन्धको तारतम्य मिलेको ठहर्छ ।

## ४.७ 'आशाका किरणहरू' निबन्धको अध्ययन र विश्लेषण

### ४.७.१ परिचय

निबन्धकार झमक घिमिरेको **जीवन काँडा कि फूल** आत्मजीवनी परक निबन्ध सङ्ग्रह भित्र रहेको **आशाका किरणहरू** निबन्ध छैठौं निबन्ध रचना हो । निबन्धको शीर्षकले उज्यालोको बाटो देखाएको सङ्केत गरेको छ । यसर्थ सकारात्मक दृष्टिकोण बोकेको प्रस्तुत निबन्ध घिमिरे केही जान्ने सिक्ने भएपछि अब आफ्ना हरेक अभिव्यक्ति लेखेर भए पनि प्रस्तुत गर्न सक्छु भन्ने आँट लिएकी छन् ।

### ४.७.२ विषय-भाव

यस निबन्धमा कालो बादलका धब्बाहरू बिस्तारै बिस्तारै फाट्दै अनन्त आकाश छ्याङ्ग देखिएझैं निराशामा पनि आशाका किरणहरू पाउन थालेको कुरा निबन्धकारले राखेकी छन् । आफ्नी बहिनी शारीरिक रूपमा सबल र सक्षम रहेको कुरा उल्लेख गर्दै आफू पनि बाबु आमाको सन्तान भए तापनि बहिनीले जस्तै आफूले सुविधा, अवसर र स्वतन्त्रता नपाउनुको कारण समाजले अपाङ्गहरूलाई हेर्ने दृष्टिकोण नै हो भन्ने उनको बुझाइ रहेको छ । उनले सपाङ्गहरूलाई चुनौती दिँदै आफू आफैमा पूर्ण र सबल भएको अनुभूति गराउन सक्षम देखिन्छन् । निबन्धले स्वाभिमानी विचार बोकेको देखिन्छ । वैचारिक हिसाबले निबन्ध अत्यन्तै सशक्त देखिन्छ । कसैको निम्छरो दयाको अपेक्षा राखेर जीवन चल्दैन भन्ने उनको धारणा रहेको छ । आफ्नो बलबुता र आत्मविश्वासले मानिस अगाडि बढ्नुपर्छ, जीवनका हरेक सङ्घर्षलाई अगाडि बढाउनु पर्छ तब त्यहाँ सफलता प्राप्त हुन्छ भन्ने उद्देश्य निबन्धले लिएको छ । बाँच्नुको अर्थ जिउँदो लाश होइन, मर्नुको अर्थ कुकुरको मराई होइन, अर्थपूर्ण जीवन भोगाई

हुनुपर्छ भन्ने सन्देश बोकेको देखिन्छ । विवेक र आत्माको साथले जीवनलाई उज्यालो दिन सकिन्छ भन्ने दिशा निर्देश प्रस्तुत **आशाका किरणहरू** निबन्धले बोकेको देखिन्छ ।

### ४.७.३ संरचना-शैली

लामाछोटा गरेर एघार वटा अनुच्छेदमा संरचित निबन्ध अत्यन्तै उत्कृष्ट बनेको छ । निबन्धमा भाषा सरल र सरस रूपमा सलल् अगाडि बढेको देखिन्छ । तत्सम, तद्भव र केही आगन्तुक शब्दले निबन्धको बनोटलाई झन सबल बनाएको छ ।

### ४.७.४ उद्देश्य

प्रस्तुत निबन्ध निबन्धकार घिमिरेको व्यक्तिगत घटनामा केन्द्रित रहेर लेखिएको छ । उनले आफ्ना निराशा, कुण्ठा, तिरस्कार, अवहेलना आदिका बाबजुद जीवनलाई आशावादी दृष्टिकोणले सोच्नु पर्छ भन्ने मान्यता राखेको छ ।निबन्धले निबन्धकारको व्यक्तिगत अनुभव र अनुभूतिलाई विषयवस्तु बनाए तापनि समग्र समाजका प्रवृत्तिहरूलाई पनि केलाउने काम गरेको देखिन्छ । भविष्य उज्ज्वल देख्ने यो निबन्धको शीर्षक उत्तिकै सक्षम र सार्थक सावित भएको छ ।

## ४.८ 'अक्षरसँग पलाएको हर्ष' निबन्धको अध्ययन र विश्लेषण

### ४.८.१ परिचय

निबन्धकार झमक घिमिरेको **जीवन डाँडा कि फूल** आत्मजीवनी परक निबन्ध अन्तर्गत पर्ने **अक्षरसँग पलाएको हर्ष** निबन्ध सातौं निबन्ध रचना हो । प्रस्तुत निबन्ध घिमिरेको जीवन सङ्घर्षकै आधारमा केन्द्रित भएर लेखिएको निबन्ध हो । निबन्धको विषयवस्तु झमक घिमिरेको स्वयम् आफै लेख्ने पढ्ने, अक्षर कोर्ने आदि शृङ्खलामा केन्द्रित रहेर लेखिएको छ । उनले धुलोमा 'क' अक्षर लेखेर लेखनको आरम्भ गरेको जानकारी गराएकी छन् ।

### ४.८.२ विषय-भाव

उनलाई ‘क’ अक्षर लेख्दा जीवनमा केही सिकेँ भनेर निकै नै हर्षित र आनन्दित भएकी थिइन् । उनको त्यही अविस्मरणीय रोमाञ्चक क्षणको वर्णन प्रस्तुत निबन्धको विषयवस्तु भएर आएको छ । जहाँ जीवन छ, त्यहाँ बाँच्ने कला पनि हुन्छ भन्ने प्रस्तुत अक्षरसँग पलाएको हर्ष निबन्धको उद्देश्य रहेको छ । शून्यतासँग संवाद गरेर रमाउन सिक्ने निबन्धकार घिमिरेलाई प्रकृति अजस्र ज्ञानको मुहान र मनको सुख दुःख बाँड्ने आत्मीय सङ्गीको रूपमा ठानेको देखिन्छ । निबन्धकारका अक्षर लेखाइहरू ‘क’ पछिका ऊ, त्यसपछि तेस्रो अक्षर व क्रमशः लेखन गति तीव्र रूपमा अगाडि बढ्दा निकै खुसी भएकी अनुभव सटिक ढङ्गमा प्रस्तुत गरेकी छन् । उनले लेखेको अक्षरबाट शब्दमा लेखन ‘कलम’ पहिलो थियो जुन उनका लागि अर्थपूर्ण सावित भएको पनि देखिन्छ । मानवीय जीवनको मूल्य ज्ञान प्राप्तिमै छ । ज्ञानविहीन मान्छे पशु सरह नै हुन्छ । ज्ञानकै माध्यमबाट जीवनका रहस्यहरू बुझ्नुपर्छ र बुझ्न सकिन्छ भन्ने वैचारिक सन्देश प्रवाह निबन्धले गर्न खोजेको छ । शारीरिक रूपमा सबल हुनेहरूलाई मात्र मान्छे ठान्ने समाजमा विद्यमान रुढिवादी एवम् सङ्कीर्ण मान्यतामा विश्वास गर्नेहरूका निम्ति निबन्धले व्यङ्ग्य प्रहार गरेको छ । प्रायजसो निबन्धमा व्यङ्ग्य प्रहार गर्ने निबन्धकार घिमिरे यस निबन्धमा पनि चोटिलो व्यङ्ग्य प्रहार गर्न पुगेकी छन् ।

### ४.८.३ संरचना-शैली

प्रस्तुत निबन्ध हेर्दा सानो अर्थात् एक बसाइमै पढी भ्याइने गरी जम्मा जम्मी बाह्रवटा अनुच्छेदमा निबन्धलाई सँगालिएको छ । सरल भाषामा निबन्ध लेख्न रुचाउने घिमिरेले यहाँ पनि त्यो क्रम दोहोराएकी छन् । भाषा मीठो सुललित युक्त देखिन्छ । वाक्यगठन अत्यन्त मिलेको र ठाउँठाउँमा राखिएका सारगर्भित भनाइले निबन्ध साँच्चै नै पाठकलाई प्रभाव पार्न सफल भएको देखिन्छ । साँच्चै नै भन्ने हो भने उनमा कलात्मक अभिव्यक्तिको भाषा यी भनाइबाट पनि पुष्टि हुन्छ । ‘मैले एक पछि अर्को गर्दै निकैवटा शब्दहरू बनाउँदै गएँ । मैले त्यससँग नयाँपनको निर्माण पनि गरेछु । समय जिन्दगी सँगसँगै थोपाथोपा बनेर बग्दो रहेछ । मैले त्यही समयको थोपाथोपाभित्र मान्छे हुनुको मूल्य खोजें ।’ (घिमिरे, २०६७: ६६) त्यसैगरी

उनको अर्को अभिव्यक्ति 'मेरो बचाइको त्यो कालखण्ड ज्यादै रोमाञ्चक छ । ..... जुन खोल्दैछु अर्थात् तपाईंलाई भन्दैछु । अँ मैले पहिलो अक्षर चिन्दाको खुसी बाँड्ने मान्छे कोही थिएन, त्यो खुसी मैले त्यही निर्जीव धरतीसँग माटो उडाएर बाँडेकी थिएँ र आफू धुलैधुलो भएर रमाएकी थिएँ ।' (घिमिरे, २०६७: ६४)

### ४.८.४ उद्देश्य

यसरी उनलाई दुःख र सुखका आफ्ना कुराहरू सञ्चार गर्न निकै कठिन भएको अभिव्यक्ति राखेकी छन् । उनको त्यही अविस्मरणीय रोमाञ्चक क्षणहरूको वर्णनात्मक प्रस्तुति यो निबन्धमा भएको छ । निबन्धकार घिमिरे समाज संस्कृति र ठूला ठालु भनाउदाहरूबाट रूष्ट भए पनि निबन्ध मार्फत आशाको सन्देश प्रवाह गरेको हुनाले निबन्धले लक्षित उद्देश्य प्राप्त गरेको छ ।

## ४.९ 'शब्दको उत्सव' निबन्धको अध्ययन र विश्लेषण

### ४.९.१ परिचय

प्रस्तुत निबन्ध झमक घिमिरेको **जीवन काँडा कि फूल** आत्मजीवनी परक निबन्ध सङ्ग्रह अन्तर्गत आठौं नम्बरमा संरचित निबन्ध रचना हो । प्रस्तुत निबन्धको विषयवस्तुलाई घिमिरेले जीवन जगत्लाई भोगेर, देखेर, सुनेर, सुँघेर, छामेर आदि प्रक्रियाबाट जानेको ज्ञानलाई शब्दमा लिपिबद्ध गरिएको अपार आनन्दको वर्णन छ । उनी बोल्न नसक्ने र हातहरू चल्न नसके तापनि अन्य ज्ञानेन्द्रियहरूको माध्यमबाट देख्न, सुन्न स्वाद थाहा पाउन र अनुभव गर्न सक्ने कुरा उल्लेख गरेकी छन् । निबन्धकार घिमिरे आत्मपरक निबन्धकार हुन् भन्ने कुरा प्रस्ट हुन आउँछ ।

### ४.९.२ विषय-भाव

निबन्धकार झमकले आफ्ना अनुभवहरूलाई 'म' पात्रको माध्यमबाट प्रस्तुत निबन्धमा अभिव्यक्त गरेकी छन् । आफ्ना विचार, भाव, अनुभव र अनुभूतिलाई सरसर्ती वर्णन गरेकी छन् । निबन्धको शैली वर्णनात्मक छ । वैचारिक पक्षमा अब्बल निबन्धकार घिमिरे शैलीगत

हिसाबमा पनि त्यत्ति नै सशक्त देखिएकी छन् । आफ्ना ज्ञानेन्द्रियहरूको माध्यमबाट उनले जीवन र जगत्का विविध घटना, वस्तु, परिवेश आदिलाई बुभ्न र बुझेको कुरालाई अभिव्यक्ति गर्न थालेको निबन्धमा स्मरण गरेकी छन् । उनको लेखन अभ्यास अक्षरबाट विस्तारित भएर शब्दमा पुगेको उनको लेखन दिनप्रतिदिन उन्नत, उत्कृष्ट र परिष्कृत हुँदै गइरहेको अनुभव गरेकी छन् । दीर्घसाधना हुनुपर्छ जसको परिणाम अर्थपूर्ण आउँछ, सफलताको स्वाद चखाउने भनेको नै कठोर सङ्घर्ष हो भन्ने सन्देश निबन्धले प्रवाह गरेको छ । निबन्धकारका प्रत्येक शब्द र वाक्यले मानिस सङ्घर्षशील हुनुपर्छ भन्ने पाठ सिकाएका छन् ।

### ४.९.३ संरचना-शैली

लामा छोटा गरेर आठ अनुच्छेदमा संरचित प्रस्तुत निबन्धको भाषाशैली एकदमै सरल सबल देखिन्छ । प्रायः उनका शब्द गठन तर्कपूर्ण देखिन्छन् प्रत्येक वाक्यले विचार प्रवाह गरेका छन् । जस्तै 'मैले यही धरतीलाई सुख बाडैं, दुःख पनि बाडैं यही अक्षर कोरैं शब्द कोरैं । शब्दको उत्सव भनूँ कि आँसुको उत्सव ?'(घिमिरे, २०६७: ७२) यसरी भर्खर लेख्ने अभ्यास गरेको अर्थात् केही सिर्जना कोरौं भनेर बामे सरेकी घिमिरेको लेखनकला अत्यन्त मौलाएको देखिन्छ । मान्छे जन्मिएपछि उसका जीवनका खुड्किला कसरी पार हुदा रहेछन् भन्ने कुराको तथ्य प्रस्तुत निबन्धले व्यक्त गर्न खोजेको छ र यस भावलाई अभिव्यक्त गर्न उनको शैली सबल छ ।

### ४.९.४ उद्देश्य

प्रस्तुत निबन्ध निबन्धकार भमक घिमिरेको आत्मपरक निबन्ध हो । यसमा उनले आफ्नो दीर्घ साधनाको परिणामबाट आफूले अर्थपूर्ण वाक्य बनाउन सक्षम हुँदा उनको कोमल हृदय भावनाले भरिएरका क्षणलाई **शब्दको उत्सव** भनेर निबन्धको शीर्षक ठम्याएकी छन् । उनले आफूले गरेको सङ्घर्षलाई सुनौलो उत्सव ठम्याएकी छन्  उनले गरेको प्रयत्नलाई सह्राना गर्ने हो भने निबन्धको शीर्षक र त्यसले समेटेको उद्देश्य अत्यन्त मार्मिक देखिन्छ ।

साङ्गहरूको अवस्था र समाजमा अपाङ्ग भनेर हेपिएका वर्ग माथिको द्वन्द्व निबन्धले देखाउन खोजेको छ । शारीरिक रूपमा अशक्त अपाङ्ग भए पनि सङ्घर्ष र विचारका दृष्टिले यो

वर्ग कमजोर हुँदैन भन्ने उद्देश्य यस निबन्धको रहेको छ । प्रथम पुरुष आन्तरिक दृष्टिबिन्दु निबन्धमा प्रयोग भएको छ । केही तथ्यपूर्ण उक्तिहरू र ग्रामीण बोलीका ठेट शब्दले निबन्ध झनै उत्कृष्ट ठहरिएको छ । यसरी निबन्धकार शब्दको सिकाइ क्रमसँगै उत्सव मनाउन सक्षम भएकी छन् ।

## ४.१० 'धामी, झाक्री र डाक्टरहरू' निबन्धको अध्ययन र विश्लेषण

### ४.१०.१ परिचय

निबन्धकार झमक घिमिरेको आत्मजीवनी परक निबन्ध **जीवन काँडा कि फूल** अन्तर्गत **धामी, झाक्री र डाक्टरहरू** नवौं निबन्ध रचना हो । यो निबन्धको शीर्षक सरसर्ती हेर्दा तीनवटा छुट्टाछुट्टै शब्दको मेलबाट निबन्धको शीर्षक जुराइएको छ । परम्पराको निरन्तरता र आधुनिक डाक्टरहरूको प्रयासबाट पनि निबन्धकार घिमिरेको रोग निको नभएको कुरा निबन्धमा उल्लेख भएर आएको छ । निबन्धको विषयवस्तु आफू अपाङ्ग भएकी हुँदा समाजका मान्छेहरू नजिक पर्नै नचाहने, त्यति मात्र होइन घिमिरेका सन्तानहरूलाई पनि छिमेकीहरूले अवहेलना गर्ने, समाजका मान्छेहरूले तिनको घरमा गयौं भने हामी र हाम्रा भावी सन्तान पनि त्यस्तै अपाङ्गता हुन सक्छन् भन्ने नितान्त अन्धविश्वासे प्रवृत्तिको बारेमा निबन्धको विषयवस्तु बनेको छ । निबन्धमा रुढिवादी नेपाली समाजको निम्छरो चेतना भनाउँदो स्वरलाई उदाङ्गो पारिदिने चेष्टा भएको छ । निबन्धमा निबन्धकार स्वयम्लाई आफ्नो रोगको बोरमा थाहा नभएको तर समाजमा फरक फरक दृष्टिकोणहरू उब्जिएर कहिले धामी, झाक्री र डाक्टरहरूसम्म पनि पुऱ्याएका घटनाहरू वर्णन गरिएका छन् ।

### ४.१०.२ विषय-भाव

प्रस्तुत निबन्धले समाजका खराब पक्षलाई पर्दाफास गर्ने प्रयास गरेको देखिन्छ । यो निबन्धको उद्देश्य भनेको धामी, झाक्री जस्ता अन्धविश्वासमा रुमलिने कुसंस्कार र कुरीतिको दह्रो रूपमा पर्दाफास गरेर समाजमा चेतना जगाउनु रहेको देखिन्छ । पूर्व जन्मको श्राप ठान्ने धामी, झाक्रीको अन्धविश्वासी प्रवृत्तिले निबन्धकार स्वयम् सताइएकी छन् । समाजमा यस्ता कयौं नागरिक छन् जो चेतना अभावले अझै सताइरहेका छन् र सताइनेछन् भन्दै चेतनाको

विजारोपण निबन्धकारले आफ्ना व्यक्तिगत अनुभवका माध्यमबाट सचेत पार्न खोजेकी छन् । यो ठीक हो यो बेठीक हो भनेर जानेर आजको समाज चल्नुपर्छ, अन्धतामा रुमल्लिनु ठूलो भूल हो भन्ने तर्क निबन्धले राखेको छ । कुसंस्कार र कुरीतिबाट क्रुद्ध भएकी निबन्धकार घिमिरे डाक्टरको तर्कसङ्गत, वस्तुगत एवम् वैज्ञानिक दृष्टिकोणमाथि विश्वास गर्दछिन् र अरुलाई पनि गर्न आग्रह गर्दछिन् । निबन्धकारलाई उनका बाबुआमाले उनी अपाङ्ग भएबाट सुरुमा उपचारका निम्ति धेरै पटक धामी, झाक्री र डाक्टरकहाँ सम्म पुऱ्याएका थिए । जानेर होस् या नजानेर उनलाई धामी, झाक्रीकोमा पुऱ्याउँदा निबन्धकार धामी, झाक्रीका प्रवृत्ति देखेर क्रुद्ध भएको कुरा उल्लेख गरेकी छन् । बाल्य अवस्थामा उनमा रहेको सुषुप्त अवस्थामा रहेको बाल विद्रोही चेतना प्रकट गरेकी छन् । यसले गर्दा पनि के कुरा थाहा हुन्छ भने निबन्धकार घिमिरे खरावपक्षको विरोध गर्ने स्वभावकी थिइन् । घिमिरेलाई बाबुआमाले आधुनिक अस्पतालमा पनि पुऱ्याएका थिए । वि.पि. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा पुऱ्याउँदा विदेशी डाक्टरले मस्तिष्क पक्षघात भएको निष्कर्ष निकालेका थिए । यस्तो रोगको संसारमा कही कतै उपचार हुन नसक्ने बताएपछि बाबुआमा निराश भएर उनको उपचार गर्ने काम छोडिदिएको घटना निबन्धमा उल्लेख छ । मस्तिष्कको पक्षघात भए पनि खुट्टा औँला चल्ने कारणले गर्दा उनमा थप मनोबल बढेको देखिन्छ र उनलाई डाक्टरले पनि मनोबल बढाइदिएका छन् । यसरी निराशा भित्रको आशाको किरण घिमिरेले यस निबन्धमा आफू मार्फत सकारात्मक दृष्टिकोण मानव जगत्लाई राख्न सक्षम भएकी छन् ।

### ४.१०.३ संरचना-शैली

निबन्धकार घिमिरेको प्रस्तुत निबन्ध लामा छोटा अनुच्छेद गरेर तेह्रवटा अनुच्छेदमा संरचित रहेको छ । छोटा छोटा वाक्य गठनले निबन्ध सरल र सुललित देखिन्छ । आफ्नो व्यक्तिगत घटनाबाट सृजित यो निबन्ध सामाजिक विषयवस्तुमा आधारित निबन्ध हो । वर्णनात्मक शैलीभित्र आख्यानात्मक र आत्मपरक शैलीलाई मिसाउँदै यो निबन्ध रचना भएको छ ।

### ४.१०.४ उद्देश्य

यस निबन्धले नेपाली समाजमा विद्यमान रहेको कुसंस्कार र कुरीतिलाई चिरफार गरेको छ । निबन्धको विषयवस्तुले शीर्षक मार्फत व्यङ्ग्य हानेको पाइन्छ । यसकारणले गर्दा पनि निबन्धको शीर्षक सार्थक छ र यसै कुरालाई अभिव्यक्त गर्ने उद्देश्य निबन्धले लिएको छ ।

## ४.११ 'समाजले बुझेको सौन्दर्यभित्र म' निबन्धको अध्ययन र विश्लेषण

### ४.११.१ परिचय

निबन्धकार झमक घिमिरेको आत्मजीवनी परक निबन्ध सङ्ग्रह **जीवन काँडा कि फूल** अन्तर्गत **समाजले बुझेको सौन्दर्यभित्र म** दसौं निबन्ध रचना हो । निबन्धले मानिसको परिपुष्ट शारीरिक संरचना र छालाको रङ्गलाई आधार बनाएर सुन्दरतालाई परिभाषित गर्ने परम्परावादी दृष्टिकोण प्रति असहमत जनाउने विषयवस्तुमाथि चर्चा परिचर्चा गरेको छ । मान्छे सुन्दर हुनका लागि मानसिक रूपमा सबल र कोमल हृदययुक्त हुनु आवश्यक निबन्धकारले ठानेकी छन् । मान्छेको बाहिरी आवरणबाट सुन्दरतालाई बुझ्न र अनुभूत गर्न सकिदैन भन्ने दृष्टिकोण निबन्धकारले राखेकी छन् । बाहिरी सुन्दरता भन्दा भित्री सुन्दरता बढी महत्त्वपूर्ण हुन्छ भन्ने सन्देश प्रवाह निबन्धले गर्न खोजेको छ । निबन्धले निबन्धकारको व्यक्तिगत जीवन घटनाबाट जीवनप्रति सधैँ आशावादी र सकरात्मक सोच राख्ने साथै सङ्घर्षलाई अर्थ्याउन निबन्ध सक्षम देखिन्छ । आफ्ना व्यक्तिगत घटनालाई वर्णनात्मक शैलीमा लेखिएको छ । आत्मपरक निबन्धकार घिमिरेले आफ्ना विचारहरू सोही अनुरूप राखेकी छन् । जीवनलाई माया गर्नु पर्छ, जीवनबाट भागेर होइन, जेजस्तो परिस्थिति आउँछ, त्यसैसँग सामना गरेर बाँच्नु पर्छ भन्ने निबन्धकारले जीवन दर्शनको महत्त्व दर्शाएकी छन् ।

### ४.११.२ विषय-भाव

निबन्धकार घिमिरेले आफ्नो व्यक्तिगत जीवनका घटनाको नालीबेली टिपेर निबन्ध रचना गरे पनि उनले निबन्ध मार्फत कुनै न कुनै विचार प्रतिपादन गरेकी छन् । उनले प्रस्तुत गरेको विचारलाई हेर्दा प्रायः समाजसुधार, ग्रामीण जनस्तरको चेतनाको विकास, सांस्कृतिक विचार, मानवता, आदर्शता, सुसभ्य संस्कृति र परम्पराको विकास आदि विचारहरू यस

निबन्धमा सशक्त भएर आएका छन् । मूलतः उनको यो निबन्धको मूल उद्देश्य भनेको मानवहित र समाज सुधार हो । आजको सभ्य भनिने समाजमा मान्छेले आफ्नो मान्छे जातिको अवमूल्यन गर्दै गएको कुरामा निबन्धले व्यङ्ग्य प्रहार गरेको देखिन्छ ।

### ४.११.३ संरचना-शैली

प्रस्तुत निबन्ध जम्मा आठवटा अनुच्छेदमा संरचित छ । निबन्धकारले चलन चल्तीका उखान, टुक्का प्रयोग गरेर निबन्धलाई अझै रोचक र घोचक बनाएकी छन् । आफ्ना विचार, भाव, अनुभूति स्वयम् निबन्धकार 'म' पात्र भएर प्रस्तुत गरेकी हुनाले प्रस्तुत निबन्धमा प्रथम पुरुष दृष्टिकोणको उपयोग भएको पाइन्छ । आत्मपरकता, हार्दिकता, बौद्धिकता तथा सङ्क्षिप्तता जस्ता कुराको शिल्पी निबन्धमा मिलेको देखिन्छ । निबन्धमा प्रयुक्त भाषा, सरल, सहज, हार्दिक, कोमल, सम्प्रेषणीय, रागात्मक र हृदयस्पर्शी रहेको छ । घटनालाई रोचक र भावुक लाग्ने ढङ्गबाट प्रस्तुत गर्नु र पाठकलाई निराशा होइन उत्साह थप्ने काम उनको यस निबन्धले गरेको छ ।

### ४.११.४ उद्देश्य

निबन्धकारले निबन्ध मार्फत आफू लगायत त्यस्ता वर्गको अस्तित्व र पहिचानको कुरा उठाउने प्रयत्न गरेकी छन् । सामाजिक प्रगतिवादी यथार्थधाराकी निबन्धकारका रूपमा आफूलाई चिनाउन प्रस्तुत निबन्ध मार्फत घिमिरे सफल भएकी छन् । उनले मानवीय संवेदना विद्यमान नेपाली समाज त्यसभित्रको समसामयिक पक्षलाई यथार्थताले रङ्गाएर प्रस्तुत गरेकी छन् । घिमिरेले आफूले भोगेका, देखेका र अनुभव गरेका कुरालाई स्वतस्फूर्त रूपमा अभिव्यक्त गरेको पाइन्छ । वस्तुपरक ढङ्गबाट वैचारिक दृष्टिकोण प्रवाह गर्न उनको यो निबन्ध सक्षम देखिन्छ ।

## ४.१२ 'टालेका पाइजामा र लाज' निबन्धको अध्ययन र विश्लेषण

### ४.१२.१ परिचय

निबन्धकार झमक घिमिरेको **जीवन काँडा कि फूल** आत्मजीवनी परक निबन्ध सङ्ग्रह अन्तर्गतको **टालेका पाइजामा र लाज** एघारौँ निबन्ध रचना हो । प्रस्तुत निबन्धले एकातिर ग्रामीण नेपाली समाजका निम्न वर्गीय परिवारको आर्थिक युवावस्थाको चित्रण गर्नुका साथै अर्कातिर लाटी अर्थात् वाक्बोली नफुट्ने र विकलाङ्ग भएका कारण उनल बाल्यकालमा भोग्नुपरेको भेदभावपूर्ण व्यवहारको कुरा उल्लेख गरेको छ । त्यसैगरी अन्य मान्छेले साह्रै असंवदेनशील भएर प्रदर्शन गरेका अमानवीय कुकृत्यहरूलाई संस्मरणात्मक रूपमा निबन्धको विषयवस्तु बनाइएको छ ।

### ४.१२.२ विषय-भाव

प्रस्तुत निबन्धको विषयवस्तु भनेको सामाजिकता हो । मानवमा मानवमूल्य एवम् नैतिकता ह्रास हुँदै गएको कुरालाई निबन्धकारले अभिव्यक्त गरेकी छन् । समाजमा हुने खाने र हुँदा मात्रै खाने दुई खाले सामाजिक अन्तरद्वन्द्व निबन्धकारले प्रस्ट्याउने काम गरेकी छन् । यो तथ्यपूर्ण कुरो उद्घाटन नै यो निबन्धको केन्द्रिय विषयवस्तु भएर आएको छ । प्रस्तुत निबन्धमा निबन्धकार घिमिरेको प्रगतिवादी विचार प्रस्ट रूपमा झल्किएको छ । यसको दह्रो प्रमाण भनेको उनको यो भनाइबाट पनि स्पष्ट हुन्छ -'मैले त्यही समयमा हुने र नहुनेबीच खाडल देखेँ । थपिएको टालोभित्र मैले आर्थिक खाडल मात्र देखिनँ, त्यसमाथि लामालामा वर्गीय खाडल पनि देखेँ ।' (घिमिरे, २०६७: ८६) यसरी शोषित वर्गको पक्षपोषण गर्दै शोषक वर्गको उछितो काड्ने काम प्रस्तुत निबन्धको उक्त सारगर्भित विचारले गरेको हुँदा यो निबन्धको विचार प्रगतिवादी धरातलमा केन्द्रित छ । वस्तुपरक ढङ्गबाट वैचारिक दृष्टिकोण प्रवाह गर्नु उनको यस निबन्धको लक्ष्य हो । वास्तवमा उनी लुगा नपाएर नग्न भएकी होइनन्, यहाँ समाजको आवरणको नाममा छोप्न खोजिएको छ । समाजका प्रत्येक भनाइले खराबपक्षको पर्दाफास गर्दै समाजले भोगिरहेका व्यथा, कुण्ठालाई अभिव्यक्त गरी समाज सुधारक र मानवतावादी चिन्तनमा अग्रसर हुन आव्हान गरिएको छ ।

### ४.१२.३ संरचना-शैली

प्रस्तुत निबन्धमा निबन्धकार घिमिरेले आत्मपरकता, हार्दिकता, बौद्धिकता तथा सङ्क्षिप्तता शिल्पपक्षलाई गद्यात्मक भाषामा बान्की पुऱ्याएर लेखेकी छन् । निबन्धमा प्रयुक्त भाषा सरल, सहज, हार्दिक, कोमल, सम्प्रेषणीय र रागात्मक पक्ष रहेको देखिन्छ । घिमिरेले आफ्नो विचार र विषयवस्तुलाई पाठक समक्ष प्रसारित गर्न निर्माण गरिएका शब्द, वाक्यगठन र अनुच्छेदको बनोटलाई निबन्धमा भाषा र भावका माध्यमबाट समन्वय गरेकी छन् । विषयलाई शृङ्खलित क्रममा विस्तार गर्ने क्रम यस निबन्धमा पनि भएको छ । पाठकलाई उत्सुकता र उत्साह प्रदान गर्ने आफ्नै निजी शैली अवलम्बन गर्नु घिमिरेको निबन्धगत वैशिष्ट्यता हो । यसरी आफ्नो व्यक्तिगत यथार्थ कहानी घरपरिवारको आर्थिक, सामाजिक अवस्थालाई दर्शाउने क्रममा उक्त निबन्धको रचना भएको देखिन्छ ।

यसरी गद्यात्मक भाषाको बहुलता रहेको प्रस्तुत निबन्ध बाह्रवटा अनुच्छेदमा सङ्ग्रहित रहेको छ । सरल, सहज सर्वसाधारण ठेट शब्दको प्रयोग  निबन्धमा भएको छ । निबन्धकारको कथनात्मक अभिव्यक्तिको क्रमशः शृङ्खला यो निबन्धबाट पनि अगाडि बढिरहेको छ । निबन्धकारले यस निबन्धमा बढी मात्रामा प्रश्नार्थक चिन्हको प्रयोग गरेको देखिन्छ । प्रस्तुत निबन्ध निबन्धकार स्वयम् म पात्र बनेर कथन अभिव्यक्ति दिएको हुनाले प्रथम पुरुष दृष्टिबिन्दु युक्त आत्मपरक निबन्ध रचना हो । विषयवस्तुगत दृष्टिले हेर्दा शीर्षकको तालमेल अत्यन्तै मेल खाएकाले निबन्ध उत्कृष्ट ठहरिएको छ ।

### ४.१२.४ उद्देश्य

एकातिर घरको कमजोर आर्थिक अवस्था र अर्कातिर आफूलाई परिवारले बेकम्मा सन्तान ठानेका कारण निबन्धकारले बाल्यकाल भरी राम्रो लुगा लगाउन पाएकी थिइनन् । उनले टालेका बोराका पाइजामा लगाउन विवश हुन्थिन् । उनले टालोमाथि टालो हालेर कयौँ पटक ती मैला धैला पाइजामा लगाएर लाज ढाक्ने गर्दथिइन् । निबन्धमा घरपरिवारले आफूलाई दोस्रो दर्जामा राखेको अभिव्यक्ति दिएकी छन् । लाटी विकलाङ्ग भएकै कारणले गर्दा बाबुआमाले पनि सरसफाइमा उनलाई ध्यान नदिएको कुराको खुलासा गरेकी छन् । ती टालेका पाइजामा पनि

फाटेर उनका गुप्ताङ्ग देखिँदा असंवेदनशील मान्छेहरूले गिज्जाएको र साह्रै निर्दयी भई ढुङ्गा र माटाका ससाना टुक्राले हिर्काएको घटनालाई प्रस्तुत निबन्धमा उल्लेख गरेर निबन्धकारले मान्छेका दानवीय परपीडक प्रवृत्तिलाई उदाङ्गो पारिदिएकी छन् । निबन्धकार घिमिरेले आफूले बाँचेको र देखेको नेपाली समाजका त्यस्ता कयौँ कुरूप पक्षहरूलाई इमानदारीताका साथ निर्भीक भएर सबैका सामु छरपष्ट पारिदिएकी छन् ।

## ४.१३ 'कापी कलम पाएको त्यो पल' निबन्धको अध्ययन र विश्लेषण

### ४.१३.१ परिचय

निबन्धकार झमक घिमिरेको आत्मजीवनी परक निबन्ध सङ्ग्रह अन्तर्गत **कापी कलम पाएको त्यो पल** निबन्ध बाह्रौँ स्थानको निबन्ध रचना हो । निबन्धकार लेख्ने अभ्यासको थालनी गर्दा कापी कलम नपाएर लेख्न नपाएको र धूलामा कोरेर सिकेको क्षणमा कलम कापी पाउँदाको स्मरणलाई प्रस्तुत निबन्धको विषयवस्तु बनाएकी छन् ।

### ४.१३.२ विषय-भाव

यस निबन्धमा उनले आफ्ना बाबुसँग कापी कलम माग्दा भोग्नु परेको निर्मम पिटाइ र अपहेलनालाई उल्लेख गरेकी छन् । त्यस पछाडि आफ्नो पढाइ प्रतिको रुचि र प्रगति देखेर बाबुको सोचमा क्रमशः परिवर्तन आएको घटनालाई पनि व्यक्त गरेकी छन् । आफूलाई पढ्ने सामग्री उपलब्ध गराइदिने बहिनी मीनाको उनले मुक्तकण्ठले प्रशंसा गरेकी छन् । बहिनीले उनलाई हरेक दिन जसो नयाँ नयाँ किताब ल्याइदिने गर्दथिन् । त्यस क्रममा उनको अध्ययनको क्षेत्र भनेको साहित्य, विज्ञान र सामाजिक विषयका पुस्तकहरू नै थिए । निकै रुचि लगाएर अध्ययन गर्ने घिमिरेले आफ्नो ज्ञानको क्षितिजलाई फराकिलो बनाउँदै गएको देखिन्छ । यसरी यस निबन्धको विषयवस्तु भनेकै उनको पढाइ र पढ्ने चाहना प्रति केन्द्रित रहँदै उनको अध्ययन र ज्ञानको क्षेत्रसँग सम्बन्धित रहेको देखिन्छ । यो निबन्ध घिमिरेले समालोचनात्मक तरिकाबाट व्यक्तिगत घटनामा आफूले थोरै भए पनि पाएको सफलतालाई ठम्याई शीर्षकको निर्माण गरेकी छन् । कापीकलम पाएपछि आफ्नो मनका भावनाहरू अक्षरहरूको माध्यमबाट व्यक्तगर्ने अभिलाषा जसरी साकार रूपमा परिणत भयो र त्यही अक्षरकै माध्यमबाट अन्य

मान्छेसँग संवाद गर्न थालिन् त्यसपछि आफू पनि अब सक्षम भएको कुरा प्रमाणित गरेको कुरा प्रस्तुत निबन्धको केन्द्रीय कथ्य हो । सकारात्मक कामका लागि गरिरहेका प्रयासहरू जहिले पनि सफल हुन्छन् । त्यस्ता प्रयासले नकारात्मक धारणा राख्ने व्यक्तिहरूका प्रवृत्तिलाई पनि परिवर्तन गरिदिन सक्षम हुन्छन् भन्ने तथ्यगत उद्देश्य प्रस्तुत निबन्धको रहेको छ ।

### ४.१३.३ संरचना-शैली

प्रस्तुत निबन्धमा निबन्धकार घिमिरेले आठवटा अनुच्छेद सँगालेर संरचना दिएकी छन् । मझौला आकारको यो निबन्धमा सरल भाषागत अभिव्यक्ति व्यक्त भएको छ ।

यसरी आयामगत दृष्टिले हेर्दा विषयवस्तु व्यापक भए पनि छोटो समयमा पढ्न सकिने गरी महत्त्वपूर्ण विचारहरू राख्दै निबन्ध तयार पारिएको छ । प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग गर्दै सरल सुललित भाषा प्रयोगले निबन्ध उत्कृष्ट बनेको छ । विचारहरू लेख्ने साधनको व्याख्या गर्दै निबन्धको शीर्षकले आशा र प्रगतिको उत्कट चाहना बोकेको हुनाले शीर्षकको हिसाबले पनि निबन्ध सवल र सक्षम देखिन्छ ।

### ४.१३.४ उद्देश्य

यस निबन्धले समाज सुधार, आदर्श, धर्म, नारीवादी चेतनाप्रति गम्भीर विचार राखेको देखिन्छ । वस्तुपरक ढङ्गबाट आफ्ना निजी विचारहरूलाई अरु समक्ष प्रवाह गर्दै सिङ्गो सामाजिक परिवेशलाई प्रस्ट्याउने काम यस निबन्ध  मार्फत भएको छ । उनले भोगेका, अनुभव गरेका र देखेका कुराको माध्यमबाट यथार्थपरक ढङ्गले पाठक समक्ष वैचारिक दृष्टिकोण प्रवाह गर्ने लक्ष्य निबन्धको रहेको छ ।

निबन्धमा पौराणिक विषयवस्तु भगवान् राम र सीताको प्रसङ्ग उनले बाबुको लुकाएर राखिएको रामायणको पुस्तक चोरेर पढ्दा उल्लेख गरेकी छन् । रामायणमा पुरुषले नारीप्रति गर्ने अविश्वासलाई भगवान् रामको चरित्रबाट हेर्ने चेष्टा गरेकी छन् । रामले आफ्नी श्रीमती सीतामाथि गरेका अविश्वासलाई बेइमानका रूपमा व्याख्या गरेकी छन् । मर्यादा पुरुषोत्तम भनी चित्रित भएका राम नारीवादी दृष्टिबाट हेर्दा सज्जन नभएको कुरा दर्शाएकी छन् । यसले गर्दा

पनि प्रस्तुत निबन्धले नारी अस्तित्वको बारेमा बोलेको देखिन्छ । यसमा पितृसत्तात्मक व्यवस्थाको विरोध गरेको पनि देखिन्छ ।

## ४.१४ 'भूतप्रेत, भगवान् र विश्वास' निबन्धको अध्ययन र विश्लेषण

### ४.१४.१ परिचय

प्रस्तुत निबन्ध झमक घिमिरेको आत्मजीवनी परक निबन्ध सङ्ग्रह **जीवन काँडा कि फूल** अन्तर्गत सङ्कलित तेह्रौँ निबन्ध रचना हो । निबन्धकार घिमिरेले बाल्यकालमा अनुभूति गरेका विभिन्न किसिमका तीता मीठा अनुभवहरूलाई समावेश गरेर निबन्धको विषयवस्तु बनाइएको छ ।

### ४.१४.२ विषय-भाव

उक्त निबन्धमा नेपाली समाज रुढिवादी र अन्धविश्वासले ग्रसित समाज हो भन्ने कुराको खण्डन गरिएको छ । समाजमा भएका विविध पक्षहरूलाई समावेस गराएर विषयवस्तु बनाउन प्रखर स्रष्टा निबन्धकार घिमिरे हुन् । समाजमा अज्ञानताका कारण मान्छेहरू अन्धविश्वासलाई संस्कारका रूपमा पालना गर्न अभिशप्त रहेको देखिन्छ । निबन्धकार सानो छँदा आफ्ना बाबुले भन्ने गरेका आश्चर्यजनक लोककथाहरू र तिनमा वर्णित पात्रहरूको बारेमा सोच्ने एवम् कल्पनामा हराउने घटना बताउँदछिन् । उनले समाजका मान्छेहरूले भूतप्रेत, भगवान् र पूर्वजन्मको बारेमा थोरबहुत कुरा गरेको अनुभव समावेश गरेकी छन् । उनले त्यस बालअवस्थाको मस्तिष्कमा रुढिवादी मान्यताले प्रभाव पार्न थालेको र निर्जीव ढुङ्गालाई भगवान् ठानेर पूजा प्रार्थना गर्ने गरेको स्थितिको बारेमा मूल्याङ्कन स्वरूप अर्थाएकी छन् । निबन्धकार घिमिरेले आज मान्छेले भन्ने र पालना गरेका एवम् आफू स्वयम्ले पनि समाजकै प्रभावमा विश्वासमा फसेका ती अवैज्ञानिक, अवस्तुवादी, कपोलकल्पित मान्यताहरू रहेछन् भन्ने कुराको निबन्ध मार्फत निष्कर्ष निकाल्छिन् । हाम्रो नेपाली समाजमा विभिन्न खाले अन्धविश्वास, कुसंस्कार एवम् कुरीतिले गर्दा हामीमा पछौटेपन र अवनति विद्यमान रहेको कुराको मूल भाव निबन्धको रहेको छ ।

### ४.१४.३ संरचना-शैली

निबन्धकार घिमिरे आत्मपरक एवम् स्वच्छन्दतावादी निबन्धकार हुन् । वस्तुतः उनका निबन्धहरू आत्मपरक ढङ्गबाट स्वयम् व्यक्तिगत घटना, सम्झना, आफ्ना उमेर अवस्थाका मानसिक, शारीरिक, सामाजिक यावत् विषयलाई उठान गरेर कलात्मक ढङ्गबाट निबन्धको बान्की दिएको देखिन्छ । उनको यस निबन्धले पाठकलाई उत्सुकता, उत्साह र कुतूहलता प्रदान गर्न सक्षम देखिन्छ । आफ्नो निजी शैली अवलम्बन गरेर निबन्ध रचना गर्नु घिमिरेको निबन्धगत वैशिष्ट्य हो । यस निबन्धमा प्रयुक्त भाषा सरल, सहज, हार्दिक, कोमल, सम्प्रेषणीय, रागात्मक एवम् हृदयस्पर्शी रहेको छ । घिमिरेले आफ्नो विचार वा कुनै पनि त्यस्ता विषयवस्तुलाई अरु समक्ष प्रसारित गर्न निर्माण गरिएको शब्द, वाक्य र अनुच्छेदको बनोटलाई निबन्धमा शैली दिएकी छन् । उनको यस निबन्धमा भाषा र भावको समन्वय देखिन्छ । साना ठूला गरेर जम्माजम्मी आठ अनुच्छेदमा प्रस्तुत निबन्ध संरचना गरिएको छ । निबन्धमा तर्कसङ्गत अभिव्यक्ति, वस्तुपरक शैली र समापनको सुगठितता जस्ता विषय यहाँ भेट्न सकिन्छ । विषय अनुरूप हार्दिकता, बौद्धिकता र तार्किकताको उपयोग उनको यो निबन्धमा पाइन्छ । पुराना र विश्वास भत्किएका मान्यताको विरोध गर्न सफल भएको हुनाले निबन्धको शीर्षक सार्थक देखिन्छ ।

### ४.१४.४ उद्देश्य

नेपाली समाजको रुढिवादी र अन्धविश्वासलाई चिरफार गरेर सत्य वस्तुनिष्ठ तथ्यपरक वैज्ञानिक ढङ्गबाट प्रत्येक व्यक्ति र समाज बहनुपर्छ भन्ने उद्देश्य प्रस्तुत निबन्धले राखेको देखिन्छ । रुढिवाद र अन्धविश्वासमा रुमल्लिने मानिसले कहिले प्रगति गर्ने त्यतातर्फ सोच्न सबैलाई निबन्धले आग्रह गरेको देखिन्छ ।

तुलनात्मक रूपले उनको यो निबन्धमा आत्माभिव्यक्तिको प्रधानता नै भेटिन्छ । त्यसै गरी अनुभूतिको प्रधानता भेट्न सकिन्छ । जस्तैः 'म त्यही बाल्यकालका स्मृतिहरूलाई कोट्याइरहेछु । जसलाई मैले भोगेँ र सहज रूपमा अनुभूति गरेँ ।...... म मैले बनाएका ढुङ्गाका भगवान्हरूले कुनै प्रतिक्रिया नदिएपछि आक्रोशित हुन्थेँ, क्रोधित हुन्थे ।'(घिमिरे, २०६७: १०१) यो अभिव्यक्तिले पनि पुष्टि गर्दछ त्यो आक्रोश एवम् असन्तुष्टि परम्परागत

विश्वासको अस्तित्वमाथि एक प्रश्न चिन्ह छ भन्ने थाहा हुन्छ । प्रस्तुत निबन्धले अवस्तुवादी समाजमा हुर्केका हामी सत्य, तथ्य वस्तुनिष्ठ एवम् वैज्ञानिक आधारमा चल्नु पर्छ भन्ने दृष्टिकोण राख्न सफल भएको छ ।

## ४.१५ 'विभेदको युद्धमा म एउटा बोझ' निबन्धको अध्ययन र विश्लेषण

### ४.१५.१ परिचय

प्रस्तुत निबन्ध निबन्धकार झमक घिमिरेको आत्मजीवनी परक निबन्ध सङ्ग्रह **जीवन काँडा कि फूल** अन्तर्गत सङ्कलित चौधौँ निबन्ध रचना हो । प्रस्तुत निबन्धमा उनी सानैदेखि घरपरिवार र समाजमा विभेदको सिकार भएकी र शारीरिक रूपमा निर्वल भएका कारण आफूले भोगेका तुच्छ व्यवहार, मान्छेहरूको उपहास र अपहेलनाले गर्दा मर्माहत हुनुपरेको अवस्थालाई विषयवस्तु बनाएर यो निबन्ध रचना गरिएको छ । विविध पक्षलाई आफ्नो निबन्धको विषयवस्तु बनाउने निबन्धकार घिमिरेले आफूले भोगेका तीता मीठा अनुभवलाई सँगालेकी छन् ।

### ४.१५.२ विषय-भाव

आफू लाटी र विकलाङ्क भएकै कारण बाबुआमाले समेत गाली गर्दा उनलाई असह्य पीडा छँदै थियो, तर समाजका अन्य मान्छेहरूले आफूप्रति दर्शाएको अमानवीय व्यवहारले उनमा आक्रोश पैदा गरिदिन्थ्यो । त्यस्ता विभिन्न किसिमका अपमान र विभेदका व्यवहारलाई नियाल्ने गर्दथिन् तर आफ्नो जीवन गतिमय अवस्थामा अघि बढिरहेको थियो । आफूलाई निरूपाय ठमम्याइ पृथ्वीको भारका रूपमा घरपरिवार एवम् समाजका स्वार्थी र निर्दयी मान्छेहरूले गर्ने व्यवहारको पर्दाफास गर्नु प्रस्तुत निबन्धको उद्देश्य रहेको देखिन्छ । जिन्दगी भोगाइ हो यसमा तीता मीठा प्रशस्त अनुभवहरू सँगालिन्छन् र निराशाका क्षणहरू सम्झेर अत्तालिने होइन त्यसबाट पाठ सिक्दै सहज बाटोतर्फ जीवनलाई लैजानुपर्छ भन्ने मूल भाव निबन्धले बोकेको देखिन्छ । प्रस्तुत निबन्ध बौद्धिकता प्रबल भएको प्रगतिवादी निबन्ध हो । यसर्थ यो निबन्ध यथार्थपरक ढङ्गबाट वैचारिक सेरोफेरो बोकेको निबन्ध हो । प्रस्तुत निबन्धमा आत्मतत्त्व र वस्तुतत्त्वको मिश्रण पाइन्छ ।

## ४.१५.३ संरचना-शैली

प्रस्तुत निबन्धलाई स्रष्टा घिमिरेले सङ्क्षिप्त आयाम दिएकी छन् । आकारगत हिसाबले हेर्दा घिमिरेको यो निबन्ध सङ्क्षिप्त वर्णनात्मक रूपमा रहेको छ । व्यापक विषयवस्तुलाई छोटो समयमा पढी सकिने गरी यो निबन्ध तयार पारेको देखिन्छ । यस निबन्धमा १२०० शब्द प्रयोग भएको आयतनका हिसाबले छोटो मीठो निबन्ध रचना रहेको छ । आफ्ना विचार, भाव र अनुभूतिलाई 'म'अर्थात् स्वयम् निबन्धकार भएको हुनाले प्रस्तुत निबन्धमा प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ । वस्तुपरक एवम् तथ्यपरक ढङ्गबाट उनको यो निबन्ध सृर्जित भएको छ । आत्मपरकता निबन्धकार घिमिरेको निबन्धात्मक शिल्पी हो । निबन्धमा हुनुपर्ने गद्यात्मक भाषा प्रभावकारी ढङ्गबाट प्रस्तुति भएको छ । विवरणसहित वर्णनात्मक शैलीको अवलम्बन यस निबन्धमा गरिएको पाइन्छ । विषयलाई शृङ्खलित क्रममा विस्तार गर्दै घटनालाई रोचक तथा चाखलाग्दो ढङ्गमा प्रस्तुत गर्नु एवम् पाठकलाई उत्सुकता र उत्साह प्रदान गर्ने आफ्नै निजी शैली निबन्धकारले अवलम्बन गरेको देखिन्छ । जस्तै : 'मसँग पनि एउटा कोमल मन थियो जसले मीठो, तीतो कुराको अनुभूति गर्न सक्थ्यो, पीडामा रुन सक्थ्यो, केही कुरामा खुसी हुँदा मज्जाले रमाउन सक्थ्यो ।' (घिमिरे, २०६७: १०४) यो तथ्यबाट पनि प्रमाणित हुन्छ ।

## ४.१५.४ उद्देश्य

वैचारिक दृष्टिले सन्देश प्रवाह गर्नु घिमिरेको यस निबन्धको लक्ष्य हो । यस निबन्धमा मानवमा मानवत्व हुनुपर्ने, आदर्श गुण हुनुपर्ने कुरातर्फ ध्यान पुऱ्याउन खोजिएको छ । साथै आत्माभिव्यक्तिलाई वैचारिक कसीमा ढालिएको उत्कृष्ट निबन्ध रचना हो । मानिसको सभ्यता र पहिचानको आवश्यकताको खाँचो निबन्धले देखाउन खोजेको छ । उनको यो निबन्ध उनकै व्यक्तित्वको प्रकाशन हो ।

प्रस्तुत निबन्धमा निबन्धकार घिमिरेले प्रगति पथमा उत्कठ अभिलाषाको राखेकी छन् । जिन्दगीका प्रत्येक पल उही गति र अवस्थामा बढ्दैनन्, उतारचढाव भइनै राख्छन् भन्दै आफूले यो निबन्धको विषयवस्तुको अवस्थाभन्दा अगाडि साह्रै कष्टसँग बाँचेकी, भोगेकी र अबको जिन्दगी सुन्दरसँग बाँच्ने अभिलाषा प्रकट गरेकी छन् । मानिसले आफू हिँड्ने बाटो अर्थात्

जिन्दगीको बाटो आफैँ बनाउन सिक्नुपर्छ भन्ने धारणा प्रस्तुत गरेकी छन् । विभेदकारी समाजमा आफूजस्ता पात्रहरू बोझका रूपमा होइन सुन्दर मुना भएर मुस्कुराउने लक्ष्य राखेको देखिन्छ । जीवनलाई नयाँ ढङ्गबाट बुझ्न र अघि बढाउन आग्रह गरिएको प्रस्तुत निबन्धको शीर्षक सार्थक र सक्षम देखिन्छ ।

## ४.१६ 'जातीय विभेदहरूबिच म' निबन्धको अध्ययन र विश्लेषण

### ४.१६.१ परिचय

**जातीय विभेदहरूबिच म** निबन्ध झमक घिमिरेको **जीवन काँडा कि फूल** आत्मजीवनपरक निबन्ध सङ्ग्रहमा सङ्कलित पन्ध्रौँ निबन्ध रचना हो । यस निबन्धमा नेपाली समाजमा रहेका रुढिवादी र खराब चिन्तनहरू मध्ये जातीय विभेद पनि एक हो भन्ने विषयलाई आधार बनाएर लेखिएको छ । समाजमा वर्गीय र जातीय परिपाटीको सुरुवात् भई आजको विद्यमान समाजले वर्गीय, जातीय, विकृति, दुर्दशा भोग्नु परेको तर्क यस निबन्धमा प्रस्तुत गरिएको छ । साथै हामीमा विभाजनको रेखा कोरेको तथ्योद्‌घाटन गरिएको छ । जातीय अतिवादको खण्डन गर्नु यस निबन्धको लक्ष्य रहेको देखिन्छ । निबन्धले मान्छे मान्छेमा कुनै भेद, कुनै द्वेष, इर्स्या नभइदिए हुन्थ्यो भन्ने उद्देश्य राखेको छ । यसका साथै विभेदरहित समाजको परिकल्पना गरेको देखिन्छ ।

### ४.१६.२ विषय-भाव

प्रस्तुत निबन्ध सामाजिक विषयवस्तुलाई आधार बनाएर लेखिएको छ । प्रस्तुत निबन्धमा उनले आफूले आफ्नो गाउँ समाजमा देखे भोगेको जातीय छुवाछुतको सन्दर्भको उठान गर्दै आफ्नो हजुरआमाको छुवाछुतको व्यवहारलाई खुलस्तसाथ प्रस्तुत गरेकी छन् । आफ्नी हजुरआमा जस्ता पात्रको क्रियाकलापबाट समाजमा विद्यमान जातीय छुवाछुतको व्यवहारलाई चिरफार गर्ने काम गरेकी छन् । आफ्नी हजुरआमामा भित्र रहेको जातीय छुवाछुतको अटल भेदभावको व्यवहार र आफ्नी आमा र बाबुमा रहेको जातीय विभेदलाई पुस्ता अनुसार तुलना गर्दै फरक देखाउन खोजेकी छिन् । हजुरआमा रहँदासम्म गाउँका तल्ला भनिने जातका मानिस, केटाकेटी आँगनसम्म पनि टिप्किन पाउन्नथे भने आमा र बाबुको समयमा केही खुकुलो भई उनीहरू

दैलोसम्म जान सक्ने अवस्थाको सिर्जना भएको कुराको उल्लेख गरेकी छन् । यसरी पुस्ता अनुसार जातीय विभेदमा फरक अवस्थाको सिर्जना भएको छ भन्ने तथ्यको रहस्योद्घाटन गर्न खोजिएको छ । यस प्रकार नेपाली समाजमा जरो गाडेर बसेको पुरातन रुढिवादी संस्कार र संस्कृतिको परिणामको उल्लेख यो निबन्धले गर्न चाहेको देखिन्छ । अतः उनको परिवार विशेषले मात्र यस्तो व्यवहार नगरेको समाजमा अर्थात् सामूहिक रूपमा पनि यस्तो गरिन्छ भन्ने भाव निबन्धले बोकेको छ ।

## ४.१६.३ संरचना-शैली

प्रस्तुत निबन्धलाई संरचनात्मक दृष्टिले हेर्दा छ वटा अनुच्छेदमा संरचित छ । जातीय विभेदको रहस्योद्घाटन गर्नु निबन्धको केन्द्रीय विषयवस्तु भएको छ । उनले सामाजिक विभेदभित्र रहेको जातीय विभेदको वस्तुस्थितिलाई चित्रण गर्दै बौद्धिकता तथा हार्दिकताका माध्यमबाट प्रस्तुति गरेको पाइन्छ । यस अर्थमा पनि निबन्धमा व्यवहारोपयोगी अनुभवजन्य विचार प्रस्तुत गरिएको छ । प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग यो निबन्धमा भएको छ । वस्तुपरकतामा उनको यो निबन्ध रमाएको देखिन्छ । यस निबन्धमा प्रयुक्त भाषा सरल, सहज, सम्प्रेषणीय, हृदयस्पर्शी र रागात्मक देखिन्छ । निबन्धमा रहेको विषयवस्तुलाई शब्द वाक्य र अनुच्छेदको समन्वयले भावलाई प्रभावकारी ढङ्गमा प्रस्तुत गरेको छ । निबन्धले विषयलाई शृङ्खलित क्रममा विस्तार गर्दै आफ्ना व्यक्तिगत घटनालाई समेट्दै सामाजिक तथ्यलाई चाखलाग्दो ढङ्गमा प्रस्तुत गरेको छ । साथै पाठकलाई उत्साह र उत्सुकता थप्दै आफ्नो निजी शैली अपनाएको देखिन्छ ।

## ४.१६.४ उद्देश्य

मान्छेभित्रका रुढिवादी सोँच, भ्रम र कुरूप पक्षको जानकारी प्रस्तुत गर्दै, वैज्ञानिक सोँच, चिन्तन आउँदै समाजका प्रत्येक नागरिक प्रति चेतनशीलता आउनुपर्ने लक्ष्य राखेको देखिन्छ । यो निबन्धको उद्देश्य भनेको विभेदरहित समाजको परिकल्पना गर्नु हो । जहाँ मानिसले आफू मान्छे जाति मात्र भएकोमा अनुभूति गर्न पाओस् यस्तो चाहना निबन्धले राखेको देखिन्छ । सामाजिक विषयवस्तुलाई वैचारिक कसीमा ढालिएको प्रस्तुत निबन्धले जातीय विभेदको अन्त्य

गर्दै समाज सुधारको चाहना राखेको छ । आजको सभ्य भनिने समाजमा मान्छेले आफ्नो मान्छे जातिको अवमूल्यन गर्दै गएको कुरामा निबन्धले व्यङ्ग्य प्रहार गरेको देखिन्छ । नेपाली समाजले परिभाषा गर्ने उच्चो र निच्चो व्यवहारलाई जरैदेखि उखेल्न उत्कट चाहना बोकेको प्रस्तुत निबन्धको शीर्षक सार्थक देखिन्छ । निबन्धकार घिमिरेलाई पनि अछुतमा पनि महाअछुत जातकी ठम्याइएको थियो, त्यो लाटो जात थियो । यस यथार्थपरक घटनालाई तथ्य बनाउँदै उनीभित्रको विभेदलाई नेपाली जातिप्रतिको विभेद छुवाछुतको अभद्र व्यवहार जस्ता क्रियाकलापलाई सँगै जोडेर निबन्ध मार्फत प्रस्तुत गरेको हुनाले यो निबन्धले उत्कृष्ट विचार प्रवाह गरेको छ ।

## ४.१७ 'किशोरावस्थाका चेतना र उत्सुकता' निबन्धको अध्ययन र विश्लेषण

### ४.१७.१ परिचय

प्रस्तुत निबन्ध झमक घिमिरेको **जीवन काँडा कि फूल** आत्मजीवनी परक निबन्ध सङ्ग्रहमा सङ्कलित सोह्रौं निबन्ध रचना हो । प्रस्तुत निबन्धमा निबन्धकार झमक घिमिरे आफू बाल्यावस्थाबाट किशोरावस्थामा आइपुग्दा भोगेका तीता मीठा अनुभवहरूको अभिलेखका रूपमा रहेको विषयवस्तुलाई आधार बनाएर लेखिएको निबन्ध रचना हो । निबन्धकार आफू किशोरावस्थामा प्रवेश गरेपछि शारीरिक र मानसिक परिवर्तनले देखापरेको अनुभव सँगालेकी छन् । मानिस किशोरावस्था भएपछि  त्यसभित्र जाग्ने भोक, प्यास, तृप्ति, आदि इत्यादिको चाहना र त्यसले निम्त्याउने राम्रा नराम्रा पक्षको रहस्योद्घाटन गर्नु निबन्धको लक्ष्य रहेको देखिन्छ । यसका साथै निबन्धकार किशोरावस्थामा रहँदा अध्ययनको भोक अत्यन्तै जुर्मुराएर आएको देखिन्छ । समाजमा विद्यमान भेदभावपूर्ण व्यवहारमा पर्ने छोरीले पढ्नु हुँदैन, चूलो चौकामा सीमित हुनुपर्ने अवस्था थियो भने अझ उनी शारीरिक अवस्थामा विकलाङ्क र लाटी ठानिएकी छोरी भएका कारण घरपरिवार र समाजले भेदभावपूर्ण व्यवहार गरेको असन्तुष्टि प्रकट भएको छ ।

### ४.१७.२ विषय-भाव

प्रस्तुत निबन्धमा निबन्धकार घिमिरेले आफ्नो किशोरावस्थाको क्षणलाई आफ्ना बाबुआमा र समाजले आफूप्रति गरेको उपेक्षाको घटनालाई प्रस्तुतिको माध्यम बनाएकी छन् ।

प्राकृतिक रूपमा स्वतन्त्रता खोज्नु उनको कुनै दोष होइन न कि कुनै ठूलो माग नै हो । आफू छोरी भएर जन्मेकै कारण आफूले असमानता र उपेक्षा भोग्नु परेको कटु यथार्थलाई निबन्धको केन्द्रीय कथ्य बनाएकी छन् । विभिन्न भेदभाव मध्ये लैङ्गिक भेदभाव पनि नेपालको एक कुरूप पक्ष रहेको छ, यसले समाजमा निकै असमानता निम्त्याएको छ त्यसलाई जरैदेखि मिल्काउनु नितान्त जरुरी निबन्धले ठानेको देखिन्छ । निबन्धकारले नेपाली समाजमा रहेको सामाजिक, सांस्कृतिक पक्षभित्र रहेका खराब प्रकृतिलाई निर्मूल पार्ने उद्देश्य राखेकी छन् । अज्ञानता र अन्धविश्वासको कारण उत्पन्न भेदभावले एउटै कोखबाट जन्मिएका छोराछोरीका बीचमा ठूलो असमानता अझै हाम्रो समाजमा विद्यमान रहेको सन्दर्भलाई निबन्धले अभिव्यक्तिको माध्यम बनाएको छ । त्यस्ता सोचाइ र संरचनालाई भत्काएर समानताको खाँचो औंल्याइएको छ । लैङ्गिक विभेद भनेको समाजको कुरूप पक्ष हो भन्दै त्यसलाई निर्मूल पार्ने लक्ष्य यस निबन्धले राखेको छ ।

### ४.१७.३ संरचना-शैली

प्रस्तुत निबन्ध संरचनाका दृष्टिले हेर्दा मझौला आयतन भएको आठ अनुच्छेदमा सङ्गृहीत छ । छोटा छोटा वाक्यगठन, ठेट शब्दको प्रयोग, स्वच्छन्द रूपमा विषयवस्तुगत अभिव्यक्तिलाई प्रयोग गरेको पाइन्छ । घिमिरे आत्मपरक निबन्धकार भएको हुनाले प्रस्तुत निबन्धमा आत्मपरकताभित्र वर्णात्मक शैलीको अवलम्बन गरिएको छ । गद्यात्मक भाषा प्रयोग गर्नमा निबन्धकार यो निबन्धमा कहीँ कतै नचुकेको देखिन्छ । वस्तुपरक शैलीमा तर्कसङ्गत अभिव्यक्ति उनको यस निबन्धमा भेट्न सकिन्छ । प्रथम पुरुष दृष्टिबिन्दुको प्रभावकारी प्रयोग प्रस्तुत निबन्धमा भएको छ ।

### ४.१७.४ उद्देश्य

निबन्धमा नेपाली समाज अझै पनि पूरातन सोचाइ, चिन्तन अन्धविश्वास रुढिवादीताबाट ग्रसित हुदै अगाडि बढेको तथ्यउद्घाटन आफू पात्र भएर केलाएने चेष्टा गरेकी छन् । यस्तो अवस्थाबाट ग्रसित समाजको पर्दाफास गर्दै सभ्य सुसंस्कृत र चेतनायुक्त अग्रगामी विचार लिएर अगाडि बढनुपर्छ भन्ने उद्देश्य यो निबन्धले बोकेको छ । उनका प्रायजसो

निबन्धहरूमा आत्माभिव्यक्तिको प्रधानता भए जस्तै यस निबन्धले पनि ठाउँ लिएको पाइन्छ । जस्तै : 'म आफ्नाहरूको माझ भएर पनि एक्ली भएकी थिएँ । कारण म किशोरावस्थामा पुगेपछि बढी स्वतन्त्रताको चाहना गर्थे, सबै कुरामा आफ्नो स्थान सुरक्षित होस् भन्ने चाहन्थेँ । तर त्यो चाहना कहिल्यै पूरा हुन सकेन । किनभने म छोरीको यौनाङ्ग लिएर जन्मेकी थिएँ । प्रत्येक कुरामा दोस्रो हकदार । सायद छोराको यौनाङ्ग लिएर जन्मेकी भए म पहिलो हकदार हुन्थेँ होला ।' (घिमिरे, २०६७:११४) यसरी आत्माभिव्यक्तिको वैचारिक दृष्टिकोण प्रवाह गर्न सफल रहेकी छन् । जसमा व्यक्तिगत घटनाका आधारलाई सामग्री बनाएर निबन्धलाई प्रस्तुत गरिएको छ । यसले गर्दा पनि निबन्धको शीर्षक सार्थक देखिन्छ ।

## ४.१८ 'नामसँग विद्रोह' निबन्धको अध्ययन र विश्लेषण

### ४.१८.१ परिचय

प्रस्तुत निबन्ध झमक घिमिरेको **जीवन काँडा कि फूल** आत्मजीवनी परक निबन्ध सङ्ग्रहमा सङ्कलित सत्रौं निबन्ध रचना हो । उनलाई नामका पछाडि जोडिने स्त्रीलिङ्ग बुझाउने कुमारी, देवी र माया जस्ता शब्दहरू सानैदेखि मन नपरेको र आफ्नो नाममा कुमारी जोडिएको शब्दप्रति असन्तुष्ट रहेको विषयवस्तुलाई आधार बनाएर लेखिएको निबन्ध रचना हो । निबन्धकार घिमिरेले आफ्नो मनले, मस्तिष्कले जे कुराको आवश्यकता ठहऱ्याउँदैन, त्यो कुराप्रति वितृष्णा जनाएको देखिन्छ । 'झमक कुमारी घिमिरे' को  नामबाट नागरिकता बनेकोमा उनी असन्तुष्टि व्यक्त गर्दछिन् । तर साहित्य सिर्जनाका क्षेत्रमा आफू 'झमक घिमिरे' नामले चिनिन पाउँदा आफूलाई गर्व गर्छिन् । वास्तवमा साहित्यसँग जोडिएको नामलाई पुकार्न पाएकोमा आफ्नो जीवनको ठूलो सफलता ठम्याउँछिन्, त्यसलाई प्रिय नाम ठान्छिन्, जुन नाम सुन्दर कोपिलाजस्तै फक्रिरहेको छ । यसरी आफ्नो नामसँग जोडिएको कुमारी शब्दले लैङ्गिक भेदभावलाई मलजल पुऱ्याइरहेको ठान्दछिन् । निबन्धकार घिमिरेलाई पुरोहितले न्वारनका दिन राखिदिएको नामसँग विद्रोह गर्नु परेको स्वयम्को स्पष्टोक्ति रहेको छ ।

### ४.१८.२ विषय-भाव

प्रस्तुत निबन्धमा निबन्धकार घिमिरे आफ्नो नाममा कुमारी शब्द थपिँदा त्यो नामले लिङ्गविभेद सिर्जना गरेको ठान्दछिन् । आफू सधैँ स्वाभिमानी भएर बाँच्न चाहने यो कित्ता वा ऊ कित्ता मानेर छुट्टाउने प्रवृत्तिसँग असहमत हुँदै आफूले त्यो नामसँग विद्रोह गर्न पाउनुपर्छ भन्ने धारणा राख्दछिन् । निबन्धकार घिमिरे आफूलाई चित्त नबुझेको कुरामा विद्रोह गर्न पाउनुपर्छ, अन्यायमा परेको कुरामा आवाज बुलन्द गर्न पाउनु पर्छ भन्दै प्रगतिवादी दृष्टिकोण प्रवाह गर्न खोजिएको छ । निबन्धमा आफ्नो व्यक्तिगत घटनालाई आधार बनाएर आफ्नो झमक नामसँग जिन्दगीको अर्थ खोज्न मन लागेको देखिन्छ । दुनियाभित्रमा आफू हुनुको फरकपन खोजिरहेको देखिन्छ । यसर्थ उनले त्यसो गर्नलाई आफ्ना बाबुआमासँग मात्र विद्रोह होइन, त्यहाँबाट माथि उठेर पुरोहित हुँदै दुनियाँसँग विद्रोह गर्नु परेको तथ्योद्घाटन गरेकी छन् । प्रस्तुत निबन्धमा घिमिरेले आफ्नो व्यक्तिगत घटनालाई आधारमात्र बनाएर आफूभित्र रहेको वैचारिक दृष्टिकोण स्पष्ट रूपमा प्रवाह गर्न खोजेकी छन् ।

### ४.१८.३ संरचना-शैली

प्रस्तुत निबन्ध संरचनात्मक हिसाबले अत्यन्त सङ्क्षिप्त आयाममा संरचित छ । जम्मा जम्मी चार अनुच्छेदमा संरचित निबन्ध छोटो बसाइमा पढिसकिने अत्यन्तै चाखलाग्दो र सन्देश प्रवाहक निबन्धमा दर्ज भएको देखिन्छ । प्रस्तुत निबन्धमा घिमिरे आफ्नो जिन्दगीसँग विद्रोह, प्रत्येक समयसँग विद्रोह गर्दा गर्दै आफ्नै नामसँग पनि विद्रोह गरेको हुनाले निबन्धको विषयवस्तुसँग शीर्षकको तादाम्यता मिलेको छ । यस निबन्धमा भाषागत दृष्टिले हेर्दा उच्च कोटिको भाषाशैली देखिन्छ । आत्मकेन्द्रित भए पनि विचारलाई प्रवाह गर्न सक्षम देखिन्छ । अरु निबन्धमा जस्तो यस निबन्धमा सरल भाषा देखिदैंन । विचार र आफ्नो दृष्टिकोण प्रवाह गर्नका लागि जटिल शब्द प्रयोग गरेकी छन् । जस्तैः 'समयले झमकसँग धेरै कुरो खोस्यो । उसँगको स्वाभिमान खोस्न सकेन । आफ्नै जिन्दगीसँग विद्रोह, प्रत्येक समयसँग विद्रोह गर्दा गर्दै आफ्नै नामसँग पनि विद्रोह गरिसकेकी छे ।' यसरी शब्दमा जटिलता देखिए पनि विचार सशक्त देखिन्छ । आफ्नो मनमा उब्जिएको भावना र विचारलाई शब्दका माध्यमबाट अत्यन्तै कलात्मक तरिकाले पाठक समक्ष पस्किएकी हुनाले निबन्ध अत्यन्तै सशक्त देखिएको छ ।

### ४.१८.४ उद्देश्य

कुनै पनि जायज माग राख्दा नकारात्मक आरोप पनि लाग्न सक्छ भन्दै अधिकार प्राप्त गर्नको लागि डटेर लाग्नु पर्छ । भागेर अधिकार पाइँदैन भने खोसेर भए पनि लिनुपर्छ भन्ने अधिकारको बारे निबन्ध  मार्फत आवाज बुलन्द गर्न खोजेकी छन् । यस निबनधमा घिमिरे प्रगतिवादी निबन्धकारका रूपमा परिचित भएकी छन् । निबन्धकार घिमिरे बनेर नेपाली नागरिक झमक घिमिरे सिर्जनाका फाँटमा झमक घिमिरे बनेर जन्मिएकी थिईन जसको अर्थलाई उनले आफ्ना सिर्जना  मार्फत प्रस्टाएकी पनि छन् । मान्छे निरीह प्राणी होइन, बन्नु पनि हुँदैन प्रत्येक समयसँग सङ्घर्ष गर्नुपर्छ, विद्रोह गर्न सक्नुपर्छ, आफ्नो पीडासँग विद्रोह गर्नुपर्छ । जसरी उहिले रत्नाकार वाल्मीकि बने, विष्णुकुमारी वाइवा पारिजात बनिन् म लगायत हामी पनि आफूभित्रको आफू बन्न सक्नुपर्छ भन्ने सन्देश वाहक विचार प्रवाह गर्न निबन्धले खोजेको देखिन्छ ।

## ४.१९ 'ऋतुधर्म र बैंस' निबन्धको अध्ययन र विश्लेषण

### ४.१९.१ परिचय

प्रस्तुत निबन्ध झमक घिमिरेको **जीवन काँडा कि फूल** आत्मजीवनी परक निबन्ध सङ्ग्रहमा सङ्कलित अठारौं निबन्ध रचना हो । प्रस्तुत निबन्धको विषयवस्तु निबन्धकार रजस्वला भएपछि उनले अनुभूत गरेको फरक अनुभूतिको सङ्क्षिप्त वर्णनका रूपमा रहेको छ । किशोरावस्था विकसित हुँदै जाँदा केटाकेटीहरूमा शारीरिक विकासका साथसाथै मानसिक परिवर्तनहरू पनि देखापर्छन् त्यो अवस्था निबन्धकार घिमिरेको जीवनमा लागू भएको अवस्थालाई वर्णन गरेकी छन् । आइमाईको रजस्वला हुनुलाई प्रकृतिको एउटा अनमोल वरदानका रूपमा ठान्दछिन् ।

### ४.१९.२ विषय-भाव

निबन्धकारले प्रकृतिका विविधतालाई महिलामा शारीरिक अवस्थामा आउने फरक अवस्थालाई समेटेर यसरी व्यक्त गरेकी छन् - 'जसरी आरु वखडा, नासपाती, अम्बाका बोटहरू वैंसालु यौवन भरिएपछि फुल्छन्, उनीहरू फूलैफूलले छोपिएर हाँस्छन् । लालुपाते मखमली,

जाइजुहीहरू बैंस फक्रिँदा मज्जाले हाँस्छन्, त्यस्तै ममा पनि बैंसालु हावाले स्पर्श गर्दै गयो । वैंसालु रूपरङ्ग भरिँदै गयो । गालामा बैंसालु लाली चढ्दै गयो । अङ्गअङ्गमा त्यसको प्रभाव देखिँदै गयो । त्यही बैंस पूर्ण फक्रिनु थियो रजस्वला हुनु ।'(घिमिरे, २०६७:११८-११९) भन्ने दृष्टिकोण राख्छिन् । ऋतुचक्र चलिरहने प्रक्रिया जस्तै मान्छेले जीवनको एउटा अवस्थाबाट अर्को अवस्था पार गर्दै जान्छ, त्यो अवस्था मध्येमा बैंस पनि हो । बैंस भनेको अत्यन्तै चञ्चले स्वभाव, कुत्कुत्याउने अवस्था, जीवनको स्वतन्त्रता खोज्ने अवस्था, त्यसैगरी सुन्दर कल्पनाको स्वप्निल संसारमा रमाइरहने अवस्थाको मूल्याङ्कन गरेकी छन् । किशोरावस्थाका शारीरिक विकास, बुद्धि विकास र त्यसमा नारीले रजस्वला भएपछि सामाजिक रूपले अपमान भोग्नु पर्ने र स्वयम् आफूभित्रको पीडालाई भोग्न बाध्य हुनु परेको अवस्थाको चित्रण गर्न खोज्नु निबन्धको उद्देश्य हो । नेपाली समाजमा रजस्वलालाई लिएर छुत अछुत व्यवहार गर्न खोजेको कुरालाई दर्शाउन खोजेकी छन् । उनी परिवार र समाजले रजस्वला भएका महिलाहरूप्रति देखाएको भेदभावपूर्ण एवम् पाशविक व्यवहारको आलोचना गर्दछिन् ।

## ४.१९.३ संरचना-शैली

प्रस्तुत निबन्ध मझौला आयामका जम्मा जम्मी नौ अनुच्छेदमा संरचित रहेको छ । निबन्धलाई फरक ढङ्गले प्रस्तुत गरिएको छ । प्रकृतिभित्रको जैविक विविधता, फरकपन र सौन्दर्यलाई वर्णन गर्दै मानिसभित्र हुने शारीरिक अवस्थाका बारेमा व्याख्या गर्न खोजिएको छ । जसले गर्दा निबन्ध कलात्मक एवम् रागात्मक देखिन्छ । यस निबन्धमा पनि उनले आफ्ना परिवारका सदस्यलाई आलोचनाका पात्र बनाउन छोडेकी छैनन् । आत्मपरक ढङ्गले वर्णात्मक शैलीमा यो निबन्ध प्रस्तुत भएको छ । प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग अपनाइएको प्रस्तुत निबन्ध रागात्म देखिन्छ । आफ्नो विचारलाई प्रवाह गर्ने माध्यम प्रस्तुत निबन्धमा भएको देखिन्छ । लिङ्गीय विभेदको चर्चा यस निबन्धले गरेको देखिन्छ ।

## ४.१९.४ उद्देश्य

नेपाली समाजमा रहेको अज्ञानता अन्धविश्वासका कारणले गर्दा रजस्वला भएका नारीले दुःख कष्ट र अपमानको व्यवहार भोगेको ठहर निबन्धले गरेको छ । रजस्वला हुनुलाई

किशोरावस्थाको फक्रिएको फूलको अवस्थासँग तुलना गर्नुपर्छ भन्ने धारणा राख्छिन् । जसरी प्रकृतिमा रहेका विभिन्न वनस्पतिहरू समयको विकाससँगै बढ्दै जान्छन् र सुन्दर फूलहरू फुलाएर आफ्नो बैँसालु यौवन प्रदर्शित गर्छन्, त्यसैगरी नै केटाकेटीहरूमा पनि किशोरावस्था विकसित हुने क्रममा बैँसालु रूप रङ्गले भरिपूर्ण भएर सुन्दर कल्पनाको स्वप्निल दुनियाँमा रमाइरहेका हुन्छन् भन्ने उत्साह र आशाका किरण छरिदिने धारणा प्रस्तुत गर्दछिन् । यस निबन्धले प्रकृतिको ऋतुचक्रसँग मानिसको बैँसलाई तुलना गरेर प्रत्येक समय अर्थात् ऋतुले एउटा सुन्दर अवस्था सिर्जना गरेझैँ मानव चक्रमा पनि बैँसको अवस्था पनि एउटा सुन्दर अवस्था हो भन्ने शीर्षकलाई अत्यन्त तालमेल मिलाएर प्रस्तुत गरेको हुनाले निबन्ध सार्थक र उपयुक्त देखिन्छ ।

## ४.२० 'सम्भावनाहरूको खोजी' निबन्धको अध्ययन र विश्लेषण

### ४.२०.१ परिचय

प्रस्तुत निबन्ध झमक घिमिरेको **जीवन काँडा कि फूल** आत्मजीवनी परक निबन्ध सङ्ग्रहमा सङ्कलित उन्नाइसौँ निबन्ध हो । यस निबन्धमा झमक घिमिरे आफूले आफ्नै इच्छाशक्ति र प्रयत्नका कारण आफ्नो ज्ञानको मार्गलाई फराकिलो बनाउँदै गएको एवम् सिर्जनात्मकताले मूर्तरूप लिन लागि रहेको उत्साहप्रद अवस्थालाई विषयवस्तु बनाएर लेखेकी छन् । निबन्धकार घिमिरेले आफ्ना निबन्धमा स्वकेन्द्रित विषय अर्थात् आत्माभिव्यक्तिलाई आधार बनाएर प्रस्तुति गर्ने क्रममा यो निबन्ध पनि आत्म केन्द्रित निबन्ध भएर आएको छ । निबन्धले भविष्यको मार्ग के हो भन्ने सम्भावनाको आधार खोजिरहेको छ । यस निबन्धमा उनले आफ्ना बाबुआमालाई आलोचनाको पात्र बनाउन छाडेकी छैनन् । बाबुआमाले उनको बौद्धिक विकासका निम्ति कुनै पनि योगदान दिन नसकेको कुरामा आत्म असन्तुष्टि व्यक्त गरेकी छन् । यति सम्मकी उनले दसैँ तिहारमा दक्षिणा पाएको जम्मा गरेर यसबाट किताब कापी र पेन्सिल जस्ता अध्ययन सामग्री किन्ने गरेको घटना प्रस्तुत गरेकी छन् ।

## ४.२०.२ विषय-भाव

निबन्धकारले परिवार र समाजले खडा गरेका विभिन्न प्रतिकूलताका बाबजुद पनि आफ्नो स्वध्ययनलाई निरन्तरता दिइरहेको देखिन्छ । शारीरिक रूपमा असक्षम भएका कारण उनले पढ्नुको कुनै अर्थ छैन भन्ने बाबुआमाको सङ्कीण सोँचलाई बेवास्ता गर्दै अगाडि बढाइन् । समाजका विभिन्न चुनौतीलाई चिर्दै आफ्ना दुःख सङ्घर्षलाई पारगर्दै भविष्यको उज्यालोको कामना गर्ने लक्ष्य प्रस्तुत निबन्धले बोकेको छ । निबन्धकारले विभिन्न बाधा अड्चनका बाबजद पनि पढाइलाई अर्थात् स्वध्ययनलाई अगाडि बढाएको हुनाले उनका बाबुआमाको सोचाइमा परिवर्तन गरिदिन सफल भईन । उनलाई नराम्रो दृष्टिबाट हेर्नेहरूले पनि आफ्ना सोचाइमा परिवर्तन गरेको घटना प्रस्तुत गरेकी छन् । यसर्थ यस निबन्धले सङ्घर्षको कथा बोकेको छ । जसले गर्दा सफलताको स्वाद थाहा पाउन सकिन्छ भन्ने चाहना बोकेको देखिन्छ । निबन्धकार घिमिरेको चेतनाले विस्तारै फस्टाउने मौका पाएपछि उनको विरुद्धमा समाजका केही मान्छेले उनको अपाङ्गतालाई गिज्याउँदै उनी प्रति तीव्र व्यङ्ग्य गर्दथे । यति सम्मको क्रुर व्यवहार गर्दथे यस्ता केटीलाई बाटामा राखेर प्रचार गर्नुपर्छ पैसा माग्नु पर्छ भन्ने तुच्छ अभिव्यक्ति प्रकट गर्दथे । यसरी अपाङ्ग, सहाराविहीन विकलाङ्ग अवस्थाका मानिसलाई समाजका आफूलाई बुज्रुक वर्ग ठान्नेहरूले गर्ने व्यवहारको पर्दाफास गर्न निबन्ध सक्षम देखिएको छ ।

## ४.२०.३ संरचना-शैली

प्रस्तुत निबन्ध छोटो आयाममा जम्माजम्मी पाँच अनुच्छेदमा संरचित रहेको छ । सरल भाषा शैली, मर्मस्पर्शी भनाइ, हार्दिकताको अभिव्यक्ति र आत्मपरक भावनालाई बौद्धिक यथार्थको कसीमा ढालेर लेखिएको उत्कृष्ट निबन्ध रचना हो । शारीरिक रूपमा कमजोर भए पनि मानसिक रूपमा निर्भीक एवम् आँटिली भएका कारण उनी आफू कुनै न कुनै सिर्जनात्मक काम गरेर समाजका सामु आफूलाई उदाहरणका रूपमा प्रस्तुत गर्न खोजेको देखिन्छ । उनलाई लेख्न पढ्न मात्रै होइन, चित्र बनाउने अभिरुचिदेखि लिएर हरेक सिर्जनात्मक ज्ञान प्राप्त गर्ने चाहना थियो । चित्रकलामा उनको राम्रो सिर्जनशीलता प्रकट भएको देखिन्छ ।

### ४.२०.४ उद्देश्य

आफूमा भएको सिर्जनशीलतालाई घरको सामग्री नहुँदा अझ राम्ररी झाङ्गिने अवसर प्राप्त भएन त्यो वास्तविकतालाई पनि यहाँ उजागर गरेको देखिन्छ । भविष्यप्रति आशावादी रहँदै आफ्नो सिर्जनशीलताले फक्रिने र फैलने मौका पाउनेछ भन्ने सकारात्मक सोचबाट क्रियाशील र उत्प्रेरित हुन निबन्ध  मार्फत आग्रह गर्दछिन् । जसले गर्दा पनि निबन्धको शीर्षक सार्थक र सफल देखिन्छ ।

## ४.२१ 'पुस्तक संसारमा प्रवेश' निबन्धको अध्ययन र विश्लेषण

### ४.२१.१ परिचय

प्रस्तुत निबन्ध झमक घिमिरेको **जीवन काँडा कि फूल** आत्मजीवनी परक निबन्ध सङ्ग्रहमा सङ्कलित बीसौं निबन्ध रचना हो । प्रस्तुत निबन्धमा निबन्धकारमा लेख्ने पढ्ने इच्छाशक्ति बढेपछि विभिन्न पुस्तकहरू सङ्कलन गरेर अध्ययन गरेको र त्यसबाट प्राप्त अनुभवहरूलाई आधार बनाएर निबन्धको विषयवस्तुमा समावेश गरिएको छ । निबन्धकार जति पुस्तक पढ्छिन् त्यति आफूलाई अतृप्त भएको महसुस गर्दछिन् । उनका अध्ययनका पुस्तकहरू साहित्यिक र गैर साहित्यिक हुने गर्दथे । ती पुस्तकहरूलाई उनले गहिरोसँग पढिन्  र विभिन्न चिन्तन अवधारणा बनाइन् । निबन्धकारले आफूले पढेका पुस्तकहरूमा सर्वाधिक मन पराएको अर्थात् छनौट गरिएको पुस्तक **मुनामदन** हो । उनले यो पुस्तक पढ्दा संवेदनाले भरिएर धेरै पटक आँसु चुहाएको घटनालाई प्रस्तुत गरेकी छन् । **मुनामदन** जस्तो उत्कृष्ट पुस्तक पढ्न पाउँदा अत्यन्त आनन्दित, प्रफुल्लित र धेरै पटक भावनामा डुबेर संवेदनामा हराएको अनुभव अभिव्यक्त गरेकी छन् । **मुनामदन**ले उनलाई मानवतावादी स्वर अभिव्यक्ति गराएको तथ्य राख्छिन् । उनका बाबुआमाले उक्त पुस्तक उनको जीवनको लागि पहिलो चोटि किनिदिएको बताउँदछिन् । आफ्नो प्राणभन्दा प्यारो ठान्ने पुस्तक मुनामदन जीवनकै उत्कृष्ट पुस्तकका रूपमा अर्थाएकी छन् ।

### ४.२१.२ विषय-भाव

निबन्धकारले अध्ययन गरेका साहित्यकारहरू लैनसिङ वाङ्देल, लीलबहादुर क्षेत्रीका उपन्यासहरू र श्यामप्रसाद शर्माका निबन्ध र बालकविताहरू पढेर साहित्यिक कृतिहरूको गहिरो रस्वादन अनुभव गरेको बुझिन्छ । साहित्यिक कृतिहरूको अध्ययनबाट उनले आफ्नो ज्ञानको साँघुरो घेरालाई बिस्तार गरेको उनको बुझाइ रहेको छ । बालकृष्ण समद्वारा लिखित नाट्यकृति **स्वास्नीमान्छे** पुस्तकबाट उनी निकै प्रभावित भएको थाहा हुन्छ । प्रस्तुत निबन्धमा उनले अरु निबन्धमा जस्तो आफ्ना बाबु आमाको आलोचना नगरेको देखिन्छ । बाबुआमा र बहिनीको खुलेर प्रशंसा गरेको देखिन्छ । निबन्धकारले आफ्नो पढ्ने गतिलाई दिनप्रतिदिन तीव्रता दिँदै गईन र आफ्नो अज्ञानतालाई चिरेर नवीन वस्तुवादी सोचको विकास गर्दै गएको अनुभव व्यक्त गरेकी छन् ।

### ४.२१.३ संरचना-शैली

प्रस्तुत निबन्ध मझौला आयाममा संरचित भई जम्मा जम्मी सात अनुच्छेदमा समावेश गरेको देखिन्छ । छोटा छोटा वाक्य गठन, आफूले आफूलाई प्रश्न सोधेको प्रश्नउत्तरात्मक वाक्य गठन ढाँचामा निबन्ध सिर्जित भएको छ । सरल भाषाशैलीमा वैचारिक कसी दिने निबन्धकार घिमिरे यस निबन्धमा नयाँ विचार प्रवाह गर्न सक्षम रहेको देखिन्छ । प्रस्तुत निबन्धको वैचारिक भाषा भनेको 'साच्चै थोत्रा, पुराना विचारका घरहरू भत्काएर नयाँ विचार, नयाँ चेतनाका सुन्दर घरहरूको निर्माण गर्न चाहेकी हुँ ।' (घिमिरे, २०६७:१३०) यसरी आफ्नो दह्रो वैचारिक दृष्टिकोण प्रवाह गरेको देखिन्छ ।

### ४.२१.४ उद्देश्य

प्रस्तुत निबन्धको उद्देश्य भनेको निबन्धकारले अध्ययन गरेका पुस्तकहरूको चर्चा गर्दा ती पुस्तकबाट आफूले प्राप्त गरेका ज्ञानका कुरा दर्शाउनु रहेको देखिन्छ । अध्ययनले मानिसको अन्धकारलाई हटाइदिन्छ, दुनियाँमा अध्ययनले मानिसलाई निपुण बनाउँछ भनी पुस्तक संसारमा प्रवेश गरेको क्षणलाई सम्झेकी छन् । आफ्नो व्यक्तिगत घटनालाई माध्यम बनाएर घिमिरेले अध्ययनले मानिसको जीवनमा परिवर्तन ल्याउँछ भन्ने तथ्यगत सन्देश प्रवाह गर्न खोजेको

देखिन्छ । प्रथमपुरुष दृष्टिबिन्दु शैलीमा संरचित प्रस्तुत निबन्धको विषयवस्तु अनुसार शीर्षक सार्थक देखिन्छ ।

## ४.२२ 'सिर्जनाका कोपिला' निबन्धको अध्ययन र विश्लेषण

### ४.२२.१ परिचय

प्रस्तुत निबन्ध झमक घिमिरेको **जीवन काँडा कि फूल** आत्मजीवनी परक निबन्ध सङ्ग्रहमा सङ्कलित बीसौं निबन्ध रचना हो । प्रस्तुत निबन्धमा उनले आफ्नो सिर्जनशील लेखन क्षमताको अभ्यासलाई अगाडि बढाएको कुरालाई निबन्धको विषयवस्तु बनाएकी छन् । लेखन अभ्यासमा विस्तारै सिर्जनाका कोपिला फक्रन थालेको अवगत हुन्छ । उनले लेखन अभ्यास गर्दा गर्दै कथा र त्यसभित्रका पात्रका बारेमा सोच्थिन्, विचरण गर्दथिन् । उनले सिङ्गा कृतिहरूभित्रका पात्रहरूको बारेमा लेख्न रहर गर्न थालेको देखिन्छ । उनका लेखनका विषयहरू विविधतामा आधारित हुन्थे । आफ्ना सुरुका लेखरचनाहरू कसैलाई नदेखाइ च्यातेर फालेकी थिइन् । उनले कविताहरूका पनि भूइँमा पङ्क्ति लेख्थिन् र आफूलाई चित्त नबुझेपछि मेटिदिन्थिन् । त्यसरी विस्तारै विस्तारै आफ्नो लेखन क्षमतालाई दह्रो बनाउँदै लगेकी देखिन्छ । साहित्य लेख्ने पढ्ने र रस स्वादन गर्दा गर्दै उनी विभिन्न किसिमका कलाबाट पनि प्रभावित भएको थाहा हुन्छ । चित्रकलामा उनलाई बढी अभिरुचि रहेको थियो । आफूमा नजानिदो किसिमले सिर्जनशील चेतन विकसित हुँदै गएको अनुभूतिलाई निबन्धमा अभिव्यक्त गरेकी छन् ।

### ४.२२.२ विषय-भाव

आफ्नो जिन्दगीसँग लेखनकला गाँसिएको कुरा निबन्ध मार्फत अवगत गराउने प्रयास गरेको देखिन्छ । लेखनलाई आफ्नो जिन्दगीको सार्थक वस्तु ठानेको घिमिरेको लेख्ने क्रम रोकिएन सायद जिन्दगी पनि त्यही अर्थसँग लेखिएको थियो । कलमका टुप्पाले उनको जिन्दगीको अर्थ खोज्दै थिए । लेखन अभ्यास र सिर्जनात्मक क्षमतालाई प्रस्तुत निबन्धले कथ्य विषय बनाएको छ । यो निबन्ध साहित्य र सिर्जना विषयलाई केन्द्रविन्दु मानेर लेखिएको छ । आफ्नो सम्बन्धित विषयलाई खोतलखातल गरेर त्यस भित्र भएका विषयवस्तुलाई प्रभावकारी ढङ्गले प्रस्तुतिमा ल्याउने अभिप्राय प्रस्तुत निबन्धको रहेको छ । व्यक्तिगत भोगाइ र

अनुभवहरूलाई पाठक समक्ष केही हदसम्म जानकारी रहोस् भन्ने अभिप्राय प्रस्तुत निबन्धको माध्यमबाट राख्न खोजेकी छन् । प्रस्तुत निबन्ध मार्फत साहित्य, लेखन र कला जस्ता विषयमा आफू विस्तारै बामेसर्दै गएको र भविष्यमा निपुण व्यक्ति बन्ने उत्कट चाहना राख्दछिन् । कुनै पनि विषयको वस्तुपरक ढङ्गबाट वैचारिक सेरोफेरोमा केन्द्रित भएर यो निबन्ध रचना गरेको देखिन्छ ।

### ४.२२.३ संरचना-शैली

प्रस्तुत निबन्ध प्रथम पुरुष दृष्टिबिन्दुमा रचना भएको उत्कृष्ट निबन्ध रचना हो । निबन्ध छ वटा अनुच्छेदमा संरचित गर्दै छोटो आयाममा टुङ्गाएको देखिन्छ । सरल भाषाशैली, तत्सम, तद्भव र केही आगन्तुक शब्दको तत्तत् ठाउँमा उपयुक्त प्रयोगले निबन्ध अत्यन्तै कलात्मक देखिन्छ । केही उन्नति प्रगतिको कामना गर्दै जिन्दगीका सङ्घर्ष र सिर्जनात्मकताले मानिसलाई लक्ष्यमा पुऱ्याउँछ अर्थात् फक्रिन मद्दत गर्छ भन्ने उज्ज्वल भविष्यको कामना गर्न खोजिएकोले प्रस्तुत निबन्धको शीर्षक सार्थक देखिन्छ ।

### ४.२२.४ उद्देश्य

निबन्धकार घिमिरेको यो निबन्धको उद्देश्य भनेको सकारात्मक सोच राखेर गरिएका कामहरूको स्वागत एवम् प्रशंसा गर्दै विकृतिमूलक अन्याय, अत्याचार, घृणा, द्वेष आदि कार्यको विरोध गर्नु रहेको देखिन्छ । सिर्जनशीलताले मानिसलाई लक्ष्यमा पुऱ्याउन मद्दत गर्दछ भन्ने लक्ष्य निबन्धले बोकेको छ । निबन्धकार घिमिरे आत्मकर निबन्धकार हुन् । उनले यो निबन्ध पनि आत्मपरक ढङ्गले आफूले देखेका, भोगेका र अनुभव गरेका कुरालाई स्वस्फूर्त रूपमा अभिव्यक्ति गरेको पाइन्छ । त्यसो त उनले वस्तुपरक ढङ्गबाट वैचारिक दृष्टिकोण प्रवाह गर्ने लक्ष्य राखेको देखिन्छ । यस निबन्धमा उनले लेखन क्षमताको महत्त्व, उपयोगिता दर्शाउँदै त्यसले जीवनमा खेल्ने भूमिकाको दह्रो रूपमा प्रस्तुति भएको छ । यसरी खुट्टाले लेख्न सक्ने उनको अद्भूत क्षमताको बारेमा बिस्तारै धेरै मान्छेहरूले थाहा पाएपछि उनको सिर्जनात्मक क्षमतालाई भगवान्को लीलाको रूपमा अर्थाउने गरेको तथ्य सार्वजनिक गरेको देखिन्छ । लामो एवम् कठोर सङ्घर्षबाट आर्जित ज्ञान र सिर्जनशील कार्यले बिस्तारै मान्छेहरूलाई प्रभावित र

आकर्षित गरेकोमा निबन्धकार यस निबन्धमा हर्षित एवम् दङ्ग छन् । उनको लेखन सिर्जनाको व्यापक प्रचार स्वयम् उनलाई भेट्नेहरूले गरिदिए पछि उनी आकर्षणको केन्द्र बन्न थालेकी देखिन्छ । उनी झन उत्साही भएर नयाँ नयाँ सिर्जना गर्न साधनारत रहिन् । हिजोका दिनमा उनलाई समाजले घृणाको दृष्टिले हेर्ने गरेको तथ्यलाई उनले अब सिर्जनात्मक क्षमताले जितिसकेकी थिइन् र यसै तथ्य मार्फत समाजलाई एउटा सन्देश दिन चाहन्छिन् । यही नै यस निबन्धको उद्देश्य रहेको छ ।

## ४.२३ 'फराकिलो बाटाको यात्रा' निबन्धको अध्ययन र विश्लेषण

### ४.२३.१ परिचय

प्रस्तुत निबन्ध झमक घिमिरेको **जीवन काँडा कि फूल** आत्मजीवनी परक निबन्ध सङ्ग्रहमा सङ्कलित बाइसौँ निबन्ध रचना हो । उनले प्रस्तुत निबन्धमा आफ्नो कलाको सार्वजनिकीकरण गरिदिने विभिन्न पत्रपत्रिका र सहयोगी हातहरूप्रति आभार प्रकट गर्दै उनीहरूको सहयोगकै कारण आफ्नो प्रतिभा सिर्जना फक्रिन सम्भव भएको तथ्यगत विषयवस्तुलाई आधार बनाएर लेखिएको निबन्ध रचना हो । निबन्धकार घिमिरेले आफ्ना हरेक घटनालाई आधार बनाएर निबन्धको विषयवस्तु छनोट गरेकी छन् । निबन्धकार घिमिरे एउटा खुट्टाले लेख्ने अचम्मकी केटीका रूपमा चिनिन थालेपछि प्रशंसा बढ्न थाल्यो, उनको घरमा मान्छेहरूको भीड लाग्न थाल्यो ।

### ४.२३.२ विषय-भाव

हिजोसम्म मान्छेको घृणा र उपेक्षा सहेर बाँचेकी उनी आज मान्छेहरूको प्रशंसा, शुभकामना र प्रोत्साहन पाएर आनन्दित र आशावादी बनेको देखिन्छ । उनको खुट्टाले लेख्न सक्ने सामर्थ्य देखेर मान्छेहरू अच्चमभित भए र विस्तारै उनको प्रचारप्रसारले व्यापकता पाउन थाल्यो । भेट्न आउने मान्छेहरूले उनलाई केही पैसा दिने गर्थे, त्यसैगरी लोकप्रियताका साथै आगन्तुकहरूबाट प्राप्त गरेको पैसाले उनका व्यक्तिगत आर्थिक समस्याहरू समाधान गर्न केही सहज हुँदै गइरहेको कुरा निबन्धमा दह्रो विषयवस्तु भएर आएको देखिन्छ । यसप्रकार साहित्यिक कृतिहरूको निरन्तर अध्ययनबाट उनमा साहित्य सिर्जना गर्न आकाङ्क्षा पलाएको देखिन्छ ।

उनलाई खुट्टाले लेख्ने सामान्य केटीका रूपमा परिभाषित गर्नेहरूका अगाडि आफूलाई दह्रो साहित्यिक स्रष्टाका रूपमा चिनाउन चाहन्थिन् र उनी साहित्य सिर्जनामा त्यही अनुरूप साधनारत रहिन् । त्यसपछि उनका रचनाहरू पत्रपत्रिकामा छापिन थाले । उनको प्रसिद्धिले झन व्यापकता पाएको थियो । प्रस्तुत निबन्धमा जिन्दगीको आफ्नो यात्रालाई उनी शब्दमा यसरी व्यक्त गर्दछिन् -'जिन्दगीको यात्रा फराकिलोा बाटोतिर मोडिँदै थियो । उपन्यासका र कथाका नायक नायिकाहरूको जस्तो जिन्दगी सुन्दर नभएर पनि मेरो जिन्दगी पनि आफैमा फक्रिँदै थियो, फुल्दै थियो । कतै ठेँस लागेर लडे पनि ऊ तङ्ग्रिहाल्थ्यो । कतै चोट लागेर दुखे पनि ऊ बिसेक भैहाल्थ्यो । यो अनुभूति पर्थ्यो नत्र यात्रा अगाडि बढ्न सक्दैनथ्यो ।'(पृष्ठ १३८) यसरी आफ्नो दह्रिलो विचार प्रवाह गरेकी छन् ।

## ४.२३.३ संरचना-शैली

प्रस्तुत निबन्ध निबन्धकार घिमिरेको आकारगत हिसाबले हेर्दा छोटो आयाम भएको जम्मा जम्मी सात अनुच्छेदमा संरचित निबन्ध रचना हो । छोटा छोटा तर सारगर्भित वाक्यले निबन्धलाई बौद्धिक कसीमा ढालिएको छ । निबन्धमा अध्ययन सामग्री कापी, कलम, किताबको महत्त्वलाई ठूलो ठानिएको छ । यी वस्तु भनेका जिन्दगीका उज्याला मार्ग प्रशस्त गर्ने अत्यावशेकीय सामग्री ठानिएको छ । विषयवस्तुलाई छोटो समयमा चाख लाग्दो तरिकाले पढिसकिने गरी प्रस्तुत निबन्ध तयार पारिएको छ । व्यापक विषयवस्तु समेट्न सक्ने तर छोटो समयमा पढिसकिने गरी उनको यो निबन्ध रचना तयार भएको देखिन्छ । स्रष्टा घिमिरेले आफ्ना अनुभूतिहरूलाई पाठक समक्ष आफै आफ्ना विचारलाई प्रस्तुत गरेको हुनाले प्रथम पुरुष दृष्टि विन्दु शैलीमा निबन्ध लेखिएको वा विचारलाई प्रस्तुत गरेको हुनाले प्रथम पुरुष दृष्टि विन्दु शैलीमा निबन्ध लेखिएको छ । भाषिक स्वरूपमा नवीनता, शब्द निर्माणमा सुन्दरता गद्य प्रवाहमा प्रस्तुत निबन्ध सलल बगेको देखिन्छ । उनले विषय र भावलाई मजबुत बनाउन केही टुक्का, उक्ति र तर्कहरूको आयोजना गरेकी छन् । आत्मपरकता र रागात्मक उनको यो निबन्धमा पाइन्छ ।

### ४.२३.४ उद्देश्य

प्रस्तुत निबन्धमा घिमिरेले आफ्नो कर्ममा समर्पित हुनुपर्ने विचार प्रस्तुत गरेकी छन् । मानिसका कामचोर आलसी प्रवृत्तिमाथि पनि यो निबन्धको व्यङ्ग्य हो । निबन्धमा विषयवस्तुको स्रोत व्यापक देख्ने निबन्धकार घिमिरेले आफूले आफ्नो दृश्यजगत्को विषयलाई निबन्धको केन्द्रीय कथ्य बनाएकी छन् । निबन्धकार घिमिरेका प्रत्येक निबन्धले कुनै न कुनै विचारको प्रतिपादन गरे जस्तै यो निबन्धले पनि प्रायः समाजसुधार सिर्जनात्मक ज्ञान, सामाजिक विभेदको अन्त्य, मानवत, आदर्शता जस्ता कुरालाई आत्मसात् गर्नु पर्ने उद्देश्य राखेको देखिन्छ । बलियो आत्मविश्वास भएकी निबन्धकारमा सायद पलायनको बाटो उनीदेखि टाढै रह्यो । निबन्धकारले दुःखमा नआत्तिने र सुखमा नमात्तिने दुःख सुखलाई सहज रूपमा स्विकार्दै जिन्दगीको यात्रालाई दृढतापूर्वक अगाडि बढाउनु पर्छ भन्ने सन्देश दिन खोजेकी छन् । यसरी प्रस्तुत निबन्धको विषयवस्तुसँग शीर्षकको तारतम्य मिलाउन जीवनको यात्रा गर्ने बाटो आफैँले फराकिलो पार्नु पर्छ भन्ने निर्देश गरेको हुनाले निबन्धको शीर्षक सार्थक देखिन्छ ।

## ५.२४ 'अक्षरहरूमा जीवनको रङ' निबन्धको अध्ययन र विश्लेषण

### ४.२४.१ परिचय

प्रस्तुत निबन्ध झमक घिमिरेको **जीवन काँडा कि फूल** आत्मजीवनी परक निबन्ध सङ्ग्रहमा सङ्कलित तेइसौँ निबन्ध रचना हो । प्रस्तुत निबन्ध उनको साहित्य यात्राको प्रारम्भिक चरणदेखि कविता सङ्ग्रहहरू प्रकाशित हुँदाको अवस्था सम्मका विभिन्न गतिविधिहरूको अभिलेखका रूपमा रहेका विषयवस्तुलाई समेटेर लेखिएको रचना हो । उनका अक्षरहरू छापिदिने सिर्जनाहरू छापिदिने पत्रिका नवयुवा मासिकले गरेको योगदानको निबन्धमा सम्मान एवम् कदर व्यक्त गर्दछिन् । प्रस्तुत निबन्धमा आफ्नो रचना पहिलो पटक प्रकाशित हुँदा उनी अत्यन्त खुसी भएको क्षणलाई निबन्धमा अभिव्यक्तिको माध्यम बनाएकी छन् । उनले रचना गरेका सिर्जनाहरूलाई निरुत्साहित पार्न पनि विभिन्न कसरत गरेको तथ्यलाई यो निबन्धमा राख्दछिन् । त्यसैगरी उनको सिर्जनामा प्रशंसा गर्ने, सिर्जनशीलताबाट प्रभावित भएका मान्छेहरूलाई यस निबन्धमा सम्मानका साथ स्मरण गर्न पुगेकी छन् ।

### ४.२४.२ विषय-भाव

घिमिरेको फुट्कर कविताबाट सुरु भएको साहित्य यात्रा यस निबन्धमा संख्यात्मक र गुणात्मक फड्को मार्दै पुस्तकाकार रूपमा झाङ्गिदै गएको अवस्थालाई चित्रण गरिएको छ । आफ्ना अक्षरका माध्यमबाट जीवनको रङ भरिदिने पत्रपत्रिकालाई स्मरण गर्दछिन् । ती पत्रिकाहरूको नाम उल्लेख गरेको देखिन्छ । विजयपुर साप्ताहिक, करकमल साप्ताहिक, आदि जसले झमकको साहित्य सिर्जनालाई फक्रने उर्वर भूमि उपलब्ध गराएको उल्लेख गरिएको छ । निबन्ध मार्फत चेतना र सिर्जनाको विजारोपण गर्न सिकाएको देखिन्छ । यस्ता विषयलाई दृढतापूर्वक अगाडि बढाउनु पर्ने उद्देश्य राखेको देखिन्छ । आजको सभ्य भनिने वर्गले फक्रिन थालेको सिर्जनाको संवाहकलाई अवमूल्यन गर्दै गएको कुरामा निबन्धले व्यङ्ग्य गरेको देखिन्छ । मानवताको सीमा र सिर्जनालाई कसैको तागतले रोक्न नसक्ने दह्रो प्रमाण यस निबन्धमा उल्लेख गरेकी छन् ।

निबन्धकार घिमिरेका अरु निबन्ध जस्तै उनको यो **अक्षरहरूमा जीवनको रङ** निबन्ध पनि व्यक्तित्वको प्रकाशन हो । उनले यस निबन्धमा आफूले देखेको, भोगेको र अनुभव गरेको कुरालाई स्वतस्फूर्त रूपमा अभिव्यक्त गरेको पाइन्छ ।

### ४.२४.३ संरचना-शैली

आकारगत हिसाबले हेर्दा प्रस्तुत निबन्ध ठूलो आयामको देखिन्छ । करिब वाइस तेइस सय शब्द यस निबन्धमा प्रयोग भएको पाइन्छ । जसले गर्दा व्यापक विषयवस्तुलाई छोटो समयमा पढ्न सकिने गरी तयार पारिएको छ । स्रष्टा घिमिरेले आफ्ना भाव, विचार र अनुभूतिलाई पाठक समक्ष प्रस्तुत गरेको हुनाले यो निबन्ध प्रथम पुरुष दृष्टिबिन्दुमा रचना गरिएको छ । निबन्ध गद्यात्मक विधा भएकाले यसको प्रस्तुति पनि गद्य भाषामा नै गरिन्छ भन्ने मान्यतालाई यस निबन्धमा आत्मसात् गरेको देखिन्छ । निबन्धमा प्रयुक्त भाषा सरल, सहज, हार्दिक, कोमल, सम्प्रेषणीय, रागात्मक र हृदयस्पर्शीका माध्यमबाट प्रस्तुत गरिएको छ । शब्द, वाक्य र अनुच्छेदको बनोटलाई निबन्धात्मक शैली दिएको पाइन्छ । विषयलाई शृङ्खलित क्रममा विस्तार गर्न निबन्धकार सक्षम देखिन्छन् । घटनालाई रोचक घोचक एवम् चाखलाग्दो ढङ्गमा प्रस्तुत गर्दै पाठकलाई उत्सुकता र उत्साह प्रदान गर्न आफ्नै निजी शैली निबन्धकारले

अपनाएको देखिन्छ । तर्कसङ्गत अभिव्यक्ति, आत्मपरक शैली र समापनको सङ्गठितता, विषय अनरूप बौद्धिकता र तार्किकताको उपयोग उनको यस निबन्धमा पाइन्छ । यसरी निबन्धकार घिमिरेले आफ्ना रचनामा आफू र आफ्नो समाजले भोगेको वास्तविक जीवनलाई यस निबन्धमा आँकलन गरेकी छन् । अक्षरहरूसँग खेल्दै र तिनमा आफूलाई पोख्दै आफ्नो जीवन सबैका सामु घामजस्तै छर्लङ्ग पारिदिएकी छन् । विभिन्न प्रयासका माध्यमबाट पहिलो कविता सङ्ग्रह **सङ्कल्प** (२०५५) निकाल्न सफल भएकी छन् । त्यसपछि झन तीव्र गतिमा उनको साहित्य यात्रा अघि बढेको छ । एकपछि अर्को परिणाम स्वरूप **आफ्नै चिता अग्निशिखातिर** र **मान्छेभित्रका योद्धाहरू** जस्ता पुस्तकाकार रचनाहरू जन्माएकी छन् । यसै गरी उनको क्वाँटी सङ्ग्रह **अवसानपछिको आगमन** पनि प्रकाशन गराइन् ।

### ४.२४.४ उद्देश्य

यसरी अद्भूत कला र सिर्जनाका कारण छोटो समयमै प्रतिष्ठित राष्ट्रिय व्यक्तित्वको रूपमा चिनिएकी उनले आफ्नो सिर्जना क्षमतालाई अक्षरहरूका माध्यमबाट जीवनको रङ भर्न सक्षम हुनाले प्रस्तुत निबन्धको विषयवस्तु अनुरूप शीर्षक सार्थक रहेको छ ।

बलियो आत्मबल भएकी जीवनप्रति सदासर्वदा आशावादी निबन्धकार घिमिरेले पाठकहरूलाई उत्साह, उमङ्ग, प्रेरणा प्रस्तुत निबन्ध मार्फत जगाउने उद्देश्य राखेको देखिन्छ । तुच्छ विचार भएका व्यक्तिहरूले सज्जन, इमान्दारहरूलाई बिगार्न प्रयत्न गर्छन् भन्ने कुरातर्फ पनि सजगता अपनाउन प्रस्तुत निबन्धमा आग्रह गरिएको छ । उनको यो निबन्धमा काल्पनिकताको रङ कतै भेटिँदैन यथार्थ ढङ्गबाट वैचारिक दृष्टिकोण प्रवाह गर्नु उनको यस निबन्धको लक्ष्य हो ।

## ४.२५ 'पत्रहरूमा मन पोखिँदा' निबन्धको अध्ययन र विश्लेषण

### ४.२५.१ परिचय

प्रस्तुत निबन्ध झमक घिमिरेको **जीवन काँडा कि फूल** आत्मजीवनी परक निबन्ध सङ्ग्रहमा सङ्कलित चौबीसौँ निबन्ध रचना हो । प्रस्तुत निबन्धमा निबन्धकारले आफू खुट्टाले साहित्य लेख्ने किशोरीका रूपमा आम जनमानसमा चिनिन थालेपछि उनलाई निरन्तर पत्र

पठाउने केही व्यक्तिहरू र तिनीहरूका पत्रका बारेमा उल्लेख गरिएको विषयवस्तुलाई आधार बनाएर लेखिएको निबन्ध हो । यसरी घिमिरेले लेखेका साहित्य, लेख, रचनाहरूबाट प्रभावित भएर उनलाई सद्भावका रूपमा पत्र पठाउनेको ओइरो रहेको देखिन्छ । त्यसमा पनि निबन्धकार झमकले आफूलाई पत्र लेखेर प्रोत्साहन दिने उदयपुरका एक शिक्षक दिलचन्द्र नन्दनको नाम श्रद्धापूर्वक उल्लेख गरेकी छन् । ती व्यक्तिले उनलाई बहिनीको माया ममता मात्र दिएनन्, उनी भावनाको दुनियाँमा एक्लो हुँदा निरन्तर पत्र लेखेर न्यानो आत्मीयता र बलियो समर्थन पनि प्रकट गरेको कुरा उल्लेख गरेकी छन् । उनलाई उत्साह प्रेरणा थप्ने ती व्यक्तिले अत्यन्तै माया पनि गरेको देखिन्छ । त्यस्तो माया गर्ने व्यक्ति घिमिरेको जीवनको सफलतामा हृदयदेखि रमाउँथे । घिमिरेको दुःखमा दुःखी हुँदा रहेछन् त्यसैगरी घिमिरेलाई जीवनसँग सधैँ सङ्घर्ष गर भन्थेँ । उनको भावना, विचारको तहमा उभिएर ठूलो आशा राखिरहेको देखिन्छ ।

## ४.२५.२ विषय-भाव

'मेरी बहिनी झमक कमजोर बन्नु हुँदैन' भनेर बारम्बार भनिरहने कुरालाई निबन्धकारले विषयवस्तुका आधारमा उल्लेख गरेकी छन् । सङ्घर्षशील जीवन बनाउन कसैको माया, प्रेरणा, हौसला, सद्भाव, सहयोग जस्ता पक्षले ठूलो भूमिका खेल्दो रहेछ भन्ने तथ्यलाई निबन्धले हृदयङ्गम गरेको देखिन्छ । निबन्धकार घिमिरेले पत्रका माध्यमबाट विभिन्न व्यक्तिहरूसँग आत्मीयसम्बन्ध स्थापित गरेको देखिन्छ । निबन्धकार घिमिरे आफ्नो सिर्जनामा थकित हुँदा उनीहरूले सधैँ उत्साह र प्रेरणा थपिदिने काम गरेको देखिन्छ । यसरी पत्रहरूमा झमकले आफ्ना सुख दुःखका भावनालाई निःशङ्कोच व्यक्त गरेको देखिन्छ । आफूलाई चिन्ता र निराशाबाट टाढै रहेको कुरालाई पुष्टि गरेकी छन् । त्यसरी पत्रमित्रको साथबाट पनि आफूलाई परिवर्तन गर्न सफल भएको देखिन्छ । पत्रमित्रताको माध्यमबाट भावना साटासाट हुँदाको त्यो सुखद् क्षणलाई निबन्धकार यसरी सम्झिदिन्छिन् -'स्मृतिका पानाहरू पल्टाएर हेर्दा उनीहरूका पत्रहरूमा पोखिएको चोखोमन देखिन्छ, जसलाई समयले पढ्न सक्नेछ सम्झँदा पनि, आहा ! क्या आत्मीय पल ।' (घिमिरे, २०६७: १४९) यसप्रकार उनले ती आफूलाई बुझ्न, साथ सहयोग दिन चाहेका व्यक्तिहरूको प्रमाण सहित उल्लेख गरेकी छन् ।

### ४.२५.३ संरचना-शैली

प्रस्तुत निबन्ध छोटो आयाममा संरचित भई छोटा अनुच्छेद रचनाले गर्दा जम्मा जम्मी सात अनुच्छेदमा रचना भएको छ । शब्द, वाक्य र अनुच्छेदको बनोटलाई निबन्धात्मक शैलीमा ढालिएको छ । सरल, सम्प्रेषणीय र हृदयस्पर्शीका माध्यमले निबन्धको भाषागत बान्की पुऱ्याइएको छ । आत्मपरक शैलीमा लेखिएको प्रस्तुत निबन्ध कतै वर्णात्मक र विवरणात्मक शैली पनि अपनाइएको देखिन्छ । प्रथम पुरुष दृष्टिबिन्दु शैलीमा रचना गरिएको प्रस्तुत निबन्ध निबन्धकार घिमिरेको आन्तरिक जीवन सङ्घर्षको कथाव्यथालाई समेटेर लेखिएको देखिन्छ । निबन्ध भित्रको विषयवस्तुको तथ्यगत वर्णन अनुसार निबन्धको शीर्षक सार्थक र उपयुक्त देखिएको हुनाले प्रस्तुत निबन्ध उत्कृष्ट बन्न सफल भएको छ ।

### ४.२५.४ उद्देश्य

यस निबन्धमा लेखकले संसार बलियाको पछि लाग्छ र बलियाले अरुलाई कमजोर देख्छ, सधैँ म र मेरो बोलवाला हुनुपर्छ भन्ने धारणालाई व्यङ्ग्य गर्दै शारीरिक रूपमा अपाङ्ग भए तापनि विचार, भावना, आत्मीयता, लगनशीलता, मित्रहरूको साथ सहयोगले आफ्नो जीवनमा परिवर्तन ल्याएको र त्यस्ता जो कोहीलाई परिवर्तनको बाटोतर्फ डोऱ्याउन सकिन्छ भन्ने उद्देश्य राखेकी छन् । सानो स्वार्थले बाँधिएका मान्छेहरू बलकै पछि लाग्छन् षडयन्त्रको पछि लाग्छन्, तर निबन्धकारले आफ्नो जीवन यात्रामा त्यस्ता व्यक्तिहरू भेटिन जसले उनलाई निकै साथ र सहयोग निरन्तर गरिरहे । निबन्धकार घिमिरेले आफूलाई पत्राचार गर्ने महिला मित्रहरूसँग भावना, विचार नमिलेको कारणले गर्दा उनीहरूसँग टाढा रहेको बताएकी छन् । ती महिलाहरू ज्यादै सौखिन स्वभावका थिए । लगाउने, खाने, सिँगारिने, बाहिरी सुन्दरतामा बढी विश्वास गर्ने कारणले गर्दा उनीहरूसँग निबन्धकारको भावनाको रङ् मिलेनछ जसको कारणले गर्दा तिनीहरूसँग सम्बन्ध दिगो हुनै नसकेको घटना सार्वजनिक गरेकी छन् । सुन्दर महिला त संसारको हितको लागि काम गर्छन् । मदर टेरेसा, म्याडम क्युरी, फ्लोरेन्स नाइटिङ्गेल जस्ता हुन्छन् उनीहरू त्यसै सुन्दरताको रङ् पोतिएका छन् ; उनीहरूमा दीर्घजीवी सुन्दरता छ । संसारलाई सुन्दर आँखाले हेर्दा त्यहाँका प्रत्येक चीज सुन्दर देखिन्छन् भन्ने विचार, दृष्टिकोण प्रस्तुत निबन्धले प्रवाह गरेको छ ।

## ४.२६ 'विस्तृत जगत्‌तिरका पाइला' निबन्धको अध्ययन र विश्लेषण

### ४.२६.१ परिचय

प्रस्तुत निबन्ध झमक घिमिरेको **जीवन काँडा कि फूल** आत्मजीवनी परक निबन्ध सङ्ग्रहमा सङ्कलित पच्चीसौँ निबन्ध रचना हो । झमक घिमिरेले आफ्ना दुईवटा किताब **आफ्नै चिता अग्निशिखातिर** र **मान्छेभित्रका योद्धाहरू**को विमोचन कार्यक्रममा पहिलो पटक २०५७ सालको वैशाखमा काठमाडौँ यात्राका क्रममा आफूले भोगेका विभिन्न अनुभवहरूको वर्णनलाई विषयवस्तु बनाएर लेखिएको यथार्थ परक निबन्ध रचना हो । निबन्धकारले आफ्ना सिर्जनाहरूलाई विमोचन गराउँदा आयोजकका तर्फबाट प्रमुख अतिथिका रूपमा निम्त्याइएका व्यक्ति राजसभा स्थायी समितिका सभापति डा. केशरजङ्ग रायमाझीलाई ठूला व्यक्तिका रूपमा चित्रण गराइएको असन्तुष्टि जाहेर गरेकी छन् । कथित उच्च र निम्न भन्ने ओहोदाको भ्रमलाई कुनै पनि हालतमा नस्विकार्ने पक्षकी व्यक्तित्व घिमिरेले प्रश्न प्रतिप्रश्न गर्दै को हो ठूलो मान्छे ? को हो सानो मान्छे ? भन्ने जवाफ लेखेर देखाएको घटना निबन्धमा उल्लेख गरेकी छन् । त्यसरी पढे लेखेका जान्ने बुझ्नेले अझ बौद्धिक वर्गले सानो ठूलो भनेर, निम्न र उच्च स्तरका व्यक्ति भनेर वर्ग विभाजन गर्न खोजेको घटनालाई निबन्धको कथ्य विषय बनाएकी छन् । निबन्धमा वर्तमान अव्यावहारिक संस्कार परिपाटीले समाजमा अस्तव्यस्तता निम्त्याउनका साथै वर्गीय विभाजन गर्न खोजेको कुरा पनि व्यङ्ग्य गरेको देखिन्छ । निबन्धमा भनिएको छ ज्ञान र क्षमतालाई तुलोमा तौलन खोजेको आभास जस्तो देखिन्छ । यिनै कुरामा निबन्धकारको चरम असन्तुष्टि रहेको देखिन्छ । देखावटी परिपाटीको निबन्धमा विरोध गरिएको छ ।

### ४.२६.२ विषय-भाव

निबन्धकार घिमिरेले यस निबन्ध मार्फत समाजका विभिन्न ओहोदामा रहेका व्यक्तिहरूका क्रियाकलापलाई आधार बनाएर त्यहाँ हुने विकृतिको तथ्य प्रस्तुत गर्न खोजेको देखिन्छ । जस्तै : पुस्तक विमोचनको कार्यक्रममा डा.केशरजङ्ग रायमाझी ठूला मान्छे हुन भनेर चिनाए । कथित उच्च र निम्न भन्ने ओहोदाको भ्रमलाई कुनै पनि हालतमा नस्विकार्ने स्वाभिमानी निबन्धकारले सबै मान्छेका सामु 'को हो ठूलो मान्छे ? को हो सानो मान्छे ?' (घिमिरे, २०६७:१५०) भनेर जवाफ लेखेर देखाइन् । स्वाभिमान हुनेहरूले कसैसँग हात जोड्नु

पर्दैन, हारगुहार अनुनय विनय गर्नु पर्दैन, कृपा गरिदिनुहोस्, भनिदिनोस् भन्नु पर्दैन, यो संसारमा कोही मान्छे ठूलो र कोही मान्छे सानो छैन सबै मान्छे समान छन् भन्ने धारणा प्रस्तुत गर्दछिन् ।

निबन्धकार घिमिरेले **अवसान पछिको आगमन** (क्वाँटी सङ्ग्रह) को विमोचनमा साहित्यकार श्यामप्रसाद शर्मालाई बोलाएको घटनालाई प्रस्तुत गरेकी छन् । तिनै साहित्यकार व्यक्तित्व श्यामप्रसाद शर्माको भेटघाट, छलफल उनका निम्ति निकै प्रेरणादायी र सुखद घटना रहेको तथ्य देखिन्छ । त्यसरी आफ्ना पुस्तकहरूले काठमाडौँमा पहिलो पटक डोऱ्याउँदा निबन्धकारलाई अचम्म पारेको देखिन्छ । भौतिक विकासको भव्यता र रम्यतालाई निबन्धकारले निबन्धमा यसरी व्यक्त गरेकी छन् -'अब मैले आकाशलाई भीमकाय देख्न थालेकी थिएँ, सूर्य पनि ठूलो देख्न थालेकी थिएँ .... आफ्नो संसार भन्दा अरुकै संसार ठूलो देखेकी थिएँ । जुन संसार मैले यस अघि कहिल्यै देखेकी थिइन' (घिमिरे, २०६७: १५२) यसरी गाउले अचम्मित पार्न काठमाडौँ सहरको देखावटी भव्यता र रम्यता मात्र रहेछ भनेर तुलना गरेकी छन् । त्यस साँचो यथार्थलाई निबन्धकारले जब काठमाडौँमा चोक चोकमा थुप्रिएका फोहोरका डङ्गुर, निरस र सन्त्रस्त फुटपाथे व्यापारी, सहरिया भनाउँदाहरूले गाउँले र मधेसीहरूलाई गरेका तुच्छ व्यवहार देखेर अच्चम्मित परेको तथ्यगत यथार्थ निबन्धमा प्रस्तुत गरेकी छन् । उनले यस निबन्ध मार्फत काठमाडौँ यात्राको क्रममा तीता मीठा अनुभव सँगाल्दै आफ्नो ठाउँ, गाउँको नै महिमा बढी भएको दर्शाएकी छन् । दुनियाँको स्वार्थीपन, लोभलालच, चाकडी, चाप्लुसी, शोषक सामन्तहरूको व्यवहारलाई चित्रण गर्ने लक्ष्य प्रस्तुत निबन्धले बोकेको छ ।

### ४.२६.३ संरचना-शैली

प्रस्तुत निबन्धमा निबन्धकार घिमिरेले समाजका खराब पक्षको पर्दाफास गर्ने र स्विकार्य अर्थात् सकारात्मक पक्षको पृष्ठपोषण गर्ने प्रयास गरेकी छन् । मझौला आयामको प्रस्तुत निबन्धमा जम्माजम्मी आठवटा अनुच्छेदमा संरचित गरी करिब सोह्रसय शब्द प्रयोग भएको देखिन्छ । गद्यात्मक, सरल भाषाको सुललित प्रयोग गर्दै रागात्मक शैलीको प्रयोगले निबन्ध सुमधुर बनेको छ । प्रथम पुरुष दृष्टिबिन्दुमा रचना गरिएको प्रस्तुत निबन्ध आत्मपरक निबन्धमा दर्ज भएको छ । कुनै अनुच्छेद विवरणात्मक एवम् वर्णात्मक शैली अपनाइएको पनि

पाइन्छ । विभिन्न भनाइ र तथ्यलाई पुष्टि गर्नको निम्ति प्रश्न -प्रतिप्रश्न र त्यसका समाधान मार्फत आफ्ना दृष्टिकोण प्रवाह गर्न सक्षम भएको देखिन्छ । विषयवस्तु अनुसार निबन्धको शीर्षक सार्थक देखिन्छ ।

### ४.२६.४ उद्देश्य

निबन्धकार लेखन संसारबाट बाटो फराकिलो पारिरहेको तथ्यलाई निबन्धले अग्रगमनका पाइला अर्थात् संसारतर्फ पाइला अगाडि बढिरहेको तथ्यलाई आधार मानेर निबन्धले उन्नति र प्रगतिको कामना गर्ने लक्ष्य राखेको छ ।

निबन्धकार घिमिरेले समाजमा वर्गीय विभाजन प्रस्ट देखिएको कुरा यस निबन्ध मार्फत जानकारी प्रस्तुत गर्न खोजेकी छन् । गरिबलाई आधार बनाएर ठूल्ठूला चलखेल र राजनीति गर्न खोज्छन्, गरिवका विचारलाई दबाउन खोज्छन्, स्वाभिमानलाई बन्धक बनाउन कोसिस गर्दछन् भन्ने तथ्यलाई अवगत गराउन खोजेकी छन् । दुनियाँबाट विचार नियन्त्रित हुनुपर्छ भन्ने मान्यतालाई विरोध गर्नु निबन्धको उद्देश्य देखिन्छ । निबन्धकारलाई भेट्न आउनेले यतिसम्म हद गर्दथे 'लोभ प्रलोभन देखाउँथे, यसलाई निवेदन गर, उसलाई आफ्ना विलौनाहरू बिसाऊ, उनीहरूको मन पग्लियो भने त तिमी मालामाल हुन्छ्यौ भन्थे ।'(पृष्ठ १५१) प्रस्तुत भनाइबाट पनि के स्पष्ट हुन्छ भने निबन्धकार घिमिरे प्रगतिवादी निबन्धकार हुन् । दुःखी गरिबको आवाज उनले यस निबन्ध मार्फत बोल्ने प्रयास गरेकी छन् । हुने खाने, टाठा बाठा कहलिनेहरूले गरिबमाथि शोषण अन्याय अत्याचार गरिरहेको तथ्यलाई निबन्धमा उजागर गर्ने प्रयास गरेकी छन् ।

## ४.२७ 'ज्ञानको भोक र काठमाडौं बस्ने प्रस्ताव' निबन्धको अध्ययन र विश्लेषण

### ४.२७.१ परिचय

प्रस्तुत निबन्ध झमक घिमिरेको आत्मजीवनी परक निबन्ध सङ्ग्रह **जीवन काँडा कि फूल** मा सङ्कलित छब्बीसौं निबन्ध रचना हो । निबन्धकार झमक घिमिरेले आफ्नो बलबुताले भ्याएसम्म निरन्तर विभिन्न किसिमका पुस्तकहरूको अध्ययन गरेर ज्ञानको क्षितिजलाई विस्तार गर्दै गइन् । जसरी ज्ञानको क्षेत्र असीमित छ, त्यसगरी मान्छेले जीवन र जगत्का बारेमा जति

जति ज्ञान हासिल गर्दै जान्छ त्यति त्यति थाहा नपाएका नयाँ रहस्यहरू उद्घाटित हुँदै जान्छन् भन्ने तथ्यलाई विषयवस्तु बनाएर लेखिएको निबन्ध रचना हो । निबन्धकारले स्वयम् जति पढिन् लेखिन् त्यति झन बुझ्ने र लेख्ने कुरा बाँकी हुँदा रहेछन् भन्ने अनुभूतिलाई दर्शाउन खोजेकी छन् । उनी ज्ञानले मान्छेको चिन्तनमा परिवर्तन ल्याउनुपर्ने ठान्दछिन् ।

### ४.२७.२ विषय-भाव

निबन्धकारले आफूले किताबी ज्ञान धेरै नजाने पनि व्यावहारिक ज्ञान राम्ररी बोध गरेको तथ्यलाई आफ्नै तरिकाले यसरी प्रस्टाउँछिन् -'कतिपय विज्ञानका कुराहरू मैले खुल्ला धरतीमै देखेकी थिएँ, अनुभूत गरेकी थिएँ, हिसाबका सूत्रहरू नजाने पनि म कसैबाट छलिन ढाँटिन सक्दिनथेँ किनभने जनजीवनमा काम लाग्ने हिसाब जान्दथेँ जुन मेरो लागि प्राप्त थियो । आवश्यकता थियो मलाई साँघुरो चेतनाबाट फराकिलो चतनासम्म पुग्ने ।' (घिमिरे, २०६७: १५७) त्यसरी आफ्नो ताजा अनुभूत व्यक्त गरेकी छिन्। यसप्रकार निबन्धकार घिमिरेलाई ज्ञानप्रति तीव्र मोह थियो भन्ने कुरा प्रस्ट हुन आउँछ ।

### ४.२७.३ संरचना-शैली

प्रस्तुत निबन्ध अत्यन्तै छोटो आयामको जम्मा जम्मी दुई अनुच्छेदको रूपमा संरचित छ । छोटाछोटा गद्यात्मक भाषाका वाक्य गठनले निबन्धलाई सजाइएको छ । आफ्ना भनाइ र असन्तुष्टिलाई अभिव्यक्त गर्नको लागि निबन्धकारले उद्धरण चिन्हको प्रयोग गरेकी छन् । सरल एवम् आफ्नै शैली भएकी निबन्धकार घिमिरेले आत्मपरक शैलीमा प्रस्तुत निबन्धको रचना गरेकी छन् । निबन्धकारले व्यक्तिगत एवम् समसामयिक पक्षलाई वैचारिक कसीमा ढालिएको उत्कृष्ट निबन्ध रचना हो । स्रष्टा घिमिरेले आफ्ना विचार, भाव अनुभूतिलाई स्वयम् आफूलाई माध्यम बनाएर प्रस्तुति गरेको हुनाले यो निबन्ध प्रथम पुरुष दृष्टिबिन्दु शैलीमा रचना गरिएको छ । आफ्ना विषयलाई एवम् समसामयिक विषयलाई शृङ्खलित क्रममा निबन्धकारले वर्णन गर्न भ्याएकी छन् । घटनालाई चाखलाग्दो ढङ्गबाट एवम् घोचक रूपमा प्रस्तुत गरेकी छन् । पाठकलाई उत्सुकता, उत्साह प्रदान गर्ने आफ्नै निजी शैली अवलम्बन गर्नु निबन्धकार घिमिरेको निबन्धगत वैशिष्ट्य हो । विषय अनुरूप हार्दिकता बौद्धिकता र तार्किकताको उपयोग पनि

उनको यो निबन्धमा पाइन्छ । कुनै स्थान विषयलाई आधार बनाएर आफ्नो ज्ञानको भोक मेटाउने सङ्कल्प गरिएको हुनाले प्रस्तुत निबन्ध शीर्षकगत हिसाबले पनि सार्थक एवम् उत्कृष्ट रहेको छ ।

### ४.२७.४ उद्देश्य

प्रस्तुत निबन्धमा निबन्धकार घिमिरेले काठमाडौँमा बसेर ज्ञानको भोकलाई पूरा गर्न कठिन ठानिन् किनकि उनी अपाङ्ग थिइन त्यसैकारणले गर्दा उनलाई आफ्ना बाबुआमाले पनि काठमाडौं बस्नको लागि साथ सहयोग नमिल्ने दर्शाए पछि उनी निकै दुःखी भएर घर फर्किन बाध्य भएको घटना निबन्ध मार्फत अभिव्यक्त गरेकी छन् । मान्छेका इच्छा आकाङ्क्षा र चाहनाहरू असीमित रूपमा हुन्छन् । तिनलाई पुरा गर्नको लागि मानिसले सङ्घर्ष गर्नु पर्छ । निबन्धकार घिमिरे त्यसै क्रममा आफ्नो ज्ञानको इच्छालाई पूरा गर्नका लागि काठमाडौं बस्ने लक्ष्य राखेकी थिइन् । तर विभिन्न बाधा व्यवधानले गर्दा उनी त्यहाँ बस्न नपाएको असन्तुष्टिको भाव निबन्धमा व्यक्त गर्न पुगेको देखिन्छ । निबन्धकार घिमिरेले मान्छेमा जन्मेदेखि बाँचुञ्जेलसम्म सिक्ने जान्ने क्रम चलिनै रहन्छ, ज्ञानको भोक सबैमा जागृत हुनुपर्छ भन्ने उद्देश्य राखेकी छन् । मान्छेको साँघुरो चेतनाबाट आफूलाई फराकिलो चेतनासम्म पुऱ्याउन विभिन्न बाधाव्यवधान खडा भए पनि निरन्तर लागि पर्नु पर्छ भन्ने सन्देश यस निबन्धले दिन खोजेको देखिन्छ ।

## ४.२८ 'पढ्न उमेरले छेक्दैन' निबन्धको अध्ययन र विश्लेषण

### ४.२८.१ परिचय

निबन्धकार झमक घिमिरेको **पढ्न उमेरले छेक्दैन** निबन्ध **जीवन काँडा कि फूल** आत्मजीवनी परक निबन्ध सङ्ग्रहमा सङ्कलित सत्ताइसौँ निबन्ध रचना हो । प्रस्तुत निबन्ध यो निबन्ध भन्दा पहिलेको निबन्धको विषयवस्तुसँग पनि सम्बन्धित भएर सिर्जना गरेको देखिन्छ । निबन्धकार घिमिरेले कुनै पनि कुरा सिक्न जान्नलाई उमेर अवस्थाले रोक्न छेक्न सक्दैन भन्ने विषयलाई उठान गरेर लेखिएको निबन्ध रचना हो । काठमाडौँ बसेर केही कुरा सिक्ने जान्ने चाहना पूरा हुन नसकेपछि  भारीमन लिएर गाउँ फर्किएकी निबन्धकार त्यसपछिका समयमा

गाउँमै बसेर अङ्ग्रेजी भाषा सिक्न थालेको देखिन्छ । उमेर छिप्पिसकेपछि ए, वि, सि, डि लेख्न र पढ्न थालेको देखेर उपहास गर्न खोज्ने मान्छेलाई जवाफ दिनको लागि आफू अगाडि बढ्ने घटनालाई प्रस्तुत गरेकी छन् । उनलाई मान्छेले खिसी र मज्जाक गर्ने गरेको तर त्यस्ता तुच्छ व्यवहारलाई बेवास्ता गरेर स्वाध्यायनमा लागीनै रहेको देखिन्छ । अतः निबन्धकार घिमिरे एउटी सङ्घर्षशील नारी व्यक्तित्व हुन भन्ने उनको व्यवहार र कामबाट पुष्टि हुन्छ ।

### ४.२८.२ विषय-भाव

निबन्धकार घिमिरेको अङ्ग्रेजी भाषा सिक्ने उत्कट चाहना रहेछ भन्ने कुरा यस निबन्ध मार्फत पनि बुझ्न सकिन्छ । यस क्रममा विभिन्न कठिनाई र समस्याका बावजुद निबन्धकार घिमिरेको अङ्ग्रेजी भाषा सिक्ने अभिलाषा अधुरै रहेको देखिन्छ । उनले पढ्ने तर छिट्टै बिर्सने स्वभावले गर्दा उनलाई पढाउने दुईजना अङ्ग्रेजी शिक्षकहरू उनीदेखि टाढै रहन चाहेको देखिन्छ । शारीरिक अवस्थाबाट पीडित निबन्धकार घिमिरेले काठमाडौँमा बस्ने इच्छालाई पूरा गर्न नपाए पनि आफ्नो गाउँ फर्किएपछि विस्तारै त्यहाँको वातावरण र बाबुआमाको साथ र सहयोगले आफ्नो पढ्ने धोको त्यहीबाट अगाडि बढाइनै रहेको तथ्य निबन्धबाट थाहा हुन आउँछ । मानिस शारीरिक रूपमा कमजोर भए पनि उच्च स्वाभिमानी सोच हुनु जरुरी कुरा निबन्धकारले आफू मार्फत पाठकलाई निर्देश गर्न खोजेको देखिन्छ । अर्काको दया र सहानुभूतिमा रम्न चाहने प्रवृत्तिलाई निरुत्साही गर्नु पर्छ भन्ने मान्यता प्रस्तुत निबन्ध मार्फत अभिव्यक्त गर्न खोजेकी छन् । अङ्ग्रेजी भाषा सिकाइका क्रममा उनले केही तीता मीठा अनुभवहरू सँगालिन् । आफूलाई अङ्ग्रेजी पढाउन भनेर आएका शिक्षकहरूले उनको परिवारसँग निकै महङ्गो पारिश्रमिक मागेको र आफूलाई खिन्नता बनाएको घटनालाई निबन्धकारले निबन्धात्मक सन्दर्भसँग जोडिदिएकी छन् । मान्छेका व्यवहारहरूलाई बुझ्ने प्रयास अङ्ग्रेजी सिकाइको घटनाले प्रस्ट्याएको देखिन्छ ।

### ४.२८.३ संरचना-शैली

आत्मपरक शैलीमा लेखिएको प्रस्तुत निबन्धको भाषाशैली सरल एवम् मीठासपूर्ण रहेको छ । छोटा वाक्य गठनले निबन्धलाई झन अर्थपूर्ण बनाएको छ । प्रथम पुरुष दृष्टिबिन्दुमा रचना

गरिएको यो निबन्धले पाठकलाई लेखपढ गर्नको लागि उमेरसँग होइन इच्छा चाहनासँग तुलना गरिएको छ । मन ठूलो कुरा हो तन मनले काम गर्नलाई केहीले पनि छेक्दैन भन्ने निर्देशात्मक शीर्षक भएको हुनाले पनि यो निबन्ध सार्थक देखिन्छ ।

### ४.२८.४ उद्देश्य

प्रस्तुत निबन्धमा निबन्धकार घिमिरेले आफूमा निरन्तर पढ्ने, जान्ने, बुझ्ने, लेख्ने तीव्र चाहना भएको घटनालाई प्रस्तुत गर्दै पाठकहरूलाई आफू  मार्फत यस्तो भावना जागृत गराउने लक्ष्य राखेको देखिन्छ ।

## ४.२९ 'समाजको दृष्टिमा अपाङ्गता' निबन्धको अध्ययन र विश्लेषण

### ४.२९.१ परिचय

प्रस्तुत निबन्ध झमक घिमिरेको **जीवन काँडा कि फूल** आत्मजीवनी परक निबन्ध सङ्ग्रहमा सङ्कलित अट्ठाइसौँ निबन्ध रचना हो । प्रस्तुत निबन्धमा निबन्धकारले शिक्षित र सभ्य भनाउँदा मान्छेहरूले आफूप्रति गरेको अपमानपूर्ण व्यवहारको उल्लेख गर्दै आफूले सिर्जनात्मक कार्यहरूको माध्यमबाट त्यस्ता खराब चिन्तन पाल्ने मान्छेहरूलाई गतिलो जवाफ दिएको सन्दर्भलाई विषयवस्तु बनाएर लेखेकी छन् । निबन्धकार घिमिरे शारीरिक रूपमा सक्षम थिइन् । सानैदेखि उनमा आफ्नै श्रम र पसिनामा स्वाभिमानी एवम् स्वाधीन जीवन बाँच्ने दृढ इच्छाशक्तिको विकास भएको पाइन्छ । त्यसकारण पनि उनले कहिल्यै पनि कसैबाट दया र सहानुभूतिको अपेक्षा नराखेको देखिन्छ । उनले आफ्नो सिर्जनशील कार्यले प्रसिद्धि पाउँदै जाँदा एकातिर उनलाई सहयोग गर्ने धेरै उदार मनहरू तयार भए भने अर्कोतिर उनको प्रगति देखेर अनावश्यक टिप्पणी गर्नेहरूका बारेमा निबन्धमा उल्लेख गरिएको छ ।

### ४.२९.२ विषय-भाव

प्रस्तुत निबन्धमा निबन्धकार घिमिरेले मान्छे र समाजले आफूप्रति देखाएको उपेक्षा एवम् तिरस्कारलाई पाइतलामुनि दवाएर सधैँ आफ्नो अध्ययन र साधनामा लागिरहिन् र

सबैलाई यस निबन्ध मार्फत लाग्न प्रेरणा पनि दिइन् । निबन्धकारले आफूलाई शारीरिक रूपमा अपाङ्ग भएकोमा कहिल्यै कमजोर ठानिनन् बरु दह्रो आत्म विश्वासले समाजको सामु सपाङ्गताहरूको माझमा आफूलाई अब्बल देखाइछाडिन् । हरेक मान्छेले आफूले आफैलाई चिन्न सकेमा मात्र जीवन सार्थक हुन्छ भन्ने वैचारिक दृष्टिकोण प्रस्तुत निबन्धले प्रवाह गरेको छ । समाजका शिक्षित एवम् बौद्धिक भनिनेले समेत उनका सिर्जनालाई उनको अपाङ्गतासँग जोडेर हेर्ने र उपहास गर्ने प्रवृत्तिप्रति निबन्धकार घिमिरेले खरो रूपमा प्रतिवाद गर्दै व्यङ्ग्य प्रहार गर्न सक्षम देखिएकी छन् । जस्तैः 'शरीर अपाङ्गता हुँदैमा विचार, विवेक, भावना अपाङ्ग थिएन । ती मान्छेहरू आफूलाई मात्र सबै अर्थमा पूर्ण ठान्ने र आफूलाई मात्र सग्लो देखे । मलाई निरीह, निर्बल देखे । म उनीहरूले देखे, सोचे जति निर्बल, निरीह भने थिइनँ ।' (घिमिरे, २०६७: १६३) त्यसरी आफूलाई अर्थाउन सफल भएकी छिन् ।

### ४.२९.३ संरचना-शैली

निबन्धकार घिमिरे आत्मपरक निबन्धकार हुन् । उनले यस निबन्धलाई आफू स्वयम्मा भएका घटना, विचार, भावहरूलाई म पात्रका माध्यमबाट प्रस्तुत गरेकी हुनाले यो **समाजको दृष्टिमा अपाङ्गता** निबन्ध पनि आत्मपरक निबन्ध हो कतै वर्णात्मक शैली अपनाए पनि आत्मपरकताको कसीमा निबन्धलाई सजाइएको छ । व्यङ्ग्य सहितको सचेतता, सजगत्ाको प्रस्तुति निबन्धमा रहेको छ । जस्तै : 'मान्छेले आफैमाथि न्याय गर्न सक्दैन भने उसले कसैमाथि पनि न्याय गर्न सक्दैन ।'(घिमिरे, २०६७:१६४) सरल एवम् गद्यात्मक भाषाको सुललित प्रयोगले निबन्ध सजिएको छ । निबन्धमा जम्मा जम्मी ६ वटा अनुच्छेदको संरचना गरिएको छ । कवितात्मक पङ्क्तिले आफूमा भएको विचार दृष्टिकोण र क्षमतालाई निबन्धकारले प्रस्तुत गरेकी छन् । प्रथम पुरुष दृष्टिबिन्दु शैलीमा प्रस्तुत निबन्धको रचना भएको छ ।

### ४.२९.४ उद्देश्य

प्रस्तुत निबन्धले समाजमा व्याप्त पुरातन एवम् अन्धविश्वासी मान्यतासँग वैचारिक रूपमा जुध्दै र नवीन वैज्ञानिक चिन्तनको विकास गर्दै अघि बढ्नु पर्छ भन्ने उद्देश्य राखेको देखिन्छ । अन्धविश्वासी समाजले अन्धा, अपाङ्गता जस्ता व्यक्तिहरूलाई हेर्ने दृष्टिकोणलाई

पर्दाफास गर्दै त्यस्ता व्यक्तिले समाजमा स्वाभिमानी भएर बाँच्न सिक्दा रहेछन् र जो कोहीलाई प्रेरणाको स्रोत बन्दा रहेछन् भन्ने दृष्टिकोण प्रस्तुत निबन्ध मार्फत प्रवाह भएको देखिन्छ । अन्धविश्वासी समाजले अपाङ्गतालाई कहिल्यै सकारात्मक दृष्टिले हेर्दैन, बरु त्यस्ता अपाङ्गता व्यक्तिले आफूलाई सबल र सक्षम बनाई प्रमाणित गरिदिन्छन् भन्ने दृष्टिकोण प्रस्तुत निबन्धको रहेको छ ।निबन्धकारले अन्धविश्वासले ग्रसित सङ्कीर्ण सोच राख्ने र आफूलाई मात्र सबै अर्थमा पूर्ण ठान्ने इर्ष्यालु एवम् पाखण्डीहरूलाई सजग बनाउनको लागि प्रस्तुत निबन्धको शीर्षक विषयवस्तु अनुरूप सार्थक एवम् सक्षम देखिन्छ ।

## ४.३० 'स्वाभिमान र श्रम' निबन्धको अध्ययन र विश्लेषण

### ४.३०.१ परिचय

प्रस्तुत निबन्ध झमक घिमिरेको **जीवन काँडा कि फूल** आत्मजीवनी परक निबन्ध सङ्ग्रहमा सङ्कलित उनन्तीसौं निबन्ध रचना हो । निबन्धकारले आफ्नो कठोर मानसिक एवम् बौद्धिक श्रम र स्वाभिमानी स्वभावको विषयवस्तुलाई आधार बनाएर वर्णन गरिएको निबन्ध रचना हो । निबन्धकार घिमिरे सानैदेखि आत्मनिर्भर हुन चाहने स्वभावकी व्यक्तित्व थिइन् । तर परिस्थितिले या नियतिवस अर्काको सहयोग विना जीवन चलाउन असम्भव हुन गएको देखिन्छ । अरुको सहारा उनका लागि बाध्यता बन्न गएको देखिन्छ ।

### ४.३०.२ विषय-भाव

निबन्धकारलाई अरूप्रति परनिर्भर भएर बाँच्नु पर्दा आत्मग्लानि भएको भाव यस निबन्धमा व्यक्त भएको छ र आफ्नै श्रममा बाँच्नु पर्छ भन्ने आत्मस्वाभिमानले भित्रैदेखि उद्वेलित बनाउने गरेको देखिन्छ । त्यस घटनालाई निबन्धकारले निबन्धको विषयवस्तुमा समावेश गरेर लेखेको देखिन्छ । त्यसपछिका घटनामा जब निबन्धकारले साहित्य, लेख रचना लेखेर दुई चार पैसा आर्जन गर्न थालिन तब उनलाई आफू पनि आत्म निर्भर बन्दै गएको कुरा महसुस गरेको देखिन्छ । जब उनलाई आफ्नो पौरखमा बाँचेको अनुभूति हुन थाल्यो । तब समाज र दुनियाँको नजरमा साहित्यकारका रूपमा परिचित एवम् प्रसिद्धि फैलन थाल्यो । विभिन्न प्रलोभनले निबन्धकारको आत्मबल घटाइदिन चाहने, कमजोर बनाउन चाहने व्यक्तिहरू

उनको स्वाभिमान झुकाउन प्रयत्न गर्ने व्यक्तिहरू पनि थिए तर तिनलाई निबन्धकारले आफ्नो बल र क्षमताले गतिलो जवाफ दिएर पाखा लगाएको देखिन्छ । निबन्धकारले सधैँ आफ्नो श्रम र स्वाभिमान भन्दा मूल्यवान् अन्य कुनै कुरा नठानेको यही तथ्यगत धारणा यस निबन्धको केन्द्रीय कथ्य हो ।

प्रस्तुत निबन्धमा निबन्धकार घिमिरेले आफ्नो पौरखमा बाँच्दाको उत्साह बेग्लै भएको तथ्यलाई यस निबन्ध मार्फत अभिव्यक्त गर्न खोजेको देखिन्छ । उनले आफ्नो श्रम लगायत त्यस्ता श्रममा बाँच्न चाहनेका लागि स्वाभिमानको रङ्ग साँच्चै बिछट्टै सुन्दर हुन्छ भन्ने धारणा प्रस्तुत गर्दछिन् ।

## ४.३०.३ संरचना-शैली

निबन्धको आयामगत हिसाबले हेर्दा छोटो आयाम भएको जम्मा जम्मी पाँच अनुच्छेदमा संरचित भएको छ । निबन्धकारले चित्त नबुझेका कुरामा असन्तुष्टि पोख्दै प्रश्नात्मक वाक्य तेर्साएकी छन् । छोटा छोटा वाक्य गठन एवम् कलात्मक रूपमा गद्यात्मक भाषाको प्रयोगले निबन्धको विषयवस्तु प्रभावकारी बनेको देखिन्छ । आत्मपरक निबन्ध भए पनि कुनै कुनै अनुच्छेदमा विवरणात्मक यथार्थवादी धरातलमा आधारित प्रस्तुत निबन्धले स्वाभिमान र आत्म गौरवको दह्रो रूपमा उठान गरेको देखिन्छ । स्वाभिमान विनाको विषयलाई श्रमको अर्थ हुँदै भन्ने दृष्टिकोण रहेको देखिन्छ । यस अर्थले पनि प्रस्तुत निबन्धको शीर्षक सार्थक देखिन्छ । प्रथम पुरुष दृष्टिबिन्दु शैलीको प्रयोग प्रस्तुत निबन्धमा अवलम्बन गरेको देखिन्छ ।

## ४.३०.४ उद्देश्य

अत्यन्तै कलात्मक एवम् उत्साहप्रद विषयवस्तु समावेश गरिएको यो निबन्धले स्वाभिमानलाई जीवनको एक सुन्दर रङ्ग ठान्दै जिन्दगी बाँच्नु नै छ त्यसैको लागि हो श्रम गर्नु पर्ने हरेक मान्छेले, श्रम गरेर बाँच्न सिक्नु पर्छ भन्ने सन्देश प्रस्तुत गरेको छ ।

लोभ प्रलोभनको जालोमा फस्ने व्यक्तिको जीवनमा कहिल्यै प्रगति हुन सक्दैन भन्ने उदेश्य प्रस्तुत निबन्धले राखेको देखिन्छ । निबन्धकारले आफ्नो कठोर मानसिक श्रमलाई श्रम नठान्ने एकपक्षीय सङ्कीर्ण सोच राख्नेहरूप्रति असन्तुष्टि व्यक्त गर्दै यसरी व्यङ्ग्य गर्दछिन् -

'घन हान्नु, भारी बोक्नु, कोदालो खन्नु मात्र श्रम हो ? देख्नेहरूले कति सजिलै पैसा कमाएको देख्छन् मैले ? एक एक पल मेहनत गरेको छ । पसिना बगाएको छ । सबैभन्दा महत्त्वपूर्ण कुरा जिन्दगीका पल पल बिताएको छ, त्यसैको लागि समर्पण गरेको छ ।' (घिमिरे, २०६७:१६९) त्यसरी निबन्धकार घिमिरेले हिजोको जीवनलाई निरीह र आज आफ्नो श्रममा बाँच्दाको क्षणलाई उत्साहमय एवम् सुन्दर जिन्दगीका रूपमा अर्थ्याउँछिन् । प्रस्तुत निबन्ध व्यङ्ग्य प्रधान निबन्धका रूपमा चिनिएको छ । व्यङ्ग्य सहितको सचेतता प्रदान गर्नु निबन्धको मूल लक्ष्य रहेको देखिन्छ । जिन्दगी बाँच्नु नै छ त्यसैको लागि हो श्रम गर्नु पर्ने हरेक मान्छेले, जे जस्तो भए पनि श्रम गरेर बाँच्न सिक्नु पर्छ भन्दै श्रमको सम्मान गर्न खोज्नु प्रस्तुत निबन्धको उद्देश्य रहेको देखिन्छ ।

## ४.३१ 'धार्मिक आस्थाभित्र मान्छे र देउताहरू' निबन्धको अध्ययन र विश्लेषण

### ४.३१.१ परिचय

**धार्मिक आस्थाभित्र मान्छे र देउताहरू** झमक घिमिरेको **जीवन काँडा कि फूल** आत्मजीवनी परक निबन्ध सङ्ग्रहमा सङ्कलित तीसौँ निबन्ध रचना हो । यस निबन्धमा निबन्धकारले विभिन्न किसिमका धार्मिक सम्प्रदायलाई विविधतायुक्त समाजको स्वाभाविक चरित्रका र विश्वासलाई इन्द्रेनीको सुन्दर रङ्गसँग तुलना गरेको देखिन्छ ।

### ४.३१.२ विषय-भाव

प्रस्तुत निबन्धमा निबन्धकार घिमिरेलाई विभिन्न धार्मिक सम्प्रदायमा आबद्ध व्यक्तिहरूले आ-आफ्नो धर्मलाई अनुसरण गर्न निकै अनुनय विनय गरेपनि उनी कुनै धर्मको साँघुरो घेराभित्र कैद हुन नचाहेको घटना प्रस्तुत गरेकी छन् । समाजमा त्यस्ता व्यक्ति हुन्छन्, जसले सोझा साझा व्यक्तिलाई ललाई फकाई गरेर धर्म परिवर्तन गराएर कुनै सम्प्रदायमा संलग्न गराउन सक्छन्, त्यस्ता प्रवृत्तिबाट टाढै रहन आग्रह गरेकी छन् । धर्मका नाममा विश्व जगत्मा विभिन्न साम्प्रदायिक युद्ध भइरहेको, त्यस्ता युद्धले मानव नरसंहार गरेको तथ्य हाम्रो सामु छ भन्दै सबैलाई धर्म मानव कल्याणको साधनाको रूपमा स्विकार्दै अगाडि बढ्न आग्रह गर्दछिन् । समाजमा अन्धविश्वासलाई पछ्याउनेहरू मान्छेलाई पनि देवत्वकरण गर्न पछि पर्दैनन् त्यस्ता

खराब प्रवृत्तिबाट सजग रहन निबन्धले आग्रह गरेको देखिन्छ । यसै सन्दर्भमा निबन्धकार घिमिरेलाई पनि साक्षात् सरस्वतीको रूप ठानेर भेटी चढाएर ढोग्ने गरेको घटना पनि यस निबन्धमा रोचक ढङ्गले उल्लेख गरेकी छन् ।

### ४.३१.३ संरचना-शैली

निबन्ध मझौला आयामभित्र केही साना अनुच्छेदमा संरचित छ भने केही लामा लामा एक पृष्ठका अनुच्छेद पनि समावेश गरी सात अनुच्छेदमा पूरा भएको छ । आत्मपरक शैलीमा रचना भएको प्रस्तुत निबन्धमा कर्ता वर्णात्मक शैलीको अवलम्बन गरेको देखिन्छ । प्रथम पुरुष दृष्टिबिन्दु शैलीमा रचना भएको प्रस्तुत निबन्धमा सरल भाषाशैली प्रयोग गर्दै रागात्मकता, हार्दिकता तथा बौद्धिकता शिल्पहरू प्रयोग भएका छन् । गद्यात्मक एवम् आफ्नै शैली अपनाउनमा सिपालु निबन्धकार घिमिरेले पाठकलाई पढौँ पढौँ लाग्ने उत्वेलित पार्ने कलात्मकता अत्यन्त रोचक एवम् घोचक पार्दै त्यसबाट विचार र दृष्टिको प्रवाह दह्रो रूपमा प्रस्तुति गर्न सक्षम ठहरिएको देखिन्छ । धर्मका नाममा समाजमा फैलिएको अन्धविश्वास र सङ्कीर्ण चिन्तनको सधैँ आलोचना गर्नु पर्ने धारणा राख्न आग्रह गर्दछिन्, जसले गर्दा विषयवस्तु अनुरूप शीर्षकको सार्थकता एवम् उपादेयता देखिन्छ । यस अर्थमा पनि निबन्ध उत्कृष्ट बनेको छ ।

### ४.३१.४ उद्देश्य

निबन्धकारले धर्मलाई रुढि र सङ्कीर्णताको घेरामा कैद नगरी उदार दृष्टि राखेर मानव कल्याणको साधनाका रूपमा अनुसरण गर्न निबन्ध मार्फत सन्देश प्रवाह गर्दछिन् । मानव कल्याणको कर्मलाई नै धर्मका रूपमा बोध गर्न सबैलाई आग्रह गरिएको निबन्ध रचना हो । यो निबन्धमा धर्मको कुरालाई लिएर मानव समुदाय विभाजित हुँदै गइरहेको जसले गर्दा समाज अत्यन्तै कुरूप र बनावटीको बाटोमा हिडिरहेको तथ्यलाई उद्घाटन गरेकी छन् ।

प्रस्तुत निबन्ध धार्मिक आस्थामा रहने मान्छेका प्रवृत्तिहरूलाई केलाउने काम गरिएको मानवतावादी निबन्ध रचना हो । यस निबन्धले यदि कुनै आस्थालाई विश्वास गरेर धर्म मानिन्छ भने त्यो धर्म मानवहित अनुकूल हुनुपर्छ भन्दै कोही कसैले जोरजबरजस्ती धर्म परिवर्तन गराउन खोज्नेहरूसँग सजग रहन आग्रह गरिएको छ । जुनसुकै धर्मप्रति आस्था राखी त्यसलाई

अवलम्बन गर्नु वा धर्ममा विश्वास छैन भन्दै कुनै पनि धर्मलाई नअपनाई स्वतन्त्र रूपले जीवन यापन गर्न पाउनु पनि मानिसको आस्थाको केन्द्र हो भन्ने वैचारिक दृष्टिकोण यस निबन्ध मार्फत निबन्धकारले राखेकी छन् ।

## ४.३२ 'स्वतन्त्रता भोग्ने रहर' निबन्धको अध्ययन र विश्लेषण

### ४.३२.१ परिचय

प्रस्तुत निबन्ध झमक घिमिरेको **जीवन काँडा कि फूल** आत्मजीवनी परक निबन्ध सङ्ग्रहमा सङ्कलित एक्तीसौं निबन्ध रचना हो । निबन्धकार घिमिरेले एउटी महिला सबै अर्थमा स्वतन्त्र हुन सर्वप्रथम ऊ आर्थिक रूपमा आत्मनिर्भर हुन आवश्यक छ भन्ने ठानेकी छन् । निबन्धकार आफू पनि सकेसम्म स्वतन्त्रताको अधिकतम उपयोग गरी बाँच्न चाहे पनि यस्तै आर्थिक सामाजिक व्यवधानले त्यसो हुन नदिएको यथार्थलाई विषयवस्तु बनाएर स्पष्ट पार्छिन् । पितृसत्तात्मक नेपाली समाजमा महिलाहरू पुरुषको तुलनामा स्वतन्त्र हुन नसकेको देख्दा निबन्धकार चिन्तित हुन्छिन् ।

### ४.३२.२ विषय-भाव

प्रस्तुत निबन्ध सामाजिक विषयवस्तुलाई आधार बनाएर लेखिएको आत्मपरक निबन्ध रचना हो । यस निबन्धको लक्ष्य भनेको समाज सुधारको बाटोमा सबैलाई अग्रसर हुन आग्रह गर्नु हो । उनको यो निबन्धको मूल स्वर मानवहित र समाज सुधार हो । आत्मपरक ढङ्गबाट वैचारिक सेरोफेरो लगाउने प्रस्तुत निबन्ध समाजका विविधताभित्रका अवस्थाको चित्रण गर्न सक्षम रहेको देखिन्छ । निबन्धमा मानवताप्रति गम्भीर हुन आग्रह गर्दै सेवाभावले अभिप्रेरित भएर मानवतावाद र स्वतन्त्रताको संरक्षण र सम्बर्द्धन गर्न सबैलाई आग्रह गरिएको छ । यस निबन्धले नैतिकता र आदर्शको पृष्ठपोषण गर्नु मुख्य उद्देश्य राखेको देखिन्छ । निबन्धकार घिमिरेको यस निबन्धको विशेषता भनेको लैङ्गिक असमानताको विरोध गर्दै महिला र पुरुषमा समान व्यवहार जागृत हुनु पर्ने रहेको छ । निबन्धकार घिमिरेले अन्य सबल व्यक्ति र छोराहरूमा जस्तै उनमा पनि सामाजिक संस्कार र मर्यादाका नाममा स्वतन्त्रताको अधिकतम भोग गर्न सकिनन् । उनका आफ्ना मनमा लागेका असन्तुष्टिहरू यस **स्वतन्त्रता भोग्ने रहर**

निबन्धमा पोखिएका छन् । उनले आफ्नो लेखनमा आफूले भोगेका र देखेका तीता मीठा सबै किसिमका अनुभव एवम् यथार्थलाई आफ्नो लेखाइ मार्फत अभिव्यक्त गरेकी छन् । उनले यति सशक्त रूपमा कलम चलाइन उनको त्यस्तो लेखाइबाट केही मान्छेहरू तर्सिएको र उनीहरूलाई चित्त नबुझेका कुरा नलेख्न आग्रह पनि गरेको घटना उल्लेख छ । तर एउटा सचेत र निर्भीक लेखक हुनुका नाताले उनले आफ्नो आत्माले देखेका भोगेका सुन्दर, कुरूप दुवै किसिमको सत्य एवम् तीतो यथार्थलाई प्रस्तुत गरिन् । यसरी कलमबाट वैचारिक दृष्टिकोण प्रवाह गरेको तथ्यपरक अभिव्यक्ति यस प्रकार रहेको छ : 'मैले कलमको स्वतन्त्रता पूरापूर रूपमा भोगेँ र भोग्न चाहिँरहे र त कलमले सबै स्वरहरू ओकलिरह्यो । त्यसले कहिल्यै असमानताका विरुद्ध समानताका स्वरहरू, कहिले अन्याय, अत्याचार, अव्यवस्थाका विरुद्ध न्याय, सदाचारका स्वरहरू ओकलिरह्यो । जे होस् आफ्नै स्वतन्त्र परिधिमा कुदिरह्यो कलम बस्' ( घिमिरे, २०६७: १७७) यसरी निबन्धकार घिमिरे प्रगतिवादी निबन्धकार हुन् जसले अन्याय अत्याचार र शोषित वर्गको बारेमा आवाज उठाएको तथ्य देखिन्छ ।

## ४.३२.३ संरचना-शैली

प्रस्तुत निबन्ध छोटो आयामको जम्मा जम्मी चार अनुच्छेदमा संरचित रहेको छ । गद्यात्मक भाषामा छोटा छोटा वाक्य गठनले सजाइएको प्रस्तुत निबन्ध आत्मपरक निबन्ध रचना हो । प्रथम पुरुष दृष्टिबिन्दु शैलीको प्रयोग गरिएको यो निबन्धमा सरल एवम् सुललित भाषा शैलीको प्रयोग भएको देखिन्छ । आफूले देखेका, भोगेका र समाजमा विद्यमान अवस्थाका यथार्थ कुरालाई प्रस्तुत गर्न सफल भएको हुनाले यो निबन्धको शीर्षक विषयवस्तु अनुरूप सार्थक रहेको छ ।

## ४.३२.४ उद्देश्य

निबन्धकार घिमिरेले सामाजिक व्यवहारमा लैङ्गिक, वर्गीय, जातीय विभिन्न किसिमका विभेदहरूलाई नजिकैबाट देखिन र केहीहदसम्म भोगेको यथार्थतालाई प्रस्तुत गरेकी छन् । निबन्धकार घिमिरेले आफ्नो साहित्य लेखनमा आफूले भोगेका र देखेका तीता मीठा सबै किसिमका अनुभव एवम् यथार्थलाई आफ्नो लेखाइ मार्फत अभिव्यक्त गरेकी छन् । समाजमा

विद्यमान असमानता, अन्याय, अत्याचार, कुरूप, सामाजिक संस्कार आदिको विरोध गर्नु प्रस्तुत निबन्धको लक्ष्य रहेको देखिन्छ । निबन्धकार घिमिरेको कलमबाट तिनका विरुद्धमा न्याय, सदाचार सत्यअवस्थाका स्वरहरू उराली रहेको देखिन्छ । आफ्नो स्वतन्त्र परिधिमा उनको कलम कुदिरहेको तथ्य उद्घाटन प्रस्तुत निबन्धमा भएको देखिन्छ । यस निबन्धमा समाजमा विद्यमान जातीय, लैङ्गिक वर्गीय एवम् विभिन्न किसिमका विभेदहरू निम्त्याएको समस्याको उठान गर्दै त्यस्ता पक्षहरूको विरोध गर्नु मुख्य उद्देश्य रहेको देखिन्छ ।

## ४.३३ 'कलम र मृत्युको सन्त्रास' निबन्धको अध्ययन र विश्लेषण

### ४.३३.१ परिचय

प्रस्तुत निबन्ध झमक घिमिरेको **जीवन काँडा कि फूल** आत्मजीवनी परक निबन्ध सङ्ग्रहमा सङ्कलित बत्तीसौँ निबन्ध रचना हो । झमक घिमिरेले प्रस्तुत निबन्धमा सशस्त्र द्वन्द्वको समयमा राज्यपक्ष र माओवादी दुवैबाट जनतालाई सताउने अमानवीय कार्य भएकोमा त्यसलाई खरोरूपमा आलोचना गरेको देखिन्छ । तत्कालीन समयमा एकातिर नेपाली सेना र प्रहरीले निर्दोष, निहत्था एवम् गरिब जनतालाई आतङ्ककारीको आरोप लगाएर चरम यातना दिने र हत्या समेत गरेका थिए भने अर्कातिर जनताको स्वतन्त्रता र मुक्तिका निम्ति युद्ध गरिरहेको भन्ने माओवादीले जनताका घरघरमा पुगेर अनावश्यक दुःख दिने काम गरेको तीतो यथार्थलाई निबन्धको विषयवस्तु बनाएकी छन् ।

### ४.३३.२ विषय-भाव

निबन्धकार घिमिरेले यस निबन्ध मार्फत गरिब, दुःखी, निमुखा जनताको पक्षमा आवाज उठाएकी छिन् । सशस्त्र द्वन्द्वको क्रममा भएका अराजकता, अन्याय, अत्याचार आदिको विरोध गर्दै तिनको पर्दाफास गर्नु यस निबन्धको लक्ष्य रहेको देखिन्छ । जनताको आन्दोलनलाई, सङ्घर्षका कथा व्यथालाई निबन्धकारले वैचारिक समर्थन गरेको देखिन्छ भने जनविरोधी कृयाकलापको भने कलम मार्फत खुलेर आलोचना गरेको देखिन्छ । जस्तो सुकै सन्त्रास, निरङकुशता एवम् कठोर परिस्थितिको सिर्जना भए पनि जनताको पक्षमा कलम मार्फत आवाज उठाउन सक्नु सच्चा लेखक हुन सक्नु भन्ने धारणा निबन्धकारले राख्दछिन् ।

प्रस्तुत निबन्ध परिवर्तनकारी एवम् जनताको मुक्तिका लागि अगाडि बढ्न चाहने न्यायप्रेमी जनसमुदायको पक्षमा आवाज बुलन्द गर्न लेखिएको प्रगतिवादी विचार समेटिएको निबन्ध रचना हो । आस्था र विश्वासमा कलम चलाउँदैमा कोही कसैसँग झुक्नु र डराउनु हुँदैन भन्ने सन्देश निबन्धले प्रवाह गरेको देखिन्छ । प्रस्तुत निबन्ध मार्फत समाजका सबै खालका विभेदहरूका विरुद्ध समता र मुक्तिका स्वरहरू निबन्धकारले आफ्नो कलम मार्फत बुलन्द गरेकी छन् । निबन्धकार घिमिरेलाई आफ्ना विचारहरू कलम मार्फत प्रवाह गर्न खोज्दा विभिन्न धम्की, सन्त्रास दिनेसम्मको प्रयास भएको देखिन्छ । यसरी जनताको सत्यतथ्य आवाजलाई बोल्ने स्रष्टालाई आइपर्ने समस्याहरूको बारेमा निबन्धकारले निबन्ध मार्फत अनुभव साटेकी छन् । जस्तोसुकै चुनौतीहरूलाई बेवास्ता गर्दै निबन्धकार घिमिरेले झन आगो भएर प्रस्तुत भएको देखिन्छ । सिङ्गो मानवताको स्वर बोकेर बोलीरहेको देखिन्छ । उनको कलमबाट न्याय र मानवताको स्वर ओकलिन्थ्यो । जीवन जिउँदो मूर्दा सरह बनेर बाँच्नु पर्छ भने त्यसको कुनै अर्थ छैन, स्वतन्त्र भएर बाँच्नु यदि मानिसलाई छैन भने जिउनुको मज्जा भएन भन्ने तर्क निबन्धकारको रहेको छ । निबन्धकार घिमिरेले तत्कालीन अर्थात् २०५८ सालको सेरोफेरोको राजनीतिक उतार चढावलाई आधार बनाएर निबन्धको विषयवस्तु समेटिएको पाइन्छ ।

### ४.३३.३ संरचना-शैली

छोटो आयाम भएको प्रस्तुत निबन्ध जम्माजम्मी ६ वटा अनुच्छेदमा संरचित रहेको देखिन्छ । आत्मपरक शैलीमा लेखिएको यो निबन्धको सुरुको अनुच्छेदमा वर्णात्मक शैली अपनाइएको छ । प्रथम पुरुष आन्तरिक दृष्टिबिन्दु शैलीको अवलम्बन गरिएको उत्कृष्ट गद्यात्मक भाषाले निबन्धलाई सजाइएको छ । निबन्धमा आक्रोश पोखिएको छ । त्यसैगरी चेतनाको विजारोपण गरिएको छ । जनताको आवाज बोल्ने काम भएको छ । आफ्नो हकहित र अधिकारका लागि जनताले निकै बलिदान, दु:ख, कष्ट, व्यहोरी रहेको यथार्थ पक्षलाई निबन्धले हृदङ्गम गरेको देखिन्छ । नेपाली जनताको समस्या, पिर मर्का र तत्कालीन राजनीति आदि विषयवस्तुलाई उठान गरेर लेखिएको प्रस्तुत निबन्ध घिमिरेको प्रगतिवादी एवम् बौद्धिक निबन्ध रचना हो भन्ने कुरा पुष्टि हुन्छ ।

### ४.३३.४ उद्देश्य

जनविरोधी कार्यहरूको आलोचना गर्दै जनतालाई आफ्नो विचारका माध्यमबाट जागृत बनाउन सक्नुपर्छ तब मात्र सच्चा क्रान्तिकारी एवम् जनपक्षीय लेखक बन्दछन् भन्ने मान्यता निबन्धकारको रहेको छ । माओवादी जनयुद्ध एकदमै पेचिलो बन्दै जाँदा नेपालीहरूको इतिहासमा कहिल्यै नभोगेको त्रासदी भोग्दै थिए भन्ने निबन्धकार घिमिरेको बुझाइ रहेका देखिन्छ । भय र सन्त्रासको कठिन घडीमा धेरै लेखकहरू मौन बसे, आफूमा भएको विचारलाई आफसेआफ दबाए तर समाजको परिवर्तन चाहनेले त्यसरी चुप लागेर बस्नु अन्याय ठान्दै निबन्धकार घिमिरेले समाजको परिवर्तन चाहने आँटिलो र जनमुखी साहित्य लेख्दै आफूले देखेको भोगेको यथार्थलाई खुलस्त रूपमा लेखेर अगाडि बढेको देखिन्छ । साथै मानवीय स्वतन्त्रता र न्यायका पक्षमा आवाज बुलन्द गरिरहेको देखिन्छ ।

प्रस्तुत निबन्धमा समाजका सबै खालका विभेदहरूका विरुद्ध समता र मुक्तिका स्वरहरू कलम  मार्फत बुलन्द गर्न खोज्दा आइपर्ने समस्याबाट पछि हट्नु हुँदैन सधैँ अग्रगामी विचार प्रवाह गर्नुपर्छ भन्ने सन्देश प्रवाह गरेकी हुनाले प्रस्तुत निबन्धको शीर्षक सार्थक देखिन्छ ।

## ४.३४ 'रगताम्य समयसँग स्तब्ध मन' निबन्धको अध्ययन र विश्लेषण

### ४.३४.१ परिचय

प्रस्तुत निबन्ध झमक घिमिरेको **जीवन काँडा कि फूल** आत्मजीवनी परक निबन्ध सङ्ग्रहमा सङ्कलित तेतीसौँ निबन्ध रचना हो । यस निबन्धमा वि.सं. २०५८ सालमा राजदरवार हत्याकाण्ड र सर्वसाधारण नेपाली जनतामा भय, आशङ्का र अनिश्चितताको कालो बादललाई आधार बनाएर लेखिएको निबन्ध रचना हो । त्यसै गरी अर्कोतर्फ माओवादीको सशस्त्र विद्रोह झन आक्रमक बन्दै गइरहेको थियो । जसका कारण हरेक दिन बीभत्स हत्याका घटनाहरू घटिरहन्थे र मान्छेहरू आफ्नो जीवन कसरी सुरक्षित बनाउने भन्नेमा चिन्तित भएको घटनालाई निबन्धको विषयवस्तु बनाइएको छ । तत्कालीन समयमा भएको राजदरवार हत्याकाण्ड, माओवादीको सशस्त्र द्वन्द्वले गर्दा सरकारले लगाएको सङ्कट कालको घटनाले देशको राजनीति, सुरक्षा व्यवस्था आदि विग्रदै र कमजोर बन्दै गयो । विभिन्न हत्याका बीभत्स

घटनाले आकुल व्याकुल भएका नेपाली जनतालाई सम्झदै निबन्धकारले प्रस्तुत निबन्धको सिर्जना गर्न पुगेको देखिन्छ ।

## ४.३४.२ विषय-भाव

प्रस्तुत निबन्ध त्यही समयको कालो कालखण्डमा लेखकले देखेको र भोगेको कष्टकर एवम् भयभीत जीवनको प्रकटीकरण हो । हरेक दिन मान्छे मारिएको समाचार सुन्दा नेपाली जनतामा निराशा छाएको थियो । निबन्धकार घिमिरेले राजा ज्ञानेन्द्र शाहको निरङ्कुश शासनको चरित्र देखेर निकै आक्रोशको भाव व्यक्त गरेको देखिन्छ ।

आफ्नो मात्रै हित सोझ्ा साझ्ा जनताको अहित सोच्ने त्यसको चाहना कहिल्यै पूरा हुँदैन जनताको विजय एक दिन अवश्य हुन्छ भन्ने धारणा प्रस्तुत गर्दछिन् । प्रस्तुत निबन्धले जनताको गुम्न लागेको स्वतन्त्रता, प्रजातन्त्र, मानवअधिकार न्याय र शान्तिको कामना गरेको देखिन्छ । तत्कालीन समयका शासकहरूले सबै खोसेर लगेका थिए । जनतालाई गुमराहमा राख्दै आवाजहरू थुन्ने प्रयास गरेका थिए । त्यस अवस्थामा जनताका पक्षमा कलम चलाउने लेखकहरूलाई निकै टेढो आँखाले हेर्ने, धरपकड गर्ने मानसिक यातना दिने स्थितिको आँकलन गरिएको छ । निबन्धकार घिमिरेले परिवर्तनका चाहना राखेर सङ्घर्ष गरिरहेका नेपाली जनताका कथा व्यथा लेख्ने लेखक स्रष्टाहरूको यस निबन्ध मार्फत चर्चा गरेकी छन् ।

प्रस्तुत निबन्ध राजनीतिक व्यवस्थाको अस्तव्यस्तताको बारेमा विश्लेषण गरेर लेखिएको निबन्ध रचना हो । राज्य चलाउनेको अदूरदर्शिता, शासक भित्र हत्या आतङ्क, अन्याय अत्याचार बढ्दै जाने त्यसको दोष नेपाली जनताले भोग्नु पर्ने नियतिको बारेमा पाठकलाई अवगत गराउनु प्रस्तुत निबन्धको लक्ष्य रहेको देखिन्छ ।

## ४.३४.३ संरचना-शैली

छोटो आयाममा संरचित प्रस्तुत निबन्ध छ वटा अनुच्छेदमा सङ्कलित छ । वर्णात्मक एवम् व्याख्यात्मक शैली अपनाउन खोजे पनि प्रस्तुत निबन्ध आत्मपरक शैलीमै रमाएको देखिन्छ । निबन्धकार घिमिरेले तत्कालीन समयमा आफ्नो कलमले जनताका पक्षमा लेखिरहेको तथ्यलाई प्रस्ट्याउने प्रयास गरेको देखिन्छ । समाज, राजनीति त्यसैगरी अन्य विविध पक्षलाई

आफ्नो निबन्धको विषयवस्तु बनाउने निबन्धकार घिमिरेले यस निबन्धमा राजनीतिक घटना र त्यसबाट उत्पन्न हुने भय त्रास, बीभत्सता, आदि कुराको सत्य तथ्यताको बारेमा प्रकाश पार्ने काम गरेकी छन् । त्यस्तै गरी लेखक कलाकारले सधैँ न्याय, सत्य र विवेकले काम गर्नु पर्छ भन्ने दृष्टिकोण राख्दछिन् । उनले यसरी अभिव्यक्त गर्दछिन् -'मेरा कलमले न्यायका स्वरहरू बोके, कान्तिका सकारात्मक र उज्याला पक्षहरू पच्छाइरहे । देशमा निरङ्कुशताका जराहरू झनझन फैलिँदै थिए, देशलाई तिनले झन अँध्यारोतिर लाँदै थिए, न्यायप्रेमी लेखक, कवि, कलाकारहरू जनताका आवाजहरू उठाउँदै थिए, मैले पनि सिर्जनामा न्यायका आवाजहरू उठाइरहेँ ।' (घिमिरे, २०६७: १८६) यसरी परिवर्तनका संवाहक लेखक कलाकार पनि आफ्ना कलमको माध्यमबाट अघि बढ्न सक्छन् भन्ने तथ्यलाई प्रकाश पार्न खोजिएको छ ।

## ४.३४.४ उद्देश्य

निबन्धकार घिमिरेले नवयुगको सपना देख्नेहरूका लागि आँट गरेर कलम मार्फत आवाज बुलन्द गरेको घटनाले प्रशंसा पाएको लाखौं दविएका आवाजले स्यावासी दिएको घटनाले खुसी भएको अभिव्यक्ति राखेकी छन् । निबन्धकार घिमिरेले सबैलाई सङ्घर्षको पाठ सिकाएकी छन् । अन्याय अत्याचार चुप लागेर सहेर बस्नु भनेको आफूलाई ठग्नु हो, अन्धकारमा धकेल्नु हो भन्ने तथ्य तर्फ सजग रहन आग्रह गरेकी छन् ।

अन्याय अत्याचारको विरोध गर्नुपर्छ, निडरताका साथ कलम चलाउनु पर्छ भन्ने दृष्टिकोण निबन्धकारको रहेको छ । त्यति बेला आफूलाई कवि लेखक भन्नेहरूले अलाप र विलापका सिर्जनाहरू रचेको देख्दा निबन्धकार छक्क पर्दथिन् । बरु भय र पीडामा बाँचेका नेपाली जनताको मनोबल बढाउने किसिमका रचना रचिनु पर्थ्यो तर लेखकहरूले त्यसो नगरेको देख्दा निबन्धकार त्यस्ता लेखकको खुलेर आलोचना गर्दै स्वतन्त्रताका पक्षमा आफ्नो बलियो अभिमत निबन्ध मार्फत प्रस्तुत गर्नु यस निबन्धको उद्देश्य हो ।

निबन्धकार घिमिरेले राज्यव्यवस्था आफ्नो मुठ्ठीमा लिएर स्वेच्छाचारी ढङ्गबाट शासन चलाउन खोज्ने शासकहरूको दह्रो रूपमा विरोध गर्नु हरेक नागारिकको कर्तव्य हो भन्ने यस निबन्ध मार्फत उद्देश्य राखेको देखिन्छ । यसरी अस्तव्यस्त समयसँग जनताको मनलाई बुझ्ने प्रयास गर्दै विषयवस्तु अनुरूप निबन्धको शीर्षक सार्थक देखिन्छ । यसरी प्रस्तुत निबन्ध मार्फत

जनताका पक्षमा आफ्नो बलियो अभिमत लेखनका माध्यमबाट प्रकट गर्दै लेखकले यथार्थ रूपमा देखेको, भोगेको र अनुभव गरेको घटना पाठकलाई स्मरण गराउँदै त्यस्ता कहाली लाग्दा घटनाबाट न्याय प्रेमी जनतालाई सुसूचित पार्ने मूल लक्ष्य रहेको छ ।

## ४.३५ 'सङ्कटकाल र सन्त्रस्त समय' निबन्धको अध्ययन र विश्लेषण

### ४.३५.१ परिचय

प्रस्तुत निबन्ध झमक घिमिरेको **जीवन काँडा कि फूल** आत्मजीवनी परक निबन्ध सङ्ग्रहमा सङ्कलित चौतीसौं निबन्ध रचना हो । यस निबन्धमा नेपाली जनताले सङ्कटकालमा भोगेको त्यही भयभित त्रासदीको समयलाई निबन्धकारले विषय वस्तु बनाएकी छन् । माओवादी सशस्त्र विद्रोहका विरुद्ध सङ्कटकाल घोषणा गरी सेना परिचालन गरेपछि नेपाल देश भीषण द्वन्द्वको गतिमा भासिएको अवस्था थियो । सेना होस् या माओवादी जो मारिँदा पनि नेपाल आमाकै सन्तान मारिएका थिए । त्यसरी भएको दोहोरो भिडन्तमा कसैले जितेको थिएन बरु देशले नै हारिरहेको थियो । यसै सन्दर्भलाई उठान गर्दै प्रस्तुत निबन्धको विषय छनौट गरिएको छ । सङ्कटकालको समयमा सर्वसाधारण नेपाली जनताहरू सेना र माओवादी दुवै पक्षबाट प्रताडित हुन पुगेको तथ्यलाई निबन्धले उद्घाटन गरेको छ ।

### ४.३५.२ विषय-भाव

प्रस्तुत निबन्धमा नेपाली इतिहासको त्यो कहाली लाग्दो कालखण्डमा नेपाली जनताले देखेको र भोगेको ज्यादती, यातना, पीडा र प्रताडनाको वर्णन निबन्धकार घिमिरेले आफ्नो कलमका माध्यमबाट निकै निर्भीक एवम् रोचकताका साथ प्रस्तुत गरेकी छन् । युद्धले विनाश निम्त्याउँछ त्यो नेपाली समाजले भोग्न बाध्य भयो । मानवता अमानवता गाँजिदै गएको कुरामा निबन्ध मार्फत बताउने प्रयास गरिएको छ । आजको सभ्य भनिने समाजमा मान्छेले आफ्नो मान्छे जातिको अवमूल्यन गर्दै गएको कुरामा निबन्धले इङ्गित गरेको देखिन्छ । निबन्धकारले मानवतालाई खेलवाड गर्नेलाई अत्यन्तै कलात्मक तरिकाले व्यङ्ग्य प्रहार गरेको देखिन्छ । जस्तै -'मानवता भन्ने तत्त्व सबैमा रित्तिइसकेको थियो । सबैका सन्त्रस्त आँखाले समयसँग जीवनको गुहार गरिरहेको जस्तो लाग्थ्यो । हुन पनि हो मान्छेलाई आफ्नो जीवनभन्दा प्यारो वस्तु केही

पनि नहुँदो रहेछ' (घिमिरे, २०६७:१८८) । त्यसरी प्रतिशोधको भावले ग्रस्त निर्दयी सेनाहरूले विवेकशून्य भएर सोझा जनतालाई सताउने गर्दथे । उनले माक्सवाद पढ्ने व्यक्तिलाई नराम्रो दृष्टिले हेर्दै त्यस्ता पुस्तकहरू जलाउने गर्दथे । तर उनले माक्सवाद भनेको वैज्ञानिक दर्शन हो भन्ने कहिल्यै बुझेनन् । दर्शन भनेको सबै मान्छेमा हुन्छ ।

### ४.३५.३ संरचना-शैली

निबन्धकार घिमिरेको **सङ्कटकाल र सन्त्रस्त समय** निबन्ध छोटो आकारको जम्माजम्मी पाँच अनुच्छेदमा सङ्कलित भएर रहेको छ । निकै चोटिला र गर्भिला लाग्ने व्यङ्ग्यात्मक भनाइले साँच्चै नै निबन्धको उद्देश्यमा सफल देखिन्छ । सरल कलात्मक भाषा शैली मीठा मीठा सन्दर्भहरू एवम् भावुक लाग्ने कुनै कुनै वाक्यले निबन्धको बनावटमा अत्यन्तै सुन्दरता थपेको छ । कलात्मक गद्य भाषाले निबन्ध सजाइएको छ । वर्णात्मक शैलीमा प्रस्तुत गरिएको यो निबन्ध आत्मपरकतामा रमाएको छ । सङ्कटकालको समयमा नेपाली जनताले भोगेका पीडा, दुःख दर्दलाई उल्लेख गर्दै स्रष्टा घिमिरेले आफू पनि त्यो अवस्थाबाट निकै सताइएको घटनालाई आधार बनाएर निबन्धको शीर्षक चयन गरिएको छ । निबन्धकार घिमिरेले आफ्नो लेखन यात्रालाई प्रस्तुत निबन्धको शीर्षक सन्दर्भसँग जोडेकी छन् । आफ्नो लेखन यात्रा यसै उतार चढावको बीचबाटै अगाडि बढिरहेको, त्यस अवधिसम्म थुप्रै हण्डर र ठक्कर पनि खाएको अवस्थाको उल्लेख गरेकी छन् । जे जसो भए पनि त्यस्तो सङ्कटभित्र निबन्धकार घिमिरेले जिन्दगी चलाइरहेको सन्दर्भलाई निबन्धको शीर्षकसँग जोडिएको छ । यस अर्थले पनि निबन्ध सार्थक एवम् उत्कृष्ट रहेको छ ।

### ४.३५.४ उद्देश्य

प्रस्तुत निबन्धमा निबन्धकारले निकै निर्भीक भएर जनता विरुद्ध भएका ज्यादतीको विरोध गर्ने लक्ष्य राखेको देखिन्छ । सङ्कटकालको समयमा युद्ध उन्मादले अनमत्त भएकाहरूले निर्दोष निहत्था नेपाली जनतालाई धम्क्याउने, हत्या गर्ने, चेलीबेटीलाई बलात्कार गर्ने र शारीरिक एवम् मानसिक यातना दिने घृणित कार्यहरूको विरोध गर्नु प्रस्तुत निबन्धको उद्देश्य रहेको देखिन्छ । कुनै न कुनै विचारले मान्छे प्रभावित भएर चलिरहेको हुन्छ, विवेक हुन्छ,

चिन्तन एवम् दृष्टिकोण हुन्छ तर तिनले आस्था र विश्वासका आधारमा चल्ने जनतालाई विवेक शून्य पार्ने कोसिस गर्दथे निबन्धकार घिमिरे त्यस प्रति कडा विरोध गर्दछिन् र यस्ता अन्यायको विरोधमा कडा रूपले लाग्न प्रेरणा दिन्छिन् ।

## ४.३६ 'अँध्यारोबाट मुक्तिको स्वर' निबन्धको अध्ययन र विश्लेषण

### ४.३६.१ परिचय

प्रस्तुत निबन्ध झमक घिमिरेको **जीवन काँडा कि फूल** आत्मजीवनी परक निबन्ध सङ्ग्रहमा सङ्कलित पैतीसौं निबन्ध रचना हो । निबन्धकार झमक घिमिरेले लेखनका माध्यमबाट शान्ति, लोकतन्त्र र स्वतन्त्रताको वकालत गरेकी छन् । नेपाली समाज दश वर्ष लामो गृहयुद्धबाट गुज्रिन पुग्यो । त्यो त्रासदी समयलाई निबन्धकारले नेपाली समाजले भोगेको कालरात्रिको रूपमा चित्रण गर्छिन् । राजाको निरङ्कुश तन्त्रका कारण प्रजातान्त्रिक शासन व्यवस्था प्रतिबन्धित अवस्थामा थियो । त्यस्तो अवस्थामा कवि, लेखक, चिन्तक र राजनेताहरूको प्रमुख दायित्व निरङ्कुशताको विरुद्धमा जनतालाई जागरुक गराउनु थियो । जस्तोसुकै अप्ठ्यारो परिस्थितिमा पनि लेख्न बोल्न नडराउने घिमिरेले त्यस कठिन समयमा पनि कसैको विरोध वा समर्थन भन्दा पनि जनताको पक्षमा निरन्तर विचार अभिव्यक्त गरेको तथ्यलाई निबन्धको विषयवस्तु बनाइएको छ ।

### ४.३६.२ विषय-भाव

निबन्धकार घिमिरेले आत्मपरक शैलीबाट निबन्धको रचना गरेकी छन् । निबन्धमा आफ्नो सिर्जनाको जन्मको बारेमा उल्लेख गरेकी छन् । निबन्धकार जस्तोसुकै अप्ठ्यारो समयमा पनि लेखनका माध्यमबाट बोल्न सक्थिन्, उनलाई जिन्दगीको कुनै डर थिएन त्यसै कारणले एउटा प्रतिष्ठित स्रष्टाको रूपमा स्थापित हुन पुगिन् । त्यही निर्भीक एवम् स्वाभिमानी लेखकीय चेत भएका कारण झमक घिमिरेले आफूलाई जनताको लेखकका रूपमा स्थापित गर्न सफल भएको देखिन्छ । उनले **नौलो प्रतिबिम्ब**-२०६० कविता सङ्ग्रहमा नेपाली समाजले भोगेको गुहयुद्ध र राजाको निरङ्कुशताको कष्टकर समयलाई प्रतिबिम्बित गर्दै सार्वजनिक गरेकी छन् । उक्त कृतिको मूल भाव भनेको नै अँध्यारो समयसँग विद्रोह गरी मुक्तिको उज्यालो मार्गतर्फ

उन्मुख गराउने लक्ष्य बोकेको थियो । उक्त नौलो पाइला कविता सङ्ग्रहले तत्कालीन समयको अवस्थाको बारेमा स्पष्ट बोलिदिएको कुरालाई आधार बनाएर प्रस्तुत निबन्धको शीर्षकसँग जोड्न पुगेकी छन् । निबन्धकार घिमिरेले आफूमा भएको क्षमतालाई थोरै भए पनि यसरी पुष्ट्याइँ गर्दै व्यङ्ग्य गर्दछिन् -'मसँग केही थिएन तर पनि केही थियो अरुसँग सबै थोक थियो तर उनीहरूसँग जे थिएन त्यो मसँग थियो ।'(घिमिरे, २०६७: १९१) यसरी निबन्धकार घिमिरेले आफ्नो लेखनका माध्यमबाट परिवर्तनकारी विचार प्रवाह गरेको देखिन्छ । जस्तै 'मसँग केही नभए पनि बाँच्ने इच्छा थियो । त्यसैसँग जोडिएको अलिकति विचार भावना, चाहना जे थियो म हुनुको अर्थ थियो अर्थात् मान्छे हुनुको एउटा महासत्य ....'(घिमिरे, २०६७:१९१) यसरी निबन्धकार घिमिरेले संसार परिवर्तनशील, गतिशील छ त्यो एउटा सत्य हो जनताले अँध्यारोबाट मुक्तिको चाहना राख्दै सङ्घर्ष गर्छन् र नौलो बिहानी ल्याउन सफल हुन्छन् भन्ने तथ्यलाई निबन्धकारले उद्घाटन गर्न खोजेकी छन् ।

### ४.३६.३ संरचना-शैली

प्रस्तुत निबन्ध आयामगत दृष्टिले छोटो आकार भएको जम्माजम्मी पाँच अनुच्छेदमा संरचित रहेको छ । यसरी आफ्नो सिर्जना र तत्कालीन राजनीतिक परिस्थितिलाई मूल्याङ्कन गरिएको प्रस्तुत निबन्ध उत्कृष्ट रहेको छ । कतै विवरणात्मक कर्ता वर्णनात्मक शैली अपनाउन खोजे पनि प्रस्तुत निबन्ध सरल, कलात्मक एवम् स्पष्ट गद्यात्मक भाषामा लेखिएको निबन्ध रचना हो । प्रथम पुरुष दृष्टिबिन्दुको प्रभावकारी प्रयोग प्रस्तुत निबन्धमा भएको छ । निबन्धकार घिमिरेले आफ्नो निबन्धात्मक विषयवस्तुलाई पाठक समक्ष प्रस्तुत गर्न र भावलाई समन्वय गर्न शब्द, वाक्य र अनुच्छेदको बनोटलाई निबन्धमा खुबै बान्की पुर्‍याएकी छन् । विषयलाई शृङ्खलित क्रममा विस्तार गरिएको घटनालाई रोचक तथा चाखलाग्दो ढङ्गमा प्रस्तुत गरिएको पाठकलाई उत्सुकता र उत्साह प्रदान गरेको हुनाले प्रस्तुत निबन्ध उत्कृष्ट रहेको छ ।

### ४.३६.४ उद्देश्य

निबन्धकार घिमिरेले आफ्ना सिर्जनाहरूमा मुक्ति र स्वतन्त्रताको गीत गाउदै जनतालाई जागरुक एवम् सजग रहन आग्रह गर्दछिन् । निबन्धकार घिमिरेले सङ्कटकाल र त्यसबाट

गुज्रिएको समयलाई अँध्यारो युगको संज्ञा दिएकी छन् । निबन्धकार घिमिरेले आफ्ना सिर्जनात्मक रचनाहरूको माध्यमबाट तत्कालीन समयको स्पष्ट चित्र प्रस्तुत गर्दै नेपाली जनतालाई मुक्तिको आवाज उठाउन आग्रह गरेको देखिन्छ । एक स्वाभिमानी लेखक सत्य बोल्न र लेख्न कहिल्यै कोही कसैसँग डराउनु हुँदैन, असत्यका सामु कहिल्यै झुक्नु हुँदैन भन्ने निबन्ध मार्फत सन्देश प्रवाह गर्दछिन् ।

प्रस्तुत निबन्धले राजनीतिक विसङ्गतिको चिरफार गर्दै आम जन समुदायलाई निरङ्कुशता र विसङ्गतिका विरुद्ध सङ्घर्ष गर्न आग्रह गरिएको प्रगतिशील विचार बोकेको उत्कृष्ट निबन्ध रचना हो ।

## ४.३७ 'कान्तिपुर पब्लिकेसन्स छिरेँ' निबन्धको अध्ययन र विश्लेषण

### ४.३७.१ परिचय

प्रस्तुत निबन्ध झमक घिमिरेको **जीवन काँडा कि फूल** आत्मजीवनी परक निबन्ध सङ्ग्रहमा सङ्कलित छत्तीसौँ निबन्ध रचना हो । प्रस्तुत निबन्ध निबन्धकार झमक घिमिरे स्तम्भकारका रूपमा **कान्तिपुर** राष्ट्रिय दैनिक पत्रिकामा प्रवेश गर्दाको सन्दर्भलाई विषयवस्तु बनाएर लेखिएको हो । निबन्धकारलाई कान्तिपुरमा स्तम्भ लेख्ने मौका धरान निवासी बेन्डवाला श्रेष्ठको कारणले पाएको कुरा थाहा हुन आउँछ । उनको डायरीमा सङ्कलित महिला सम्बन्धी हक हितका बारेमा विभिन्न किसिमका लेखहरू पढेर निकै प्रभावित भएकी ती व्यक्ति बेन्डवाला श्रेष्ठले झमकलाई कान्तिपुरमा स्तम्भ लेख्न प्रस्ताव राखेको कुरा थाहा हुन आउँछ । त्यसैगरी निबन्धकार घिमिरेलाई आफ्नो लेखकीय परिचयले थप व्यापकता पाउने र आर्थिक रूपमा केही कमाइ पनि हुने सोची उनले त्यो प्रस्तावलाई सहर्ष स्विकारिन र **कान्तिपुर** दैनिकमा हरेक हप्ता 'आफ्नै परिवेश' शीर्षक स्तम्भ लेख्न थालेको देखिन्छ । त्यस स्तम्भ लेखनका माध्यमबाट उनी प्रशस्त पाठकका माँझ परिचित हुन पुगेको तथ्यलाई निबन्धमा उद्घाटन गरेकी छन् । निबन्धकार घिमिरेले आफू केही लेख्न सक्षम भएपछि आफ्ना लेख रचना छापिदिने संस्था **कान्तिपुर** पब्लिकेसनप्रति आभार प्रकट गर्दै लेखिएको निबन्ध रचना हो । **कान्तिपुर** पत्रिकाले आफ्नो परिचय अरु माझ पुऱ्याइदिने माध्यम बनाइ दियो । त्यति मात्रै होइन आर्थिक उपार्जन

गर्न बाटो पनि खोलिदिएको खुसीको क्षणलाई सम्भदै निबन्धकारले प्रस्तुत निबन्धको रचना गरेकी छन् ।

## ४.३७.२ विषय-भाव

प्रस्तुत निबन्धमा निबन्धकार घिमिरेले धरानको परिवेश र त्यहाँका सज्जन इमानदार एवम् सहयोगी व्यक्तिहरूको थोरै भए पनि मुक्तकण्ठले प्रशंसा गरेकी छन् । उनको छैठौँ पुस्तकाकार कृति **नौलो प्रतिबिम्ब** कविता सङ्ग्रह विमोचन गराउँदा ती पूर्वतिरका स्रष्टालाई स्मरण गर्ने गरेको देखिन्छ । निबन्धकार घिमिरेको लेखन कला खारिएको थियो भन्ने कुरा उनका लेख पढेर आम पाठकले थाहा पाउँथे । उनले विभिन्न विषयमा कलम चलाएकी थिइन् । घिमिरे महिला, बालबालिका, साहित्य, समाजको विकृति र विसङ्गतिका विषयहरू दह्रो रूपमा उठान गर्ने निबन्धकार हुन् । यसरी उनले आफ्नो जिन्दगीको नयाँ रङ भरेको देखिन्छ ।

## ४.३७.३ संरचना-शैली

प्रस्तुत निबन्ध आकारगत हिसाबले हेर्दा छोटा आयामको जम्मा जम्मी सात अनुच्छेदमा संरचित निबन्ध रचना हो । आफ्नो लेखन यात्राको सन्दर्भलाई जोड्न आत्मपरक शैलीमा लेखिएको भए पनि प्रस्तुत निबन्ध वर्णनात्मक निबन्ध रचना हो । छोटा छोटा वाक्य सिर्जना गर्न मन पराउने घिमिरेले यस निबन्धमा पनि उत्कृष्ट गद्य भाषा प्रयोग गरेकी छन् । सरल भाषाशैली प्रयोग गर्दै पाठकलाई पढौँ पढौँ लाग्ने विषयवस्तुले गर्दा उनको यो निबन्ध उत्कृष्ट रहेको छ । निबन्धको विषयवस्तु अनुरूप भावलाई समन्वय गराएको देखिन्छ । जस्तै 'कान्तिपुरले मलाई स्तम्भकारको काम मात्र दिएन, आफ्नो परिचय पनि दियो । अलिकति जिन्दगी चलाउने आधार पनि दियो । जे होस् **कान्तिपुर** पब्लिकेसनले मलाई नयाँ रङ्गको परिचय दियो । म त्यही परिचयले आफ्ना कयौँ पाठकहरूका माभ्क छरिएँ, पढिएँ, पोखिएँ । अक्षर र शब्दका रङ्गहरूमा आफूलाई भुलेँ । समर्पित गरेँ आफूलाई अक्षर र शब्दहरूमा ...'(घिमिरे, २०६७: १९८)

### ४.३७.४ उद्देश्य

झमक घिमिरे जस्ती अपाङ्ग, विकलाङ्ग व्यक्तिलाई ठूला ठूला संस्थाले के पत्याउलान भन्ने सोचेकी घिमिरेले उनका लेख रचना सहर्ष प्रकाशन गरिदिने बाचा गरेकोमा देश र जनताप्रति समाचारबाट सुसुचित गराउने कान्तिपुर जस्तो प्रतिष्ठित पत्रिकाको खुलेर प्रशंसा गर्नु प्रस्तुत निबन्धको लक्ष्य रहेको देखिन्छ भने यस्ता व्यक्तिहरूको अभाव समाजमा नहोस् भन्ने सन्देशको प्रवाह गर्ने उद्देश्य पनि यसै निबन्धका माध्यमले निबन्धकारले प्रस्तुत गरेकी छन् ।

यसरी प्रसंशा योग्य अभिव्यक्तिले निबन्धकार घिमिरे साँच्चै नै उत्कृष्ट स्रष्टा बन्न पुगेको देखिन्छ । प्रस्तुत निबन्धमा विषयवस्तु अनुरूप विविधता पाइए तापनि शीर्षक अनुरूप निबन्धले आफ्नो भाव स्पष्ट गर्दै कृतज्ञ हुनुपर्ने सन्देश छर्ने उद्देश्य प्रकट भएको छ ।

## ४.३८ 'रङ्ग, कुची र क्यानभास' निबन्धको अध्ययन र विश्लेषण

### ४.३८.१ परिचय

प्रस्तुत निबन्ध झमक घिमिरेको **जीवन काँडा कि फूल** आत्मजीवनी परक निबन्ध सङ्ग्रहमा सङ्कलित सैँतीसौँ निबन्ध रचना हो । निबन्धकार घिमिरे आफ्नो छैठौँ कृति **नौलो प्रतिबिम्ब** (२०६०) को विमोचन कार्यक्रममा सहभागी हुने क्रममा त्यसै समय (२०६०) सालतिर ६-७ दिनसम्म धरानमा बसेकी थिइन् । धरान बसाइका क्रममा फुर्सदको समयलाई सदुपयोग गर्न उनले चित्र कोर्ने अभ्यास गरेको देखिन्छ । निबन्धकार घिमिरेमा बाल्यकालदेखि नै चित्र कोर्ने अत्यन्तै सोख थियो भन्ने थाहा हुन्छ । उनले कागजमा बनाएको चित्र नारीको चित्र थियो । उनले बनाएको त्यो चित्र देखेर कवि तथा कलाकार नरेन्द्रबहादुर श्रेष्ठ निकै प्रभावित भएको देखिन्छ । त्यसपछि निबन्धकारले थाहा नपाउँदै ती व्यक्तिले बजार गएर रङ्ग, कुची र क्यानभास ल्याइदिएर घिमिरेलाई चित्र कोर्न हौसाएको एवम् प्रेरणा प्रदान गरेको देखिन्छ ।

### ४.३८.२ विषय-भाव

प्रस्तुत निबन्धमा घिमिरेले धरान बसाइको अवधिमा फुर्सदको समयमा कुची र रङ्गसँग मजाले खेलेको र आफ्नो अव्यक्त भावलाई चित्रकलाका माध्यमबाट व्यक्त गरेको क्षणलाई

विषयवस्तु बनाएर प्रस्तुत गरेकी छन् । निबन्धकार घिमिरेका विविध सिर्जना क्षमतामा चित्रकलाको क्षमता पनि एउटा रुचि र सोखको विषय रहेको देखिन्छ । उनले त्यो क्षेत्रलाई पनि विभिन्न साहित्य, लेख रचना जस्तै समानान्तर रूपमा अगाडि बढाएको देखिन्छ । तस्विर आफैँ बोल्छ भन्ने दृष्टान्तलाई उजागर गर्न निबन्धकार घिमिरेले विभिन्न चित्रहरू कोरिन् । उनले यसरी विचारका माध्यमबाट कलाका विविध पक्षलाई अर्थाउँछिन् -'... कविता लेख्नु, चित्र कोर्नु, मूर्ति बनाउनु, जीवनको लागि हो, मनलाई आनन्द दिनु मात्र होइन, जब जीवनको सिर्जना गरिन्छ भने, त्यहाँ विचार दृष्टिकोण पनि पोखिन्छ । स्रष्टाले आफ्नो विवेकको प्रयोग गर्न पाउनुपर्छ' । (घिमिरे, २०६७: २०१) यसर्थ कलाको बहुउपयोगिताको बारेमा उनले विचार प्रस्तुत गर्दछिन् । मानिसले हरेक कार्य गर्छ जीवनका सफलतासँग जोड्छ, असफल भए पनि कामलाई निरन्तर जारी राख्छ र सफलताको आशा गरेर अगाडि बढी रहन्छ र सुख पाउँछ भन्ने मान्यता निबन्धकारको रहेको देखिन्छ ।

प्रस्तुत निबन्ध निबन्धकार झमक घिमिरेको कला विषयको महŒव र उपयोगितालाई दर्शाउनको लागि प्रस्तुत गरिएको छ । निबन्धकार घिमिरे 'कला कलाका लागि' भन्ने मान्यता प्रति विमति राख्छिन् उनको अर्थाइ छ कला त्यस्तो हुनुपर्छ जसले जीवनका लागि केही भूमिका खेलोस् भन्ने मान्यतालाई प्रस्तुत गर्दछिन् । त्यसरी निबन्धकार घिमिरेमा जीवनका सफलताहरूमा शब्दले मात्र होइन रङ्गहरूको माध्यमबाट जीवन र जगत्लाई कलामा अभिव्यक्त गर्ने सामर्थ्य रहेछ भन्ने प्रस्ट हुन्छ । क्यानभास, कुची र रङ्गहरूसँग खेलेर कहिल्यै नथाक्ने निबन्धकार घिमिरे मानवीय जीवनका दुःख, सुखका रङ्गहरूलाई कविता र निबन्धमा मात्र नभएर चित्रकलामा पनि उत्तिकै सशक्तताका साथ उत्रन्छिन् ।

### ४.३८.३ संरचना-शैली

प्रस्तुत निबन्ध आकारगत हिसाबले हेर्दा जम्माजम्मी सात अनुच्छेदमा संरचित रहेको छ । व्यापक विषयवस्तुलाई छोटो समयमा पढी सकिने गरी यो निबन्ध तयार पारिएको छ । यस निबन्धमा करिब १४०० शब्द प्रयोग भएका छन् । निबन्धकारले आफ्ना भाव, विचार र अनुभूतिलाई पाठक समक्ष प्रस्तुत गर्ने माध्यम बनाएको हुनाले यो निबन्ध प्रथम पुरुष दृष्टिबिन्दु पद्वतिमा अभिव्यक्त गरिएको छ । 'म जहाँ जान्छु त्यहाँका मान्छेहरूसँग छिट्टै घुलमिल हुन्छु ।

मलाई नयाँ परिवेशमा घुलमिल हुन धेरै बेर लाग्दैन र नै त म जस्तै छु, कहिल्यै अरु जस्तो हुन सक्दिनँ । रङ्ग, कुची र क्यानभासको दुनियाँमा पनि म जस्तै बनेर रमाउन चाहेँ, त्यस दुनियाँमा पनि फुल्न चाहेँ ।' (घिमिरे, २०६७: २०३)

### ४.३८.४ उद्देश्य

उनले लेख्ने कला र चित्रकला जीवनका लागि अर्थपूर्ण हुनुपर्छ भन्ने उद्देश्य ठान्दछिन् । यसै मान्यतालाई बोकेको प्रस्तुत निबन्धको महŒव रहेको देखिन्छ । निबन्धकार घिमिरेले कला किन, कस्तो र के का लागि ? भन्ने कुरा उल्लेख गर्न खोजेकी छन् । यसरी स्पष्ट रूपमा आफूलाई माध्यम बनाएर आफूमा भएको चित्रकलाको प्रतिभा र लेखन प्रतिभालाई प्रस्फुटित गरेकी छन् । निबन्धकार घिमिरेले लेख रचना अन्तर्गत कविता र निबन्धमा मात्र नभएर चित्रकलामा पनि जीवन र विचारको रङ्ग स्पष्ट रूपमा भरेकी देखिन्छ । उनमा सुषुप्त अवस्थामा रहेको चित्रकला धरान बसाइका क्रममा राम्रोसँग प्रष्फुटित हुन पायो र उनले त्यसलाई समयानुकुल निरन्तरता दिइरहेको देखिन्छ । त्यसैको उपलब्धि होला उनले आफ्ना दुई कृतिहरू **पर्दा, समय र मान्छेहरू** र **बेमौसमका आस्थाहरू** का आवरण चित्र आफैले कोरिन् । यसरी सिर्जनशील कर्मलाई विषयवस्तु बनाएर लेखिएकोले प्रस्तुत निबन्धको शीर्षक भाव अनुरूप सार्थक रहेको छ ।

## ४.३९ 'मान्छेको दिमागमा बसेको काती' निबन्धको अध्ययन र विश्लेषण

### ४.३९.१ परिचय

प्रस्तुत निबन्ध झमक घिमिरेको **जीवन काँडा कि फूल** आत्मजीवनी परक निबन्ध सङ्ग्रहमा सङ्कलित अठ्तीसौँ निबन्ध रचना हो । यो निबन्ध घिमिरेलाई सकारात्मक सोचाइले हेर्ने र नकारात्मक सोचाइ राखेर हेर्ने समाजका दुई पक्षका मानिसहरूको चिन्तनलाई आधार बनाएर लेखिएको निबन्ध हो । सकारात्मक दृष्टिकोणले हेर्ने मान्छे, माया सद्भाव राख्ने मान्छेहरू जसले सधैँ उनलाई मायाको आँखाले हेरेको, प्रेमको कोणबाट हेरेको देखिन्छ । त्यस्ता सुन्दर मन र कोमल मनको साथ निरन्तर उनले पाइरहेको देखिन्छ । ती मनहरूले घिमिरेलाई फुलेको सुन्दर फूल देखे, उनमा भएको कुनै विकार देखेनन्, स्पष्ट रूपमा झमकलाई चिन्ने

प्रयास गरे, दिगो सम्बन्ध गाँसेको तथ्यलाई निबन्धकारले संस्मरण गरेकी छन् । त्यसैगरी निबन्धकार झमकलाई नकारात्मक चिन्तनले सोच्ने, अन्धविश्वासीहरूले सधैं दिमागमा काती जमाएर बसिरहेको देखिन्छ । झमकलाई देख्दा अपवित्र र अगतिको प्रतीक ठान्नेहरू उनको सामुबाट पलाएन भएर गएको देखिन्छ ।

## ४.३९.२ विषय-भाव

प्रस्तुत निबन्धमा निबन्धकार घिमिरेले मान्छेको दिमागमा संस्कार र संस्कृतिले थोपरेका अन्धविश्वासका काला धब्बाहरू खोतल खातल गर्दै तिनका प्रवृत्तिहरूलाई प्रकाशमा ल्याउने प्रयत्न गरेकी छन् । आजको शिक्षित भन्ने समाजले अन्धविश्वासलाई त्याग्न नसक्दा विसङ्गति र विकृतिको सिर्जना भइरहेको अवस्थालाई निबन्धकारले अनुभूत गर्दछिन् ।

प्रस्तुत निबन्ध व्यङ्ग्य प्रधान निबन्ध हो । निबन्धकार घिमिरेले आफूलाई घृणा गर्ने मान्छेहरूको प्रवृत्तिलाई व्यङ्ग्य गर्दै आजको सभ्य सुसंस्कृत र शिक्षित भन्ने वर्गप्रति तिखो व्यङ्ग्य प्रहार गरेको देखिन्छ । निबन्धकारले व्यक्तिगत सन्दर्भ जोड्दै उनमा देखापरेको शारीरिक अवस्था, असक्ततालाई मानिसले घृणाले हेर्ने गर्दथे । निबन्धकार घिमिरेका महिला साथीहरू उनीदेखि टाढा भएको घटना सन्दर्भलाई जोड्दै उनीहरूले आफ्ना सन्तान जन्माएका थिए, उनीसँग रमाएका थिए, हाँसेका थिए, झमकप्रति उनको कुनै चासो नरहेको देखिन्छ । उनीहरूले झमक जस्तै आफ्ना सन्तान पनि शारीरिक असक्तता हुने डरले टाढै रहन चाहेको देखिन्छ । निबन्धकारको स्पष्टोक्ति थियो उनको त्यो सरुवा रोग थिएन डराएर भाग्नुपर्ने । त्यस्ता कमजोर मानसिकतालाई निबन्धकारले धिक्कार्दछिन् । निबन्धकार घिमिरेले प्रस्तुत निबन्धमार्फत मानवता भन्ने कुरा आजको संसारमा हराउँदै गइरहेको कुरातर्फ सचेत पार्न खोजेकी छन् ।

## ४.३९.३ संरचना-शैली

प्रस्तुत निबन्धले व्यङ्ग्य सहितको सचेतता प्रदान गर्ने लक्ष्य राखेको देखिन्छ । आकारगत हिसाबले मझौला आयाम भएको यो निबन्ध जम्माजम्मी नौवटा अनुच्छेदमा संरचित रहेको छ । निबन्धमा कतै वर्णात्मक, कतै विवरणात्मक शैली अपनाएको पाइए तापनि निबन्ध स्वकथनमा रमाएको देखिन्छ । त्यसैले प्रस्तुत निबन्ध प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग भएको

छ । निबन्धको प्रस्तुति अत्यन्तै कलात्मक तरिकाले गद्यात्मक भाषामा भएको छ । निबन्धमा प्रयुक्त भाषा आलोचनात्मक भए पनि सरल, सहज, हार्दिक, सम्प्रेषणीय, रागात्मक र हृदयस्पर्शी रहेको छ । निबन्धकारले निबन्धको विषयवस्तु र भावलाई भाषागत शैली मार्फत समन्वय गरेकी छन् । यो उनको निबन्धगत वैशिष्ट्य हो ।

### ४.३९.४ उद्देश्य

प्रस्तुत निबन्ध सामाजिक विषयवस्तु अन्तर्गतको सामाजिक निबन्ध हो । निबन्धकारले व्यङ्ग्य मार्फत मानवमा मानव मूल्य, नैतिकता, आदर्शतामा ह्रास हुँदै गएको कुरा व्यक्त गरेकी छन् । आजको सभ्य भनिने समाजमा मान्छेले आफ्नो मान्छे जातिको अवमूल्यन गर्दै गएको कुरामा निबन्धले सचेत पार्ने काम गरेको छ । निबन्धकारले मानवतालाई खेलवाड गर्नेलाई अत्यन्तै कलात्मक तरिकाले व्यङ्ग्य प्रहार गरेको देखिन्छ । निबन्ध भित्रको अन्तर्वस्तुले गर्दा प्रस्तुत निबन्धको शीर्षक सार्थक देखिन्छ ।

आज शिक्षित वर्गले मान्छेलाई मान्छेको व्यवहार गर्न जान्दैनन्, त्यस्ता व्यक्ति शिक्षित हुनुको कुनै अर्थ हुँदैन भन्ने निबन्धकारको धारणा रहेको छ । मान्छेले शिक्षित हुनुको अर्थ बुझ्न सकेको छैन, विश्वविद्यालयबाट सर्टिफिकेट मात्र बटुलेर कुनै अर्थ हुँदैन, बरु आफ्ना जिन्दगीका हरेक पक्षलाई ठीकसँग सञ्चालन गर्न सक्नु अचेतनबाट चेतनतिर अगाडि बढ्नु, मान्छेलाई मान्छेको व्यवहार गर्न जान्नु सही अर्थमा शिक्षित बन्नु हो भन्ने वैचारिक दृष्टिकोण प्रस्तुत निबन्ध  मार्फत निबन्धकारले प्रवाह गरेकी छन् । मान्छे जतिसुकै पढोस् लेखोस् या शिक्षित र सभ्य होस् उसको दिमाग भित्र थोत्रो विचारको मयल छ भने उसले त्यही सोच्छ र त्यस्तै व्यवहार प्रस्तुत गर्दछ, निबन्धकार घिमिरेले समाजमा त्यस्ता व्यक्तिहरूको व्यवहारबाट भोगेको देखिन्छ । त्यसैले त निबन्ध मार्फत व्यङ्ग्य गर्दै संसारले देखेको शिक्षित र सभ्य मान्छेलाई निबन्धकारले अशिक्षित असभ्य देखिन् । निबन्धकारको जोड छ शिक्षा जीवनमा देखिनु पर्छ , व्यवहारमा देखिनुपर्छ, तब त्यो जीवन व्यवहारमा काम लाग्छ, समाज परिवर्तनमा देश निर्माणमा मुख्य भूमिका निर्वाह गर्छ भन्ने धारणा रहेको छ । निबन्धकारले त्यसलाई शिक्षित ठान्छिन् जसले शिक्षालाई जीवनमा उतार्छ ।

## ४.४० 'बन्दुकसँग शब्दको परेड' निबन्धको अध्ययन र विश्लेषण

### ४.४०.१ परिचय

प्रस्तुत निबन्ध झमक घिमिरेको **जीवन काँडा कि फूल** आत्मजीवनी परक निबन्ध सङ्ग्रहमा सङ्कलित उनान्चालीसौं निबन्ध रचना हो । यस निबन्धमा राजा ज्ञानेन्द्रको स्वेच्छाचारी शासनले जनतालाई दुःख दिएको घटनालाई विषय बनाइएको छ । नेपाली जनताका लोकतान्त्रिक शासन खोसिएको थियो । सोझा सिधा नेपाली जनता युद्धबाट पिल्सिएका थिए । बन्दुकको बलमा शासन व्यवस्था टिकाइएको थियो, त्यही शासन व्यवस्थाको विरुद्ध निबन्धकार घिमिरेले कलमको माध्यमबाट अर्थात् शब्दको बहारबाट जनताका बारेमा बुलन्द आवाज उठाएको घटनालाई प्रस्तुत निबन्धले आफ्नो केन्द्रीय कथ्य बनाएको छ । तत्कालीन शासनले नेपाली जनताका सम्पूर्ण अधिकार बन्धकमा थिए । त्यो समय देशमा चारैतिर हत्या, बलात्कार, आतङ्कबाट जर्जर बनेको थियो । राजाका सेनाहरूले युद्ध हामीले जित्यौं भन्थे, उता माओवादी सेनाले युद्ध हामीले जित्यौं भन्थे तर युद्ध कसैले जित्ने स्थिति भएको थिएन । नेपाल आमाका सन्तानहरू हारिरहेका थिए, बन्दुकले नेपाली जनतालाई सिध्याइरहेको थियो, क्रुर व्यवस्थामा धेरै नेपाली आमाका सन्तानले नेपाल धर्तीमा रगत बगाएका थिए, नेपाली धर्ती बधशालामा रूपान्तरण भएको स्थितिलाई निबन्धकारले प्रस्तुत निबन्ध मार्फत स्मरण गराउन चाहन्छिन् । अन्धविश्वासमा परेर नेपाली जनताले राजालाई भगवान् विष्णुका अवतार माने तर त्यही अवतारले नेपाली जनतामाथि निर्मम व्यवहार गऱ्यो, त्यसको विरोध गर्ने कोही भएनन् भन्ने निबन्धकारको गुनासो रहेको छ ।

### ४.४०.२ विषय-भाव

त्यतिबेलाको समयमा लेख्न, बोल्न, हिँड्न कुनै स्वतन्त्रता थिएन, थिए भने पुलिस, सेना थिए उनीहरूलाई जेगर्न मन लाग्थ्यो अर्थात् जे आदेश दिइन्थ्यो त्यही गर्थे । उनीहरूले मानवता मिचेका हुन्थे, अधिकार खोसेर बन्धक बनाएर राखेका थिए । त्यही अवस्थाको विरोध गर्दै निबन्धकार घिमिरेले आफ्नो कलमका माध्यमबाट शब्दको वाणी दिइन् । शासनको दह्रो रूपमा विरोध गरिन्, बन्दुकको विरुद्धमा कलम मार्फत शब्द ओकलिन् त्यही अवस्थालाई निबन्धकारले स्मरण गरेकी छिन् । समय बलवान् हुन्छ कुनै पनि शासकको बर्बरता लामो समय टिक्न सक्दैन

त्यसको विरोध गर्दै आफ्ना गुमेका अधिकार खोसेर ल्याउन डटेर लाग्नुपर्छ भन्ने आव्हान प्रस्तुत निबन्धले गरेको देखिन्छ । प्रस्तुत निबन्ध मार्फत निबन्धकार घिमिरेले **कान्तिपुर पब्लिकेसन** र त्यसका **सम्पादक नारायण वाग्ले**लाई शब्द  मार्फत स्मरण, सदभाव व्यक्त गरेको देखिन्छ । उक्त पत्रिकाले झमक घिमिरे भनेर परिचय दिलायो, स्तम्भ लेख्नलाई ठाउँ दियो । व्यावहारिक खर्चहरू टार्न मद्दत गऱ्यो फलस्वरूप उनले आफ्ना कयौं लेख रचना एवम् साहित्यिक कृतिहरू प्रकाशन गर्दै गइन् । केही समय कान्तिपुर पत्रिकामा स्तम्भकारका रूपमा लेख्न छोडेपछि उनले **बेमौसमका आस्थाहरू** निबन्ध सङ्ग्रह लेखि प्रकाशनमा समेत ल्याएको देखिन्छ । उनले स्तम्भ लेख्दा विसङ्गति, विकृति, शासक प्रशासकको बर्वरता, निर्ममता, अन्याय, अत्याचार आदिको बारेमा खुलेर विरोध गर्दै कलम चलाउँथिन् भने साहित्यिक रचनाहरूमा पनि उनले थिचिएका आवाज, दुःखी गरिब, अन्याय अत्याचारमा परेका जनताका बारेमा आवाज बुलन्द गर्ने गरेको देखिन्छ । निबन्धकार घिमिरे सधैं  आस्थाका कुरा लेख्न मन पराउने निबन्धकार हुन् । यस निबन्धमा त्यो कुण्ठित भएको आस्थालाई प्रस्तुत गर्न नपाउँदाको क्षणको अवस्थालाई व्यक्त गरेकी छन् । निबन्धकार घिमिरेले आफ्नो कलम  मार्फत भए पनि लोकतान्त्रिक आन्दोलनलाई सघाउन चाहन्थिन्, जनतालाई उत्साह थप्ने काम गर्दथिन् । उनी त्यही मान्छे हुन् जसले निरङ्कुशताका विरुद्ध कलम, अक्षर, शब्दहरू मार्फत उदाउने गर्थिन् । त्यस्तो कुण्ठित समयमा पनि झमकका सिर्जनाहरू जनता समक्ष पुग्दा साँच्चै नै उनी लोकतान्त्रिक आन्दोलनकी योद्धा रहेको ठान्थे । त्यो बन्द समयमा बन्दुकसँग शब्दहरूले त्यही बन्दुककै , त्यही शासनकै विरुद्धमा शब्दका परेड, परिवर्तनकारी विचारका परेड खेली रहेको तथ्यलाई निबन्धले उद्घाटन गरेको देखिन्छ । त्यतिबेलाको मौन समयसँग निबन्धकार घिमिरे बुलन्द आवाज निकालेर बोलिरहिन, उनको कलमको विचारलाई कसैले रोक्न सक्ने अवस्था नरहेको देखिन्छ ।

### ४.४०.३ संरचना-शैली

प्रस्तुत निबन्ध मझौला आयाम भएको जम्माजम्मी नौ अनुच्छेदमा संरचित गरिएको छ भने दुई वटा कविता शीर्षकका नौ वटा पङ्क्ति मिसाएर रोचक बनाएको देखिन्छ । प्रत्येक वाक्यले विद्रोह, उत्साह, उमङ्ग, सङ्घर्षको कामना गरिरहेको देखिन्छ । लोकतान्त्रिक आन्दोलनमा सरिक हुन खुलेर जनतालाई आव्हान गर्दछिन् । युद्धको विरोध शब्दहरू  मार्फत गरेकी छन् ।

वर्णात्मक शैलीमा लेखिएको प्रस्तुत निबन्धका केही अनुच्छेदहरू आत्मपरक पनि रहेका छन् । त्यसैगरी लोकतान्त्रिक आन्दोलनको संस्मरण गर्दै राजा ज्ञानेन्द्रको स्वेच्छाचारी शासनको विरोध गर्दै संस्मरणात्म शैली पनि अपनाइएको देखिन्छ । प्रस्तुत निबन्ध व्यङ्ग्य प्रधान निबन्ध हो । जस्तै : 'त्यो अति भो । रगतको खोलो कति प्यूँदो रहेछ यो औतारले ? यसलाई टिपेर मिल्काउन पाए क्या हाइसन्चो हुन्थ्यो ?' (घिमिरे, २०६७:२१०) यसरी खुलेरै विरोध गरेकी छन् उनमा कुनै सङ्कोचको भाव छैन, डर छैन, त्रास छैन उनी बन्दुकको गोलीका अगाडि शब्दवाणबाट पड्कँदै गरेको देखिन्छ । प्रथम पुरुष आन्तरिक दृष्टिबिन्दुको प्रभावकारी प्रयोग प्रस्तुत निबन्धमा भएको पाइन्छ । निबन्धमा प्रयुक्त भाषा गद्यात्मक एवम् कवितात्मक दुवै भाषाको प्रयोग भएको पाइन्छ । रागात्मक एवम् हृदयस्पर्शी भाषाशैलीको प्रयोगले निबन्ध झन रोचक बनेको छ । विषयवस्तुलाई पाठक समक्ष प्रसारित गर्न निर्माण गरिएको शब्द, वाक्य र अनुच्छेदको बनोटलाई निबन्धमा शैली दिएको पाइन्छ ।

### ४.४०.४ उद्देश्य

निबन्धकार घिमिरेले देशले काँचुली फेर्न पाउनु पर्छ, नेपाली जनता अँध्यारो युगबाट पार पाउनु पर्छ, नयाँ बुद्ध जन्माउन सक्नुपर्छ, सधैँ शान्तिको स्वास फेर्न पाउनु पर्छ भन्ने मान्यता राख्दै कवितांश पङ्क्ति मार्फत यसरी आफ्ना विचार पोख्छिन् :

**मन सल्किएको बेला**
**एउटा सहिद हुन मन लागेको छ ।**
**मानवता खोसिएको भूमिबाट**
**एउटा अर्को बुद्ध जन्माउन मन लागेको छ**
**जो मेरो युगको प्रतीक बनेर उभियोस् ........ ।**

(घिमिरे, २०६७: २१४)

यसरी निबन्धकार घिमिरेले कविताका पङ्क्तिबाट शान्तिको कामना गर्दछिन् । देशका निम्ति सहिद हुन तयार छिन्, मानवता बचाउन चाहन्छिन्, युगले सम्झने गरी देशलाई सुन्दर शान्त बनाउन चाहन्छिन्, पुस्ताले गर्व गर्न सक्ने बनाउन चाहन्छिन् र सबैलाई यही आव्हान गर्दछिन् ।

मुलुकलाई अँध्यारोमा राख्न खोज्ने, देशको बागडोर आफ्नो हातमा लिएर जनताका थोरै भएका मौलिक अधिकारहरू पनि खोस्ने तत्कालीन शासकको कार्यशैलीको विरोध गर्नु प्रस्तुत निबन्धको उद्देश्य रहेको छ । प्रस्तुत निबन्धले तत्कालीन समयमा नेपाली जनताका सम्पूर्ण अधिकार खोसेर निरङ्कुश शैलीमा शासन व्यवस्था चलाउने शासक प्रशासकहरूको विरोध गर्दै आफ्ना हकहित र अधिकारका बारेमा आवाज बुलन्द गर्न पछि हट्नु हुँदैन भन्ने दृष्टिकोण प्रवाह गरेको देखिन्छ । यसरी जनताको अधिकार, स्वतन्त्रता जस्ता जनपक्षीय कुरालाई निबन्धकार घिमिरेले त्यो बन्द समयमा पनि शब्द मार्फत खुलेर अगाडि बढिन् र बढ्न आव्हान गरेको देखिन्छ । प्रस्तुत निबन्धले परिवर्तनको तीव्र आकाङ्क्षा बोकेको देखिन्छ । बन्दुकभन्दा विचार कयौँ गुना बलवान् हन्छ भन्ने मान्यता निबन्धकारले राख्न खोजेकी छन् । निबन्धकारले लोकतन्त्रका पक्षमा र निरङ्कुशतन्त्रका विपक्षमा आफ्ना सिर्जनाका माध्यमबाट अभिमत प्रकट गरेको उत्कृष्ट निबन्ध रचना हो ।

## ४.४१ 'धनकुटा जल्यो' निबन्धको अध्ययन र विश्लेषण

### ४.४१.१ परिचय

प्रस्तुत निबन्ध झमक घिमिरेको **जीवन काँडा कि फूल** आत्मजीवनी परक निबन्ध सङ्ग्रहमा सङ्कलित चालीसौँ निबन्ध रचना हो । निबन्धकार घिमिरे धनकुटामा जन्मेको हुनाले प्रस्तुत निबन्धको विषयवस्तुमा उनले आफ्नो जन्मस्थलप्रतिको अगाध श्रद्धा र माया प्रकट गर्दै स्मरण स्वरूप लेखेकी छन् । उनको जन्मथलो धनकुटा नै उनलाई सबैभन्दा प्यारो एवम् आत्मीय लागेको देखिन्छ । आफ्नो जन्मथलोका बारेमा सामान्य रूपमा भए पनि परिचय दिलाउनु प्रस्तुत निबन्धको उद्देश्य रहेको देखिन्छ । यस निबन्धको अर्को पक्ष भनेको शाही शासन कालरात्रिमा धनकुटाका जनताले भोगेको कष्टकर जीवन भोगाइलाई पनि सङ्क्षेपमा विषयवस्तु बनाइएको छ । निरङ्कुशताको विनाशकारीताले धनकुटालाई नछोडेको घटनालाई प्रस्तुत निबन्ध मार्फत स्मरण गर्न पुगेकी छन् ।

### ४.४१.२ विषय-भाव

प्रस्तुत निबन्ध २०६१, २०६२ सालको राजनीतिक सेरोफेरोलाई स्मरण गर्दै लेखिएको छ । शाही शासनका हर्कतहरूलाई निबन्धकारले खुलस्त रूपमा आफ्नो कलमका माध्यमबाट पाठक समक्ष सम्प्रेषण गर्ने लक्ष्य राखेको देखिन्छ । जनताको विश्वास गुमाएका शासक प्रशासकले आफ्नो औचित्य पुष्टि गर्न विभिन्न हर्कत गर्दछन् भन्ने दृष्टिकोण निबन्धकारको रहेको छ । त्यति बेलाका शाही शासनले आफूलाई प्रजातन्त्रको पक्षधर ठान्नको लागि नगर निर्वाचन गर्नेदेखि लिएर, डरकै भरमा, लोभलालसा देखाएर जनतालाई आफ्नो पक्षमा पार्न प्रयत्न गरेको तथ्यलाई निबन्धकारले प्रकाश पारेकी छन् । जनविरोधी सत्तालाई कमजोर पार्दै जनमुखी सत्ता निर्माण गर्न एक पक्षबाट माओवादी आन्दोलन चलेको थियो भने अर्को पक्षबाट लोकतान्त्रिक सातदलहरू शाही शासनको विरुद्धमा आन्दोलित थिए । त्यही घटनालाई निबन्धकार घिमिरेले निबन्धमा सङ्क्षिप्त वर्णन गरेको देखिन्छ । त्यसैगरी नगर निर्वाचनको पूर्व सन्ध्यामा माओवादीले धनकुटा आक्रमण गरेको त्यो रातको घटनालाई निबन्धकार स्मरण गर्न पुग्छिन् । निबन्धकार घिमिरेले धनकुटालाई प्रतिकात्मक बनाएर धनकुटा जस्तै युद्धमा सिङ्गो देश पिल्सिएको तथ्यलाई दर्शाउन खोजेकी छन् । जस्तैः 'यो द्वन्द्वको पीडा थियो । जो मैले भोगें, मैले मात्र होइन, सबै मान्छेहरूले भोगे ।' (घिमिरे, २०६७:२२२) धनकुटा जस्तै शान्त, सुन्दर, प्राकृतिक दृष्टिले राम्रा ठाउँहरूलाई युद्धको भूमरीमा फसाएर जनताका बस्तीलाई उजाड पार्ने शासकको विरोध गर्नु यस निबन्धको केन्द्रीय कथ्य रहेको छ ।

प्रस्तुत निबन्ध समसामयिक विषयवस्तुलाई समेटेर लेखिएको सामाजिक यथार्थ बोकेको निबन्ध हो । राष्ट्र, राष्ट्रियता र देशभक्ति प्रति चासो राखिएको निबन्ध रचना हो । प्रस्तुत निबन्धमा कल्पनाको कसीमा नभएर घिमिरेले देखेका, भोगेका र अनुभव गरेका तथ्यलाई स्वतस्फूर्त रूपमा अभिव्यक्त गरेको पाइन्छ ।

### ४.४१.३ संरचना-शैली

आकारगत हिसाबले हेर्दा उनको यो निबन्ध लामो आयाम भएको एघार अनुच्छेदमा संरचित रहेको छ । करिब दुईहजार शब्दहरू यस निबन्धमा सङ्कलित गरेर रचना गरिएको छ । जसले गर्दा व्यापक विषयवस्तुलाई छोटो समयमा पढ्न सकिने गरी तयार पारिएको छ । प्रथम

पुरुष दृष्टिबिन्दु शैलीमा लेखिएको प्रस्तुत निबन्धको भाषा सरल, ठेट नेपाली शब्द, एवम् उपयुक्त गद्यात्मक भाषा प्रयोग भएको छ । विषयलाई शृङ्खलित रूपमा वर्णन गर्दै भाषागत शैलीले भावलाई समन्वय गर्ने काम गरेकी छन् । घटनालाई भाषाका माध्यमबाट रोचक तथा चाखलाग्दो ढङ्गबाट उत्सुकता र उत्साह प्रदान गर्न प्रस्तुत निबन्ध सक्षम रहेको देखिन्छ ।

### ४.४१.४ उद्देश्य

निबन्धकार घिमिरेले प्रस्तुत निबन्धमा शाही शासनको बर्बरता र माओवादीको फौजी आक्रमण, भौतिक एवम् मानवीय संरचनाको विनाशको तीतो सत्यलाई प्रकाशमा ल्याउने उद्देश्य राखेको देखिन्छ । संसार अर्कै युगमा प्रवेश गरिसक्यो तर नेपालीहरू गृहयुद्धमा पिल्सेर दुःख भोगिरहेछन्, भावी पुस्ताको निम्ति पनि यो ज्यादै दुर्भाग्यको विषय हो भन्ने चिन्ता निबन्धकारको रहेको छ ।

वस्तुपरक ढङ्गबाट वैचारिक दृष्टिकोण प्रवाह गर्न प्रस्तुत निबन्ध सफल रहेको देखिन्छ । प्रस्तुत निबन्ध भाव र अनुभूति हृदयसित सम्बद्ध भएर आएको छ । अनुभव र अनुभूतिमा सङ्कलित यो निबन्धमा लेखकको मनमा लागेको अभिव्यक्ति प्रकट भएको छ । आफ्नो ठाउँ, आफ्नो धरतीमातालाई सधैँभरि आफ्नो ठान्ने, प्यारो ठान्ने राष्ट्रिय भावना सबै नागरिकमा जाग्नु पर्ने भाव बोकेको निबन्ध रचना हो ।

## ४.४२ 'आस्था आँशुसँग बर्सियो' निबन्धको अध्ययन र विश्लेषण

### ४.४२.१ परिचय

प्रस्तुत निबन्ध झमक घिमिरेले **जीवन काँडा कि फूल** आत्मजीवनी परक निबन्ध सङ्ग्रहमा एकचालीसौँ निबन्ध रचनाका रूपमा राखेकी छन् । उनी शारीरिक रूपमा अपाङ्ग हुँदा उनले गाउँ समाजको चरम अपहेलना त सहनु पर्‍यो नै, त्यतिमात्र नभएर आफ्नै आमाबाबुले चित्त दुखाउने गरी कयौँ पटक गरेका गाली शब्दहरू सुन्नुपर्दा, सहनुपर्दा उनी धेरै पटक मर्माहत भएकी थिइन त्यही विषयलाई आधार बनाएर प्रस्तुत निबन्धको रचना गरिएको छ । विभिन्न हेला, अवहेलना, तिरस्कार, घृणाले निबन्धकार घिमिरेलाई आफ्नै तरिकाले जिन्दगी जिउन सिक्ने बनायो । उनले जीवनलाई विभिन्न सङ्घर्ष गर्दै परिवर्तन गर्न सफल भएको

देखिन्छ । उनी एउटी आस्था बोकी, सिद्धान्तवादी, व्यावहारिक, सबल सक्षम नारीका रूपमा स्थापित हुन पुगेको देखिन्छ । वास्तवमा मान्छेको जीवन आँसु र हाँसोको सम्मिश्रण हो । जीवनको त्यो कटु सत्यलाई निबन्धकारले राम्ररी बोध गरेकी छन् । उनी खुसीका क्षणहरूमा अनुभूतिले आल्हादित हुन्थिन् भने कहिले मनमा चोट पर्दा भक्कानिएर रोएकी छन् । निबन्धकार घिमिरेले जीवनमा थुप्रै पीडाका क्षणहरू भोगेको देखिन्छ । उनले आँसुलाई जीवनको अकाट्य सत्य ठान्दै आफ्नो जीवनलाई आफ्नै शैलीमा ढाल्न सक्नुपर्छ अर्थात् जीवन जिउने कला स्वयम् व्यक्तिमा निर्भर रहनुपर्छ भन्ने धारणा प्रस्तुत निबन्ध मार्फत राख्न चाहन्छिन् ।

## ४.४२.२ विषय-भाव

निबन्धकार घिमिरेले आफ्ना जीवनका अनेकन पीडाहरू मध्ये केही घटेका घटनाहरू र त्यसबाट सिर्जित अवस्थालाई अभिव्यक्त गर्नको लागि यो निबन्ध सिर्जना गरेको देखिन्छ । उनले जीवनलाई कहिल्यै निराशामा परिणत गरिनन् । जीवनलाई आफ्नै सोच अनुसार भोग्न जानिन्, विभिन्न चुनौतिहरूसँग जुध्दै कहिले रुँदै र कहिले हास्दै जीवनको लामो यात्रा पार गर्दै अगाडि बढिरहिन् । निबन्धकार घिमिरेले आफूले बाँचेको जीवनलाई यसरी परिभाषित गर्दछिन् –'मसँग आफ्नै आस्था थियो, दृष्टिकोण, हेराइ पनि आफ्नै, बुझाइ र सोचाइ पनि आफ्नै, म बाँच्न पनि आफ्नै तरिकाले बाँच्न चाहने मान्छे, कसैको तरिका मलाई सापटी लिएर बाँच्नु थिएन, म मेरै शैलीमा बाँच्न खोजेर नै जिन्दगीमा धेरै रोएँ ।' (घिमिरे, २०६७:२२८) यसरी मानिसभित्र एउटा आस्था जीवित हुन्छ, विश्वासको ठूलो पर्खाल रहेको हुन्छ, त्यसै भएर त मानिसले आफ्नै तरिकाले जिन्दगीलाई चलाएको हुन्छ भन्ने वैचारिक दृष्टिकोण प्रस्तुत निबन्धले प्रवाह गरेको छ । अरुबाट चलाइनु वा चल्नु भनेको आफूमा भएको आत्मस्वाभिमान बेच्नु हो, त्यसो गऱ्यो भने मानिसमा आफू हुनु नहुनुको अर्थ रहँदैन भन्ने व्यवहार उपयोगी विचार बोकेको उत्कृष्ट निबन्ध रचना हो ।

प्रस्तुत निबन्धमा आफ्नो स्वाभिमान र आस्थालाई आफ्नो सम्पत्तिका रूपमा ठान्ने निबन्धकार घिमिरे विभिन्न लोभ प्रलोभनमा कहिल्यै फसिनन् । उनलाई आफ्नो पक्षमा पार्न विभिन्न संघ संस्थाले प्रलोभन देखाएर पुरस्कार, सम्मान गर्न खोजे तर उनले त्यस्ता सम्मान पुरस्कार ग्रहण गरिन् । कसैको स्वार्थ पूर्ति गरिदिन उनले आफ्नो स्वाभिमान बेचिनन् । त्यसको उदाहरण थियो तत्कालीन शाही सरकारले **गोरखा दक्षिण बाहु चौथो** प्रदान गर्ने निर्णय गरेको

थियो, त्यसलाई उनले अस्वीकार गरिदिएको देखिन्छ । उनी सधैँ शान्ति, लोकतन्त्र र जनआकाङ्क्षाको पक्षमा उभिने व्यक्ति थिइन् । जनविरोधी सरकारले दिएको सम्मान उनका लागि घृणाको विषय ठहरेको देखिन्छ । यसै घटनालाई लिएर उनका बाबुआमाले उनलाई धेरैपटक रुवाएको देखिन्छ । जीवनको त्यो तीतो क्षणलाई अभिव्यक्त गर्दै प्रस्तुत निबन्धको केन्द्रीय कथ्य बनेको देखिन्छ । प्रस्तुत निबन्ध निबन्धकार घिमिरेको हृदयस्पर्शी निबन्ध रचना हो । यस निबन्धले झमक घिमिरेको जीवनको प्रत्येक पलका घटना मध्ये उनले आफूले आस्था विश्वास र सङ्घर्षको क्षणमा पनि एकाध पारिवारिक झैझगडाले मर्माहत हुनु परेको, गाली सहनु परेको पीडा व्यहोर्नु परेको घटनालाई वर्णन गरेको देखिन्छ । निबन्धकार घिमिरेले आफूमा भएको आस्थालाई बचाउनको लागि धेरै बाधा सहनु पर्‍यो र आँसु धेरै चुहाउनु परेको देखिन्छ । उनको त्यही आँसुले आस्था, विचार र विश्वासको जग बलियो बन्यो र त्यसैमा ठूलो पर्खाल निर्माण भएको देखिन्छ ।

## ४.४२.३ संरचना-शैली

प्रस्तुत निबन्ध आयामगत दृष्टिले हेर्दा मझौला आयाम भएको जम्माजम्मी दश अनुच्छेदमा संरचित रहेको छ । दुईहजार भन्दा बढी शब्दको प्रयोग गरेर निबन्धलाई सजाइएको छ । व्यापक विषयवस्तुलाई छोटो समयमा पढीसकिने गरी प्रस्तुत निबन्धलाई तयार पारिएको छ । कतै कतै वर्णनात्मक जस्तो लागे पनि प्रस्तुत निबन्ध आत्मपरक शैलीमा लेखिएको छ । निबन्धकार घिमिरेले नितान्त भोगेका अनुभव र अनुभूतिलाई यथार्थपरक ढङ्गबाट निबन्धको बान्की दिएकी छन् । जस्तै उनको यो आत्म कथनले पनि पुष्टि गर्छ । जस्तै –'मसँग आफ्नै आस्था थियो, दृष्टिकोण, हेराइ पनि आफ्नै, बुझाइ र सोचाइ पनि आफ्नै, म बाँच्न पनि आफ्नै तरिकाले बाँच्न चाहने मान्छे, कसैको तरिका मलाई सापटी लिएर बाँच्नु थिएन, म मेरै शैलीमा बाँच्न खोजेर नै जिन्दगीमा धेरै रोएँ । तर सम्झौता कसैसँग गरिनँ ।' (घिमिरे, २०६७: २२८) यसरी निबन्धकार घिमिरेको आफ्नै प्रकारको जीवन दर्शन थियो । उक्त जीवन दर्शन सायद अनेकन नेपाली आमाका सन्तानले उनी जस्तै गरेर भोगीरहेका छन् भन्ने दृष्टिकोण प्रस्तुत गरिएको छ । प्रस्तुत निबन्ध गद्यात्मक भाषामा एकदमै बान्की पुर्‍याएर लेखिएको छ । सरल भाषाशैली छोटा छोटा चोटिला वाक्यले निबन्धको विषय र भाव पक्षलाई एकदमै मजबुत

बनाएको देखिन्छ । प्रथम पुरुष दृष्टिबिन्दुमा रचना गरिएको प्रस्तुत निबन्ध निबन्धकार घिमिरेको व्यक्तिगत घटना अर्थात् उनको जीवनवृत्तको सेरोफेरामा केन्द्रित रहेको छ ।

### ४.४२.४ उद्देश्य

निबन्धकार घिमिरेले प्रस्तुत निबन्धमा तत्कालीन निरङ्कुश शासन व्यवस्थाका विरुद्धमा कलम  मार्फत आफ्ना विचारहरू पाठक समक्ष प्रवाह गरेर आम जनतालाई परिवर्तनका निम्ति आव्हान गरेको हुनाले उनलाई शासक प्रशासकले नराम्रो दृष्टिले हेर्ने गरेको तथ्य उद्घाटन गरेकी छन् । ललाइ फकाइ गरेर आस्था र विश्वासबाट बिचलित गराउने प्रयासलाई निबन्धकारले दह्रो रूपमा व्यङ्ग्य मार्फत जवाफ दिएको देखिन्छ । उनको कथन छ 'ज्यूनु एउटा सुन्दर कला हो अनि मृत्यु ? जिन्दगीको एउटा शाश्वत सत्य । जुन मृत्यु भागेर होइन, लड्दा लड्दै वरण गरियोस् ! त्यो हो महानन्द या परमानन्द चाहे जे भनेर बुझौं ।'(घिमिरे, २०६७: २२८) यसरी आफ्नो आत्मस्वाभिमान र आस्थाबाट कहिल्यै विचलित हुनु हुँदैन भन्ने निबन्धकारको दृष्टिकोण रहेको छ । यसरी निबन्धकार घिमिरे रुँदा रुँदै जिउन सिकिन, त्यही आँसुका बीचबाट आस्था जन्मियो, उनको विभिन्न पीडाका बावजुद पनि बाँच्ने आस्था कहिल्यै नढलेको देखिन्छ, निरन्तर लेखन यात्रामा आफूलाई समर्पित गरिरहेको देखिन्छ ।

## ४.४३ 'अफठ्यारोमा जीवन र सुनगाभाको मुस्कान' निबन्धको अध्ययन र विश्लेषण

### ४.४३.१ परिचय

प्रस्तुत निबन्ध झमक घिमिरेको **जीवन काँडा कि फूल** आत्मजीवनी परक निबन्ध सङ्ग्रहमा सङ्कलित बयालीसौं निबन्ध रचनाको रूपमा आएको हो । निबन्धकार घिमिरेले प्रस्तुत निबन्धमा आफ्नो सङ्घर्षशील जीवनलाई सुनगाभा फूलसँग तुलना गर्दछिन् । जस्तो सुकै अप्ठ्यारोमा पनि फूल्न सक्ने सुनगाभाले विभिन्न परिस्थिति सहँदै सुभास दिएको हुन्छ , त्यसैगरी निबन्धकारले आफ्नो जीवन जगत्लाई सङ्घर्षका अनेकौं घुम्ती र चुनौतीहरूलाई पार लगाउँदै अगाडि बढ्न सक्ने क्षमता राखेको तथ्यलाई उद्घाटन गर्दै प्रस्तुत निबन्धको विषयवस्तु बनाएकी छन् । विविध विषयलाई समेटेर आफ्ना निबन्धका विषयवस्तु बनाउन सिपालु घिमिरेले यस निबन्धमा आफ्नो व्यक्तिगत जीवन भोगाइलाई आम मानिसको सार्वजनिक भोगाइ जस्तै

बनाएर प्रस्तुत गरिदिएकी छन् । यस निबन्धले स्रष्टा घिमिरेभित्र रहेको सिर्जनशीलता सुनगाभा फूल जस्तै भएर मुस्कुराइ रहेको तथ्य प्रस्तुत गर्दछ ।

## ४.४३.२ विषय-भाव

निबन्धकार घिमिरेले प्रस्तुत निबन्धमा मानव जीवन हुनुको सार्थकताका बारेमा बोलेकी छिन्, लेखेकी छन् । उनी युद्ध, हिंसाको कट्टर विरोधी रहेको देखिन्छ । उनले एकदमै निर्भीकतासाथ आफ्ना आवाज बुलन्द गरेकी छन् । निबन्धकार घिमिरेले परिवर्तन, स्वतन्त्रता, न्याय र समाजको पक्षमा कोही कसैसँग झुक्नु हुँदैन भन्ने लक्ष्य राख्दछिन् । उनको यो निबन्धको चिन्तन भनेकै क्रान्तिकारी परिवर्तनकारी लेखन चिन्तनको उदेश्य हो । समाजमा भइरहेको विभेदकारी सामाजिक संरचना, अन्याय, अत्याचार आदि कुसंस्कारका विरुद्धमा लेख्दा, बोल्दा सास्ती भोग्नु परेता पनि कहिल्यै विचलित हुनुहुँदैन भन्ने धारणा प्रस्तुत गर्दछिन् । प्रस्तुत निबन्धको उद्देश्य भनेको निरङ्कुश शाही शासनको विपक्षमा दह्रो रूपमा उभिँदै लोकतन्त्र, स्वतन्त्रता, गणतन्त्र र जनतामा रहेको परिवर्तनको आस्थामा अलिकति पनि हलचल हुनु हुँदैन भन्ने रहेको देखिन्छ । प्रस्तुत निबन्धले (२०६२–२०६३) सालको ऐतिहासिक जन आन्दोलनको सेरोफेरोलाई केन्द्रीय कथ्य बनाएको देखिन्छ । जनताले स्वतन्त्र रूपमा बोल्न, लेख्न, हिँड्डुल गर्न नपाउने अप्ठ्यारो अवस्थालाई निबन्धकारले आफ्नो कलम मार्फत आवाज बुलन्द गरिदिएकी छन् । उनले लेखेकै भरमा उनको आवाज अर्थात् उनको लेखन क्षमतालाई बन्द गर्न चाहन्थे, उनको सिर्जनशील कलमलाई भाँच्न चाहन्थे, उनको आवाज सदाका लागि बन्द गर्न चाहन्थे ती हर्कतहरू स्रष्टा घिमिरेलाई गर्न चाहेको देखिन्छ । तर घिमिरे आफैमा फुल्न, फक्रिन र फैलन खोज्ने मान्छे, फूल जस्तै स्वतन्त्रता भोग्न चाहने मान्छे कहीँ कसैको दवाबमा झुकिनन्, जहिले पनि परिवर्तनको बाटोमा लम्की रहिन् । समयलाई उल्टो गतिमा घुमाउन खोज्नेहरूले स्रष्टा घिमिरेका शब्दलाई अराजक शब्द भन्थे, उनको लेखन अराजक भन्थे, उनको वाणी अराजक भन्थे तर उनले आफ्नो आस्था र सिद्धान्तसँग कहिल्यै कसैसँग सम्झौता गरिनन्, झुकिनन् पनि । स्रष्टा घिमिरेलाई उनका शुभचिन्तकले उनको सिर्जनशीलतालाई जब्बर ठानेर विभिन्न उपमा दिएको देखिन्छ । उनलाई सुलोचना दिदीका शब्दमा सिउँडी भएर फुलेको, विश्वास भाइको मनमा सुनगाभा भएर हाँसेको र दाजु दाहाल यज्ञनिधिका शब्दमा भीरफूल

भएर फुलेको ठानिएको छ । जीवनको माया नराखेरै भए पनि जस्तो सुकै अप्ठ्यारो समयमा पनि कुण्ठामा नबस्ने भएरै सिउँडी भएर फुलिन्, अप्ठ्यारामा पनि जीवन खोज्दै उन्मुक्त बनेर हाँस्ने सुनगाभा जस्तै बनिन् अर्थात् प्रतिकूल परिस्थितिमा पनि हाँस्न रमाउन सक्ने क्षमता भएर देखिइन् । भीरफूललाई अत्यन्तै सुन्दरता, जब्बरता, सङ्घर्षशील क्षमतासँग तुलना गरिन पुगेको देखिन्छ ।

### ४.४३.३ संरचना-शैली

प्रस्तुत निबन्धको आयाम मझौला आकारको जम्माजम्मी सातवटा अनुच्छेदमा संरचित रहेको छ । निबन्धमा व्यापक विषयवस्तुलाई समेटेर छोटो समयमा चाखलाग्दो तरिकाले पढ्न सकिने गरी बनोट मिलाइएको छ । कतै वर्णात्मक एवम् समालोचनात्मक पद्धति अपनाइए पनि प्रस्तुत निबन्ध निबन्धकार घिमिरेका व्यक्तिगत जीवनका भोगाइ, स्वकथन, कुण्ठा, निराशा, आशा, विश्वास, परिवर्तनकारी उत्कट चाहना बोकेको हुनाले आत्मपरक शैलीमा लेखिएको रचना हो । गद्यात्मक भाषाका माध्यमबाट विषयवस्तु र भावलाई सरल हार्दिक एवम् रागात्मक शैली दिइएको छ । निबन्धकार घिमिरेको यस निबन्धमा प्रत्येक वाक्यहरू आक्रोशमा व्यक्त भएका छन् । अन्यायका विरुद्धमा उनी आक्रोशित भएकी छन् । उनी आफूले भोगेका भोगाइ मानव समाजका यथार्थ भोगाइ हुन भन्ने ठान्दछिन् । प्रस्तुत निबन्ध प्रथम पुरुष दृष्टिबिन्दुमा रचना गरिएको छ । जस्तै–‘मैले जस्तोसुकै अप्ठ्यारो समयमा पनि जीवन खोजिरहेँ किनभने यो धरतीमा जीवनै भएन भने धरतीको महŒव हुँदैन । हो, धरती सुन्दर, संसार सुन्दर हुनुमा जीवनको विशेष भूमिका छ ।’(घिमिरे, २०६७:२२९) यसरी उनी स्वतन्त्र र सार्थक जीवन बाँच्ने उत्कट चाहना राख्दछिन् ।

### ४.४३.४ उद्देश्य

प्रस्तुत निबन्धले स्वतन्त्रता, समानता, शान्ति, न्याय, परिवर्तनकारी विचारलाई विभिन्न बाधा अड्चनका बाबजुद अगाडि बढाउनु पर्छ भन्ने उद्देश्य राखेको देखिन्छ । क्रान्ति गर्नेको, सत्य बोल्नेको जीवन असत्यका माझ अप्ठ्यारोमा पर्न सक्छ तर त्यसबाट कहिल्यै हरेस खानु हुँदैन भन्दै जीवनलाई सार्थक रूपमा जिउन सिक्नुपर्छ रोइरोइ हाँस्न सिक्नुपर्छ, न्याय, स्वतन्त्रता

र मुक्तिको झन्डा जहिले उठाउनु पर्छ भन्ने क्रान्तिकारी विचार प्रवाह गरेको प्रस्तुत निबन्ध शीर्षक अनुरूप सार्थक देखिन्छ ।

यसरी विभिन्न प्रतिकूल परिस्थितिमा पनि आफ्नो स्वाभिमानलाई गिर्न दिनु हुँदैन भन्ने वैचारिक दृष्टिकोण प्रस्तुत निबन्धले प्रस्तुत गरेको छ । जीवन मान्छेकै अर्थमा बाँच्न सिक्नु पर्छ, त्यसैसँग जोडिएको स्वतन्त्रतालाई उपयोग गर्न पाउनु पर्छ, कोही कसैबाट सञ्चालित जीवन अर्थपूर्ण हुँदैन भन्ने धारणा प्रस्तुत गर्दछिन् । आफूमा रहेको आस्था, विश्वास र सिद्धान्तबाट कहिल्यै विचलित हुनु हुँदैन भन्ने चाहना प्रस्तुत निबन्धको रहेको छ ।

## ५.४४ 'धुम्म आकाश उघ्रिएपछि मान्छेहरू' निबन्धको अध्ययन र विश्लेषण

### ४.४४.१ परिचय

प्रस्तुत निबन्ध झमक घिमिरेको **जीवन काँडा कि फूल** आत्मजीवनी परक निबन्ध रचना हो । यस निबन्धमा निरङ्कुशताले आक्रान्त भएका नेपाली जनता र देशले भोगिरहेको युद्ध, हिंसा एवम् रक्तपातले मुछिएको नेपाली धरती र आकाशको अवस्थालाई विषयवस्तु बनाइएको छ भने अर्कोतिर नेपाली जनताको परिवर्तनकारी आन्दोलनले विस्तारै सफलता प्राप्त गर्दै गएको तथ्यलाई निबन्धले कथ्य विषय बनाएको छ । प्रस्तुत निबन्धमा देशलाई अँध्यारो कुनाभित्र राखेर मनोमानी शासन गर्ने जनविरोधी शासक प्रशासकको चरम विरोध गरिएको छ । जनताको त्याग, बलिदान, समर्पणबाट आत्तिएर निरङ्कुश शासक जनविरोधी काम गर्दै गइरहेको अवस्थालाई निबन्धकारले दर्शाएकी छन् । नेपाली जनताले निरङ्कुशतालाई फ्याक्दै लोकतान्त्रिक गणतन्त्रका पक्षमा आन्दोलन चलाइरहेको अवस्थालाई निबन्धकार घिमिरेले शारीरिक रूपमा साथ नदिए पनि कलम  मार्फत आम न्यायीप्रेमी जनतालाई उर्जा थप्ने काम गरेको देखिन्छ । निबन्धकार घिमिरेले नेपाली जनताको वलिदान, त्याग, समर्पणलाई सह्राना गर्दै प्रस्तुत निबन्ध  मार्फत स्मरण गर्न पुगेकी छन् ।

### ४.४४.२ विषय-भाव

निबन्धकार घिमिरेले प्रस्तुत निबन्धमा ज्ञानेन्द्र शाहको निरङ्कुश शासन ढलेर नेपाली जनतालाई प्राप्त भएको अधिकारलाई जोगाइ राख्न आव्हान गर्दछिन् । देशले लोकतान्त्रिक

गणतन्त्र प्राप्ति गरेको (२०६३ वैशाख ११ गते) स्मरण गर्दछिन् । नेपालआमा खुसी भएको क्षण, नेपाली जनता साँच्चै नै खुसी भएको क्षणलाई निबन्धकारले स्मरण गर्दछिन् । जसले गर्दा निबन्धकार घिमिरे जस्ता प्रगतिशील विचार राख्ने लेखकका कलमहरू स्वतन्त्र हुन पाएका थिए, उनीहरूका शब्दहरू मुक्त हुन पाएका थिए, बन्द आवाजहरू आफै खुल्ने अवसर पाएका थिए त्यही स्वर्णिम युगको स्मरण प्रस्तुत निबन्धमा उल्लेख गरिएको छ । प्रस्तुत निबन्धले परिवर्तनशील, प्रगतिशील मानव सभ्यता र विकासको कामना गरेको देखिन्छ । निबन्धले नेपाली जनताले भोगेका भोगाइहरूलाई खुलस्त रूपमा प्रस्तुत गरेको छ । पटक पटक नेपाली जनताले रगत र पसिना बगाए तर त्यसबाट प्राप्त भएका उपलब्धिलाई संरक्षण गर्न नसक्दा तिनै नेपाली जनताले पीडा भोग्नु परेको नियति माथि निबन्धले चिन्ता व्यक्त गरेको छ । नेपाली जनताले पटकौं इतिहास निर्माण गरेका छन् तर त्यसलाई अन्धकारमा धकेल्ने प्रयास भइराख्छ त्यस्तो अवस्था नहोस भन्ने कामना गर्दछिन् । क्षणिक सुखमा होइन दीर्घजीवी शान्ति, परिवर्तन र प्रगतिले बाटो लिइराखोस् भन्ने लक्ष्य प्रस्तुत निबन्धले बोकेको छ । यसरी निबन्धकार घिमिरेले समग्रमा नेपालीहरूले उन्मुक्तिको अनुभूति गर्न पाएको क्षणलाई निबन्धको विषयवस्तु बनाएर उल्लेख गरेको देखिन्छ ।

### ४.४४.३ संरचना-शैली

प्रस्तुत निबन्ध आकारगत हिसाबले छोटो आयतन भएको जम्माजम्मी ६ वटा अनुच्छेदमा संरचित गर्दै एघार सय शब्दमा सजाइएको छ । व्यापक विषयलाई छोटो समयमा पढिसकिने गरी तयार पारिएको प्रस्तुत निबन्धले निबन्धात्मक तत्त्वका आधारमा विषयवस्तु अनुरूप भावलाई समेटेको देखिन्छ । वर्णनात्मक जस्तो देखिए पनि प्रस्तुत निबन्ध आत्मपरक ढङ्गबाट रचना गरिएको छ । प्रथम पुरुष दृष्टिबिन्दुमा रचित यो निबन्ध स्रष्टा घिमिरेले देखेका भोगेका तथ्य कुरालाई आफू भएर अभिव्यक्त गरेकी छन् जस्तै-'म त्यही समयसँग जिन्दगीको इतिहास कोर्ने मान्छे हुँ । सिर्जनाको फूलवारीबाट लोकतन्त्रका कोपिलाहरू सिहार्ने मान्छे, लोकतन्त्रका बोटहरूलाई मलजल गर्ने मालीहरू मध्ये म पनि त्यहीँको एउटी मात्र हुँ ।' (घिमिरे, २०६७:२३७) यसरी आफूले गरेको अनुभूतिलाई पाठक समक्ष प्रसारण गरेकी छन् । सरल

गद्यात्मक बान्की पुऱ्याएर लेख्न रुचाउने निबन्धकार घिमिरेको प्रस्तुत निबन्ध रागात्मक एवम् उत्साहप्रद खालको देखिन्छ ।

### ४.४४.४ उद्देश्य

आफ्नो लेखनलाई केही सहज केही असहज परिस्थितिका बाबजुद अगाडि बढाइरहेकी निबन्धकार घिमिरे निरङ्कुशताको कालो तुवाँलोले धुम्मिएको आकाश उघ्रिएपछि नेपाली जनताले सहजताको अनुभव गरेको र निबन्धकार घिमिरेले पनि त्यही अनुभव गरेको तथ्यलाई प्रस्ट्याएको हुनाले प्रस्तुत निबन्धको शीर्षक विषयवस्तु सुहाउँदो देखिन्छ । त्यसैले नेपाली समाजले परिवर्तनको चाहना राखेर आन्दोलनको उद्घोष गर्दै सफल भएको ठानिएको छ । यही मान्यतालाई नै आत्मसात् गर्नु प्रस्तुत निबन्धको उदेश्य रहेको देखिन्छ ।

## ४.४५ ‘द्वन्द्वका घाउहरू छामेको अनुभूति’ निबन्धको अध्ययन र विश्लेषण

### ४.४५.१ परिचय

प्रस्तुत निबन्ध झमक घिमिरेको **जीवन काँडा कि फूल** आत्मजीवनी परक निबन्ध सङ्ग्रहमा सङ्कलित चौवालीसौँ निबन्ध रचना हो । यस निबन्धले द्वन्द्वग्रस्त समयमा भएका हिँसा, हत्या, आतङ्क, बलात्कार, पीडा, दुःख, वेदनालाई समेटेर विषयवस्तु बनाएको देखिन्छ । राजाको प्रत्यक्ष शासनबाट पिल्सिएका नेपाली जनताको स्थितिको मूल्याङ्कन गरिएको छ भने अर्कोतिर माओवादीले सशस्त्र युद्धको नाममा तमाम मानिसको निर्मम हत्या गरेको, देशका धेरै भौतिक संरचनालाई ध्वस्त पारिदिएको घटनालाई निबन्धकारले स्मरण गरेकी छन् । देशले ठूलो द्वन्द्व भोग्यो त्यो द्वन्द्वबाट गणतन्त्रको स्थापना भयो । शान्तिपूर्ण तरिकाले जनताका अधिकार प्राप्त हुन नसक्दा सशस्त्र तरिकाले जनताका अधिकारलाई स्थापित गर्न लागिपरेका योद्धाहरूलाई निबन्धकारको समर्थन रहेको देखिन्छ ।

### ४.४५.२ विषय-भाव

निबन्धकारले यसरी आफ्ना शब्द मार्फत समर्थन गरेकी छन् –‘जङ्गल पसेकाहरूले देशमा गणतन्त्रको सङ्खघोष नगरेको भए, रगतको खोलो नबगेको भए देश यति छिट्टै गणतन्त्रमय हुने थिएन । यो एउटा ध्रुव सत्य । राजतन्त्रको अन्त्य हुन सक्ने थिएन त्यो अर्को

कटु सत्य ।' (घिमिरे, २०६७:२३८) यसरी सत्य कुराको पुष्टि गरेकी छन् । देशले एउटा कहिल्यै नभोगेको त्रासदी र कहिल्यै नभोगेको भयानक सन्त्रास भोग्नु पऱ्यो त्यस्तो स्थिति अबका दिनहरूमा हामीले भोग्न नपरोस् र लेख्न पनि नपरोस् भन्ने निबन्धकारको उत्कट चाहना रहेको छ । प्रस्तुत निबन्धले हिँसारहित समाजको परिकल्पना गरेको देखिन्छ । ती द्वन्द्वका घाउहरू तुषहरू निमिट्यान्न पार्न लागि पर्नुपर्छ भन्ने निबन्धकारको निर्देश रहेको छ । संसारका सबै मान्छेले आफ्नो अलिकति स्वार्थ त्यागिदिए, आफ्ना केही उमङ्ग अरुको लागि पनि बाँडिदिए संसारमा सबै खालका हिँसाहरू हुने थिएनन् । संसार सुन्दर र शान्त हुन्थ्यो भन्ने वैचारिक चिन्तन निबन्धकारको रहेको छ । देशले द्वन्द्वको पीडा भोग्दै जाने कलमले पनि त्यसको पीडा लेख्दै जाने नियति नेपालीले भोग्नु नपरोस् भन्ने दृष्टिकोण निबन्धकारको रहेको छ ।

### ४.४५.३ संरचना-शैली

प्रस्तुत निबन्धले द्वन्द्वबाट गुज्रिएको समय र पछि गणतन्त्र स्थापना भएपछिको स्थितिलाई स्मरण गर्दै आफ्नो निबन्धगत आयाम बनाएकी छन् । यो निबन्ध छोटो आयाम भएको जम्माजम्मी पाँच अनुच्छेदमा करिब एकहजार शब्दहरूको प्रयोग गर्दै संरचित गरिएको छ । प्रस्तत निबन्ध वर्णनात्मक शैलीमा लेखिएको छ । विविध विषयवस्तुलाई समेटेर वर्णनात्मक एवम् आत्मपरक शैली लिएको यो निबन्धमा सरल गद्यात्मक भाषाशैली प्रभावकारी ढङ्गले प्रस्तुत गरिएको छ । आफ्ना मनमा लागेका भाव विचार, भोगाइ, अनुभव निबन्धकार घिमिरेले स्वयम् सविस्तार वर्णन गरेको हुनाले प्रस्तुत निबन्ध प्रथम पुरुष दृष्टिबिन्दुमा सजाइएको छ । निबन्ध बौद्धिकता, हार्दिकता एवम् आत्म केन्द्रित भएर आएको छ । 'वास्तवमा त्यो पीडा देशलाई दुखिरहेकै छ, समयलाई दुखिरहेकै छ, सिङ्गो युगलाई दुखिरहेकै छ ।' (घिमिरे, २०६७:२३८) यसरी देशको पीडालाई उनले आफ्नै शब्दले अभिव्यक्त गरेकी हुन् । कलम मार्फत द्वन्द्वका घाउहरू समालोचना गर्ने गरेकी छन् ।

### ४.४५.४ उद्देश्य

विगतबाट पाठ सिकेर उज्ज्वल भविष्यको कामना गर्दै द्वन्द्वको स्थितिलाई सम्झेर निरास् होइन त्योबाट उर्जा प्राप्त गर्दै भावी सन्ततीलाई बाटो देखाउन प्रस्तुत निबन्धले लक्ष्य राखेकाले

यो उत्कृष्ट निबन्ध रचना बनेर आएको छ । कयौँ नेपाली जनताले रगत बगाए, बली चढ्नु पऱ्यो, अङ्ग भङ्ग हुनु पऱ्यो, तमाम नारीका सिन्दुर पुछिनु पऱ्यो, धेरै आमाले आफ्ना सन्तान गुमाएर काख रित्तो बनाउन बाध्य हुनु पऱ्यो यस्ता तमाम पीडाबाट नेपाली समाज गुज्रनु पऱ्यो यस्तो तथ्यगत घटनालाई उद्घाटन गर्नु प्रस्तुत निबन्धको उद्देश्य रहेको देखिन्छ ।

## ४.४६ 'जीवनका आभाहरू' निबन्धको अध्ययन र विश्लेषण

### ४.४६.१ परिचय

प्रस्तुत निबन्ध झमक घिमिरेको **जीवन काँडा कि फूल** आत्मजीवनी परक निबन्ध सङ्ग्रहमा सङ्कलित पैतालीसौँ निबन्ध रचना हो । यस निबन्धको विषयवस्तु मार्फत निबन्धकार घिमिरेले आफ्ना विभिन्न सङ्घर्षको अथक प्रयासबाट ती सुन्दर सिर्जनाहरू जन्माएको र तिनै सिर्जनाले आफ्नो जीवनको सिर्जना गर्न पुगेको घटनालाई आधार बनाएकी छन् । उनले तिनै सुनौला सिर्जना मार्फत आफ्नो भाग्यरेखालाई कोरेको देखिन्छ । आफ्नो जीवनवृत्तका विभिन्न घटनालाई आधार बनाएर निबन्धका विषयवस्तु बनाउन सिपालु घिमिरेले यस निबन्धलाई ज्यादै उत्साहप्रद ढङ्गले वर्णन गरेकी छन् । विभिन्न आरोह अवरोहका बाबजुद जीवनमा केही सफलता प्राप्त गरेको खुसीलाई निबन्धकारले पाठक समक्ष निबन्ध मार्फत अभिव्यक्त गरेकी छिन् । प्रस्तुत निबन्धमा समसामयिक विषयलाई आफ्नो जीवन वृत्तसँग समावेश गरेर प्रस्तुत गरेको हुनाले यो सामाजिक यथार्थवादी निबन्ध रचना हो।

### ४.४६.२ विषय-भाव

प्रस्तुत निबन्धमा निबन्धकार घिमिरेले जीवनका सफलता, असफलता, पीडा, खुसी, आदिको बारेमा स्मरण गर्दै जसरी बग्यो समय त्यससँग त्यसैगरी जुझ्दै अगाडि बढेको घटना सार्वजनिक गरेकी छन् । उनले आफ्नो जिन्दगीको उतारचढावलाई नदीका छालसँग तुलना गरेकी छन् । नदीमा बाढी पनि पर्छ, भल पनि पर्छ, नदी धमिलो बन्छ, अन्ततः पानी सङ्ग्लै हुन्छ अर्थात् आफूमा भएको क्षमता कसैले धमिल्याउन सक्दैन, बिगार्न सक्दैन, भन्दै मुख्य कुरा आफूमा इमानदारीता, लगनशीलता जीवित हुनु जरुरी ठान्दछिन् । उनको आफ्नै कथन छ 'जिन्दगीमा छाल उठ्दा छालकै सिर्जना गरेँ, बाढी पस्दा बाढीकै सिर्जना गरेँ, सङ्ग्लो हुँदा

सङ्ग्लै जीवनकै सिर्जना गरेँ ।' (घिमिरे, २०६७:२४२) यसरी जिन्दगीलाई हाँसोमा पनि बिताउन सिकेको देखिन्छ भने दुःखमा पनि भोग्न सिकिन र सबैको सामुमा अर्थयुक्त जीवन भोगेको तथ्यलाई सावित गराइ छाडेको देखिन्छ । निबन्धकार घिमिरे एउटी स्वाभिमानी लेखक हुन् । उनको स्रष्टा कलम क्रुर, पाशविक, अन्याय, अत्याचार, कुसंस्कार, रूढिवादी चिन्तन आदिको विरोधमा दौडन्थ्यो । उनी कालालाई सेतो, सेतोलाई कालो भन्ने स्वाङ्गवादी प्रवृत्तिहरूमाथि खरो जस्तो लाग्थिन् । उनी जे जस्तो छ सही, सत्य तथ्य र यथार्थ रूपमा प्रस्तुत गर्ने स्रष्टाका रूपमा देखापरेकी छन् । उनले ज्यादै सुन्दर, सुनौला, एवम् परिवर्तनकारी विचार बोकेका रचना सिर्जना गरेको हुनाले आम जनताका मन मुटुमा रहीरहेको देखिन्छ । निबन्धकारको मान्यता व्यक्तिगत जीवनबाट माथि उठेर आफूमा भएको क्षमतालाई प्रस्फुटन गरेर त्यस्ता सिर्जनाहरूले समाजको बोली बोल्नुपर्छ, देशको बोली बोल्नुपर्छ भन्ने लक्ष्य राख्दछिन् ।

### ४.४६.३ संरचना-शैली

प्रस्तुत निबन्ध आयामगत दृष्टिले हेर्दा छोटो आयतन भएको जम्माजम्मी चार अनुच्छेदमा संरचित गर्दै करिब आठसय शब्द समावेश गरेर लेखिएको छ । आत्मपरक शैलीमा लेखिएको प्रस्तुत निबन्ध स्मरण गर्दै आफ्नो सिर्जन क्षमताको मूल्याङ्कन स्वरूप लेखिएको एकदमै सरल भाषामा अभिव्यक्त भएको उत्कृष्ट निबन्ध रचना हो । निबन्धकार घिमिरेले आफूले भोगेका कुराहरूलाई मात्र निबन्धका विषयवस्तु बनाएकी छैनन्, उनले समाजका त्यस्ता भोगाइहरू छन् जो दवेर रहेका छन् तिनलाई प्रस्फुटित पार्नेकाम गरेकी छन् । प्रस्तुत निबन्ध सामाजिक विषयवस्तुमा आधारित रहेर लेखिएको हुनाले सामाजिक यथार्थपक्षलाई बोकेको निबन्ध हो । एउटी शारीरिक रूपमा अपाङ्ग व्यक्तिले कलमका माध्यमबाट दुनियाँका सामु प्रतिस्पर्धा गरेर अब्बल देखिनुले उनमा भएको सिर्जना क्षमताको तागतलाई सबैले सह्राना गरेका छन् । उनले गरेको योगदानलाई सबैले स्यावासी दिएका छन् । अलौकिक शक्ति भनिएको केही होइन स्वयम् मान्छेभित्र रहेको शक्ति नै मुख्य शक्ति हो त्यही आत्मीय शक्तिले मान्छेले जीवनमा सुनौला उज्यालो ल्याउन सक्नुपर्छ भन्ने निर्देश प्रस्तुत निबन्धले गरेको छ । जीवनलाई सधैँ अर्थपूर्ण बनाउनु पर्छ, विभिन्न सङ्घर्ष, त्याग समर्पणमा लगाउनुपर्छ भन्ने आत्मस्वाभिमानी

चिन्तन राख्ने निबन्धकार घिमिरे यस निबन्ध मार्फत पनि त्यसै रूपमा प्रस्तुत भएको हुनाले यो निबन्ध स्वाभिमानीको गाथा बोकेको उत्कृष्ट निबन्ध रचना हो ।

## ४.४६.४ उद्देश्य

जिन्दगीका आरोह अवरोहबाट हार खाएर पलाएन हुनु हुँदैन जस्तोसुकै परिस्थितिसँग जुझ्दै भिड्दै अगाडि बढ्नुपर्छ भन्ने मूल सन्देश यो निबन्धले दिन खोजेको छ । भावीले कोरेको भाग्यलाई विश्वास गरेर बस्नेहरूलाई निबन्धकारले आफ्नै शब्द मार्फत यसरी व्यङ्ग्य गर्दछिन् - 'मान्छेहरूले आफ्नो भाग्यरेखा भावीले कोर्छ भन्छन् तर मेरो भाग्यरेखा कुनै भावीले कोरी दिएन, भावीले कोरीदिएको भाग्यले मलाई केही दिएन । त्यसैले भावीले कोरिदिएको भाग्य विरुद्ध इन्क्लाव बोलेँ ।' (घिमिरे, २०६७:२४३) यसरी आफ्नो कर्ममा विश्वास गर्नुपर्छ कुनै देवी वा अरु केहीले भाग्य निर्माण गरिदिदैन भन्ने वैचारिक सन्देश प्रस्तत निबन्धले बोकेको देखिन्छ ।
प्रस्तुत निबन्धले सङ्घर्षको उपलब्धिको मूल्याङ्कन गर्ने लक्ष्य राखेको देखिन्छ । यस निबन्धले यो भन्दा अगाडिका निबन्धका विषयवस्तुलाई समालोचना गर्ने काम गरेको देखिन्छ । प्रस्तुत निबन्धले सिर्जन क्षमतालाई मुख्य शक्ति ठान्दै त्यसको एउटा रूप जीवनको आभा ठानेको देखिन्छ ।

प्रस्तुत निबन्धको उद्देश्य भनेकै घिमिरेका सिर्जनाको महŒव दर्शाउनु हो । अर्थात् उनका सिर्जना उनका जीवन साथी सावित भएर देखिन्छन् भने आम पाठकका निम्ति प्रेरणा र उर्जाका स्रोत बनेका छन् । घिमिरेले प्रत्येक सिर्जनालाई आत्मीय ठानिन् र जीवन साथी ठानिन् कलम मार्फत शब्दले कृतिको गर्भाधान गराइन त्यसैको परिणाम आज आम पाठकका सम्पत्ति बनेका देखिन्छन् । स्रष्टा घिमिरेका सिर्जना उनका व्यक्तिगत सिर्जना बनेन अब आम पाठकका प्रेरणा प्राप्त गर्ने, उर्जा प्राप्त गर्ने विषय बनेका देखिन्छन् । यस अर्थले पनि स्रष्टा घिमिरे साँच्चै नै आम जीवनकी आमा बनेको देखिन्छ ।

## ४.४७ 'सहमतिका हातहरू' निबन्धको अध्ययन र विश्लेषण

### ४.४७.१ परिचय

प्रस्तुत निबन्ध झमक घिमिरेको **जीवन काँडा कि फूल** आत्मजीवनी परक निबन्ध सङ्ग्रहमा सङ्कलित छयालीसौँ निबन्ध रचना हो । यस निबन्धमा स्रष्टा घिमिरेलाई हरतरफबाट सघाउने विभिन्न व्यक्तिहरूको बारेमा घिमिरे उल्लेख गर्दै यस निबन्धको विषयवस्तु बनाएकी छन् । झमक जस्ता स्रष्टालाई कयौँ मानिसले एकदमै रुचाए, उनका सिर्जनाले सबैको मन मस्तिष्कमा उर्जा प्रदान गरे, उनका सिर्जनाले समाज परिवर्तनको भूमिका खेले, त्यही अर्थमा उनलाई विभिन्न व्यक्तिहरूले सहयोगी हात बढाए त्यसै तथ्यलाई स्मरण गर्दै उनले यस निबन्धको सिर्जना गर्न पुगेकी हुन् । निबन्धकार घिमिरेको जीवनमा परिवर्तन ल्याइदिने व्यक्तिहरूको नाम उनले मुक्त कण्ठले प्रशंसा गर्दै उल्लेख गरेकी छन् । ती व्यक्तिहरूमा गोपाल गुरागाइँलाई घिमिरेले अत्यन्तै आत्मिय तरिकाले सम्झना गर्न पुगेकी छिन्। वि.सं. २०५६ को अन्त्यतिर भेट भएका गोपाल गुरागाइँसँग उनले हार्दिक सदभाव, माया, सहयोग, प्रेरणा, हौसला प्राप्त गरेको देखिन्छ । प्रस्तुत निबन्धको मुख्य कथ्य भनेको स्रष्टा घिमिरेलाई सहयोग गर्ने विभिन्न व्यक्तिहरू जस्तै गोपाल गुरागाइँ, मोदनाथ प्रश्रित, देवीबहादुर श्रेष्ठ, गोकणराज विष्ट जस्ता सम्मानित व्यक्तिहरूको सम्झना, उनका निम्ति उनीहरूले गरेको योगदान रहेको छ ।

### ४.४७.२ विषय-भाव

निबन्धकार घिमिरे सामाजिक, प्रगतिवादी, यथार्थवादी निबन्धकार हुन् । उनले समाजका सत्य तथ्य कुरालाई खुलस्त पार्ने काम गरेकी छन् । त्यसैगरी कुसंस्कार, रूढिवादको चरम विरोध गरेकी छन् । त्यति मात्रै होइन उनले आफ्नो कलमबाट निरङ्कुश राज्य सत्ताले गरिब जनताका नाममा गरेको हर्कतका बारेमा दह्रो रूपमा बोलेकी छन् । उनका सिर्जनाले समाज परिवर्तन गर्न र राजनीतिक व्यवस्थालाई सही मार्ग ल्याउनमा ठूलो भूमिका खेलेको देखिन्छ । निबन्धकार घिमिरेले राजनीतिलाई कहिले घृणा गरिन् उनले त्यसबाट उब्जने अस्तव्यस्ततालाई व्यङ्ग्य गरेकी छिन्, त्यसको खोइरो खनेकी छन् । उनले जनताको हितमा राजनीति हुनु पर्छ भन्ने मान्यता राखेर कलम चालएको देखिन्छ ।

प्रस्तुत निबन्धमा गोपाल गुरागाईं जस्ता अत्यन्त सहयोगी व्यक्तिले **झमक घिमिरे साहित्य कला प्रतिष्ठान नेपाल** २०६३ को स्थापना गर्न ठूलो योगदान गरेको तथ्यलाई निबन्धकार घिमिरेले चर्चा गरेकी छन् । त्यतिमात्र होइनन नेपाली जनताको बलिदानीपूर्ण सङ्घर्षबाट निर्माण भएको लोकतान्त्रिक सरकारले उनलाई मासिक रूपमा पेन्सन दिन थालेपछि आफ्नो जीवन यात्रा झनै सहज भएको खुसीको क्षणलाई अभिव्यक्त गरेकी छन् । घिमिरेको जीवनयात्राका सुरुवाती दिनहरू साँच्चै नै कठिन अवस्थामा गुज्रिएका थिए तर विस्तारै घिमिरेलाई सहयोग प्रशस्त गर्न हातहरू देखिए ती हातहरूलाई उनले निस्वार्थ भावले हेर्ने गरेको देखिन्छ ।

## ४.४७.३ संरचना-शैली

यस निबन्धले वर्णनात्मक एवम् विवरणात्मक शैली अपनाउँदै आत्मकथनको प्रस्तुति गरेको छ । स्मरण शैली अवलम्बन गर्दै निबन्धकार घिमिरेले आफ्नो उन्नति प्रगति हुनुमा ती व्यक्ति जसले उनलाई ठूलो गुन लगाए तिनैको भूमिका रहेको भन्दै उनीहरूको योगदानलाई मूल्याङ्कन गर्न प्रस्तुत निबन्धको लक्ष्य रहेको देखिन्छ ।

## ४.४७.४ उद्देश्य

घिमिरेले सहयोगी हातबाट केही सहयोग पाउँदा पूर्वाग्रही भएर सोच्नेहरूले उनलाई राजनीति गर्न थाली भन्ने आरोप गरेको घटनालाई पनि प्रस्तुत निबन्धमा उल्लेख गरेकी छन् । निबन्धकार घिमिरेका लेखहरूले राजनीतिको भाषा बोले भन्ने आरोपले उनलाई राजनीति लेखक भन्नेहरूलाई यसरी जवाफ दिएकी छन् -'अहो ! यिनीहरूको कति सङ्कुचित सोच ? मान्छे समाजको सदस्य, स्रष्टा पनि समाजकै सदस्य राजनीति पनि एउटा समाजकै अङ्ग, त्यो गर्नु र त्यसको बारेमा स्वतन्त्र विचार लेख्नु दुई अलग अलग कुरा हुन भन्ने यिनीहरूको दिमागले किन बुझ्न सकेको छैन ?' (घिमिरे,२०६७:२४३) यसरी आफू आम मान्छेहरूको एउटा प्रतिनिधि पात्र भएको कुरालाई अभिव्यक्त गर्दछिन् । निबन्धकार घिमिरेको बुझाइमा भावना र चाहनालाई कलमबाट निर्धक्क भएर लेख्छिन् र लेख्नुपर्छ भन्ने आम लेखकलाई आग्रह गर्दछिन्।

## ५.४८ 'जीवन काँडा कि फूल' निबन्धको अध्ययन र विश्लेषण

### ४.४८.१ परिचय

झमक घिमिरेको **जीवन काँडा कि फूल** निबन्ध सिङ्गो निबन्ध सङ्ग्रह कृतिलाई समेटेर शीर्षक तयार गरिएको निबन्ध रचना हो । यसै निबन्ध शीर्षक भित्र अरु निबन्धलाई सङ्कलित गरेर निबन्ध तयार पारिएको हो । यस निबन्धले कसैको जीवन सहज एवम् सरल तरिकाले व्यतीत हुँदैन, दुःख, सुख, हन्डर, ठक्कर, घुम्ती, मोड, चुनौती, अफठ्यारा आदि इत्यादि आउँछन् ती अवस्थाबाट पार पाउँदै जीवनलाई काँडा होइन उक्त काँडाका बीचमा फूल्ने सुन्दर फूल जस्तो बनाउन सक्नुपर्छ भन्ने तथ्य प्रस्तुत गरेको छ । घिमिरेले आफ्नो व्यक्तिगत जीवनका पातालाई उल्लेख गर्दै आम मानिसका जीवनीका अवस्था बुझ्ने प्रयास गरेकी छन् । जीवनका दुःख सुखका भोगाइलाई विषयवस्तु बनाएर लेखिएको प्रस्तुत निबन्ध अनुभूति र अनुभवका आधारलाई समेटेर लेखिएको छ । विभिन्न तिरस्कार, घृणा, अवहेलना, अन्यायका बावजुत आफ्ना अनेकौं प्रयासले जीवन काँडा होइन फूल नै रहेछ भनेर प्रमाणित गरिदिएको तथ्यपरक विषयवस्तु भएको निबन्ध रचना हो । यस निबन्धमा घिमिरेले आफू केही सिक्ने जान्ने र लेख्ने भएपछि आफ्ना सिर्जनाले पर्याप्त मात्रामा प्रसारित हुने ठाउँ पाएपछि अर्थात् तमाम पाठकका सामु गएपछि उनीहरूको सकारात्मक प्रतिक्रियाले उनी सबैको प्यारी, सिर्जन श्रोतकी प्यारी र आमपाठककी सम्पत्तिको विषय भएकी ठम्याइएको छ ।

### ४.४८.२ विषय-भाव

आफ्नो त्याग समर्पणले जो कसैले आफ्नो जीवनलाई सार्थक बनाउन सक्छ भन्ने उदाहरण प्रस्तुत गरेकी घिमिरेले आफ्नो लेखन कला नाम र दामकै लागि रोजेको नभएर नियतिवश सिङ्गो जीवन धान्नका लागि श्रम सिर्जनाको मूल्य आएको हो भन्ने ठान्छिन् । निबन्धकार घिमिरेले आफूलाई सम्मान गर्न लायक, आफ्ना सिर्जनाको स्तरता, त्यसैगरी औचित्यता र मूल्याङ्कन गर्न समयको बहावसँगै पाठक वर्गलाई जिम्मा छाडेको देखिन्छ । यसर्थ घिमिरेले आफ्नो मूल्याङ्कन गर्ने जिम्मा आम पाठकलाई समर्पण गरिएको विषयवस्तु यस निबन्धमा आएको छ । निबन्धको विषयवस्तु छोटो लागे तापनि यसले उनका व्यक्तिगत घटनालाई समेट्दै आम सामाजिक पक्षका बृहत् कुरालाई खोतल्ने काम गरेको देखिन्छ ।

सामाजिक विषयवस्तुलाई केन्द्रबिन्दु मानेर लेखिएको उत्कृष्ट निबन्ध रचना हो । आत्मसंस्मरणात्मक शैलीमा अभिव्यक्त उनको यो कृतिले जीवनप्रति आशा र उमङ्ग जगाइ दिने काम गरेको देखिन्छ ।

जन्मदेखि नै हात गोडा, नचल्ने, हिँड्न, बोल्न, उभिन नसक्ने तर सुन्न र बुझ्न चाहिँ सक्ने झमकले यस निबन्धमा आफ्नो जीवनको अत्यन्त मर्मस्पर्शी अनुभव लेख्दै भन्छिन्, 'मलाई अब एउटै कुराको चिन्ता छ युगले अपेक्षा गरे अनुसार मैले सिर्जनाका फूल फुलाउन सक्ने हुँ कि होइन ? मलाई गिज्याएर मृत्यु नहाँसोस् । त्यो पनि असमयमै नआओस, किनभने समयलाई मैले अझै धेरै कुरो दिनु छ ।' (घिमिरे,२०६७:२५९) यस भनाइले पनि पुष्टि गर्छ घिमिरेको सिर्जना शक्तिसँग जिउने, रमाउने यात्रा निरन्तर अविचलित रूपमा अगाडि बढ्ने अपेक्षा गरिएको देखिन्छ । यस अर्थ पनि झमकको आफ्नै निष्कर्ष छ जीवन काँडा होइन फूल हो । समाजले झमकप्रति अभिव्यक्त गरेका व्यवहार, धारणा र विचारले उनलाई कुड्यायो, हृदयमा विद्रोह उत्पन्न गरायो, घृणा, निराशा, जलन र अव्यक्त छटपटीले छोयो ती कुराको प्रत्युत्तर स्वरूप उनका हरेक सिर्जना प्रस्फुटित भएका छन् । तिनैको परिमाण रूपमा **जीवन काँडा कि फूल** निबन्ध पनि आएको देखिन्छ । अस्वभाविक जीवन भोगाइका पीडालाई निरन्तर रूपमा सङ्घर्षशील रहँदै प्रेरणामा बदल्न सफल भएको तथ्यलाई यस निबन्धले प्रस्तुत गर्छ । विभिन्न घात प्रतिघात र प्रेरणाका बाबजुद आफूलाई सशक्त रूपमा व्यक्ताउन घिमिरे यस निबन्ध मार्फत सफल भएको कुरा अभिव्यक्त गर्दछिन् । सङ्घर्ष नै सफलताको कडी हो भन्ने आदर्शलाई यस निबन्धले मूल मन्त्र बनाएको छ । त्यसैगरी जीवन आशावादी यात्रा हो भन्ने सन्देश यस निबन्धले प्रवाह गरेको छ । जीवनका भोगाइहरूलाई यथार्थपरक अभिव्यक्ति दिन सक्नु उनका मूल विशेषता हुन् । स्वावलम्बी, स्वाभिमानी, निर्भीकता, वस्तुपरक यथार्थपरक आदि निजी विशेषता घिमिरेले आफ्नो यस सिर्जनामा गरेको देखिन्छ , जीवनचक्र सुरुवात्का अत्यन्तै दु:खदायी, कष्टकर र कहाली लाग्दो परिवेशमा बितेको देखिन्छ । जीवनको भोगाइ र सङ्घर्षमा झमक आफूले आफैका लागि गरेको अथक प्रयास, निरन्तर अभ्यास र साधनाले जीवनलाई सुखमय अर्थात् काँडारूपी जीवनलाई फूल बनाउन सफल भएको पाइन्छ । स्वाध्ययनबाट शिक्षा आर्जन गरिसकेपछि आफ्नो जीवनमा आइपरेको दु:ख र कष्टलाई परिष्कार गर्दै ल्याएको बुझिन्छ । आफ्नो जीवनको मात्र नभई व्यक्ति, समाज र राष्ट्रमा भएका विकृति,

विसङ्गति र असमानताप्रति सशक्त ढङ्गले निर्भीक रूपमा आवाज उठाएको बुझिन्छ । अनेकौं सामाजिक एवम् राजनीतिक चुनौतीहरूको सामना गर्दै तीव्र गतिले कृतित्व क्षमता र व्यक्तित्व निर्माण भएको देखिन्छ । व्यक्तिगत, सामाजिक तथा समसामयिक पक्षलाई अनुभूति, कल्पना र यथार्थताले रङ्गाएर यो निबन्ध प्रस्तुत गरेकी छन् । सामाजिक सांस्कृतिक, राजनीति, कमीकमजोरीमाथि व्यङ्ग्य प्रहार गरिएको निबन्ध रचना हो ।

### ४.४८.३ संरचना-शैली

विविध विषयवस्तुलाई समेटेर आत्मपरक शैलीमा प्रस्तुत निबन्ध सजाइएको छ । प्रस्तुत निबन्धमा स्रष्टा घिमिरेका भाव, विचार र अनुभूतिलाई पाठक समक्ष 'म' पात्रका माध्यमबाट प्रस्तुत गरेको हुनाले यो निबन्ध प्रथम पुरुष दृष्टिबिन्दुमा सिर्जना भएको देखिन्छ । घिमिरेले आफ्नो विचार र विषयवस्तुलाई पाठक समक्ष प्रसारित गर्न निर्माण गरिएका शब्द, वाक्य र अनुच्छेदको बनोटलाई निबन्धमा खुबै राम्रो बान्की पुऱ्याएकी छन् । गद्यात्मक भाषा र शैलीले निबन्धको भावलाई समन्वय गरेको देखिन्छ । विषयलाई शृङ्खलित रूपमा प्रस्तुति गर्दै घटनालाई रोचक, भावुक, मर्मस्पर्शी रूपमा प्रस्तुति दिँदै पाठकलाई उत्सुकता र प्रेरणा प्रदान गर्न सफल रहेको देखिन्छ । निबन्धमा तर्कसङ्गत अभिव्यक्ति, आत्मपरक शैली, विषय अनुरूप हार्दिकता, बौद्धिकता, व्यङ्ग्यात्मकता र तार्किकताको उपयोग गरेको पाइन्छ । स्वच्छन्दतावादको प्रयोग उनको यस निबन्धमा पाइए तापनि तुलनात्मक रूपले आत्माभिव्यक्तिको प्रधानतामा संरचनात्मक संगठन र क्रमबद्ध प्रस्तुति बढी पाइन्छ । काल्पनिकतालाई टाढै राखेर अनुभूतिको प्रबलतालाई निबन्धमा समेटिएको छ ।

### ४.४८.४ उद्देश्य

प्रस्तुत निबन्धमा घिमिरेले दुःख, पीडा, पिर, व्यथालाई बिर्सदै अर्थात् विगतका ती अभिशप्त पलहरूलाई अँध्यारो कुनामा छोड्दै जून जसले शीतलता र उज्यालो दिन्छ त्यस्तै जीवन बाँच्ने चाहना राखेको देखिन्छ । चम्किलो प्रकाश अर्थात् ज्योतिर्मय अवस्थाको दिनहरू बिताउने आशा, उमङ्ग, विश्वास, त्याग, समर्पण गरिएको निबन्ध रचना हो । त्यसैले जीवन काँडा होइन जीवन त्यही काँडाको बीचमा फुल्ने सुन्दर फूल सरी हो । जीवन सङ्घर्ष गर्दै हाँसी

हाँसी जिउन सक्ने कलात्मक हुनुपर्छ भन्ने प्रतिकात्मक सन्देश सहितको शीर्षकले गर्दा पनि निबन्ध सार्थक देखिन्छ ।

प्रस्तुत निबन्ध समसामयिक विषयवस्तुलाई समेट्दै आफ्नो व्यक्तित्वको प्रकाशन गरिएको आत्मपरक रचना हो । आत्मपरक ढङ्गबाट वैचारिक दृष्टिकोण प्रवाह गर्नु उनको यस निबन्धको लक्ष्य हो । 'जसरी फूल काँडाको बीचमा फुल्छ त्यस्तै जीवन पनि दु:खसुखको बीचमै फुल्दोरहेछ ।' (घिमिरे,२०६७:२४८) दु:खमा आत्तिएर निराश भएर जीवनलाई पलाएनको बाटोतिर मोड्ने होइन त्यसबाट जुझ्दै विभिन्न पाठ सिक्दै सुखमा परिणत गर्न सक्नु सच्चा जीवन भोगाइ हो भन्ने वैचारिक कसीमा निबन्धलाई ढालिएको छ । यस निबन्धले जीवन जिउनुको रहस्य, अर्थपूर्ण जीवन, अर्थात् कलात्मक जीवन, सङ्घर्षमय जीवन जिउने पाठ सिकाएको छ । जीवनको वास्तविक महŒवलाई माथि उठाएर हेर्ने चेष्टा गरिएको छ । जीवन भनेको समर्पण हो, जीवन समयको समर्पण हो त्यो समर्पण राष्ट्र र समाजप्रति हुनुपर्छ युगले अपेक्षा गरेजसरी समर्पण हुनुपर्छ, समयको बहाव जसरी सिर्जनाका सुन्दर फूल फुलाउन सक्नुपर्छ भन्ने वैचारिक दृष्टिकोण निबन्धले प्रवाह गरेको देखिन्छ ।

## ४.४९ निष्कर्ष

जीवन काँडा कि फूल निबन्ध सङ्ग्रह निबन्धकार झमक घिमिरेको दसौँ पुस्तकाकार कृति हो । घिमिरे निबन्धकारिताका क्षेत्रमा सामाजिक यथार्थवादी निबन्धकारका रूपमा परिचित निबन्धकार हुन् । उनले समाजका सत्य तथ्य घटनालाई खुलस्त पार्ने काम प्रस्तुत निबन्ध सङ्ग्रह जीवन काँडा कि फूलमा गरेकी छन् । त्यसैगरी सामाजिक कुसंस्कार, रूढिवादीको चरम विरोध स्वरूप यो निबन्ध आएको देखिन्छ । त्यतिमात्रै होइन उनले आफ्नो कलमबाट निरङ्कुश राज्य सत्ताले गरिब जनताका नाममा गरेका हर्कतका बारेमा निर्भीकताका साथ लेखेकी छन् । उनका सिर्जनाले समाज परिवर्तन गर्न र राजनीतिक व्यवस्थालाई सही मार्गमा ल्याउन ठूलो भूमिका खेलेको देखिन्छ । निबन्धकार घिमिरेले राजनीतिलाई कहिल्यै घृणा गरिनन् बरु उनले त्यसबाट उब्जने अस्तव्यस्ततालाई व्यङ्ग्य गरेकी छन् । जनताको हितमा राजनीति हुनुपर्छ भन्ने मान्यता राखेर कलम चलाएको देखिन्छ । निबन्धकार झमकले यस निबन्ध सङ्ग्रहमा आफ्नो बाल्यकालको पृष्ठभूमि जीवनको भोगाइ, त्यसबाट प्राप्त प्रेरणा र चेतनाका कारण समाजमा विद्यमान तमाम विकृति विसङ्गति एवम् सामाजिक विभेदविरुद्ध त्याग र समानताको आफ्नो

विचार, भावना, अनुभूति आफ्ना निबन्ध सिर्जनाहरू मार्फत सशक्त रूपमा व्यक्त गरेकी छन् । आफ्ना सिर्जनाहरूलाई प्राणप्रिय ठान्ने घिमिरेले तिनै सिर्जना मार्फत आम पाठकलाई उत्साहित, उमङ्ग, जोश, जाँगर प्रदान गर्न सफल भएको देखिन्छ । मानव अधिकार र जनताका सार्वभौमिक अधिकारका बारेमा निबन्धकार घिमिरे यस निबन्ध सङ्ग्रहमा खुलस्त रूपमा बोलेकी छन् । त्यसैगरी सामाजिक मुक्तिका लागि चलिरहेको गौरवपूर्ण आन्दोलनको पङ्क्तिमा शब्दवाण मार्फत दृढतापूर्वक उभिएर आफ्नो सिर्जनालाई अघि बढाएको पाइन्छ । अनेकौँ सामाजिक एवम् राजनीतिक चुनौतीहरूमा सामना गर्दै तीव्र गतिले उनको व्यक्तित्वसँगै यो कृतित्व निर्माण भएको देखिन्छ । फलस्वरूप हजारौँ चोखा मनहरूले उनलाई प्रेरणा थपिदिएको पाइन्छ । आफूले भोगेका र देखेका सामाजिक विकृति, विसङ्गति, अभाव, जातीय विभेद र समसामयिक समस्याहरूलाई यस निबन्ध सङ्ग्रहमा उठाएकी छन् । आफ्ना बाबुले समेत पक्षपात गरेर उनले पढ्न नपाएको र यस संसारमा शारीरिक असक्त भएकाहरूलाई हेर्ने दृष्टिकोण निबन्ध सङ्ग्रहमा ज्यादै कारुणिकपूर्ण छ । तसर्थ यस निबन्ध सङ्ग्रहले सम्पूर्ण अपाङ्गहरूलाई हेर्ने दृष्टिकोण बदल्नुपर्छ भन्ने सन्देश दिएको पाइन्छ । त्यसैगरी उनको यस निबन्ध सङ्ग्रह भित्रका निबन्धहरूमा राष्ट्रप्रतिको माया, नारी संवेदना, राजनीति गर्ने नेताहरूको ढाँट गर्ने प्रवृत्ति, प्रशासकहरूको अकर्मण्यता, कुसंस्कार, रूढिवादीता, जातीय विभेद, सामाजिक अन्यायको विरोध, अत्याचार र हैकमवाद विरुद्ध सशक्त आवाज उठाइएको पाइन्छ । त्यसैगरी स्वावलम्बी, स्वाभिमानप्रति जोड दिइएको छ । पीडा बोध गर्दै आशावादी स्वरको गुञ्यायस उनका निबन्धमा गरिएका छन् । त्यतिमात्रै होइन घिमिरेका निबन्धमा तीव्र क्रान्तिकारी चेतना, प्रगतिशीलता, मानवीय चिन्तनको गहन प्रस्तुति पाइन्छ । जीवनप्रतिका संवेगात्मक अनुभूतिको सहज रूपमा प्रस्तुति उनका निबन्धले गरेको पाइन्छ । त्यसैगरी नारी अस्तित्वको संरक्षणमा जोड दिन उनका निबन्धले आग्रह गरेको देखिन्छ । जीवनप्रतिको आफ्नै ढङ्गले परिभाषा गर्दै सङ्घर्षमय जीवनको सहज प्रस्तुति गरिएको पाइन्छ । दयाभाव प्रति तीव्र रूपमा वितृष्णा उनका निबन्धमा पाइन्छ । राजनैतिक विकृति तथा विसङ्गतिको चर्को रूपमा विरोध उनका निबन्धमा पाइन्छ । त्यसै गरी आफ्ना हक अधिकारका लागि जुझारू रूपले, सङ्गठित रूपले लड्न सबै वर्गलाई प्रोत्साहन उनको यस निबन्ध सङ्ग्रह भित्रका निबन्धले गरेको पाइन्छ । घिमिरेका निबन्धमा तर्कशीलता, प्रभावशीलता, विश्लेषणात्मकता एवम् प्रश्नात्मक शैलीको प्रयोग पाइन्छ । यसरी आफूले एक्लै

भोग्दै आएको माटो, देश, समाज तथा समयको यथार्थ प्रस्तुति निबन्ध सङ्ग्रहमा सरल गद्यात्मक भाषामा प्रयोग भएको पाइन्छ । यसरी व्यक्तिगत अनुभूति भोगाइहरू तथा आम जनताका सार्वजनिक भोगाइलाई निबन्धले बोलेको हुनाले प्रस्तुत निबन्धले पाठक समक्ष छिट्टै मन जित्न सफल भएको पाइन्छ र **मदन पुरस्कार** जस्तो राष्ट्रको प्रतिष्ठित पुरस्कार (२०६७) **जीवन काँडा कि फूल** निबन्धात्मक कृतिले पाउन सफल भएको छ । तसर्थ जीवन काँडा होइन काँडा बीचमा फुल्ने सुन्दर फूल जस्तो सुन्दर कृति भएर आएको आभास भएको यो निबन्ध सङ्ग्रहले समग्र जीवन जगत्का बारेमा बोलेको छ ।

# परिच्छेद - पाँच
## उपसंहार

झमक घिमिरेको **जीवन काँडा कि फूल निबन्ध कृतिको अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र जम्मा ५ परिच्छेदमा संरचित छ । यस शोधपत्रको पहिलो परिच्छेदमा शोध शीर्षक विषय परिचय, समस्या कथन, शोध कार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा शोध कार्यको सीमाङ्कन, शोध विधि, शोध कार्यको औचित्य र महŒव, शोध कार्यको रूपरेखा उपशीर्षक अन्तरर्गत शोधको परिचय प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधपत्रको दोस्रो परिच्छेदमा निबन्ध सिद्धान्त र नेपाली निबन्धको स्थिति ऐतिहासिक अध्ययनको आधारमा गरिएको छ । यसमा निबन्धको व्युत्पत्ति र अर्थ, निबन्ध सम्बन्धी पूर्वीय दृष्टिकोण, पाश्चात्य दृष्टिकोण, निबन्धको परिभाषा, पाश्चात्य र पूर्वीय विद्वान्को निबन्ध सम्बन्धी परिभाषा, निबन्धका तŒवहरू, निबन्धको वर्गीकरण, नेपाली निबन्धको विकासक्रम, नेपाली निबन्धको इतिहास (प्राथमिक, माध्यमिक र आधुनिक काल) का उपचरणहरू सम्म अध्ययन गरिएको छ ।

प्रस्तुत शोधपत्रको तेस्रो परिच्छेदमा झमक घिमिरेको जीवनी र व्यक्तित्वको विविध आयामका बारेमा अध्ययन गरिएको छ । जसमा परिचय, शिक्षादीक्षा, साहित्य लेखनमा प्रेरणा र प्रभाव, पुरस्कार, सम्मान तथा पदक, जीवन दर्शन जस्ता उपशीर्षक अन्तर्गत घिमिरेको जीवनी व्यक्तित्वका विविध आयामका बारेमा अध्ययन गरिएको छ ।

प्रस्तुत शोधपत्रको चौथो परिच्छेदमा निबन्धकार झमक घिमिरेको **जीवन काँडा कि फूल** निबन्ध सङ्ग्रहमा सङ्कलित निबन्धहरूको अध्ययन र विश्लेषण गरिएको छ । यस परिच्छेदमा निबन्धकार झमक घिमिरे र उनको निबन्ध कृतिको अध्ययन निबन्ध तत्त्वका आधारमा गरिएको छ । यस सङ्ग्रहमा सङ्कलित प्रत्येक निबन्धको परिचय, विषय-भाव, संरचना - शैली र उद्देश्यका आधारमा विश्लेषण गरिएको छ ।

यस्तै गरी पाँचौ परिच्छेदमा उपसंहार  शीर्षक रहेको छ । निबन्धकार झमक घिमिरेको **जीवन काँडा कि फूल** निबन्ध सङ्ग्रहमा सङ्कलित निबन्धहरूको अध्ययनबाट प्राप्त भएका निष्कर्षलाई उपर्युक्त परिच्छेदमा समेटिएको छ ।

वि.सं. २०३७ असार महिनाको २१ गतेका दिन आमा आशादेवीका कोखबाट पहिलो सन्तानको रूपमा धनकुटा जिल्लाको कचिँडेमा जन्मिएकी हुन् । जन्मैदेखि अति कष्टकर जीवन व्यतीत गरेकी झमकले कालसँग सङ्घर्ष गर्दै बाँचेकी हुन् । उनका जीवनका ती तीता मीठा प्रहरहरू वर्तमान र भविष्यका हजारौँ हजार कलिला मुनाहरूको लागि प्रेरणाका औजार बनेका छन् , बनिरहने छन् । किताब, कापी, कलम अनि शिक्षण सामग्रीमात्र होइन शिक्षकहरूको अनुहार देख्न र विद्यालयको आँगन टेक्न पाउने कल्पनासम्म गर्न नसकिने स्थितिकाबीच हुर्केकी बालिका झमकले तिलस्मी सफलता प्राप्त गरेको देखिन्छ । जन्मँदै क्रुरतम् नियतिले विकलाङ्ग बनाएकी बालिका (झमक) ले हजारौँ चुनौतीहरूसँग सामना गरेको देखिन्छ । विभिन्न शारीरिक चुनौतीका बाबजुद सुख, दुःख, हाँसो, आँसु जस्ता भावनात्मक संवेगहरू व्यक्त गर्न अक्षरहरूसँग सहारा लिने इच्छा झमकमा रहेको देखिन्छ ।  धुलोले लपक्कै ढाकिने खुट्टामा बायाँ खुट्टाको सहायताले अक्षरहरूमाथि विजय प्राप्त गरेको देखिन्छ । कसैको संरक्षण विना शिक्षा दीक्षालाई स्वाध्ययनमा अगाडि बढाएको देखिन्छ । घिमिरेको बाल्यावस्था पूरा हुँदानहुँदै अकल्पनीय परिस्थितिबीच जीवनसँग अक्षरहरूलाई माया गँसाएको देखिन्छ । त्यसपछि त झमकमा लेख्ने सीप, क्षमता र ज्ञान ईश्वरीय वरदान जस्तै सलबलाउन थालेको देखिन्छ । सङ्घर्षले भरिएको आफ्नो बाल्यावस्थाका सम्पूर्ण रहस्यहरूका साथै अनौठा सामाजिक प्रकृतिहरू आफ्ना साहित्यिक रचनाहरूमा खोलिदिइन् ।

झमक घिमिरेले साहित्य सिर्जनाको प्रारम्भिककालदेखि नै आफ्नो बुद्धि, विवेक र सिर्जनालाई संसार र संस्कृति निर्माणका सन्दर्भमा शक्तिका स्रोत विशाल जनताको हितमा लगाउने अठोट गरिन् । त्यस क्रममा जनताको न्याय, समानता, शान्ति, समृद्धि र देशभक्तिमा आफ्नो सिङ्गो जीवन समर्पित गर्ने सङ्कल्प गरिन् । मानव अधिकार र स्वतन्त्रताका विश्वव्यापी सिद्धान्तहरूमा आफ्नो दृढता प्रकट गरिन् । उनको सिर्जना देशमा राजनीतिक सामाजिक मुक्तिका लागि चलिरहेको गौरवपूर्ण आन्दोलनको पङ्क्तिमा दृढतापूर्वक उभिएर अघि बढाइन् । यसरी अनेकौँ सामाजिक एवम् राजनीतिक चुनौतीहरूमा सामना गर्दै तीव्र गतिले उनको कृतित्व र व्यक्तित्व निर्माण हुँदै गएको देखिन्छ । यसर्थ पनि काँडै काँडाको बीचमा पनि उनी सुन्दर फूल बनेर हाँसिरहिन् । विभिन्न सिर्जनात्मक तथ्यबाट के पुष्टि हुन आउँछ भने झमक नेपाली साहित्यमा बहुमुखी प्रतिभाशाली व्यक्तित्व हुन् । नेपाली साहित्यमा उनका

कृतिहरू युगान्तकारी कृतिका रूपमा रहेका छन् । उनका कृतिले नेपाली साहित्यमा थप आयाम थप्दै नेपाली साहित्य भण्डारलाई स्वर्णिम बनाउन मद्दत मिल्ने देखिन्छ ।

झमकका रचनामा वर्तमान समय बोल्छ । उनका यी रचनाहरूमा कुनै निश्चित वादको आग्रह छैन । यी रचनाहरू साधना गरिरहने उर्जाशील गोडा र मनका भावना व्यक्त भएका अभिव्यक्ति मात्र छन् । साहित्यकार झमक घिमिरेको जीवनी र व्यक्तित्वको सर्वेक्षणबाट हेर्दा उनको लेखन यात्रा चौध वर्षकै कलिलो उमेरबाट सुरु भएको देखिन्छ । झमकको साहित्यिक यात्रा दुई चरणमा देखिन्छ । आरम्भकालमा केही रचनाहरू फितला अपरिपक्क र भाषिक शृङ्खला नमिलेको देखिए तापनि विकास कालका रचनाहरूमा भने प्रगति भएको छ । झमकले कलिलो उमेरमा प्रकाशित गरेको विचारहरू साहित्यिक भन्दा पनि समसामयिक घटनाका टिप्पणी हुन् ।

निबन्धकार झमक घिमिरेको आत्मजीवनीपरक निबन्ध सङ्ग्रह **जीवन काँडा कि फूल** वि.सं. २०६७ मा प्रकाशित निबन्ध कृति हो । सत्चालीस वटा निबन्धहरू सङ्कलन गरेर त्यसै भित्रको एक चर्चित निबन्ध **जीवन काँडा कि फूल** निबन्धबाट यो कृतिको नामकरण गरिएको देखिन्छ । यो निबन्ध सङ्ग्रह सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक समस्यामा केन्द्रित भई लेखिएको निबन्ध सङ्ग्रह हो । निबन्धमा समाजमा रहेका धनी वर्गले गरिब वर्गमाथि गरेको शोषण, मानवता हराएर गएको, शैक्षिक विकृति शिक्षित व्यक्तिहरूबाटै निम्तिएको, मानिसमा रहेको आदर्शपन हराउन वा बिर्सन थालेको, आधुनिकताका नाममा अन्धभक्त बनेर आफ्ना सांस्कृतिक मूल्य,मान्यता,दर्शन, विचारलाई भुसुक्कै बिर्सिएको, परम्परा र संस्कृतिलाई समय सापेक्ष जगेर्ना गर्न नजानेको आदि कुरामा असन्तुष्टि पोखिएको निबन्ध सङ्ग्रह हो । आफ्ना समस्या र आइपरेका घटनालाई समसामयिक विषयवस्तुमा समेट्दै निबन्धकारले निबन्धको प्रस्तुति बनाएकी छन् । आत्मपरक ढङ्गबाट वैचारिक प्रस्तुति दिने निबन्धकारका रूपमा परिचित निबन्धकार हुन् झमक घिमिरे । उनी समसामयिक युगका प्रगतिवादी धाराका निबन्धकारका रूपमा चिनिन पुगेकी छन् । आत्मपरकता, सरलता, स्पष्टता, वैचारिकता, आदर्शवादिता, राष्ट्रियता, नारी जागरण, अपनत्वभाव, निम्न एवम् गरिब वर्गप्रति सहानुभूति, राष्ट्रवाद, गणतन्त्र, शान्ति र लोकतन्त्रको सुदृढीकरण, घिमिरेका निबन्धात्मक प्राप्ति हुन् । यस निबन्ध कृति भित्रका निबन्धमा अक्षर सिक्दाको दुःख, कापी नपाउँदाको वेदना, पाएपछिको

प्रयास र प्राप्ति, सङ्घर्षको उकालो र जीवनको परिभाषा निकै कलात्मक शब्द र भाषिक उत्कृष्टता प्रकट भएर आएका छन् । त्यसैगरी पढ्न उमेरले छेक्दैन, समाजको दृष्टिकोणमा अपाङ्गता, स्वाभिमान र श्रम, **कान्तिपुर** पब्लिकेसन छिरेँ जस्ता सामान्य शीर्षक भएका संस्मरण प्रधान निबन्ध अन्तर्गत पर्दछन् । आशाका किरणहरू, शून्यताभित्र जीवन, अवसान पछिको अभ्यास जस्ता निबन्धहरू पत्रात्मक एवम् पुस्तक लेख जस्ता देखिन्छन् ।

सामाजिक विषयलाई उठान गरेर लेखिएका निबन्धहरूमा **जीवनको आरम्भमा म** निबन्ध पर्छ । यो निबन्धमा घिमिरेका जीवन प्रतिका निराशाभित्रका आशाका किरणहरूको उल्लेख भएको पाइन्छ । उनले यस निबन्धमा शारीरिक असमर्थता भएका तर बौद्धिक समर्थता भएका हेलेन केलर, होमर, निकोलाई अस्त्रोवस्कीको उदाहरण प्रस्तुत गर्दै समाजका विभेदकारी वर्गलाई यो निबन्ध मार्फत सचेत पार्न खोजेकी छन् । मान्छेका तुच्छ व्यवहारलाई व्यङ्ग्य गर्ने काम यस निबन्धले गरेको देखिन्छ । यस निबन्ध निबन्धकार घिमिरेले आफूले भोगेका मान्छेका तुच्छ व्यवहारहरू घृणा र अवहेलनामाथि विजय हासिल गर्दै उच्च मनोभावनाका साथ समाजमा छुट्टै इतिहास लेख्ने अभियानमा प्रयासरत रहेको देखिन्छ । यस निबन्धले हाम्रो संस्कार र संस्कृतिको नराम्रो पक्षलाई पर्दाफास गर्ने काम गरेको छ । निबन्धले विद्यमान लैङ्गिक विभेदको अन्त्य हुनु पर्नेमा जोड दिएको छ । पुरुष प्रधान समाजबाट मात्रै होइन महिलाबाटै लिङ्ग विभेद सिर्जना भएको तथ्यलाई उद्घाटन गरिएको छ ।

**अवसानपछिको अभ्यास** निबन्ध घिमिरेको समसामयिक विषयवस्तुलाई आधार बनाइ उनको व्यक्तिगत जीवन घटनासँग सम्बन्धित निबन्ध रचना हो । निबन्धकारलाई असाध्यै माया गर्ने हजुरआमाको निबन्धकार ५ वर्षकी हुँदा निधन भएको घटना र उनको जीवनमा अँध्यारो रात छाएको कुरा स्मरण गरिएको छ । प्रस्तुत निबन्ध सरसरती हेर्दा संस्मरणात्मक जस्तो लाग्छ । प्रस्तुत निबन्धले बुढाबुढी प्रति सम्मानभाव पनि व्यक्त गरेको छ । उनीहरूको माया र प्रेरणाले जो कसैका जीवनमा परिवर्तनका अवसर सिर्जना गरिदिन्छन् भन्ने दृष्टिकोण यो निबन्धले बोकेको देखिन्छ । परनिर्भरता होइन, सिर्जनाको संवाहक हुनुपर्छ भन्ने धारणा प्रस्तुत निबन्धले राखेको देखिन्छ । **शून्यताभित्र जीवन** पत्रात्मक शैलीमा आफ्नो आत्मजीवनी लेखिएको आत्मपरक निबन्ध हो । अर्थात् स्वयम् आफ्नै जीवन अवस्थालाई वर्णन गर्दै समाजमा आफू जस्तै तमाम व्यक्ति यस्तै शारीरिक पीडाबाट गुज्रिरहेका छन् भन्ने कुरा उल्लेख गरिएको छ ।

आफ्नो बाल्यकालका घटनालाई यथार्थपरक ढङ्गले टपक्क टिपेर निबन्धको प्रस्तुति गरेकी छन् । विभिन्न रहरहरू हुने बाल उमेरमा आफूजस्तो शारीरिक अशक्तताका कारणले जीवन जगत्सँग खेल्न, डुल्न, घुम्न, रमाउन, बोल्न, संवाद गर्न नसक्दाको क्षणलाई निबन्ध मार्फत यथार्थ रूपले स्मरण गरेकी छन् । कुसंस्कृतिप्रतिको व्यङ्ग्य, रोष अर्थात् तीतो पोखाइ यो निबन्धको अभिव्यक्ति हो । निबन्धकार घिमिरेको **आशाका किरणहरू** निबन्धले उन्नति, प्रगति पथको बाटो देखाउँदै सबैलाई सकारात्मक दृष्टिकोण राख्न आग्रह गरेको छ । जीवनलाई आशावादी दृष्टिकोणले सोच्नुपर्छ भन्ने मान्यता राखेको देखिन्छ ।

निबन्धकार घिमिरेको **अक्षरसँग पलाएको हर्ष** निबन्ध घिमिरेको सङ्घर्षशील जीवन कथा बोकेको उत्कृष्ट निबन्ध रचनाका रूपमा रहेको छ । उनले अक्षर सिक्दा गर्नु परेको सङ्घर्ष, धूलोसँग सङ्घर्ष गर्दै आफूलाई अक्षरसँग साइनो गास्न सफल तुल्याएको देखिन्छ । उनले 'क' अक्षर लेख्दा खुसी भएको हर्षित भएको अविस्मरणीय क्षणको प्रस्तुति गरेकी छन् । ज्ञानकै माध्यमबाट जीवनका रहस्यहरू बुझ्न सकिन्छ र बुझ्नु पनि पर्छ भन्ने वैचारिक सन्देश प्रवाह यस निबन्धले गर्न खोजेको छ ।

घिमिरेको **धामी, झाक्री र डाक्टरहरू** निबन्ध नेपाली समाजमा विद्यमान अन्ध रूढिवादी संस्कृतिको बारेमा चर्चा गरिएको निबन्ध हो । परम्पराको निरन्तरता र आधुनिक डाक्टरहरूको प्रयासबाट पनि निबन्धकार घिमिरेको रोग निको नभएको कुरा निबन्धमा उल्लेख भएर आएको छ । उनी अपाङ्ग हुँदा समाजका मान्छेहरू उनलाई घृणाको दृष्टिले हेर्ने आफू पनि त्यस्तै भइन्छ कि भन्ने निच सोचाई राख्ने प्रवृत्तिहरूप्रति निबन्धले खण्डन गरेको छ । यस निबन्धमा रूढिवादी नेपाली समाजको निम्छरो चेतना भनाउँदो स्वरलाई उदाङ्गो पारिदिने चेष्टा भएको छ । यस निबन्धले समाजका खराब पक्षलाई पर्दाफास गर्ने प्रयास गरेको देखिन्छ । यो निबन्धले धामी, झाक्री जस्ता कुसंस्कार कुरीतिको दह्रो रूपमा पर्दाफास गरेर समाजमा चेतना जगाउने काम गरेको देखिन्छ । समाजमा यस्ता कैयौँ नागरिक छन् जो चेतना अभावले अझै सताइरहेका छन् र सताइनेछन् भन्दै चेतनाको बीजारोपण निबन्धकारले आफ्ना व्यक्तिगत अनुभवका माध्यमबाट सचेत गर्न खोजेकी छन् ।

घिमिरेको **समाजले बुझेको सौन्दर्य भित्र म** निबन्ध मानिसको परिपुष्ट शारीरिक संरचना र छालाको रङ्गलाई आधार बनाएर सुन्दरतालाई परिभाषित गर्ने परम्परावादी दृष्टिकोणप्रति

असहमती जनाइएको समसामयिक विषयवस्तु भएको निबन्ध रचना हो । मान्छे सुन्दर हुनका लागि मानसिक रूपमा सबल र कोमल हृदययुक्त हुनु आवश्यक रहेको निबन्धकारले ठानेकी छन् । नकी बाहिरी आवरणबाट सुन्दरतालाई बुझ्न र अनुभूत गर्न सकिँदैन भन्ने दृष्टिकोण निबन्धकारले राखेकी छन् । निबन्धकारले स्पष्ट रूपमा जीवन दर्शनको महŒव दर्शाउँदै जीवनलाई माया गर्नुपर्छ, जीवनबाट भागेर होइन, जेजस्तो परिस्थिति आउँछ त्यसैसँग सामना गरेर बाँच्नुपर्छ भन्ने सन्देश दिन खोजेको देखिन्छ । प्रस्तुत निबन्धले समाज सुधारको बाटो पहिलाएको देखिन्छ । मानवता, आदर्शता, सुसभ्य संस्कृति र परम्पराको विकासमा जोड दिनु प्रस्तुत निबन्धको मुल उद्देश्य रहेको देखिन्छ ।

झमक घिमिरेको **टालेका पाइजामा र लाज** निबन्धले उनको व्यक्तिगत विषयलाई एकातिर समस्या बनाएको छ भने अर्कोतिर ग्रामीण नेपाली समाजका निम्न वर्गीय परिवारको आर्थिक अवस्थालाई चित्रण गरिएको छ । प्रस्तुत निबन्धले सामाजिक विषयवस्तुलाई उठान गरेको छ । समाजमा हुने खाने र हुँदा मात्रै खाने दुईखाले सामाजिक अन्तरद्वन्द्वलाई निबन्धकारले यस निबन्ध मार्फत प्रस्ट्याउने काम गरेकी छन् । समाजका खराब पक्षका बारेमा औँला ठड्याउँदै समाजका व्यथा तथा कुण्ठालाई अभिव्यक्त गर्दै समाज सुधारक र मानवतावादी चिन्तनमा अग्रसर हुन आव्हान गरिएको यथार्थमा आधारित उत्कृष्ट निबन्ध रचनाका रूपमा रहेको छ ।

घिमिरेको अर्को आत्मपरक निबन्ध **कापी कलम पाएको त्यो पल** निबन्धमा उनले लेख्ने कुरा सिक्न थालेपछि ती सामग्रीहरू अनुनय विनय गर्दा पनि नपाएर छट्पट्टिनु परेको अवस्थालाई स्मरण गरेको निबन्ध हो । यो निबन्ध उनले आफ्ना बाबुसँग कापी, कलम माग्दा भोग्नु परेको निर्मम पिटाइ र अपहलेनालाई स्मरण गर्दै लेखिएको निबन्ध हो । सकारात्मक कामको लागि गरिरहेका प्रयासहरू जहिले पनि सफल हुन्छन् र त्यस्ता प्रयासले नकारात्मक धारणा राख्ने व्यक्तिहरूका प्रवृत्तिलाई पनि परिवर्तन गरिदिन सक्षम हुन्छन् भन्ने तथ्य यस निबन्धले प्रस्तुत गरेको देखिन्छ । प्रस्तुत निबन्धले नारी अस्तित्वको बारेमा बोलेको देखिन्छ ।

**भूतप्रेत, भगवान् र विश्वास** झमक घिमिरेको अन्धविश्वास र अन्धसंस्कृतिको आलोचनामा केन्द्रित भइ रचना गरिएको निबन्ध हो । नेपाली समाज रूढिवादी र अन्धविश्वासले ग्रसित छ भन्दै अज्ञानताका कारण मान्छेहरू अन्धविश्वासलाई संस्कारको रूपमा

पालना गर्न अभिशप्त रहेको कुरा यो निबन्धले उल्लेख गरेको देखिन्छ । मानिस अन्धविश्वासमा परेर आफूलाई पतनको बाटोतर्फ लगिरहेका छन् भन्ने तथ्यलाई यस निबन्ध मार्फत औंल्याएकी छन् । प्रस्तुत निबन्धले अवस्तुवादी समाजमा हुर्केका हामी सत्य, तथ्य वस्तुनिष्ठ एवम् वैज्ञानिक आधारमा चल्नु पर्छ भन्ने दृष्टिकोण राखेको छ ।

निबन्धकार झमक घिमिरेको **विभेदको युद्धमा म एउटा बोझ** निबन्ध सामाजिक यथार्थवादी निबन्धको रूपमा रहेको छ । निबन्धकार सानैदेखि घरपरिवार र समाजमा विभेदको सिकार भएकी र शारीरिक रूपमा निर्बल भएका कारण आफूले भोगेका तुच्छ व्यवहार, मान्छेहरूको उपहास र अपहेलनाले गर्दा मर्माहत हुनु परेको अवस्थालाई विषय बनाइएको निबन्ध रचनाको रूपमा रहेको छ । प्रगतिपथको उत्कट अभिलाषा यस निबन्धले लिएको देखिन्छ । जीवनलाई कर्मले सुन्दर बनाउनुपर्छ भन्ने चाहना यस निबन्धले बोकेको देखिन्छ ।

झमक घिमिरेको **जातीय विभेदहरूबीचमा म** निबन्ध जातीय अतिवादको खण्डनमा दह्रोसँग उभिएको निबन्ध हो । मान्छे मान्छेमा कुनै भेद, कुनै द्वेष, ईर्ष्या नभइदिए हुन्थ्यो भन्ने उद्देश्य रहेको देखिन्छ । प्रस्तुत निबन्धले विभेदरहित समाजको परिकल्पना गरेको देखिन्छ । निबन्धकारले गाउँ समाजमा देखे भोगेको जातीय छुवाछुतको सन्दर्भको उठान गर्दै त्यस्ता प्रवृत्तिको चिरफार गरेकी छन् । सामाजिक समस्या बोकेको प्रस्तुत निबन्धले मात्र मान्छे एक जाति हुनुपर्छ भन्ने सन्देश दिन खोजेको देखिन्छ ।

त्यसैगरी घिमिरेको अर्को निबन्ध **किशोर अवस्थाका चेतना र उत्सुकता** निबन्धकार किशोर अवस्थामा आइपुग्दा भोगेका तीता मीठा अनुभवहरूको अभिलेखका रूपमा दर्शाएकी छन् । मानिस त्यस अवस्थामा आइपुग्दा त्यस भित्र जाग्ने भोक, प्यास, तृप्ती आदिको चाहना र त्यसले निम्त्याउने राम्रा नराम्रा पक्षको अनुभूतिको प्रसारण यो निबन्धले गरेको देखिन्छ । अज्ञानता र अन्धविश्वासको कारण उत्पन्न भेदभावले एउटै कोखबाट जन्मिएका छोराछोरीका बीचमा ठूलो असमानता अझै हाम्रो समाजमा विद्यमान रहेको सन्दर्भलाई निबन्धले अभिव्यक्तिको माध्यम बनाएको देखिन्छ ।

झमक घिमिरेको **नामसँग विद्रोह** निबन्ध आफ्नो व्यक्तिगत नामसँग असमत जनाउँदै लेखिएको निबन्ध रचना हो । उनलाई आफ्नो नामको पछाडि स्त्रीलिङ्गी शब्द जोडिने कुमारी, देवी र माया जस्ता शब्दहरू सानैदेखि मन नपरेको र आफ्नो नाममा कुमारी जोडिएकोमा

असहमत जनाउँदै आफूले पुकार्ने नाम 'झमक घिमिरे' उचित रहेको तथ्यलाई निबन्ध मार्फत सार्वजनिक गर्ने प्रयास गरेकी छन् । कुनै पनि अधिकार प्राप्त गर्नको लागि मागेर नभए डटेर ल्याउन सक्नुपर्छ भन्ने धारणा निबन्धले राख्न खोजेको देखिन्छ ।

झमक घिमिरेको **ऋतुधर्म र बैंस** निबन्ध सामाजिक समस्यामा आधारित लिङ्गीय विभेदमा आधारित निबन्ध रचना हो । आइमाईको रजस्वला हुनुलाई प्रकृतिको एउटा अनमोल वरदानका रूपमा ठान्न निबन्धकारले आग्रह गरेकी छन् । निबन्धकार प्रकृतिका विविधतालाई महिलाका शारीरिक अवस्थामा आउने फरक अवस्थालाई समेटेर व्यक्त गर्छिन् । ऋतु चक्र चलिरहने प्रक्रिया जस्तै मान्छेले जीवनको एउटा अवस्थाबाट अर्को अवस्था पार गर्दै जान्छ त्यो अवस्था मध्येमा वैंश पनि एक अवस्था हो भनिएको छ । नेपाली समाजमा रजस्वलालाई लिएर छुत अछुत व्यवहार गर्न खोजिएको कुरालाई दर्शाउन खोजिएको छ ।

त्यसै सन्दर्भको **सम्भावनाको खोजी** निबन्ध पनि एक हो । यस निबन्धमा झमक घिमिरे आफूले आफ्नै इच्छाशक्ति र प्रयत्नका कारण आफ्नो ज्ञानको मार्गलाई फराकिलो बनाउँदै लगेको एवम् आफ्नो सिर्जनात्मकताले मूर्तरूप लिन लागिरहेको उत्साह प्रद अवस्थालाई विषयवस्तु बनाएको पाइन्छ । निबन्धले भविष्यको मार्ग के हुने भन्ने सम्भावनाको आधार खोजिरहेको देखिन्छ । आफ्ना परिवारका सदस्यप्रति असन्तुष्टि व्यक्त भएको देखिन्छ । प्रस्तुत निबन्धले सङ्घर्षको कथा व्यथा बोकेको देखिन्छ । सङ्घर्षलाई सम्मान गर्न जो कसैले सिक्नुपर्छ भन्ने सकारात्मक दृष्टिकोण प्रवाह यस निबन्धले गरेको देखिन्छ । यसरी अपाङ्ग, सहाराविहीन विकलाङ्ग अवस्थाका मानिसलाई समाजका आफूलाई बुज्रुक वर्ग ठान्नेहरूले गर्ने व्यवहारको पर्दाफास गर्ने प्रयास यस सम्भावनाको खोजी निबन्धले गरेको देखिन्छ । भविष्यप्रति आशावादी रहँदै आफ्नो सिर्जनशीलताले फक्रिने र फैलने मौका पाउँछ भन्ने सकारात्मक सोचबाट यो निबन्ध उत्प्रेरित रहेको देखिन्छ ।

झमक घिमिरेको **पुस्तक संसारमा प्रवेश** निबन्ध शैक्षिक एवम् ज्ञानको अपार मार्गतर्फको चिन्तन प्रस्तुत भएको निबन्ध रचनाका रूपमा आएको छ । निबन्धकारमा लेख्ने पढ्ने इच्छा शक्ति बढेपछि विभिन्न पुस्तकहरू सङ्कलन गरेर अध्ययन गरेको र त्यसबाट प्राप्त अनुभवहरूलाई उल्लेख गरिएको छ । उनले अध्ययन गरेका पुस्तकमा **मुनामदन**लाई विशेष अभिरुचि लगाएर अध्ययन गरेको देखिन्छ । पुस्तक अध्ययनबाट अज्ञानतालाई चिरेर नवीन

वस्तुवादी सोचको विकास गर्दै लैजान यस निबन्ध मार्फत आग्रह गरेको देखिन्छ । अध्ययनले मानिसलाई पूर्ण सक्षम बनाउँछ भन्ने पुस्तक संसारमा प्रवेश गरेको क्षणलाई सम्झेकी छन् । हामीले थोत्रा पुराना विचारहरू त्याग्दै नयाँ एवम् सुन्दर विचारहरू प्रवाह गर्दै समाज रूपान्तरको बाटोमा बढ्न आग्रह यस निबन्धमा गरिएको देखिन्छ ।

झमक घिमिरेको **सिर्जनाका कोपिला** निबन्ध लेखन शैली र क्षमताको सिर्जनशीलतालाई उल्लेख गरिएको निबन्ध रचना हो । निबन्धकारले लेखन अभ्यासमा बिस्तारै सिर्जनाका कोपिला फक्रन थालेको अनुभव साटेकी छन् । आफूमा नजानिदो किसिमले सिर्जनशील चेतना विकसित हुँदै गएको अनुभूतिलाई निबन्धमा अभिव्यक्त गरेकी छन् । जिन्दगीका सङ्घर्षले र सिर्जनात्मकताले मानिसलाई लक्ष्यमा पुऱ्याउँछ अर्थात फक्रिन मद्दत गर्छ भन्ने उज्ज्वल भविष्यको कामना गरिएको निबन्ध हो ।

झमक घिमिरेको **फराकिलो बाटोको यात्रा** निबन्ध आत्मपरक शैलीमा लेखिएको निबन्ध रचना हो । घिमिरेले आफूले आफ्नो दृश्य जगत्को विषयलाई निबन्धमा केन्द्रबिन्दु बनाएकी छन् । यो निबन्धले समाजसुधारको बाटो, सिर्जनात्मक ज्ञान, सामाजिक विभेदको अन्त्य, मानवता, आदर्शता जस्ता पक्षमा बोलेको देखिन्छ । निबन्धकारले एउटा खुट्टाले लेख्ने अचम्मकी केटीका रूपमा चिनिन थालेपछि उनको प्रशंसा बढ्न थालेको देखिन्छ । हिजोसम्म मान्छेको घृणा र उपेक्षा सहेर बाँचेकी उनी आज मान्छेहरूका प्रशंसा, शुभकामना र प्रोत्साहन पाएर आनन्दित र आशावादी बनेको देखिन्छ । अध्ययन र सिर्जनशील क्षमतालाई यस निबन्धले महŒव ठानेको देखिन्छ । यसरी बलियो आत्मविश्वास आफैमा भएकी घिमिरेले जीवनमा आइपर्ने सम्पूर्ण परिस्थितिलाई जुझारु भएर सामना गर्ने अठोट लिन आग्रह गरेको देखिन्छ । जिन्दगीको यात्रालाई दृढतापूर्वक अगाडि बढाउनुपर्छ भन्ने अग्रगामी चेतना फैलाउन सक्षम निबन्धका रूपमा रहेको देखिन्छ ।

झमक घिमिरेको **अक्षरहरूमा जीवनको रङ** तेइसौँ निबन्ध रचनाको रूपमा आएको छ । यस निबन्धले उनको साहित्यिक यात्राको प्रारम्भिक चरणदेखि कवितासङ्ग्रहहरू प्रकाशित हुँदाको अवस्थासम्मका विभिन्न गतिविधिहरूको अभिलेखका रूपमा रहेका विषयलाई समेटेर लेखिएको निबन्ध रचना हो । उनको जीवनमा रङ भरिदिने सुनौलो बिहानी ल्याइदिने अक्षरहरू छापिदिने अर्थात् सुन्दर सिर्जनाहरू छापिदिने पत्रिका नवयुवा मासिकले गरेको योगदानको

सम्मान एवम् कदर व्यक्त गर्दछिन् । आजको सभ्य भनिने समाजले फक्रिन थालेको सिर्जनाको संवाहकलाई अवमूल्यन गर्दै गएको कुरामा निबन्धले व्यङ्ग्य गरेको देखिन्छ । ज्ञान क्षमता र सिर्जनलाई कसैको ताकतले रोक्न नसक्ने दह्रो प्रमाण आफूमार्फत उल्लेख गरेको देखिन्छ ।

झमक घिमिरेको **पत्रहरूमा मन पोखिँदा** निबन्ध आत्मपरक शैलीमा लेखिएको निबन्ध हो । यस निबन्धमा उनले आफ्ना अनुभूति र यथार्थलाई टपक्क टिपेर निबन्धात्मक बान्की दिएकी छन् । घिमिरेले आफ्नो अविरल लेखन यात्रामा प्राप्त सफलताहरू साहित्य, लेखरचनाबाट प्रभावित भएर आफूलाई निरन्तर पत्र लेखेर प्रोत्साहन दिने उदयपुरका एक शिक्षक दिलचन्द्र नन्दनको नाम श्रद्धापूर्वक उल्लेख गरेकी छन् । त्यसैगरी पत्र मित्रताको माध्यमबाट भावना साटासाट हुँदाको त्यो सुखद क्षणलाई निबन्धकारले सम्झना गराउन खोजेको देखिन्छ । यस प्रकार घिमिरेले आफूलाई बुझ्न, साथसहयोग दिन चाहेका व्यक्तिहरूको प्रमाण सहित उल्लेख गरिएको आत्मपरक संस्मरणात्मक निबन्ध रचना हो ।

झमक घिमिरेको **विस्तृत जगततिरका पाइला** निबन्धलाई दुईवटा किताब **आफ्नै चिता अग्निशिखा तिर** र **मान्छेका योद्धाहरू**को विमोचन गराउने क्रममा काठमाडौं आउँदाको क्रममा आफूले भोगेका विभिन्न अनुभवहरूको वर्णनमा केन्द्रित गरिएको देखिन्छ । निबन्धले वर्ग विभाजनको कुरालाई मुद्दा बनाएको छ । समाजमा कथित निम्न र उच्च स्तरका व्यक्ति भनेर वर्ग विभाजन गर्न र समाजमा अस्तव्यस्तता निम्त्याउन पढे लेखेका, जान्ने बुझ्नेले अझ आफूलाई बौद्धिक वर्ग भन्नेले समाजमा विभाजनको रेखा कोरिरहेका हुन्छन् भन्ने घटनालाई निबन्धले इङ्गित गरेको देखिन्छ । यस निबन्धमा घिमिरेले समाजका खराब पक्षको पर्दाफास गर्दै सकारात्मक पक्षको पृष्ठपोषण गर्ने प्रयास गरेको देखिन्छ । त्यसैगरी निबन्धकार लेखन संसारबाट बाटो फराकिलो पारिरहेको तथ्यलाई अग्रगमनका पाइला अर्थात् संसार तर्फ पाइला अगाडि बढिरहेको तथ्यलाई आधार बनाउँदै उन्नति र प्रगतिको कामना गरिएको उत्कृष्ट निबन्ध रचना हो ।

झमक घिमिरेको **ज्ञानको भोक र काठमाडौं बस्ने प्रस्ताव** निबन्धमा उनले निरन्तर विभिन्न किसिमका पुस्तकहरूको अध्ययन गरेर ज्ञानको क्षितिजलाई विस्तार गर्दै गएको कुरालाई स्मरण गर्दै लेखिएको निबन्ध रचना हो । जसरी ज्ञानको क्षेत्र असीमित छ त्यसैगरी मान्छेले जीवन र जगत्का बारेमा जतिजति ज्ञान हासिल गर्दै जान्छ त्यति त्यति थाहा नपाएका नयाँनयाँ

रहस्यहरू उद्घाटित हुँदै जान्छन् भन्ने तथ्यलाई प्रस्तुत गरिएको निबन्ध रचना हो । निबन्धकारको बुझाइ छ उनले जति पढिन्, लेखिन् त्यति झन बुझ्ने र लेख्ने कुरा बाँकी हुँदा रहेछन् भन्ने अनुभूतिलाई दर्शाउन खोजेकी छन् । उनी यस निबन्धमार्फत ज्ञानले मान्छेको चिन्तनमा परिवर्तन ल्याउनुपर्ने ठान्दछिन् ।

घिमिरेको अर्को **पढ्न उमेरले छेक्दैन** निबन्धमा कुनै पनि कुरा सिक्नलाई, जान्नलाई उमेर अवस्थाले रोक्न छेक्न सक्दैन भन्ने समसामयिक विषयवस्तु उल्लेख गरिएको छ । काठमाडौं बसेर केही सिक्ने चाहना पूरा हुन नसकेपछि भारी मन लिएर गाउँ फर्कदैं निबन्धकार त्यसपछिका समयमा गाउँमै बसेर अङ्ग्रेजी भाषा सिक्ने, पढ्ने, लेख्ने गरेको देखिन्छ । उनलाई छिप्पिएको उमेरमा ए.बी.सी.डी. पढेको देखेर उपहास गर्नेहरूलाई दह्रो रूपमा जवाफ दिनको लागि अगाडि बढेको घटनालाई स्मरणात्मक रूपमा प्रस्तुति गरेकी छन् । यस निबन्धले पाठक वर्गलाई पढ्ने, लेख्ने र अध्ययनशील तर्फ जागृत गराउने प्रयास गरेको देखिन्छ ।

**समाजको दृष्टिमा अपाङ्गता** निबन्ध घिमिरेको आत्मपरक निबन्ध हो । निबन्धकार घिमिरे शारीरिक रूपमा अपाङ्ग भए पनि मानसिक र वैचारिक रूपमा सबल एवम् सक्षम भएको तथ्यलाई प्रस्तुति गरिएको निबन्ध रचना हो । यस निबन्धले समाजमा व्याप्त पुरातन एवम् अन्धविश्वासी मान्यतासँग वैचारिक रूपमा जुझ्दै नवीन चिन्तन समय एवम् युग परिवर्तनसँग विचार बनाउँदै अघि बढ्नु पर्छ भन्ने उद्देश्य बोकेको देखिन्छ । अन्धविश्वासी समाजले अन्धा, अपाङ्ग जस्ता व्यक्तिहरूलाई हेर्ने दृष्टिकोणलाई प्रस्तुत गर्दै अपाङ्गतालाई कहिल्यै सकारात्मक दृष्टिले हेर्दैनन् त्यस्ता व्यक्तिसँग जुझेर आफूलाई वैचारिक र व्यवहारिक रूपमा सबल बनाउन सक्नुपर्छ भन्ने प्रेरणा यस निबन्धले राखेको देखिन्छ । यस निबन्धले निराशा, तिरस्कार, घृणा, हेला होइन, सकारात्मक चिन्तन, विचार, स्वाभिमान आदि पक्षलाई अवलम्बन गरेको देखिन्छ ।

घिमिरेको उनन्तीसौं निबन्ध रचना **स्वाभिमान र श्रम**ले उनी आफ्नो कठोर मानसिक एवम् बौद्धिक श्रम र स्वाभिमानीको चर्चा गरेकी छन् । आत्मपरक शैलीमा लेखिएको प्रस्तुत निबन्धमा आत्माभिव्यक्ति प्रबल भएर आएको देखिन्छ । सानैदेखि आत्मनिर्भर हुन चाहना राख्ने घिमिरे परिस्थिति या नियतिवस अर्काको सहयोग विना जीवन चलाउन असम्भव अवस्थामा पुगेको तथ्यलाई सार्वजनिक गरेको देखिन्छ । जिन्दगी बाँच्नुनै छ त्यसैको लागि हो श्रम गर्नु पर्ने हरेक मान्छेले, जे जस्तो भए पनि श्रम गरेर बाँच्न सिक्नुपर्छ भन्दै श्रमको सम्मान गर्न यस

निबन्धले खोजेको देखिन्छ । स्वाभिमान र श्रमको रङ्ग बिछट्टै सुन्दर हुन्छ भन्ने धारणा यस निबन्धले राखेको देखिन्छ । सामाजिक यथार्थवादी धरातलमा आधारित यस निबन्धले पौरख र गौरवको कुरा गरेको देखिन्छ ।

**धार्मिक आस्थाभित्र मान्छे र देवताहरू** निबन्धले विभिन्न किसिमका धार्मिक सम्प्रदायलाई विविधतायुक्त समाजको स्वाभाविक चरित्रका रूपमा उल्लेख गरेको देखिन्छ । मान्छेका विभिन्न आस्था र विश्वासलाई इन्द्रेनीको सुन्दर रङ्गसँग तुलना गरेको देखिन्छ । यस निबन्ध मार्फत निबन्धकारले धर्मलाई रूढि र सङ्कीर्णताको घेरामा कैद नगरी उदार दृष्टि राखेर मानव कल्याणको साधनका रूपमा अनुसरण गर्न आग्रह गरिएको सामाजिक यथार्थता बोकेको निबन्ध रचनाको रूपमा रहेको देखिन्छ । त्यसैले यो निबन्ध मानवतावादी निबन्ध रचना हो ।

**जीवन काँडा कि फूल** आत्मजीवनी परक निबन्ध सङ्ग्रह अन्तर्गतको **स्वतन्त्रता भोग्ने रहर** निबन्धमा एउटी महिला सबै अर्थमा स्वतन्त्र हुन सर्वप्रथम ऊ आर्थिक रूपमा आत्म निर्भर हुन आवश्यक छ । निबन्धकार आफू पनि सकेसम्म स्वतन्त्रताको अधिकतम उपयोग गरी बाँच्न चाहे पनि यस्तै आर्थिक सामाजिक व्यवधानले त्यसो हुन नदिएको तथ्यलाई प्रस्तुति गरिएको छ । पितृसत्तात्मक नेपाली समाजमा महिलाहरू पुरुषको तुलनामा स्वतन्त्र हुन नसकेको देख्दा निबन्धकार चिन्तित छन् । त्यसैगरी मानव हित र समाज सुधार निबन्धको मूल लक्ष्य रहेको देखिन्छ । यो निबन्ध प्रगतिवादी निबन्ध हो । जसले न्याय समानता र स्वतन्त्रताको ओकालत गरेको देखिन्छ । अन्याय अत्याचारको विरोध गर्दै शोषित वर्गको बारेमा आवाज यस निबन्ध मार्फत घिमिरेले राख्न खोजेको देखिन्छ ।

झमक घिमिरेको **कलम र मृत्युको सन्त्रास** राजनीति विषयवस्तु समेटिएको निबन्ध रचना हो । तत्कालीन समयमा नेकपा माओवादी र राज्य पक्षबाट जनतालाई विनाकारण सताइएको घटनालाई निबन्धले उल्लेख गरेको देखिन्छ । तत्कालीन समयमा एकातिर नेपाली सेना र प्रहरीले निर्दोष, निहत्था एवम् गरिब जनतालाई आतङ्ककारीको आरोप लगाएर चरम यातना दिने र हत्या समेत गरेको घटनालाई निबन्धकारले स्मरण गरेको देखिन्छ । यस निबन्ध मार्फत उनले जस्तोसुकै परिस्थितिमा पनि जनताको पक्षमा कलम मार्फत आवाज उठाउनेनै सच्चा लेखक हुन सक्छ भन्ने धारणा राख्दछिन् । जनतालाई आफ्नो विचारका माध्यमबाट जागृत गराउन सक्नु सच्चा क्रान्तिकारी एवम् जनपक्षीय लेखक बन्न सक्छन् भन्ने मान्यता

निबन्धकारले राख्दछिन् । यसर्थ प्रस्तुत निबन्ध परिवर्तनकारी एवम् जनातको मुक्तिका लागि अगाडि बढ्न चाहने न्यायप्रेमी जनसमुदायको पक्षमा आवाज बुलन्द गर्न लेखिएको प्रगतिवादी विचार समेटिएको निबन्ध रचना हो ।

**रगताम्य समयसँग स्तब्ध मन, जीवन काँडा कि फूल** आत्मजीवनी परक निबन्ध सङ्ग्रहमा सङ्ग्रहित राजनीतिक विषयवस्तुलाई समेटिएर लेखिएको समसामयिक यथार्थपरक निबन्ध रचना हो । तत्कालीन समय २०५८ सालमा राजदरबार हत्याकाण्डले नेपाली जनतामा निम्त्याएको सन्त्रास र अनिश्चितताको कालो बादल सिर्जना भएको समयलाई स्मरण गरेको देखिन्छ । जनताको अधिकार खोसिएको तत्कालीन अवस्थाको कालो समयलाई निबन्धकारले यथार्थ रूपमा प्रकट गरेकी छन् । यसरी निबन्धकार घिमिरेले राज्यव्यवस्था आफ्नो मुट्ठीमा लिएर स्वेच्छाचारी ढङ्गबाट शासन चलाउन खोज्ने शासकहरूको दह्रो रूपमा विरोध गरेकी छन् । स्वतन्त्रता, प्रजातन्त्र, मानवअधिकार, न्याय र शान्तिको कामना प्रस्तुत निबन्धले गरेको देखिन्छ ।

**सङ्कटकाल र सन्त्रस्त समय** घिमिरेको राजनीति विषयवस्तुलाई आधार बनाएर लेखिएको समसामयिक निबन्ध रचना हो । माओवादी सशस्त्र विद्रोहका विरुद्धमा सङ्कट काल घोषणा गरी सेना परिचालन गरेपछि नेपाल देश भीषण द्वन्द्वको गतिमा भासिएको अवस्थालाई निबन्धमा स्मरण गरिएको छ । सङ्कटकालको समयमा नेपाली जनताले भोगेका पीडा, दुःख दर्दलाई स्रष्टा घिमिरेले उल्लेख गर्दै आफू पनि त्यो अवस्थाबाट निकै सताइएको घटनालाई वर्णात्मक शैलीमा प्रस्तुत गरेको देखिन्छ ।

झमक घिमिरेको **अँध्यारोबाट मुक्तिको स्वर** निबन्ध **जीवन काँडा कि फूल** आत्मजीवनी परक निबन्ध सङ्ग्रह अन्तर्गत सङ्कलित उत्कृष्ट निबन्ध रचना हो । प्रस्तुत निबन्ध राजनीतिक विषयवस्तुलाई केन्द्र मानेर लेखिएको छ । नेपाली समाज दशवर्ष लामो गृहयुद्धबाट गुज्रिनु पर्‍यो त्यो त्रासदी अवस्थाको समयलाई निबन्धमा स्मरण गर्दै मुक्तिकामी नेपाली जनताको साहस र वीरताको गुणगान गाइएको देखिन्छ । आफ्ना सिर्जनात्मक लेखाइ रचनाहरूका माध्यमबाट तत्कालीन समयको यथार्थ प्रस्तुत गर्दै नेपाली जनतालाई मुक्तिको आवाज उठाउन प्रस्तुत निबन्धले आग्रह गरेको देखिन्छ । एक स्वाभिमानी लेखक कहिल्यै झुक्नु हुँदैन भन्ने सन्देश पनि निबन्ध मार्फत प्रवाह गर्न खोजेकी छन् ।

निबन्धकार घिमिरे एक स्वाभिमानी लेखक थिइन् जसका कारण आफूलाई जनताका लेखकका रूपमा स्थापित गर्न सफल भएको देखिन्छ । उनले आफूले सिर्जना गरेको **नौलो प्रतिबिम्ब -२०६०** कविता सङ्ग्रहको स्मरण गर्न पुगेको देखिन्छ। उक्त कवितासङ्ग्रहले अँध्यारो समयसँग विद्रोह गरी मुक्तिको उज्यालो मार्गतर्फ उन्मुख गराउने लक्ष्य बोकेको देखिन्छ। मान्छे हुनुको एउटा महासत्य, संसार परिवर्तनशील, गतिशील छ त्यो अर्को सत्य हो । प्रस्तुत निबन्ध कतै विवरणात्मक, कतै वर्णात्मक शैली अपनाउँदै आत्मपरक शैलीमा ढालिएको छ। राजनीतिक विसङ्गतिको चिरफार गर्दै आमजनसमुदायलाई निरङ्कुशता र विसङ्गतिका विरुद्ध सङ्घर्ष गर्न आग्रह गरिएको प्रगतिशील विचार प्रवाह यस निबन्धले गरेको देखिन्छ।

**कान्तिपुर पब्लिकेसन्स छिरेँ** निबन्ध सामान्य विषयवस्तुलाई समेटेर लेखिएको निबन्ध हो । यसमा घिमिरे कान्तिपुर राष्ट्रिय दैनिक पत्रिकामा स्तम्भकारका रूपमा प्रवेश गर्दाको सन्दर्भलाई उठाइएको छ । उक्त **कान्तिपुर** पत्रिकामा **आफ्नै परिवेश** शीर्षक स्तम्भ लेख्न थालेपछिको अवस्थामा उनी प्रशस्त पाठकका माझ परिचित हुन पुगेको देखिन्छ । त्यसपछि उनका लेख रचनाहरू **कान्तिपुर** पत्रिकाले छापिदिएपछि हृदय खुलेर उक्त पत्रिकाको प्रशंसा गरिएको छ । धरानको परिवेश र त्यहाँका सज्जन इमानदार एवम् सहयोगी व्यक्तिहरूको थोरै भए पनि मुक्तकण्ठले प्रशंसा गरिएको छ। अपाङ्ग, विकलाङ्ग व्यक्तिलाई ठूला ठूला संस्थाले स्थान दिएर सम्मान गर्न खोज्नु साँच्चै नै स्मरणीय कुरा हुन आएको देखिन्छ । यसरी घिमिरेजस्ता समाजका कयौँ व्यक्तिहरूले आफ्नो जीवनको नयाँ रङ भर्न सक्षम रहनेछन् भन्ने कुरा पुष्टि हुन आउँछ।

विविध विषयवस्तुलाई समेटेर लेखिएको घिमिरेको **रङ्ग, कुची र क्यान्भास** निबन्ध उनी धरान बसाइका क्रममा फुर्सदको समयलाई सदुपयोग गर्न उनले चित्र कोर्ने अभ्यास गरेको यथार्थ घटनालाई स्मरण स्वरूप लेखिएको संस्मरणात्मक रचना हो। घिमिरेको कला सम्बन्धी विचार यहाँ पनि पोखिएको देखिन्छ । तसर्थ कलाको बहुउपयोगितका बारेमा विचार यस निबन्धले प्रस्तुत गर्न खोजेको देखिन्छ। कला कलाका लागि होइन कला त्यस्तो हुनुपर्छ जसले जीवनका लागि केही भूमिका खेलोस भन्ने मान्यतालाई प्रस्तुत गर्दछिन्। यसर्थ लेख्ने कला र चित्रकला जीवनका लागि अर्थपूर्ण हुनुपर्छ भन्ने उद्देश्य निबन्ध मार्फत राख्दछिन्। चित्रकलामा आफ्नो जीवनको रङ्ग स्पष्ट रूपमा भरेकी घिमिरेले जीवनका सफलताहरूमा शब्दले मात्र होइन

रङ्गहरूको माध्यमबाट जीवन र जगत्‌लाई कलामा अभिव्यक्त गर्न सामर्थ हुनुपर्छ भन्ने धारणा राखेको देखिन्छ ।

झमक घिमिरेको **जीवन काँडा कि फूल** आत्मजीवनी परक निबन्ध सङ्ग्रहमा सङ्कलित **मान्छेको दिमागमा बसेको काती** समसामयिक विषयवस्तुलाई समेटेर लेखिएको सामाजिक निबन्ध हो । घिमिरेलाई सकारात्मक सोचाइले हेर्ने र नकारात्मक सोचाइ राखेर हेर्ने समाजका दुई पक्षका मानिसहरूको चिन्तनलाई निबन्धमा प्रस्टाउने काम गरिएको छ । प्रस्तुत निबन्धले आजको संसारमा मानवता हराउँदै गइरहेको तर्फ सचेत पार्दै आज शिक्षित वर्गले मान्छेलाई मान्छेको व्यवहार गर्न जान्दैनन् त्यस्ता व्यक्ति शिक्षित हुनुको अर्थ हुँदैन भन्ने धारणा राखेको देखिन्छ । आफ्ना जिन्दगीका हरेक पक्षलाई ठीकसँग सञ्चालन गर्न सक्नु अचेतनबाट चेतनतिर अगाडि बढ्नु, मान्छेलाई मान्छेको व्यवहार गर्न जान्नु सही अर्थमा शिक्षित बन्नु हो भन्ने वैचारिक दृष्टिकोण प्रस्तुत निबन्ध मार्फत प्रवाह गर्न खोजेकी छन्

**बन्दुकसँग शब्दको परेड** निबन्ध राजनीतिक विषयवस्तु अन्तर्गत समसामयिक यथार्थतालाई समेटेर लेखिएको निबन्ध रचना हो । तत्कालीन शासनको विरुद्धमा निबन्धकार घिमिरेले पनि कलमको टुप्पो मार्फत शब्दवाणबाट जनताका बारेमा बुलन्द आवाज उठाएको घटनालाई स्मरण गरिएको छ । निबन्धले निरङ्कुश शासक प्रशासकको विरोध गर्नु पर्छ भन्ने पाठ सिकाउँदै आफ्ना हकहित र अधिकारका बारेमा आवाज बुलन्द गर्न पछि हट्नु हुँदैन भन्ने दृष्ठिकोण प्रवाह गरेको देखिन्छ । घिमिरे आस्थाका कुरा लेख्न मन पराउने अग्रगमन परिवर्तनकारी, सकारात्मक एवम् उर्जा प्रदान गरिदिने निबन्धकार हुन् । बन्दुकको आवाज भन्दा कलमको आवाज निकै प्रभावकारी र शक्तिशाली हुन्छ भन्ने धारणा यस निबन्ध मार्फत राख्न खोजेको देखिन्छ ।

झमक घिमिरेको **धनकुटा जल्यो** निबन्ध समसामयिक विषयवस्तुलाई समेट्दै राष्ट्रिय चिन्तन प्रस्तुत गरिएको निबन्ध रचना हो । आफ्नो जन्मथलोका बारेमा सामान्य रूपमा भए पनि परिचय गराउनु यस निबन्धको उद्देश्य रहेको देखिन्छ । घिमिरेले धनकुटालाई प्रतिकात्मक बनाएर धनकुटा जस्तै युद्धमा सिङ्गो देश पिल्सिएको तथ्यलाई प्रस्तुत गर्न खोजेको देखिन्छ । धनकुटा जस्ता नेपालका कैयौं सुन्दर शान्त, प्राकृतिक दृष्टिले राम्रा ठाउँहरूलाई युद्धको भूमरीमा फसाएर जनताका वस्तीहरूलाई उजाड पार्ने शासकको विरोध स्वरूप लेखिएको निबन्ध रचना

हो । राष्ट्र, राष्ट्रियता र देशभक्ति प्रति चासो एवम् चिन्ता गरिएको प्रस्तुत निबन्ध वस्तुपरक ढङ्गबाट यथार्थवादी दृष्टिकोण प्रवाह गर्न सफल एवम् उत्कृष्ट निबन्ध रचना हो । राष्ट्रिय भावना सबै नागरिकमा जाग्नु पर्ने भाव उक्त निबन्धले बोकेको देखिन्छ ।

**आस्था आँशुसँग बर्सियो** निबन्ध **जीवन काँडा कि फूल** आत्मजीवनी परक निबन्ध सङ्ग्रहमा सङ्कलन गरिएको आस्था, स्वाभिमान र कर्तव्य बोकेको व्यवहार उपयोगी विचार बोकेको उत्कृष्ट सामाजिक निबन्ध रचनाको रूपमा आएको छ । जीवनलाई आफ्नै तरिकाले जिउन सिक्नु पर्छ र परिभाषित पनि गर्न जान्नु पर्छ भन्ने गतिलो तर्क प्रस्तुत गरेकी छन् । व्यक्तिगत घटना, अनुभव, अनुभूति र समसामयिक विषयलाई यथार्थपरक ढङ्गले वैचारिक कसी दिने काम प्रस्तुत निबन्धले गरेको देखिन्छ । व्यङ्ग्य सहितको सचेतता प्रदान गरिएको प्रस्तुत निबन्ध भावुक र मर्मस्पर्शी छ ।

झमक घिमिरेको **अप्ठ्यारोमा जीवन र सुनगाभाको मुस्कान** निबन्ध उनले आफ्नो सङ्घर्षशील जीवनलाई सुनगाभाको फूलसँग तुलना गरी लेखिएको निबन्ध रचना हो । जस्तोसुकै परिस्थितिमा पनि फुल्न सक्ने, सुवास छर्न सक्ने सुनगाभा फूलको सुन्दरताको महŒव रहे जस्तै मानिसले आफ्नो जीवन जगत्लाई सङ्घर्षका अनेकौं घुम्ती र चुनौतीहरूलाई पार लगाउँदै अगाडि बढ्न सक्ने क्षमता राख्न सक्नुपर्छ तब मात्र वास्तविक जीवन जिउने कला रहन्छ भन्ने धारणा प्रस्तुत गरिएको छ । उनको आफ्नो जीवनका भोगाइ, स्वकथन, कुण्ठा, निराशा, आशा, विश्वास, परिवर्तनकारी उत्कट चाहना बोकेको हुनाले यो निबन्धमा आत्मपरकता प्रवल भएर आएको देखिन्छ ।

**धुम्म आकाश उघ्रिएपछि मान्छेहरू** निबन्ध राजनीतिक विषयवस्तुलाई आधार बनाएर लेखिएको निबन्ध रचना हो । निरङ्कुशताले आक्रान्त नेपाली जनताले भोगेका चरम निराशाका अवस्थाका कथा व्यथा र त्यसबाट सृजित आशामुखी अवस्थालाई पनि यस निबन्धले कथ्य विषय बनाएको देखिन्छ । नेपाली जनताको गौरवपूर्ण आन्दोलनले प्राप्त गरेका उपलब्धिहरू दीर्घजीवी होउन्, देशले परिवर्तन, विकास र प्रगतिको बाटो लिइराखोस् भन्ने आशा र विश्वास जगाउने निबन्धको रूपमा रहेको छ । यसर्थ निबन्धकार घिमिरे जनताका पक्षमा सधैँ कलम चलाउने, राष्ट्रप्रति बफादार एवम् देशभक्ति भावना भएकी, असल एवम् सभ्य समाजको निर्माण चाहने प्रगतिवादी निबन्धकारका रूपमा रहेको देखिन्छ ।

**द्वन्दका घाउहरू छामेको अनुभूति** निबन्धमा द्वन्दग्रस्त समयमा भएका हिँसा, हत्या, आतङ्क, बलात्कार, पीडा, दुःख वेदनालाई स्मरण गरिएको छ । राजाको प्रत्यक्ष शासनबाट पिल्सिएका नेपाली जनताको स्थिति र माओवादीले परिवर्तनको नाममा सशस्त्र युद्ध मच्चाएर तमाम निर्दोष नेपालीको निर्मम हत्या गरेको, देशका धेरै भौतिक संरचनालाई ध्वस्त पारिदिएको तीतो यथार्थलाई प्रकाश पारिएको छ । राजनीतिक स्वार्थले गर्दा जनता पिल्सिएका छन्, शासक प्रशासकको अकर्मण्यताले हिंसा बढेको छ, शान्ति हराएको छ, तसर्थ सबैलाई स्वार्थ त्यागी सुन्दर शान्त नेपालको कामना गर्न प्रस्तुत निबन्धले आग्रह गरेको देखिन्छ । यसरी देशको पीडालाई आफ्ना शब्दमार्फत स्मरण गर्दै यथार्थरूपमा प्रस्तुत गर्ने प्रयास निबन्धकारले गरेको देखिन्छ ।

झमक घिमिरेको **जीवनका आभाहरू** निबन्ध आफ्ना विभिन्न सङ्घर्षको अथक प्रयासबाट सुन्दर सिर्जनाहरू जन्माएको र तिनै सिर्जनाले आफ्नो जीवनको सिर्जना गर्न पुगेको घटनालाई स्मरण गरिएको निबन्ध रचना हो । तिनै सुनौला सिर्जनाले आफ्नो भाग्य रेखा कोरेको कुरालाई निबन्धकारले प्रस्तुत गरेको देखिन्छ । निबन्धकार घिमिरेका सिर्जनाहरू उनका व्यक्तिगत सिर्जनामात्रै नभएर आम पाठकका सम्पत्ति भएको तथ्य उनका सिर्जना मार्फत आफै बोलेको देखिन्छ । जिन्दगीका आरोह अवरोहबाट हार खाएर पलायन हुनु हुँदैन जस्तोसुकै परिस्थितिसँग जुझ्दै भिड्दै अगाडि बढ्नुपर्छ भन्ने आशावादी सन्देश यस निबन्धले प्रवाह गरेको देखिन्छ । यसरी आफ्नो कर्ममा विश्वास गर्नुपर्छ भन्ने दृष्टिकोण निबन्धले राखेको देखिन्छ । यसरी घिमिरे सामाजिक यथार्थवादी निबन्धकार हुन् भन्ने कुरा उनका यी हरेक निबन्धले प्रस्ट पारेको छ ।

**सहमतिका हातहरू** निबन्ध स्रष्टा घिमिरेलाई विभिन्न व्यक्तिहरूले हरतरहबाट सघाउने गरेको तथ्यलाई स्मरण गरी लेखिएको निबन्ध रचना हो । झमकजस्ता स्रष्टालाई कयौं मानिसले एकदमै रुचाए, उनका सिर्जनाले समाज परिवर्तनको भूमिका खेलेको आधारमा विभिन्न सहमतिका हात बढे त्यही यथार्थलाई उनले खुलाउने जमर्को गरेको देखिन्छ । निबन्धकार घिमिरेले कोही कसैले चाह्यो भने कसैको जीवनमा साथ सहयोग दिएर परिवर्तन गराउन सक्दोरहेछ भन्ने तथ्यलाई आफूमा भएको उदाहरण दिएको देखिन्छ । यसरी घिमिरेले विविध विषयलाई आफ्नो व्यक्तिगत घटनासँग जोड्दै निबन्ध सिर्जना गरेकी छन् । उनले आफ्नो

कलमबाट निरङ्कुश राज्य सत्ताले गरिब जनताका नाममा गरेको हर्कतका बारेमा बिना हिचकिचाहट बोलेकी छन् । कुसंस्कार, रूढीवादीको चरम विरोधका साथै राजनीतिले उब्जाउने अस्तव्यस्ततालाई समेत व्यङ्ग्य गरेको पाइन्छ । उनले जनताका हितमा कलम चलाएको देखिन्छ । यसर्थ निबन्धकार घिमिरे सामाजिक प्रगतिवादी यथार्थवादी निबन्धकार हुन् भन्ने यस निबन्धबाट थाहा हुन आउँछ ।

झमक घिमिरेको **जीवन काँडा कि फूल** आत्मजीवनी परक निबन्ध सङ्ग्रहभित्रको शीर्ष निबन्ध हो । यसैको नाममा निबन्ध सङ्ग्रहको नामकरण गरिएको छ । यस निबन्धको अभिव्यक्ति छ, कसैको जीवन सहज एवम् सरल तरिकाले व्यतीत हुँदैन, दुःख, हण्डर, ठक्कर, विभिन्न घुम्ती, मोड, चुनौती, अफठ्यारा आदि इत्यादि आउँछन् ती अवस्थाबाट जुध्दै जीवनलाई सही मार्गमा डोऱ्याउन सक्नु सच्चा जीवन जिउनुको परिभाषा हो भन्ने ठानिएको छ । प्रस्तुत निबन्धमा उनले आफ्नो सिर्जना क्षमतालाई मूल्याङ्कन पाठक स्वयंमले गर्ने जिम्मा दिँदै आफ्ना भावी दिनका सिर्जनात्मक क्षमता कस्ता हुने भनेर चिन्ता प्रकट गरिकी छन् । आफ्नो प्राप्त सफलता र उपलब्धिलाई निरन्तरता दिन कसरी सकिन्छ भन्ने विषयमा चासो प्रकट गरिएको छ । प्रस्तुत निबन्धले विगतका निराशा, कुण्ठा, तिरस्कार, घृणाहरूबाट पाठ सिक्दै वर्तमानलाई सङ्घर्षमय बनाउँदै, आफ्नो मात्र भविष्य होइन, समाज र राष्ट्रको हित एवम् उन्नति प्रगतिप्रतिको चासो अभिव्यक्त गरेको छ । आत्मपरक शैलीमा लेखिएको संस्मरणात्मक निबन्ध भएकाले प्रस्तुत निबन्धले जीवनलाई सबैले सही रूपमा परिभाषित गर्न आग्रह गर्दै उज्ज्वल भविष्यको कामना समेत गरेको छ ।

झमक घिमिरे सामाजिक यथार्थवादी निबन्धकारका रूपमा परिचित निबन्धकार हुन् । उनले समाजका सत्य तथ्य घटनालाई खुलस्त पार्ने काम प्रस्तुत निबन्ध सङ्ग्रह **जीवन काँडा कि फूल**मा गरेकी छन् । त्यसैगरी कुसंस्कार, रूढीवादको चरम विरोध स्वरूप यो निबन्ध आएको देखिन्छ । यस निबन्ध सङ्ग्रहले सम्पूर्ण अपाङ्गहरूलाई हेर्ने दृष्टिकोण बदल्नुपर्छ भन्ने सन्देश पनि दिएको पाइन्छ । त्यसैगरी उनको यस निबन्ध सङ्ग्रह भित्रका निबन्धहरूमा राष्ट्रप्रतिको माया, नारी संवेदना, राजनीति गर्ने नेताहरूको ढाँट गर्ने प्रवृत्ति, प्रशासकहरूको अकर्मण्यता, कुसंस्कार, रूढिवादीता, जातीय विवेद, सामाजिक अन्यायको विरोध, अत्याचार र हैकमवाद विरुद्ध सशक्त आवाज उठाइएको पाइन्छ । त्यसैगरी स्वावलम्बी, स्वाभिमानप्रति जोड

दिइएको छ । पीडा बोध गर्दै आशावादी स्वरको गुञ्जायस उनका निबन्धमा गरिएका छन् । त्यतिमात्रै होइन घिमिरेका निबन्धमा तीव्र क्रान्तिकारी चेतना, प्रगतिशीलता, मानवीय चिन्तनको गहन प्रस्तुति पाइन्छ । जीवनप्रतिका संवेगात्मक अनुभूतिको सहज रूपमा प्रस्तुति उनका निबन्धले गरेको पाइन्छ । त्यसैगरी नारी अस्तित्वको संरक्षणमा जोड दिन उनका निबन्धले आग्रह गरेको देखिन्छ । जीवनप्रतिको आफ्नै ढङ्गले परिभाषा गर्दै सङ्घर्षमय जीवनको सहज प्रस्तुति गरिएको यस निबन्धमा दयाभावप्रति तीव्र रूपमा वितृष्णा रहेको पाइन्छ । राजनैतिक विकृति र विसङ्गतिको चर्को विरोध उनका निबन्धमा पाइन्छ । त्यसैगरी आफ्ना हक अधिकारका लागि जुझारू र सङ्गठित रूपले लड्न सबै वर्गलाई प्रोत्साहन गर्न उनको यस निबन्ध सङ्ग्रहले आव्हान गरेको पाइन्छ । घिमिरेका निबन्धमा तर्कशीलता, प्रभावशीलता, विश्लेषणात्मकता एवम् प्रश्नात्मक शैलीको प्रयोग पाइन्छ । यसरी आफूले एक्लै भोग्दै आएको माटो, देश, समाज तथा समयको यथार्थ प्रस्तुति निबन्ध सङ्ग्रहमा सरल गद्यात्मक भाषामा प्रयोग भएको पाइन्छ । यसरी व्यक्तिगत अनुभूति भोगाइहरू तथा आम जनताका सार्वजनिक भोगाइलाई निबन्धले बोलेको हुनाले प्रस्तुत निबन्धले पाठक समक्ष छिट्टै मन जित्न सफल भएको र त्यसैको फलस्वरुप **मदन पुरस्कार** जस्तो राष्ट्रको प्रतिष्ठित पुरस्कार (२०६७) **जीवन काँडा कि फूल** निबन्धात्मक कृतिले पाउन सफल भएको छ । तसर्थ जीवन काँडा होइन काँडा बीचमा फुल्ने सुन्दर फूल जस्तो सुन्दर कृति भएर आएको आभास भएको यो निबन्ध सङ्ग्रह हो ।

# सन्दर्भग्रन्थ सूची

अधिकारी, रामलाल, (ई. १९७५), **नेपाली निबन्ध यात्रा**, दार्जिलिङ : नेपाली साहित्य सञ्चयिका,

अधिकारी, रविलाल, (२०४७), **नेपाली निबन्धको विकास,** गरिमा, वर्ष १३, अंक १२, पूर्णाकं १००, काठमाण्डौ : गोरखा पत्र संस्थान,

उपाध्याय, केशवप्रसाद, (२०५९), **साहित्य प्रकाश**, छैटौं संस्करण, काठमाण्डौ : रत्न पुस्तक भण्डार,

खनाल, दीपक, (२०६९) **झमक घिमिरेको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन**, (अप्रकाशित शोधपत्र) काठमाण्डौ : रत्नराज्यलक्ष्मी क्याम्पस,

घिमिरे, झमक, (२०६७), **जीवन काँडा कि फूल**, प. सं., काठमाण्डौ : ओरिएन्टल प्रकाशन,

तिमल्सिना, मोहनप्रसाद, (२०४१), **नेपाली निबन्धको चरण निर्धारण र चरणगत वैशिष्ठ्यको विश्लेषण**, अप्रकाशित लघु अनुसन्धान प्रतिवेदन, काठमाण्डौ : त्रि.वि.,

थापा, हिमांशु, (२०१०), **साहित्य परिचय**, दोस्रो संस्करण, काठमाण्डौ : साझा प्रकाशन,

द्विवेदी, हरिनाथ, (ई.१७९१), **निबन्ध सिद्धान्त और प्रयोग**, पटना विहार : हिन्दी ग्रन्थ अकादमी,

देवकोटा, लक्ष्मीप्रसाद, (२०४९), **लक्ष्मी निबन्ध सङ्ग्रह**, बाह्रौं संस्करण, काठमाण्डौ : साझा प्रकाशन,

पिग्बिन, रोवट, (१९९०), **द न्यू इन्साइक्लोपिडिया ब्रिटानिका**, प. सं., भोलम ४,

पोखरेल, बालकृष्ण, (२०२७), **कलेज स्तरका निबन्धै निबन्ध**, काठमाण्डौ : सहयोगी प्रकाशन,

प्रसाद, विश्वनाथ, (ई. सं. १९७३), **कला एवम् साहित्य**, पटना विहार : हिन्दी ग्रन्थ अकादमी,

बराल, ईश्वर (सम्पा), (२०३०), **सयपत्री**, तेस्रो संस्करण, काठमाण्डौ : साझा प्रकाशन,

शर्मा, गोपीकृष्ण (सम्पा), (२०४४), **नेपाली निबन्ध भाग २**, काठमाण्डौ : साझा प्रकाशन,

शर्मा, गोपीकृष्ण, (२०४६), **नेपाली निबन्ध परिचय**, चौथो संस्करण, काठमाण्डौ : रत्न पुस्तक भण्डार,

शर्मा, गोपीकृष्ण, (२०६३), **नेपाली निबन्ध परिचय**, पुनः मुद्रण, २०६७, काठमाण्डौ : रत्न पुस्तक भण्डार,

शर्मा, तारानाथ, (२०५१), **नेपाली साहित्यको इतिहास**, तेस्रो संस्करण, काठमाण्डौ : रत्न पुस्तक भण्डार,

शुक्ल, आचार्य रामचन्द्र, (काशी २०१८), **हिन्दी साहित्यको इतिहास**, तेह्रौं संस्करण,

श्रेष्ठ, दयाराम, र शर्मा, मोहनराज, (२०६३), **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,** आठौं संस्करण, काठमाण्डौ : साझा प्रकाशन,

सुवेदी, भूपेन्द्र, (२०६३), **विना भुटनको च्वाँइ**, हास्यव्यङ्ग्य निबन्ध सङ्ग्रह, प्यूठान : पुष्पेन्द्र सुवेदी,

सुवेदी, राजेन्द्र, (२०४३), **स्रष्टा - सृष्टि द्रष्टा - दृष्टि**, दोस्रो संस्करण, काठमाण्डौ : रत्न पुस्तक भण्डार,

सुवेदी, राजेन्द्र, (२०५६), **स्नातकोत्तर नेपाली निबन्ध**, तेस्रो संस्करण, काठमाण्डौ : पाठ्य सामग्री पसल,

सुवेदी, राजेन्द्र, (२०५८), **स्रष्टा - सृष्टि द्रष्टा - दृष्टि**, तेस्रो संस्करण, काठमाण्डौ : रत्न पुस्तक भण्डार,

**पत्रपत्रिका स्रोत**

कान्तिपुर दैनिक, (२०६७), काठमाण्डौ : कान्तिपुर पब्लिकेशन प्रा. लि.,

कान्तिपुर दैनिक, (२०६८), काठमाण्डौ : कान्तिपुर पब्लिकेशन प्रा. लि.,

गरिमा मासिक, (२०६७), काठमाण्डौं : गोरखापत्र संस्थान,

नव युवा मासिक, (२०५३) काठमाण्डौं : नेपाल,

नागरिक दैनिक, (२०६७), काठमाण्डौ : रिपब्लिक मिडिया प्रा. लि.,

नागरिक दैनिक, (२०६८), काठमाण्डौ : रिपब्लिक मिडिया प्रा. लि.,

नेम्वाङ्ग, सन्तोष, (२०६७), **फूलजस्तै जीवन**, इलाम,

पूर्वेली टाइम्स, (२०६८), इलाम,

**व्यक्ति स्रोत**

शोधनायिकाकी आमा आशादेवी घिमिरे,

शोधनायिकाका बाबु कृष्णबहादुर घिमिरे,

शोधनायिकाकी बहिनी मिना घिमिरे,